नेपालमा खाद्य अधिकारः
एक अध्ययन

नेपालमा खाद्य अधिकार:
एक अध्ययन

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलङ्की, स्यूचाटार, पत्र मञ्जुषा: २७२६, काठमाडौं
फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१
इमेल: insec@insec.org.np, वेबसाइट: www.insec.org.np, www.inseconline.org

नेपालमा खाद्य अधिकारः एक अध्ययन

प्रकाशन मितिः २०७१ असार

सङ्ख्याः १ हजारप्रति

प्रकाशकः अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकारः अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कभर फोटो स्रोतः www.moadwto.gov.np/gallery.php

मुद्रणः ड्रिम ग्राफिक प्रेस, काठमाडौँ

भूमिका

मानव जीवनका लागि, गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगार आधारभूत आवश्यकता हुन्। जीवनसँग सम्बन्धित मानवअधिकारहरूमध्ये पर्याप्त एवम् पोषणयुक्त खान पाउनु प्रत्येक व्यक्तिको नैसर्गिक मानवअधिकार हो। मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ लगायत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ मा खाद्य एवम् पोषणको अधिकारलाई जीवनसँग अन्तरनिहित महत्वपूर्ण मानवअधिकारको रूपमा व्यवस्था गरिएको छ। यस अधिकारलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८ (३) मा प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ भनी मौलिक हकको रूपमा प्रत्याभूत गरिएको छ।

संविधानद्वारा प्रदान गरिएको खाद्य अधिकारअन्तर्गत खाद्यान्नमा जनताको पहुँच व्यवहारिकरूपमा प्रत्याभूत गर्न र गराउनका लागि यस सम्बन्धमा गहन अध्ययन र अनुसन्धानको आवश्यकता महसुस गरी यो अध्ययन गरिएको हो। नागरिकहरू बर्सेनी खाद्यान्न अभावबाट पीडित हुनु परिरहेको उदाहरण हामीसामु रहेका छन्। यसरी खाद्यान्नमा जनताको पहुँच सुनिश्चित गर्न एवम् भोक विरुद्धको अधिकारलाई प्रत्याभूत गर्न उचित एवम् आवश्यक उपायहरू अवलम्बन गर्नुपर्ने राज्यको गहनतम दायित्व रहने हुँदा यस विषयमा सम्बन्धित निकायको ध्यानाकर्षणका लागि समेत यो अध्ययन प्रस्तुत गरिएको हो।

नेपाल आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ को सदस्य राष्ट्र हो। यस महासन्धिले व्यवस्था गरेका आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारहरूमध्ये खाद्य अधिकारको प्रत्याभूति नेपालमा कसरी गरिएको छ र जनतालाई सो अधिकार सुलभरूपमा प्रदान गर्न राज्यले के कस्तो अन्तर्राष्ट्रिय दायित्व बहन गर्नु पर्दछ भन्ने सम्बन्धमा नै केन्द्रित रहेर यो अध्ययन गरिएको छ। यसका लागि अन्तर्राष्ट्रिय दस्तावेजहरू र अन्तरिम संविधान, २०६३ मा भएका संवैधानिक व्यवस्थाका आधारमा सर्वोच्च अदालतले

प्रतिपादन गरेका सिद्धान्तहरूको व्याख्या र विवेचनामा मुख्यरूपमा केन्द्रित भई सोही आधारमा निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ।

यस महत्त्वपूर्ण अध्ययनका लागि हाम्रो प्रस्ताव स्वीकार गर्नुहुने न्यायाधीश श्री टेकनारायण कुवँरप्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै, यस अध्ययन पूरा गर्ने क्रममा समन्वयकारी भूमिका निर्वाह गर्नुहुने इन्सेककी वरिष्ठ अधिकृत सम्झा श्रेष्ठलाई धन्यवाद दिन चाहन्छु। त्यसैगरी यस अध्ययनलाई सम्पादन गर्न सहयोग गर्नुहुने इन्सेकका वरिष्ठ अधिकृत योगीशकृष्ण खरेल तथा ग्राफिक डिजाइनर अधिकृत गीता मालीलाई पनि म धन्यवाद व्यक्त गर्दछु।

सुबोधराज प्याकुरेल
अध्यक्ष

विषयसूची

परिच्छेद एक

परिचय **७**

१. अध्ययनको पृष्ठभूमि ७

२. अध्ययनको उद्देश्य ८

३. अध्ययनविधि ९

४. अध्ययनको सीमा ९

५. अध्ययनको स्वरूप १०

परिच्छेद दुई

खाद्य अधिकारको न्यायिक निरूपण **११**

१. खाद्य अधिकारको अवधारणा र परिभाषा ११

२. सम्बन्धित समितिको व्याख्या १९

३. खाद्य सम्प्रभुताको अधिकार र यसको प्रचलनीयता २४

परिच्छेद तीन

अन्तर्राष्ट्रिय कानुन र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको गम्भीर ग्राह्यता **२९**

१. मानवअधिकारको अवधारणा र खाद्य सम्प्रभुताको अधिकार २९

२. मानवअधिकार र खाद्य सम्प्रभुताको अधिकार: प्रकृति तथा क्षेत्र ३५

३. खाद्य सम्प्रभुताको अधिकार र अन्तर्राष्ट्रिय कानुनी व्यवस्था ३९

४. खाद्य अधिकार र क्षेत्रीय कानुनी व्यवस्था ५०

परिच्छेद चार

खाद्य अधिकारको प्रचलन र यसका आयामहरू **५५**

१. भोकमरी र खाद्य सुरक्षा ५५

२. क्रमिकरूपले आत्मसात् गर्दै जाने मानवअधिकार ५६

३. नेपालको सन्दर्भमा राज्यले क्रमश: लागू गर्दै जाने अवस्था ५८

४. संविधानमा सम्मानपूर्वक बाच्न पाउने हक र खाद्य अधिकार ६१

परिच्छेद पाँच
खाद्य अधिकार र राज्यको दायित्व **६६**
१. राज्यको दायित्व ६६
२. आवश्यक उपायको अवलम्बन ६९
३. अविभेदको अधिकार ७२
४. राज्यका उत्तरदायित्वका तहहरू ७३

परिच्छेद छ
नेपालमा खाद्य अधिकार **७६**
१. वर्तमान राजनीतिक अवस्था ७६
२. संवैधानिक व्यवस्था र हक प्रचलन ८०
३. खाद्य सम्प्रभुताको अधिकार र मौलिक हक ८१

परिच्छेद सात
नेपालमा खाद्य सुरक्षाको वर्तमान अवस्था **८५**
१. पृष्ठभूमि ८५
२. खाद्य सुरक्षाका लागि कार्यरत विभिन्न निकायहरू ८६
३. नेपालमा खाद्य अधिकार पालना गराउन गरिएका प्रतिबद्धताहरू ८६
४. विशेष वर्गको संरक्षण र खाद्य सम्प्रभुताको अधिकार ८९
५. विद्यमान कमी कमजोरीहरू ९५

परिच्छेद आठ
खाद्य अधिकारसम्बन्धी विधिशास्त्र **९९**
१. न्यायिक निरूपण ९९

परिच्छेद नौ
नेपालको सन्दर्भमा खाद्य अधिकार र राज्यको दायित्व **१०७**
१. राज्यको सकारात्मक कदम १०७
२. न्यायिक हस्तक्षेप तथा न्यायिक निर्णयहरू ११०

परिच्छेद दश
निष्कर्ष तथा सुझाव **१२७**

एक परिच्छेद

परिचय

१. अध्ययनको पृष्ठभूमि

मानव जीवनका लागि, गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगार आधारभूत आवश्यकता हुन्। जीवनसँग सम्बन्धित मानवअधिकारहरूमध्ये पर्याप्त खान पाउनु प्रत्येक व्यक्तिको नैसर्गिक मानवअधिकार हो। यस सम्बन्धमा Norman Borlug[१] ले भनेका छन् "जस्तोसुकै अवस्थामा पनि सामाजिक न्यायको पहिलो र अत्यावश्यक तत्व भनेको निश्चतरूपमा सबै मानिसहरूका लागि पर्याप्त भोजनको उपलब्धता नै हो" अर्थात् "Almost certainly, however, the first essential component of social justice is adequate food for all mankind." यस अधिकारलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८ (३) मा *प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम खाद्य सम्प्रभुताको हक* हुनेछ भनी मौलिक हकको रूपमा व्यवस्था गरिएको छ। अन्तरिम संविधानको धारा १२ मा सम्मानपूर्वक बाँच्न पाउने हक र धारा १३ मा अविभेदको अधिकार प्रत्याभूत गरिएको छ। त्यसैगरी मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ लगायत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ मा खाद्य एवम् पोषणको अधिकारलाई जीवनसँग अन्तरनिहित महत्वपूर्ण मानवअधिकारको रूपमा व्यवस्था गरिएको छ।

नेपालको अन्तरिम सविधान, २०६३ को धारा १२ द्वारा प्रत्याभूत नागरिकको सम्मानपूर्वक बाच्न पाउने हकअन्तर्गत पर्याप्तरूपमा खान पाउने र भोकमरी विरुद्धको अधिकार सुनिश्चित हुनुपर्ने हुन्छ। त्यस्तै संविधानको धारा १८ (३) द्वारा प्रदान गरिएको खाद्य सम्प्रभुताको अधिकारअन्तर्गत खाद्यान्नमा जनताको

---

१ **Norman Ernest Borlaug** (March 25, 1914 – September 12, 2009)was an American biologist, humanitarian and Nobel laureate who has been called "the father of the Green Revolution, "agriculture's greatest spokesperson"and "The Man Who Saved A Billion Lives".

पहुँच व्यवहारिकरूपमा प्रत्याभूत गर्न र गराउनको लागि यस सम्बन्धमा गहन अध्ययन र अनुसन्धानको आवश्यकता छ। नागरिकहरू राज्यको गलत नीति र राज्यले स्थापना गरेका संयन्त्र एवम् सम्बन्धित निकायको गैरजिम्मेवारीपनका कारण बर्सेनी भोकमरीबाट पीडित हुनु परिरहेको उदाहरण हामीसामु रहेका छन्। यसै कारणबाट मानिसहरूको अकाल मृत्युसमेत भएकोले मृतकका परिवारलाई उचित क्षतिपूर्ति प्रदान गर्नुपर्ने दायित्व राज्य माथि रहेको छ। यसरी खाद्यान्नमा जनताको पहुँच सुनिश्चित गर्न एवम् भोक विरुद्धको अधिकारलाई प्रत्याभूत गर्न उचित एवम् आवश्यक उपायहरू अवलम्बन गर्नुपर्ने राज्यको गहन दायित्व रहने हुँदा यस विषयमा सम्बन्धित निकायको ध्यानाकर्षणका लागि समेत यो अध्ययन प्रस्तुत गरिएको हो।

२. अध्ययनको उद्देश्य

कुनै पनि अन्तर्राष्ट्रिय महासन्धि अनुमोदनपश्चात् सो महासन्धिमा भएका व्यवस्थाहरू जबसम्म राज्यहरूले आफ्नो संविधानमा समाहित गर्दैनन्, तबसम्म अन्तर्राष्ट्रिय दस्तावेजमा उल्लिखित ती अधिकारहरूसम्बन्धी मापदण्डले स्वत: कुनै कानुनको रूप धारण गर्न सक्दैनन्। साथै ती व्यवस्थाहरू प्रत्येक मुद्दामा त्यही मापदण्डको रूपमा नै हुबहु प्रयोग हुन पनि सक्दैन। यसले केवल सारभूत कानुन, कार्यविधि कानुन र कानुन कार्यान्वयन गर्ने निकायका काम, कर्तव्य र दायित्वलाई सिलसिलाबद्ध र क्रमबद्धरूपमा प्रयोग र पालना गर्न मद्दत गर्दछ। खाद्य सम्प्रभुताको अधिकारको सम्बन्धमा प्रस्तुत अध्ययनमा विषयवस्तुको गम्भीरता एवम् संवेदनशीलतालाई समेत ध्यानमा राखी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुन, संविधान, कानुनी मान्यता, एवम् अदालतका आदेशहरूको समेत समुचित पालना गर्दै खाद्य सम्प्रभुताको अधिकार प्रचलन प्रक्रियालाई प्रभावकारी बनाउन राज्यहरूले निर्वाह गर्ने भूमिकाको बारेमा सिलसिलाबद्धरूपमा प्रकाश पार्ने प्रयास गरिएको छ। यदि जिम्मेवार निकाय तथा अधिकारीहरूले उल्लिखित प्रक्रियालाई आत्मसात् गर्न सकेमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको प्रभावकारी कार्यान्वयन हुन गई पीडितले न्यायको अनुभूति गर्ने र संविधान तथा कानुनको प्रभावकारी कार्यान्वयन हुन मद्दत पुग्दछ भन्ने उद्देश्य रहेको छ।

३. अध्ययनविधि

प्रस्तुत अध्ययन मुख्यत: मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि १९६६ लगायत आर्थिक, सामाजिक अधिकारको सम्बन्धमा व्यवस्था गरेको अन्य अन्तर्राष्ट्रिय महासन्धि र नेपालको अन्तरिम संविधान, २०६३ एवम् सर्वोच्च अदालतले आफूसमक्ष आएका आर्थिक सामाजिक अधिकारसम्बन्धी विवाद खासगरी खाद्य सम्प्रभुताको अधिकारसँग सम्बन्धित न्यायिक निर्णय र अन्य मुलुकको तुलनात्मक विधिशास्त्रको समेत विश्लेषण गरी तयार गरिएको छ। यस अध्ययन गर्दा सम्बद्ध अन्तर्राष्ट्रिय तथा राष्ट्रिय दस्तावेजहरू, विद्वानहरूका भनाइहरू, प्रचलित विधिशास्त्र र सम्बद्ध कानुनलाई व्यवहारिकरूपमा प्रयोग के कसरी गर्न सकिन्छ र हाल खाद्य सम्प्रभुताको अधिकार प्रत्याभूत गर्न ICESCR का सदस्य राष्ट्रहरूले के कस्तो दायित्व वहन गर्नु पर्दछ भन्ने सन्दर्भमा मूलत: प्रचलित एवम् उपलब्ध दस्तावेजहरूमा भएको कानुनी व्यवस्थाको विश्लेषणात्मक पद्दति प्रयोग गरिएको छ।

४. अध्ययनको सीमा

नेपाल आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ को सदस्य राष्ट्र हो। यस महासन्धिले व्यवस्था गरेका आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारहरूमध्ये खाद्य सम्प्रभुताको अधिकारको प्रत्याभूति नेपालमा कसरी गरिएको छ र जनतालाई सो अधिकार सुलभरूपमा प्रदान गर्न राज्यले के कस्तो अन्तर्राष्ट्रिय दायित्व वहन गर्नु पर्दछ भन्ने सम्बन्धमा नै केन्द्रित रहेर यो अध्ययन गरिएको छ। यसका लागि अन्तर्राष्ट्रिय दस्तावेजहरू र नेपालको अन्तरिम संविधान, २०६३ मा भएको संवैधानिक व्यवस्थाका आधारमा हाम्रो सर्वोच्च अदालतले प्रतिपादन गरेका सिद्धान्तहरूको व्याख्या र विवेचनामा मुख्यरूपमा केन्द्रित भई सोही आधारमा निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ। नेपालमा खाद्य अधिकारको प्रचलन कसरी गर्न सकिन्छ भन्ने नै प्रस्तुत अध्ययनको क्षेत्र एवम् सीमा रहेको छ।

५. अध्ययनको स्वरूप

प्रस्तुत अध्ययनलाई जम्मा १० परिच्छेदमा विभाजन गरिएको छ। **परिच्छेद** १ मा विषयवस्तुको परिचय, अध्ययनको पृष्ठभूमि, अध्ययनको उद्देश्य, अध्ययनविधि सीमा र स्वरूपबारे उल्लेख छ। **परिच्छेद** २ मा अन्तर्राष्ट्रिय कानुन र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको गम्भीर ग्राह्यताको चर्चा गरिएको छ। **परिच्छेद** ३ खाद्य अधिकारको प्रचलन र यसका आयामहरूको अध्ययन प्रस्तुत गरिएको छ। **परिच्छेद** ४ मा खाद्य अधिकारको न्यायिक निरूपणसम्बन्धी विश्लेषण गरिएको छ। **परिच्छेद** ५ मा खाद्य सम्प्रभुताको अधिकार र राज्यको दायित्वका सम्बन्धमा अध्ययन उल्लेख गरिएको छ। **परिच्छेद** ६ नेपालमा खाद्य सम्प्रभुताको अधिकारबारे विश्लेशषण छ। **परिच्छेद** ७ मा नेपालमा खाद्य सुरक्षाको वर्तमान अवस्थाबारे प्रकाश पारिएको छ। त्यस्तै **परिच्छेद** ९ मा नेपालको सन्दर्भमा खाद्य अधिकार र राज्यको दायित्वको बारेमा सैद्धान्तिक विश्लेषण प्रस्तुत छ। र, अन्त्यमा, **परिच्छेद १० मा** खाद्य अधिकार र राज्यको दायित्व सम्बन्धमा आवश्यक ठानिएका सिफारिसहरूलाई निष्कर्ष र सुझावको रूपमा समावेश गरिएको छ।

दुई परिच्छेद

खाद्य अधिकारको न्यायिक निरूपण

१. खाद्य अधिकारको अवधारणा र परिभाषा

क) अवधारणा

खाद्य अधिकारसम्बन्धी अवधारणा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारअन्तर्गत पर्ने एक महत्वपूर्ण मानवअधिकार हो। यो अधिकारलाई मानवअधिकारका विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूमा संहिताबद्ध गरिएको छ। यस सम्बन्धमा प्रथमत: संयुक्त राष्ट्रसङ्घको बडापत्रलाई नै लिन सकिन्छ। यो एउटा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको महत्वपूर्ण दस्तावेज हो। यस बडापत्रले मानवअधिकार सँगसँगै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको पनि उल्लेख गर्दछ। बडापत्रको धारा ५५(क), ५५(ख) र ५५(ग) मा यस्ता प्रावधानहरूको व्यवस्था गरिएको छ। बडापत्रको धारा ५५(क) ले उच्चतम जीवनशैली, पूर्ण रोजगारी र विकास तथा आर्थिक सामाजिक प्रगतिका विषयमा उल्लेख गरेको छ भने धारा ५५(ख)ले आर्थिक, सामाजिक, स्वास्थ्य र तिनीहरूसँग सम्बन्धित विषय र अन्तर्राष्ट्रिय सांस्कृतिक तथा शैक्षिक सहायताका बारेमा उल्लेख गरेको छ। त्यसैगरी धारा ५५(ग) मा कसैलाई जात, लिङ्ग, भाषा तथा धर्मको आधारमा विभेद नगरी मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको विश्वव्यापी पालना र सम्मान गरिनु पर्ने उल्लेख छ। सन् १९४८ मा जारी मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा धारा २२ देखि २७ सम्म आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू जस्तै काम गर्न पाउने अधिकार, सामाजिक सुरक्षाको अधिकार, उपयुक्त बसोवासको अवस्था तथा शिक्षाको अधिकारहरू उल्लेख छन्, जुन अन्ततोगत्वा खाद्य सम्प्रभुताको अधिकारसँग पनि सम्बन्धित रहेका छन्।

यस सिलसिलामा मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेख गरिएका नागरिक र राजनीतिक अधिकार तथा आर्थिक, सामाजिक तथा

सांस्कृतिक अधिकारलाई एउटै प्रतिज्ञापत्रमा उल्लेख गर्ने वा छुट्टा छुट्टै सन्धिको रूपमा पारित गर्ने भन्ने सम्बन्धमा मानवअधिकारसम्बन्धी प्रतिज्ञापत्रहरूको मस्यौदा गर्ने क्रममा व्यापक छलफल भएको पाइन्छ। सन् १९४९ ताका दुवै प्रकृतिका अधिकारलाई समेट्न एउटै प्रतिज्ञापत्र जारी गरिनु पर्दछ भन्ने मान्यता रहेको थियो। तर समाजवादी राज्यहरू र पश्चिमा देशहरू बीच नागरिक र राजनीतिक अधिकार तथा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई हेर्ने दृष्टिकोणमा रहेको भिन्नताका कारण सन् १९५२ देखि दुई भिन्नाभिन्नै प्रतिज्ञापत्रहरू लेख्ने कार्यको थालनी भएको पाइन्छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको छुट्टै प्रतिज्ञापत्रको मस्यौदा तयार गर्ने क्रम्रममा दुई मतहरू बीच आएको भिन्नतालाई मध्यनजर गर्दा मूलत: त्यस्ता अधिकारहरूको अन्तर्वस्तु न्याययोग्य नभएको भन्ने एकथरी मत पाइन्छ भने अर्को मतअनुसार अधिकारहरूको एकताका लागि एउटै प्रतिज्ञापत्र बनाइनु पर्दछ भन्ने विचार रहेको पाइन्छ। नागरिक तथा राजनीतिक अधिकारहरू आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारबेगर अपूर्ण हुन्छन् भन्ने धारणाको विपरीत त्यस्ता अधिकारहरूको कार्यान्वयनको अवस्थाले गर्दा दुवै प्रकारका अधिकारमा एकता हुन सक्दैन भन्ने अर्को मान्यतासमेत रहेको पाइन्छ। मूलत: सरकारले गरेको नागरिक र राजनीतिक अधिकारको उल्लङ्घनमा अदालतमा उजुर गरेजस्तै कसरी आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको कार्यान्वयन गर्न सकिन्छ भन्ने तर्कको उत्तरमा सम्बन्धित सरकारहरूले आफ्नो क्षेत्राधिकारमा त्यस्ता अधिकारको कार्यान्वयनका लागि कानुनी तथा अन्य प्रकृया अवलम्बन गर्नु पर्दछ भन्ने प्रावधान राख्ने प्रस्ताव पनि आएको पाइन्छ।

त्यस्तै आर्थिक र सामाजिक अधिकारलाई नागरिक तथा राजनीतिक अधिकारसरह कार्यान्वयन गर्न सकिँदैन भन्ने तर्कमा मूलत: त्यस्ता अधिकारहरू नागरिक तथा राजनीतिक अधिकारको तुलनामा परिभाषित गर्न कठिन छन्, झन्झटिला र कार्यान्वयन गर्न समय लाग्ने खालका छन् र कार्यान्वयनको लागि छुट्टै निकायहरूको आवश्यकता पर्दछ भन्ने थिए। विकसित पश्चिमा देशहरूले विश्वका सम्पूर्ण देशहरू आर्थिक विकासको दृष्टिले एकै अवस्थामा नभएका कारण त्यस्ता अधिकारलाई विश्वव्यापी एकरूपताका साथ कार्यान्वयन गर्न सकिँदैन भन्ने तर्क अघि सारेका थिए। आर्थिक तथा मानवीय श्रोतको अभावमा

यस्ता अधिकार कार्यान्वयन गर्न सकिँदैन। तसर्थ सबै देशले यस्ता अधिकारलाई बराबरीको हैसियतमा सम्मान र कार्यान्वयन गर्न सक्दैनन् भन्ने तर्कले यस्ता अधिकारहरूको कार्यान्वयनमा मध्यमार्गी बाटो खोज्न जरुरी भएको थियो।

तत्कालीन अवस्थामा आर्थिक र सामाजिक अधिकारलाई कार्यान्वयन गर्न उचित उपायको अवलम्बन गर्ने तथा प्रगतिशील प्रयत्नहरू गर्ने दिशामा छलफल केन्द्रित भएको पाइन्छ। यस्तो छलफलमा केही आर्थिक र सामाजिक अधिकारहरू तत्काल लागू गर्न सकिने तथा केही तत्काल लागू गर्न नसकिने भन्ने धारमा छलफल भएको पाइन्छ। वास्तवमा अधिकारहरूको एकताको सवाल भन्दा पनि कार्यान्वयनको सवाल महत्वपूर्ण हो भन्ने मान्यतामा आधारित भई आफ्नो देशको परिस्थितिअनुसारको दायित्व ग्रहण गरिनु पर्दछ भन्ने मान्यतामा सबै देशहरू सहमत भएको पाइन्छ। तसर्थ, आर्थिक र सामाजिक अधिकारहरूको प्रगतिशील कार्यान्वयन गर्ने विषयमा सबै राष्ट्रहरू सहमत भए र प्रगतिशील कार्यान्वयन भन्नाले त्यस्ता अधिकारहरूको पूर्ण कार्यान्वयन भन्ने बुझिन्छ भने पूर्ण कार्यान्वयन भन्नाले कतिपय तत्काल कार्यान्वयन गर्नुपर्ने अधिकार र कतिपय जति सक्दो चाँडो कार्यान्वयन गर्नुपर्ने अधिकार पर्दछन् भन्ने मानिन्छ।

आजसम्म पनि राज्यहरूले प्रष्ट धारणा बनाउन कठीन परेको आर्थिक र सामाजिक अधिकारहरू तत्कालीन छलफलको क्रममा न्याययोग्य (Justicible) हुँदैनन् भन्ने तर्कमा धेरै वादविवाद भएको पाइन्छ। आर्थिक र सामाजिक अधिकारहरू उल्लङ्घन भएमा अदालतमा मुद्दा गर्न सकिँदैन भन्ने तर्कको विपक्षमा राज्यले दायित्व ग्रहण गर्दा त्यस्ता अधिकारलाई कानुनी तथा अन्य प्रकृयाको अवलम्बनद्वारा कार्यान्वयन गर्नुपर्दछ र यदि कुनै राज्यले त्यस्ता कानुनी तथा अन्य प्रकृया पूरा गर्न नसकेमा अदालतमा मुद्दा गर्न सकिन्छ भन्ने मान्यता प्रस्तुत गरिएको थियो। छलफलको क्रममा आर्थिक र सामाजिक अधिकारहरू न्याययोग्य छैनन् भन्ने तर्कलाई अस्वीकार गरिएको थियो, तर त्यस्ता अधिकारहरू केही कानुन तथा प्रकृया निर्धारण गरी जतिसक्दो चाँडो कार्यान्वयन गर्ने र केही अधिकारलाई तत्काल कार्यान्वयन गर्ने भन्ने सहमति भएको पाइन्छ।

ख) परिभाषा

खाद्य सम्प्रभुता भन्ने शब्द सर्वप्रथम La Via Campesina[२] ले सन १९९६ मा प्रयोगमा ल्याएका हुन्। यसले किसानहरू, माझी, आदिवासी समुदाय, गाउँगोठ गर्ने समुदाय ग्रामीण युवा, महिला र वातावरणसम्बन्धी काम गर्ने संस्थाहरूले अगाडि बढाएको नीतिको ढाँचालाई इङ्गित गर्छ। साथै यसले खाद्य, कृषि, पशुचौपाया एवम् माछापालनलाई बाह्य हस्तक्षेपबाट मुक्त गरी सो अवसर र अधिकार जनतामा नै निहित तुल्याएको छ।[3]खाद्य सम्प्रभुताले व्यापार, खाद्य अनुदान, उपभोक्ता संरक्षण र सामान्य र ग्रामीण विकासमा खाद्य र पोषण नीतिको ख्याल गरी आफ्नो अधिकारको उपयोग गर्न मार्ग प्रशस्त गरेको छ। अझ खाद्य सम्प्रभुताले जमिनको उपयोग, कृषि उत्पादन तरिका, स्रोतको पहुँच र प्रयोग, परम्परागत तरिका र ज्ञान अनि विवादलाई समेत सम्बोधन गरेको छ। खाद्यान्न अधिकार सर्वव्यापी छ र यो सम्पूर्ण नागरिकमा लागु हुन्छ, जब कि व्यवहारिकरूपमा यसले पहिला समाजका असहाय व्यक्ति तथा समुदाय, महिला, बालबालिका, भूमिहीन ग्रामीण किसान, आदिवासी, जनजाति, बेरोजगार तथा विभिन्न प्रकारका विभेदको शिकार बनेका मानिसहरूको संरक्षण गर्नुपर्दछ।

खाद्य सम्प्रभुताको सर्वव्यापी स्वीकृत परिभाषा र व्याख्या त छैन तर सबैको आ-आफ्नै किसिमको व्याख्या एवम् विश्लेषणहरू रहेका छन्। यसलाई परिभाषित गर्ने क्रममा *जनताको खाद्य सम्प्रभुता* भन्ने व्याख्या नै सामान्यतया: बढी प्रयोग भएको छ। खाद्य सम्प्रभुता भनेको घरायसी कृषि उत्पादन र व्यापारको सुरक्षा र सञ्चालन गरी दिगो विकासको उद्देश्यलाई हासिल गर्ने जनताको अधिकार हो। यस व्याख्यामा जनतालाई स्वावलम्वी बनाई आफ्ना उत्पादनहरू बजारमा उपयुक्तरूपमा विसर्जनका लागि प्रेरित गर्न औँल्याइएको छ। खाद्य सम्प्रभुताले व्यापारलाई कम ठान्दैन तर यसले व्यापार नीति र अभ्यासहरूको तर्जुमा गरी जनतालाई सुरक्षित, स्वास्थ्यबर्द्धक र दिगो उत्पादनको लागि सहयोग गर्दछ।

राष्ट्रसङ्घका लागि विशेष प्रतिवेदक Mr. Jean Ziegler (UN special Repporteruare on Right to food): को विचारमा खाद्य अधिकारले त्यो

२ "Global Small-Scale Farmers' Movement Developing New Trade Regimes", Food First *News & Views*, Volume 28, Number 97 Spring/Summer 2005, p.2.

३ Borras Jr., Saturnino M. "La Vía Campesina and its Global Campaign for Agrarian Reform.." *Journal of Agrarian Change* 8, no. 2/3 (April 2008): 258-289

अवस्थालाई जनाउँछ, जसमा नागरिकहरूको खाद्यान्नमा नियमितता, निरन्तरता र स्वतन्त्र पहुँच रहन्छ। खाद्यान्नको पहुँच गुणात्मक एवम् परिमाणात्मक तरिकाले सहज एवम् उपभोक्ताको हित एवम् चाहनाअनुरूप हुनुपर्दछ जसले गर्दा आम जनमानसको शारीरिक एवम् मानसिक जीवन सुरक्षित, मर्यादित र भयरहित होस्। अर्थात् यसलाई सम्बन्धित दस्तावेजकै शब्दमा यसरी व्यक्त गर्न सकिन्छ: "The right to food is the right to have regular permanent and free access, either directly or by means of financial purchases, to food that is quantitatively and qualitatively adequate corresponds to the cultural traditions of the people to which the consumer belongs and that ensure a physical and mental life, both individual and collective, that is fulfilling & dignified free of fear."[8]

अझ, खाद्य सम्प्रभुताको अधिकारले यदि कोही असक्षम छ भने उसले सहायता एवम् संरक्षण प्राप्त गर्नुपर्ने अधिकारलाई समेत समेट्दछ। तर यो समग्रमा भन्दा *"मर्यादित तरिकाबाट आफैले खाद्यान्न अधिकार उपभोग गर्न पाउनु हो।"* यसले स्रोतहरूमा पहुँचको प्रत्याभूत गर्नु, भूमिमा पहुँच, सुरक्षा र समृद्धि, स्वच्छ पिउने पानीको पहुँच, सिमान्तकृत समुदायहरूको प्रविधि एवम् स्थानीय र क्षेत्रीय बजारसम्मको पहुँचलाई पनि सुनिश्चित गरेको हुनुपर्दछ। खाद्य सम्प्रभुताको अधिकार प्रचलनका क्रममा त्यस्ता समुदायहरूको उत्थान, आम्दानीका स्रोत तथा रोजगार सम्मको पहुँच, मर्यादितरूपमा जीवन बाँच्न पाउने वातावरणको सृजना भएको हुनुपर्दछ, जसमा ग्रामीण एवम् औद्योगिक क्षेत्रमा काम गर्ने कामदारहरूलाई पनि समावेश गर्नुपर्ने हुन्छ। यसका साथै सामाजिक सुरक्षाको अधिकार र सुविधाबाट वञ्चितहरूलाई सहयोग जस्ता कुराहरूलाई पनि ध्यानमा राख्नुपर्ने हुन्छ।

आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकार समिति

नागरिकहरूका आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकारहरू सम्बन्धमा भएका अन्तर्राष्ट्रिय सन्धिको कार्यान्वयन पक्षको निरीक्षण गर्ने

---

8 United Nations Document E/CN. 4/2001/53, par. 14: http://daccessdds.un.org/doc_UNDOC/GEN/ G01/110/35/PDF/G011/035.pdf.? Open Element.

राष्ट्रसङ्घीय आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकार समितिका अनुसार व्यक्तिगतरूपमा पर्याप्त खाद्यान्नको अधिकार मानिसको एउटा नैसर्गिक एवम् जन्मसिद्ध अधिकार हो, जुन International Bill of Human Rights मा उल्लिखित आम मानिसका अन्य अधिकारहरू पूरा गर्नका लागि आवश्यक आधारभूत अधिकारको रूपमा रहन्छ[५]। यो अधिकार मानवलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय तहमा सामाजिक न्याय प्रवर्धन गर्न, उपयुक्त सामाजिक, आर्थिक, राजनीतिक एवम् वातावरणीय अधिकारको प्रयोगमार्फत गरिबी निवारणतर्फ उन्मुख हुनका लागि र अन्य सबै मानवीय अधिकारहरू सुनिश्चित गर्नका लागि एउटा अपरिहार्य आवश्यकता हो। यस सम्बन्धमा समितिले अझै जोड दिँदै भनेको छ- पर्याप्त खाद्यान्न अधिकारको महसुस तव हुन्छ, जब समाजका हरेक पुरुष, महिला तथा बालबालिकाहरूको व्यक्तिगत एवम् सामूहिकरूपमा शारीरिक एवम आर्थिकरूपमा खाद्यान्न र यसको उपलब्धतामा निरन्तर पहुँच पुग्न सक्छ। त्यसकारण खाद्य सम्प्रभुताको अधिकारले दुई प्रमुख पक्षहरूमा ध्यान दिन्छ:

१. खाद्यान्नको उपलब्धता र

२. खाद्यान्नमा पहुँच

पहिलो, गुणात्मक एवम् परिमाणात्क रूपले सम्पूर्ण नागरिकको पोषणको अधिकारलाई सम्बोधन गर्ने खाद्यान्न उपलब्धता सुनिश्चित हुनुपर्दछ। अर्को शब्दमा हरेक व्यक्तिले चाहे आफ्नै भूमिमा उब्जाएर होस् वा अन्य प्राकृतिक स्रोतमार्फत होस् अथवा वितरण प्रणालीको माध्यमबाट होस्, आफ्नो आवश्यकताअनुसारको खाद्यान्न प्राप्त गर्न सक्ने वातावरण हुनुपर्दछ।

दोस्रो, प्रत्येक व्यक्तिको शारीरिक एवम् आर्थिकरूपमा खाद्यान्नमा पहुँच हुनु जरुरी छ। शारीरिकरूपमा पहुँच भन्नाले शारीरिकरूपबाट अशक्त मानिसहरू जस्तै: बालबालिका, बिरामी, जेष्ठ नागरिक, शारीरिकरूपमा अक्षम नागरिकलगायतलाई पर्याप्त पोषणको पहुँच हुनुपर्दछ। आर्थिकरूपमा पहुँच भन्नाले आर्थिकरूपमा कमजोर वर्गहरूको आफू कमजोर भएका कारण उनीहरूका अन्य अधिकारहरू जस्तै: स्वास्थ्य, शिक्षा, आवासलगायतका अन्य

५ The International Bill of Human Rights consists of the *Universal Declaration of Human Rights, the International Covenant on Economis, Social and Cultural Rights, and the International Covanent on Civil and Political Rights and* its two optional protocols.

अधिकारहरू जोखिममा पर्नु भएन भन्ने हो।

यसरी खाद्य सम्प्रभुता भनेको एउटा सामाजिक र उत्पादकीय अनेकतालाई सम्मान गर्दै आधारभूत खाद्यवस्तु उत्पादन गर्ने एवम् प्रयोग गर्ने प्रत्येक राज्यको क्षमतालाई बढावा दिने अधिकार पनि हो। यो एउटा स्वास्थवर्द्धक र सांस्कृतिकरूपमा उपयुक्त खाद्यवस्तुको उपयोग गर्न पाउने जनताको अधिकार हो, जसले खाद्य प्रणालीको केन्द्रमा उत्पादन, वितरण र उपयोग गर्ने व्यक्तिलाई राख्दछ न कि बजार र निगमको मागलाई।

पीटर रोसेट[६]

यिनले खाद्य सम्प्रभुतालाई खाद्य सुरक्षाको सोचभन्दा माथि राखेका छन्। खाद्य सुरक्षा भन्नाले प्रत्येक व्यक्तिले हरेक दिन पर्याप्त खानेकुरा खान पाउनु हो। तर यसअन्तर्गत खाद्यको स्रोत र उत्पादन हुने तरिका पर्दैन, बरु खाद्य सुरक्षाले साना तथा मझौला फार्म, मत्स्यकेन्द्रलाई सहयोगका लागि जोड दिन्छ तर तिनीहरूलाई औद्योगिकीकरण गरेर विश्वव्यापी अर्थतन्त्रमा संलग्न गराउने प्रयास गर्दैन।

यिनै उल्लिखित मान्यताहरूमा आधारित रहेर The International Planning Committee for Food Sovereignty (IPC in 2002) ले गरेको व्याख्या यस प्रकार छ: खाद्य सम्प्रभुता भनेको आफ्नो कृषि, श्रम, खाद्य एवम् जग्गा नीतिलाई सामाजिक, आर्थिक र सांस्कृतिकरूपमा विशेष समय तथा प्रसङ्ग सापेक्षित बनाउने प्रत्येक व्यक्ति, समाज र राष्ट्रको अधिकार हो। यसअन्तर्गत खान पाउने अधिकार र उत्पादन गर्ने अधिकार पर्दछन्, जसले प्रत्येक व्यक्तिको सुरक्षित, पोषणयुक्त र सांस्कृतिकरूपमा उचित खाद्य पदार्थको अधिकार जनाउँछ र खाद्य उत्पादन गर्ने स्रोतको उचित उपयोग गरी आफू र समाजको समग्र हितको लागि प्रेरित गर्दछ।

यसलाई पछि IPC को Food Sovereignty in October 2004 को कार्यक्रममा परिमार्जन गरिएको थियो। यसका अनुसार खाद्य सम्प्रभुता प्रत्येक व्यक्ति, समाज, जनता र राष्ट्रको समेत अधिकार हो। उक्त वाक्यांशमा परिमार्जन गरी व्यक्तिहरूको भन्ने उल्लेख गर्नुको तात्पर्य चाहिँ खान पाउने

६ *Peter* Rosset is a food rights activist, agroecologist and rural development specialist with a Ph.D. from the University of Michigan.

अधिकार एउटा व्यक्तिको आधारभूत अधिकार हो भनेर प्रस्टाउनु हो। यस परिमार्जनले मानवअधिकार कर्मीहरूले एउटा व्यक्तिको पर्याप्त खान पाउने अधिकार सुनिश्चित भएन भन्ने आरोपलाई निमिट्यान्न पारेको छ। उक्त प्रस्ट्याइले खान पाउने अधिकार र खाद्य सम्प्रभुताबीचको सम्बन्धलाई जोड दिएको छ। उक्त वाक्यांशले प्रष्टरूपमा खान पाउने अधिकार व्यक्तिको आधारभूत मानवअधिकार हो भन्ने दर्शाएको छ। यसले राष्ट्रबाट मानव मर्यादा प्रतिको सम्मानको अपेक्षा पनि राखेको छ। तथापि उक्त वाक्यांशले अन्तर्राष्ट्रियरूपमा स्वीकृत अधिकारहरू जस्तै पर्याप्त खान पाउने अधिकारलाई औपचारिकरूपमा पनि नरहेका अधिकारहरू जस्तै दिगो र पर्यावरणीय संरक्षणको संयन्त्र विकास गर्ने तरिकाले उत्पादन गर्ने अधिकारसँग गाभेको छ। यहाँनिर के प्रष्ट हुन जरुरी छ भने भाषिकरूपमा पनि अधिकारको तहलाई छुट्याउनु पर्छ, जसले गर्दा अन्तर्राष्ट्रियरूपमा स्वीकृत पर्याप्त खान पाउने अधिकारको मान्यतामाथि आँच आउन सक्छ।

खाद्य सम्प्रभुताका अधिकारअन्तर्गत सहायता पाउने अधिकार पनि पर्दछ। यदि कसैले आफूलाई खाद्य अभावबाट सुरक्षित गर्न सक्षम छैन भने यो अधिकार सबैभन्दा महत्वपूर्ण हुन्छ। सम्मानपूर्वक आफूले खान पाउने अधिकार कसैले कटौती गर्न सक्तैन। यसभित्र साधन स्रोतसम्म पहुँचको अधिकार पनि पर्दछ। आफ्नो आधारभूत अवश्यकता पूरा गर्न पाउने माध्यम सम्मको पहुँचको अधिकार समेत उसलाई हुन्छ। ती अधिकारहरू निम्नानुसार छन्:

क) जमिनमा पहुँच (Access to land)
ख) सुरक्षामा पहुँच (Access to security)
ग) सम्वृद्धिमा पहुँच (Access to Prosperity)
घ) पानीमा पहुँच (Access to water)
ङ) बीउमा पहुँच (Access to seeds)
च) ऋणमा पहुँच (Access to Credit)
छ) प्रविधिमा पहुँच (Access to technology)
ज) स्थानीय तथा क्षेत्रीय बजारसम्मको पहुँच (Access to local & regional market)
झ) जीविकोपार्जनका लागि मछुवा पेशा अपनाएका समुदायलाई परम्परागतरूपमा माछा मार्ने क्षेत्रसम्मको पहुँच (Access to traditional

fishing areas for fishing communities that depend on such areas for their subsistence)

ञ) अवसरबाट वञ्चित ग्रामीण तथा औद्योगिक मजदुरहरूलाई सामाजिक सुरक्षा र सहयोग सहितको सम्मानपूर्वक बाँच्नको लागि आय उपार्जनको अवसरहरूमा पहुँच (Access to a level of income sufficient to enable one to live in dignity including for rural and industrial workers as whereas access to social security and to social assistance for the most deprived.)

२. सम्बन्धित समितिको व्याख्या

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समिति (Committee on Economic, Social and Cultural Rights) ले खाद्य अधिकारसम्बन्धी अवधारणलाई आफ्नो सामान्य टिप्पणी नं. १२ (General Comment No. 12) मा स्पष्ट गरेको देखिन्छ। यसका अतिरिक्त ICESCR समितिको सो सामान्य टिप्पणीमा व्यक्ति वा समुदायलाई प्रभावकारी न्यायिक वा अन्य उपयुक्त उपचार पाउने अधिकार हुन्छ जसमा पर्याप्त खाद्य अधिकारको उल्लङ्घनमा परेको व्यक्ति वा समुदायलाई प्रभावकारी न्यायिक तथा अन्य उयुक्त उपचारको पहुँच उपलब्ध हुनुपर्दछ अर्थात् "Person or group who is victim of a violation of the right to adequate food should have access to effective judicial or other appropriate remedies."[७] भनी व्याख्या गरिएको पाइन्छ। अन्य उपयुक्त उपचार भन्नाले अर्धन्यायिक निकायबाट प्रदान गरिने कानुनी उपचारलाई संझनुपर्ने हुन्छ भनी उक्त टिप्पणीमा उल्लेख छ।[८] (६) उक्त समितिका अनुसार खाद्य अधिकारको हक संरक्षण गर्न खाद्यान्नको उपलब्धता, सहज पहुँच र पर्याप्तता हुनुपर्छ भनी उपयुक्त उपलब्धतालाई जोड दिएको छ। जसअनुसार निम्न तीन कुराहरू सुनिश्चित हुनुपर्दछः

७ This is the position that Mr. Jean Ziegler, Special Rapporteur on the Right to Food, defended before the General Assembly in November 2004. A/59/385, Paragraph 5: http://daccessdds.un.org/doc/UNDOC/GEN/N04/525/17/PDF/N0452517.pdf.

८ *See*, fn 42.

(१) **उपलब्धता** (Availability)

उपलब्धताअन्तर्गत एकातर्फ खाद्यवस्तु चाहे प्राकृतिक श्रोतबाट होस, चाहे उत्पादन गरेरै किन नहोस् वा जमीनमा खेतीबाट, माछा व्यवसायबाट, शिकार गरेर वा पशुपालनसमेतबाट भएपनि सहजरूपमा उपलब्ध हुनु पर्दछ भने अर्कोतर्फ उपलब्धता भनेको बजार र पसलहरूमा खरिद बिक्रीका लागि समेत सहजरूपमा पाईनु पर्दछ भन्ने हो अर्थात् "Availability requires on the one hand that food should be available from naturalresources either through the production of food, by cultivating land or animal husbandry, through other ways of obtaining food, such as fishing, hunting or gathering on the other hand, it means that food should be available for sale in markets and shops."

(२) **पहुँच** (Accessibility)

पहुँच भन्नाले खाद्यवस्तुसम्मको व्यक्तिको भौतिक उपस्थिति हुन सक्ने अवस्था हो। त्यस्तै खरिद गर्न सक्ने गरी आर्थिक पहुँच पनि हुनु पर्दछ। प्रत्येक व्यक्तिले कुनै पनि हालतमा स्कूल फी, औषधी वा घरभाडा आदिजस्ता अन्य आधारभूत आवश्यकतामा कटौती नगरी पर्याप्त मात्रामा सन्तुलित खाद्यवस्तु खरिद गर्न सक्ने अवस्थाको विद्यमानता हुनु पर्दछ अर्थात् "Accessibility requires and physical access to food to be guaranteed. Economic accessibility means that food must be affordable. Individuals should be able to afford food for an adequate diet without compromising on any other basic needs, such as school fees, medicines or rent."

(३) **पर्याप्तता** (Adequacy)

पर्याप्तता भन्नाले व्यक्तिको उमेर, जीवनस्तर, स्वास्थ्य, पेशा, लिङ्ग इत्यादि पक्षहरूमा सन्तुष्टि प्रदान गर्ने गरी उपलब्ध हुनुपर्दछ भन्ने हो अर्थात् "Adequacy means that the food must satisfy needs, taking into account the individual's age, living conditions, health, occupation, sex, etc."

यसप्रकार सो समितिका अनुसार नागरिकको खाद्य अधिकारको हकलाई सार्थक बनाउन राज्यको कर्तव्य खाद्यान्न उपलब्ध गराउने मात्र होइन, उपलब्ध गराएको खाद्यान्नमा आर्थिक रूपले सबैको सहज पहुँच पुग्नसक्ने वातावरण सिर्जना गरी खाद्यान्नमा आपूर्ति कम होइन पर्याप्त मात्रामा हुनुपर्ने भनी टिप्पणी गरेको पाइन्छ।

उपर्युक्त परिभाषाअनुसार हेर्दा खाद्य सम्प्रभुताको अधिकारअन्तर्गत दुईवटा महत्वपूर्ण तत्वको उपस्थिति अनिवार्य देखिन्छ:

१. खाद्य वस्तुको उपलब्धता

२. खाद्य वस्तु सम्मको पहुँच

उपर्युक्तअन्तर्गत प्रथमत: कुनै समुदायको आफ्नो खाद्य संस्कारअनुसारको पोषणयुक्त खाना जुन पर्याप्त परिमाण र गुणस्तरअनुसार व्यक्तिलाई आवश्यक पर्ने पोषणयुक्त हुनुपर्छ र प्रत्येक व्यक्तिलाई उपलब्ध हुनु आवश्यक छ। दोस्रो, प्रत्येक व्यक्तिलाई त्यस्तो खाद्य पदार्थ सम्मको आर्थिक र भौतिक पहुँच अनिवार्य हुन्छ। खाद्य अधिकार विश्वव्यापी छ। प्रत्येक व्यक्तिलाई यो अधिकार उपलब्ध हुन्छ। यसमा सबैभन्दा पहिला असहाय वा असक्त व्यक्तिहरूको पहुँच बढी महत्वपूर्ण रहन्छ, जसमा समाजका असक्त वर्ग, समानताको अधिकारबाट वञ्चित गरिएका, महिला, बालबालिका, भूमिहीन ग्रामीण मजदुरवर्ग, जनजाति, पिछाडिएका समूह, सुकुमवासी र बेरोजगारहरू पर्दछन्।

त्यसैगरी, यस्ता प्रकृतिका विवादहरू निरूपण गर्ने क्रममा United Nations Committee on Economic, Social and Cultural Rights (ICESCR Comittee) ले यसप्रकार आफ्नो राय व्यक्त गरेको पाइन्छ: अनुबन्धमा उल्लिखित मूल्य मान्यताहरूलाई राज्यको घरेलु कानुन प्रणालीभित्र उपयुक्त किसिमबाट मान्यता दिइनु पर्दछ। तिनको अधिकारको प्रयोगमा असर पर्ने व्यक्ति वा समूहले तिनको प्रचलनका लागि उपयुक्त उपायहरू उपलब्ध गराएको हुनुपर्दछ। साथै सरकारको उत्तरदायित्व प्रष्ट हुने खालको उपयुक्त संरचनासमेत बनाइनु आवश्यक छ अर्थात् "The Covenant [ICESCR] norms must be recognized in appropriate ways, within the domestic legal order, appropriate means of redress or remedies

must be available to any means of ensuring governmental accountability must be put in place."[९]

यसैगरी, मानवअधिकारका क्षेत्रीय दस्तावेजहरूले पनि खाद्य अधिकारको प्रत्याभूतिका सम्बन्धमा उपयुक्त व्यवस्था गरेको पाइन्छ। जस्तै: American Convention on Human Rights (ACHR) को धारा २५ (१) र European Convention for the Protection of Human Rights & Fundamental Freedoms (ECHR) को धारा १३ ले खाद्य सम्प्रभुताको अधिकारलाई प्रत्याभूत गरेको छ। यस आधारमा पनि खाद्य सम्प्रभुताको अधिकार सामान्य मानवअधिकार हो। यो अधिकार राष्ट्रका संविधान र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी सन्धि एवम कानुनका सामान्य सिद्धान्तहरूबाट समेत प्रत्याभूत गरिएको हुँदा यसको कानुनी प्रचलन न्यायिक निकायबाट हुन सक्दछ भनी उल्लेख गरेको पाइन्छ।

अत: अवधारणात्मकरूपमा खाद्य सम्प्रभुताको अधिकारको प्रचलन राष्ट्रिय, क्षेत्रीय एवम अन्तर्राष्ट्रिय क्षेत्रमा समेत हुन सक्दछ। त्यसको कानुनी आधार अन्तर्राष्ट्रिय एवम क्षेत्रीय मानवअधिकार कानुनहरू र राष्ट्रका संविधानहरूले प्रदान गर्दछन्। त्यस्तो हक प्रचलनबारे मानवअधिकारको विश्वव्यापी घोषणपत्र १९४८ को धारा ८ ले यसप्रकार उल्लेख गरेको छ: *प्रत्येक मानिसलाई सविधान वा कानुनद्वारा प्रदत्त मौलिक अधिकारहरूको उल्लङ्घन गर्ने कार्यका विरुद्ध सक्षम राष्ट्रिय न्याधिकरणबाट प्रभावकारी उपचार पाउने अधिकार छ।* अर्थात् "Everyone has the right to an effective remedy by the competent national tribunals for acts violating the fundamental rights granted him by the constitution or by law."[१०]

कतिपय मुलुकका अदालतहरूले व्याख्याको माध्यमद्वारा यस अधिकारको अधिकतम उल्लङ्घन भएमा कानुनी उपचारको उपयुक्त व्यवस्था गर्ने गरेको पाइन्छ। यस सम्बन्धमा विशेषरूपमा मानवअधिकारसम्बन्धी युरोपीय अदालतले गरेको व्याख्या अझै महत्वपूर्ण छ। सो अदालतले *Hatton and others Vs United Kingdom* को मुद्दामा यदि राष्ट्रिय स्तरमा त्यस्तो कानुनी उपचारको अभाव छ भने ECHR को उल्लङ्घन हुन्छ भनी व्याख्या गरेको हुँदा खाद्य अधिकारको प्रभावकारी प्रचलन र संरक्षणलाई उक्त व्याख्याले अरु बल प्रदान

९ cf. United Nations Document E/CN.4/2001/53,par.14 :

१० UDHR, Article 8

गरेको छ।[११]

कानुनी उपचार भन्नाले कुनै पनि अधिकार हक प्रचलनको लागि व्यवस्थित कानुनी एवम् न्यायिक प्रकृयालाई जनाउँछ, जसबाट प्रचलनमा रोक लगाइएका अधिकारको प्रभावकारी उपचार प्रदान गरिन्छ। यद्यपि अधिकार प्रचलनको परिप्रेक्ष्यमा मानवअधिकारको उपचार र न्यायिक प्रचलनको अवधारणा अलग अवधारणागत विषय हुन् तापनि यी दुई अवधारणा एक आपसमा अन्तरसम्बन्धित रहेका छन्। कुनै पनि अधिकारको उल्लङ्घन नभएसम्म त्यसको कानुनी उपचारको प्रश्न आउँदैन। अधिकारको उल्लङ्घन भए नभएको भन्ने प्रश्न तब मात्र निर्णित हुने अवस्था आउँछ, जब उल्लङ्घन हुन गएको अधिकार न्यायिक प्रचलनयोग्य देखिन्छ। यदि कुनै पनि हक अधिकार न्यायिक प्रचलनयोग्य अधिकार रहेन भने सो अधिकारको कुनै कानुनी उपचार प्रदान हुन सक्तैन। यसका अतिरिक्त, कुनै पनि अधिकार आफैमा स्वत: प्रचलनयोग्य हुँदैन। यदि कुनै विवादित विषयमा कुनै अधिकार उल्लङ्घन भएको प्रष्ट देखिन्छ भने त्यसको उपयुक्त उपचारको रूपमा त्यस्तो कार्यको तत्काल रोकथाम, कानुनमा संशोधन, क्षतिपूर्ति, हानिपूरण र अन्य आर्थिक राहतका कुराहरूसमे त पर्न आउँछन्।

यस सिलसिलामा कुनै राष्ट्रको भू-भागमा खाद्य सामग्रीको अभाव, अपर्याप्तता वा पुहँच पुग्न नसकी नागरिकहरू कुपोषणका शिकार हुन पुगेमा वा पर्याप्त मात्रामा पोषणयुक्त खानाको अभाव हुन गएमा त्यस्तो अवस्थालाई व्यक्तिको खाद्य सम्प्रभुताको अधिकारको उल्लङ्घन भएको मान्न सकिन्छ या सकिँदैन भन्ने प्रश्न उठ्दछ। जस्तो कि खाद्य अल्पताबाट पीडित व्यक्तिहरूले आफ्नो पोषणयुक्त खाद्यको अधिकारप्रति राज्यको संवेदनशीलता नदेखिएको भनी अदालतमा दावी प्रस्तुत गर्न सक्तछन्। यदि उपचारात्मक अवस्था रहेको भन्ने प्रमाणित हुन आएमा राज्यले कुन हदसम्म दायित्व लिनुपर्ने हो ? सो सम्बन्धमा राज्यले उपयुक्त किसिमबाट र राज्यको सम्भावित क्षमताको आधारमा त्यस्तो दावी प्रतिरक्षा गर्ने दायित्व रहेको हुन्छ।[१२]

यस्तो प्रकृतिको अधिकारको प्रचलनका क्रममा परिमाणात्मक एवम व्यवहरात्मक उत्तरदायित्वलाई पनि छुट्टाएर हेर्नु पर्दछ। यस सिलसिलामा

---

११ See, http://hudoc.echr.coe.int/sites/eng/pages/search.aspx¿i=001-59686

१२ *General Comment 12, The Right to Adequate Food, (Art. 11)* Paragraph 6.adopted 12 May 1999.

पहिलो एवम् परिमाणात्मक उत्तरदायित्वअन्तर्गत तोकिएको परिमाणमा खाद्य अधिकारको उपाभोग भएको वा हुन नसेकको अवस्थाको अध्ययन मानव शरीर मापन तथ्याङ्क (Anthropometric Data) को आधारमा गरिन्छ। दोस्रो एवम् व्यहरात्मक उत्तरदायित्वअन्तर्गत खाद्य अधिकारको उपभोगका लागि राज्यले न्यायोचितरूपमा कदम उठाएको छ वा छैन भन्ने हेरिन्छ। तसर्थ खाद्यको अधिकारअन्तर्गत राज्यको व्यवहार र त्यसबाट देखिने परिणाम[१३] नै मुख्यरूपमा देखिने कुरा हो। यी दुवै कुराहरूको प्रत्याभूति भएको छ, छैन ? र, अधिकारको उल्लङ्घन भएको छ, छैन ? भन्ने कुरा राज्यको सक्षम निकाय अर्थात् न्यायपालिकाबाट परीक्षण गरिन्छ। यो मापदण्ड त्यस्तो अवस्थासमेतलाई विचार गरी लागु गरिन्छ, जहाँ अधिकारको उल्लङ्घन एकै प्रकारको हुन्छ भन्ने छैन। यसमा खाद्य सुरक्षाका बहुआयामिक प्रकृति र कुपोषणका अवस्थाहरूलाई मुख्यरूपमा ध्यान दिइनुपर्दछ। तसर्थ कुनै एउटा राष्ट्रमा विद्यमान कुपोषण वा खाद्य अल्पताको अवस्थालाई मात्र हेरेर समग्रतामा खाद्य अधिकारको उल्लङ्घन भए नभएको निस्कर्षमा पुग्न सकिँदैन। तथापि, कुनै राष्ट्रको उच्च आयस्रोत भएर पनि त्यहाँ उच्च कुपोषणको स्तर देखिन्छ भने सो मुलुकमा राज्यको श्रोत बाँडफाडमा आवश्यक कदम लिन नसकेको भन्ने बुझ्न सकिन्छ।

३. खाद्य सम्प्रभुताको अधिकार र यसको प्रचलनीयता

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको न्याययोग्यता यस प्रतिज्ञापत्रको मस्यौदाको क्रममा व्यापक छलफल भएको पाइन्छ। त्यस छलफलमा न्याययोग्यतालाई अस्वीकार गरिएन तर त्यस्ता अधिकारका विभिन्न पक्षहरू न्याययोग्य हुन सक्दछन् भन्ने मान्यतालाई स्वीकार गरियो। विगत पाँच दशकमा यस मान्यतामा खासै फरक आएको पाइँदैन तर राष्ट्रियरूपमा त्यस्ता अधिकारहरूलाई न्याययोग्यता प्रदान गर्न अदालतहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् र कतिपय संविधानहरूले न्याययोग्यतालाई स्वीकार गरेका छन्। यद्यपि न्याययोग्यता क्रमशः विकास हुदैछ र यसलाई न्यायिक आँखाले मात्र नहेरी राजनीतिक परिवर्तनका दृष्टिले पनि हेरिनु पर्दछ।

नागरिक तथा राजनीतिक अधिकारको प्रतिज्ञापत्रअर्न्तगतको सङ्कटकालको प्रावधान प्रतिज्ञापत्रको मस्यौदा हुँदा न्यायिक परीक्षणयोग्य हुँदैन भन्ने छलफल भएको थियो। तर सङ्कटकालको घोषणा न्यायिक परीक्षणयोग्य

१३ *Ibid.*

हो भन्ने मान्यता अन्तर अमेरिकी मानवअधिकारसम्बन्धी अदालत र यूरोपेली मानवअधिकारसम्बन्धी अदालतले विकास गरिसकेका छन्। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको न्यायिक परीक्षण योग्यताका सम्बन्धमा समितिको सामान्य टिप्पणी नं. ९ मा छलफल गरिएको पाइन्छ। यसलाई न्यायिक उपचारमा मात्र सीमित नगरी कतिपय मुद्दाहरूमा प्रशासनिक उपचार पनि पर्याप्त हुने भन्ने व्याख्या गरिएको पाइन्छ। यदि प्रतिज्ञापत्रमा उल्लेखित अधिकारहरू न्यायपालिकाको भूमिका बेगर पूर्णरूपमा कार्यान्वयन गर्न सकिँदैन भने न्यायिक उपचार आवश्यक हुन्छ भन्ने मान्यताको विकास भएको पाइन्छ। वास्तवमा प्रतिज्ञापत्रका कतिपय अधिकारहरू तत्काल कार्यान्वयन गरिनु पर्ने प्रकृतिका छन्, जस्तै:

धारा ३	:	अधिकारको उपभोगमा महिला र पुरुषबीचको समानता
धारा ७ (क)(१)	:	समान मूल्यको काममा समान ज्यालाको अधिकार
धारा ८	:	स्वतन्त्ररूपमा काम गर्न ट्रेड यूनियन गठन गर्ने अधिकार र हडताल गर्न पाउने अधिकार
धारा १०(३)	:	बालबालिकाको विशेष संरक्षण र सहायताको अधिकार तथा उनीहरू विरुद्ध भेदभाद नगरिने अधिकार,
धारा १३ (२)(क)	:	सबैलाई नि:शुल्क र अनिवार्य प्राथमिक शिक्षाको अधिकार
धारा १३(३)	:	आफ्नो विश्वासअनुसार बच्चाहरूका आमा-बुबा वा अभिभावकहरूलाई धार्मिक तथा नैतिक शिक्षा प्रदान गर्न सार्वजनिक वाहेकका अन्य बिद्यालयहरूको छनौट गर्ने अधिकार
धारा १३	:	कानुनी मापदण्डअनुसार व्यक्ति वा संस्थाहरूलाई शैक्षिक संस्था स्थापना र निर्देशन गर्ने अधिकार
धारा १५(३)	:	वैज्ञानिक अनुसन्धान र रचनात्मक कृयाकलापको लागि आवश्यक पर्ने स्वतन्त्रता।

यस सम्बन्धमा ICESCR समितिको General Comment 12 जुन 1999 मा ग्रहण गरिएको थियो। यसले कुनै कानुनी दायित्व सिर्जना गर्दैन। तापनि कानुनका विशेषज्ञहरूले यसको निश्चित आधिकारिकता हुने कुरालाई स्वीकार गरेका छन्। यस अधिकारको न्यायिक परीक्षणको जुन एउटा अन्यौल र अस्पष्टता छ, त्यसलाई यस समितिको व्याख्याले प्रष्टरूपमा हटाएको छ।

यसअनुसार कुनै पनि व्यक्ति वा समूह जो पर्याप्त खाद्यको अधिकारबाट पीडित भएको छ, उसले प्रभावकारी न्यायिक वा अन्य उपयुक्त उपचार राष्ट्रिय वा अन्तर्राष्ट्रिय तहमा समेत पाउने अधिकारसमेत रहन्छ।[१४]

कानुनी कर्तव्य पूरा गर्ने दायित्व लिएका व्यक्ति वा संस्था जनअधिकार र समाजप्रति उत्तरदायी नभएमा मानवअधिकारसम्बन्धी कानुनी दायित्वहरूको कुनै महत्व रहँदैन। यस्तो उत्तरदायित्व विभिन्न संस्था र प्रकृयाको माध्यमबाट व्यवहारमा प्रचलन गरिन्छ। लोकतान्त्रिक समाजमा राज्यको रणनीतिक उत्तरदायित्व स्वच्छ र स्वतन्त्र निर्वाचनको माध्यमबाट सरकार निर्माण गरेर अनुप्रमाणित गरिन्छ। यसका अतिरिक्त कार्यकारीणीलाई व्यवस्थापिकाको माध्यमबाट सुरक्षा प्रदान गरेर पनि सो उत्तरदायित्वको पुन:पुष्टि गरिएको हुन्छ। त्यस्तै कार्यकारीणीको उत्तरदायित्व पनि जनताप्रति राज्यका निकाय र कार्यरत जनशक्तिको कानुनबमोजिमको कार्यमार्फत स्थापित गरिएको हुन्छ।

यसैगरी, न्यायिक निकायको उत्तरदायित्व संविधान र कानुनको माध्यमबाट वा त्यसको कार्यान्वयनबाट स्वतन्त्र र सक्षम न्यायालयको स्थापना गरेर एवम् अर्ध न्यायिक निकायको हकमा न्यायिक निर्णय एवम् विद्यामान कानुनको प्रभावकारी कार्यान्वयन गरेर मात्र शाक्ति पृथकीकरण र सन्तुलनको प्रयोजनद्वारा प्रमाणित गर्न सकिन्छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको कार्यान्वयनको सम्बन्धमा मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ लगायत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ मा समेत खाद्य एवम् पोषणको अधिकारलाई जीवनसँग अन्तरनिहित महत्वपूर्ण मानवअधिकारको रूपमा व्यवस्था गरिएको छ। यसको कार्यान्वयनका लागि Optional protocal, (op.) to the International Convention on Economic, Social and Cultural Rights (OP., ICESCR) मा विस्तृत व्यवस्था गरेर कार्यान्वयनको प्रबन्ध मिलाइएको छ। यस क्रममा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको कार्यान्वयन र न्यायिक निरूपणको सम्बन्धमा व्यापक अध्ययन र छलफल भएको पाइन्छ। यो विषयले अझै पनि

---

१४ "while the Committee's General Comments do not create legal obligations, legal experts consider them to have "particular authority." In addition, GC 12 is unambiguous on justifiability: "***Any person or group who is a victim of the violation of the right to adequate food should have access to effective judicial or other appropriate remedies at both national and international levels***."

व्यापक छलफलको आवश्यकता राख्दछ।

निश्चितरूपमा ICESCR मा उल्लिखित अधिकारहरूको सामान्य चरित्र (General nature) को कारणबाट ती अधिकारहरूको प्रचलनको बारेमा धेरै जटिलता थपिएको छ। अवश्य पनि त्यस्ता अधिकारको प्रचलन गर्न बनाइएका तर बाध्यात्मक नहुने कुनै पनि मार्ग निर्देशनहरू केवल राम्रो सोचका उपज मात्र हुन सक्तछन्। तर यसो भन्दैमा खाद्य सम्प्रभुताको अधिकार मानव मात्रको एक महत्वपूर्ण अधिकार हो र यसको कानुनी प्रचलन अवश्यम्भावी हुनु पर्छ भन्ने मान्यतालाई कदापि इन्कार गर्न सकिदैन। यस अधिकारको संरक्षण र प्रचलनको प्रत्याभूति निम्न कारणबाट पनि हुनु अनिवार्य छ।

प्रथमत:, खाद्य सम्प्रभुताको अधिकार जीवनको अधिकार (Right to life) सँग प्रत्यक्ष जोडिएको विषय हो। जसरी जीवनको अधिकार नागरिक अधिकारको महत्वपूर्ण विषय पनि हो। यो अधिकार अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय मानवअधिकार कानुन तथा विभिन्न मुलुकको राष्ट्रिय संविधानहरूमा प्रत्याभूत गरिएको ज्यादै महत्वपूर्ण अधिकार हो।

दोस्रो, Interagency Gender Working Group (IGWG) ले ICESCR को राज्यबाट उल्लङ्घन भएको अवस्थामा के गर्न सकिन्छ भन्ने सम्बन्धमा उल्लेख गरेको छ। यसले कुनै पनि राज्य यो अधिकारको कार्यान्वयन गर्न सक्षम हुनु पर्छ वा पर्दैन भन्ने सन्दर्भमा छलफल गरेको छैन। तर खाद्य सम्प्रभुताको अधिकारलाई आवश्यक मात्रामा सम्मान, संरक्षण र पूरा गर्न गराउन एउटा सक्षम राष्ट्रिय ट्रिवुनल वा अर्ध न्यायिक निकाय स्थापना गर्न आवश्यक छ। त्यस्तो निकायले दिएको कानुनी निर्णयबाट ती अधिकारको संरक्षण र संवर्द्धन हुन सकेको छ, छैन भन्ने कुराको समेत अनुगमन र मूल्याङ्कन आवश्यक छ।

धेरै राष्ट्रहरूमा खाद्य सम्प्रभुताको अधिकारलाई न्यायिक निकायबाट लागु गर्न सक्ने गरी प्रबन्ध गरिएको पाइन्छ। केही राष्ट्रहरूले भने सामान्यतया यस अधिकारलाई प्रचलनयोग्य अधिकार मान्न भने हिच्किचाई रहेको अवस्था पनि छ। यदि यो प्रचलनीय अधिकार हो भने सबै राष्ट्रका संविधानमा त्यस्तो प्रावधानको व्यवस्था गर्नका लागि सिफारिस गर्न सकिन्छ त ? भन्ने प्रश्नसमेत उठेको छ। तर अवस्था जे जस्तो भए पनि सामान्यतया: र प्राय:जसो राज्यहरूले खाद्य सम्प्रभुताको अधिकारलाई विधायिकी प्रयासबाट सम्बोधन गर्ने गरेको

पाइन्छ। जसमा सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउने, खाद्य सुरक्षाका नियमहरू लागु गर्ने र जमिनको भोग र स्वामित्वसम्बन्धी नियमहरू नियमित गर्ने जस्ता विधिहरू अपनाइएको पाइन्छ।

नेपालको सन्दर्भमा हेर्दा अन्तरिम संविधानको धारा ३२ मा उल्लिखित संवैधानिक उपचारको हक यस प्रंसगमा महत्वपूर्ण रहेको छ। जसअनुसार संविधानको भाग ३ मा उल्लिखित मौलिक हक प्रचलनका लागि धारा १०७ मा लेखिएको तारिकाअनुसार कारवाही चलाउन पाउने हक सुरक्षित पारिएको छ। संविधानको धारा १०७ ले सर्वोच्च अदालतलाई मौलिक हक प्रचलन गर्न गराउन वृहत एवम असाधारण अधिकार प्रदान गरेको छ। संविधानको भाग ३ मा उल्लिखित मौलिक हकको प्रचलन गराउन कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन गर्न पाउने र सर्वोच्च अदालतले कुनै कानुन संविधानसँग बाझिएकोमा त्यस्तो कानुनलाई अमान्य वा वदर घोषित गर्न सक्ने प्रावधान रहेको छ। त्यस्तै संविधानप्रदत्त मौलिक हकको प्रचलनका लागि अर्को उपचारको व्यवस्था नभएको वा उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त र प्रभावहीन देखिएमा सर्वोच्च अदालतले जुनसुकै आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउन सक्ने संवैधानिक व्यवस्था धारा १०७ (२) मा उल्लेख छ।

यसप्रकार खाद्य सम्प्रभुताको अधिकार कार्यान्वयनको परिप्रेक्ष्यमा न्याययोग्य र आफै कार्यान्वयन हुने प्रावधानको बीचमा रहेको फरक बुझ्नु पर्दछ। प्रतिज्ञापत्रमा भएका माथि उल्लिखित अधिकारहरू तत्काल कार्यान्वयन गर्नु पर्ने वा आफै कार्यान्वयन हुने (self–executing) प्रावधानहरू हुन्। यस प्रतिज्ञापत्रको मस्यौदाको छलफल हुँदा आफै कार्यान्वयन हुने प्रावधान नराख्ने भन्ने प्रस्ताव अस्वीकार गरिएको थियो। सिद्धान्तत: र सामान्यतया यस्तो प्रावधानको व्याख्या अदालतले गर्दछ भन्ने मानिन्छ। त्यस्तै राज्यले वितरण गर्ने श्रोतहरूको सम्बन्धमा अदालतलाई प्रवेश गर्न नदिनु भनेको मानवअधिकार फरक-फरक प्रकृतिका हुन्छन् भन्ने मान्नु हो जुन सैद्धान्तिकरूपमा पनि सही विचार होईन। यदि यी विषयमा न्यायिक परीक्षण हुन नपाउने हो भने सबैभन्दा जोखिममा रहेका र सुविधाबाट बन्चित समुदायलाई अदालतको परिधिभन्दा बाहिर पुऱ्याउनु हो भन्न सकिन्छ।

तीन परिच्छेद

अन्तर्राष्ट्रिय कानुन र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको गम्भीर ग्राह्यता

१. मानवअधिकारको अवधारणा र खाद्य सम्प्रभुताको अधिकार

मानवअधिकार भन्नाले त्यस्ता अधिकारहरूलाई जनाउँछ, जुन अधिकारहरू सम्पूर्ण विश्वका मानव समुदायको प्रत्येक सदस्यमा निहित छ। मानवका रूपमा जन्मेको कारण मानवका नाताले प्राप्त हुने अधिकारहरू मानवअधिकारको कोटीमा पर्छन्। त्यसैले मानवअधिकार मानव समाज जत्तिकै पुरानो छ। मानवअधिकारहरू अन्तर्निहित, अविभाज्य र अहरणीय छन्। यो कसैले दिएको होइन, न त कसैले हरण नै गर्न सक्छ। यो अधिकार कुनै खास राज्यमा बसोवास गरेका कारणले मात्र प्राप्त हुने नभई विश्वको जुनसुकै कुनामा बसोवास गर्ने भए पनि सबैलाई समानरूपमा प्राप्त हुनुपर्ने मान्यता रहेको छ।

मानवअधिकारलाई संवैधानिक तथा कानुनी अधिकार भन्दा व्यापक अर्थमा लिने गरिन्छ। यसरी मानवअधिकार भन्नाले मानिसले मानिस भएर जन्मनासाथ पाएका वा प्रकृतिले नै मानव भएको कारणबाट प्रदान गरेका नैसर्गिक अधिकारहरूलाई बुझाउँदछ। जुन अधिकार विना मानव भएर रहन सम्भव हुँदैन। संविधान, कानुन, अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धिले त केवल त्यस्ता अधिकारहरूलाई संहिताकरण गर्ने, मान्यता दिने र संरक्षण वा प्रत्याभूति दिने कार्य गरेको भन्ने मानिन्छ। त्यसैले मानवअधिकारलाई मानव जातिका प्राकृतिक, जन्मसिद्ध, नैसर्गिक तथा आधारभूत अधिकार भन्ने गरिन्छ। मानवअधिकारले मानवीय मूल्य र मान्यतालाई केन्द्रविन्दुको रूपमा लिएको हुन्छ। मानवअधिकारले व्यक्तिलाई अधिकारको दावी गर्ने हक प्रदान गर्दछ भने त्यसको पूरा गर्ने दायित्व सरकारमा सिर्जना गर्दछ। कुनै व्यक्ति वा

व्यक्ति समूहलाई अधिकारका वाहक (Rights Holder) र सरकार र यसका एजेन्टहरूलाई (Duty Bearers) पनि भन्ने गरिन्छ।

यदि मानवअधिकार भनेको मानव भएका नाताले सबैलाई प्राप्त हुने अन्तर्निहित, अविभाज्य र अहरणीय अधिकार हो भने आर्थिक तथा सामाजिक अधिकारको सान्दर्भिकता किन छ भन्ने प्रश्न पनि उठ्न सक्दछ। पहिलो कुरा त मानव भएको कारणले गर्दा मानवलाई के कति अधिकारहरू प्राप्त छन् वा हुन सक्दछन् भन्ने कुरा सहजै निर्धारण गर्न सकिदैन। त्यसै कारण विभिन्न समयमा मानवअधिकारअन्तर्गत भिन्न भिन्न प्रकारका अधिकारहरू समावेश गरिएको पाइन्छ। साथै मानव समाजमा निहित आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक पृष्ठभूमिका कारण उनीहरूको बुझाइमा रहने अन्तर एवम् अपनाई आएको मूल्य, मान्यता र परम्पराको अन्तरका कारण कतिपय अधिकारबाट वञ्चित हुनुपरेको वा गरिएको स्थिति छ। कतिपय अधिकारहरू संविधान र कानुनले सुनिश्चित गरेको अवस्था हुँदाहुँदै पनि व्यवहारमा यी अधिकारहरूको वाञ्छित लाभ लिन नसकिएको अवस्था छ। तर मानवअधिकारको संरक्षणको सन्दर्भमा समानता जति प्रिय र महत्वपूर्ण छ त्यति नै यो जटिल पनि छ। अवधारणागत र व्यवहारिक हिसाबले पनि समानताको बुझाइ र यसको कार्यान्वयन पक्षमा धेरै जटिलताहरू छन्। सैद्धान्तिक दृष्टिकोणबाट समानताको विरोधी कोही छैन, तर व्यवहारिक दृष्टिकोणबाट समानताको सिद्धान्तमा आधारित भएर पूर्णरूपमा सङ्गठित भएको समाज विरलै पाइएला।

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको सन्दर्भलाई विचार गर्दा संयुक्त राष्ट्रसङ्घको बडापत्रलाई नै महत्वपूर्ण दस्तावेजको रूपमा लिनुपर्ने हुन्छ। यस बडापत्रले मानवअधिकार सँगसँगै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको पनि उल्लेख गर्दछ। उक्त बडापत्रको धारा ५५(क), ५५(ख) र ५५ (ग) मा यस्ता प्रावधानहरू राखिएको छ। धारा ५५(क) ले उच्चतम जीवनशैली, पूर्ण रोजगारी र विकास तथा आर्थिक सामाजिक प्रगतिका विषयमा उल्लेख गर्दछ भने ५५(ख) ले आर्थिक, सामाजिक, स्वास्थ्य र तिनीहरूसँग सम्बन्धित विषय र अन्तर्राष्ट्रिय सांस्कृतिक तथा शैक्षिक सहायताका बारेमा उल्लेख गरेको छ। त्यसैगरी धारा ५५(ग) मा कसैलाई जात, लिङ्ग, भाषा तथा धर्मको आधारमा विभेद नगरी मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको विश्वव्यापी पालन र सम्मान गरिनु पर्ने उल्लेख छ। सन् १९४८ मा जारी गरिएको मानवअधिकारको

विश्वव्यापी घोषणापत्रमा धारा २२ देखि २७ सम्म आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू जस्तै: काम गर्न पाउने अधिकार, सामाजिक सुरक्षाको अधिकार, उपयुक्त बसोवासको अवस्था तथा शिक्षाको अधिकारहरू उल्लेख छन्।

मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेख गरिएका नागरिक र राजनीतिक अधिकार तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलाई एउटै प्रतिज्ञापत्रमा उल्लेख गर्ने वा छुट्टा छुट्टै सन्धि बनाउने भन्ने सम्बन्धमा यस प्रतिज्ञापत्रको मस्यौदा क्रममा धेरै छलफल भएको पाइन्छ। सन् १९४९ ताका दुवै प्रकृतिका अधिकारलाई समेट्न एउटै प्रतिज्ञापत्र जारी गरिनु पर्दछ भन्ने मान्यता थियो। तर समाजवादी राज्यहरू र पश्चिमा देशहरू बीच नागरिक र राजनीतिक अधिकार तथा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई हेर्ने दृष्टिकोणमा आएको भिन्नताका कारण सन् १९५२ देखि दुई भिन्नाभिन्नै प्रतिज्ञापत्रहरू लेख्ने कार्यको थालनी भएको पाइन्छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको छुट्टै प्रतिज्ञापत्रको मस्यौदा तयार गर्ने क्रममा दुई मतहरू बीच आएको भिन्नतालाई मध्यनजर गर्दा मूलत: त्यस्ता अधिकारहरूको अर्न्तवस्तु न्यायिक परीक्षणयोग्य नभएको भन्ने एक मत पाइन्छ भने अर्को मत अधिकारहरूको एकताको लागि एउटै प्रतिज्ञापत्र बनाइनु पर्दछ भन्ने पाइन्छ। नागरिक तथा राजनीतिक अधिकारहरू आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार बेगर अपूर्ण हुन्छन् भन्ने धारणाको विपरीत त्यस्ता अधिकारहरूको कार्यान्वयनको अवस्थाले गर्दा दुवै प्रकारका अधिकारमा एकता हुन सक्दैन भन्ने अर्को मान्यता रहेको पाइन्छ। मूलत: सरकारले गरेको नागरिक र राजनीतिक अधिकारको उल्लङ्घनमा अदालतमा उजुर गरेजस्तै कसरी आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको कार्यान्वयन गर्न सकिन्छ भन्ने तर्कको जवाफमा सम्बन्धित सरकारहरूले आफ्नो क्षेत्राधिकारमा त्यस्ता अधिकारको कार्यान्वयनको लागि कानुनी तथा अन्य प्रकृया अवलम्बन गर्नु पर्दछ भन्ने प्रावधान राख्ने प्रस्ताव आएको पाइन्छ।

आर्थिक र सामाजिक अधिकारलाई नागरिक तथा राजनीतिक अधिकारसरह कार्यान्वयन गर्न सकिँदैन भन्ने तर्कमा मूलत: त्यस्ता अधिकारहरू नागरिक तथा राजनीतिक अधिकारको तुलनामा परिभाषित गर्न कठिन छन्, व्यवहारमा झन्झटिला र कार्यान्वयन गर्न समय लाग्ने खालका छन् र कार्यान्वयनको लागि छुट्टै निकायहरूको आवश्यकता पर्दछ भन्ने थिए। विकसित पश्चिमा देशहरूले

विश्वका सम्पूर्ण देशहरू आर्थिक विकासको दृष्टिले एकै अवस्थामा नभएका कारण त्यस्ता अधिकारलाई विश्वव्यापी एकरूपताका साथ कार्यान्वयन गर्न सकिँदैन भन्ने तर्क अघि सारेका थिए। आर्थिक तथा मानवीय श्रोतको अभावमा यस्ता अधिकार कार्यान्वयन गर्न सकिँदैन। तसर्थ सबै देशले यस्ता अधिकालाई बराबरीको हैसियतमा सम्मान र कार्यान्वयन गर्न सक्दैनन् भन्ने तर्कले यस्ता अधिकारहरूको कार्यान्वयनमा मध्यमार्गी बाटो खोज्न जरुरी भएको थियो।

तत्कालीन अवस्थामा आर्थिक र सामाजिक अधिकारलाई कार्यान्वयन गर्न उचित उपायको अवलम्बन गर्ने तथा प्रगतिशील प्रयत्नहरू गर्ने दिशामा छलफल केन्द्रित भएको पाइन्छ। यस्तो छलफलमा केही आर्थिक र सामाजिक अधिकारहरू तत्काल लागु गर्न सकिने केही तत्काल लागु गर्न नसकिने भन्ने धारमा छलफल भएको पाइन्छ। वास्तवमा अधिकारहरूको एकताको सवाल भन्दा पनि कार्यान्वयनको सवाल महत्वपूर्ण हो भन्ने मान्यतामा आधारित भई आफ्नो देशको परिस्थितिअनुसारको दायित्व ग्रहण गरिनु पर्दछ भन्ने मान्यतामा सबै देशहरू सहमत भएको पाइन्छ। तसर्थ आर्थिक र सामाजिक अधिकारहरूको प्रगतिशील कार्यान्वयन गर्ने विषयमा सबै राष्ट्रहरू सहमत भए। प्रगतिशील कार्यान्वयन भन्नाले त्यस्ता अधिकारहरूको पूर्ण कार्यान्वयन भन्ने बुझिन्छ भने पूर्ण कार्यान्वयन भन्नाले कतिपय तत्काल कार्यान्वयन गर्नुपर्ने अधिकार र कतिपय जतिसक्दो चाँडो कार्यान्वयन गर्नुपर्ने अधिकार पर्दछन् भन्ने मानिन्छ।

आर्थिक र सामाजिक अधिकारहरू तत्कालीन छलफलको क्रममा न्यायिक परीक्षणयोग्य (Justicible) हुँदैनन् भन्ने तर्कमा धेरै वादविवाद भएको पाइन्छ। आर्थिक र सामाजिक अधिकारहरू उल्लङ्घन भएमा अदालतमा मुद्दा हाल्न सकिँदैन भन्ने तर्कको विपक्षमा राज्यले दायित्व ग्रहण गर्दा त्यस्ता अधिकारलाई कानुनी तथा अन्य प्रकृयाको अवलम्बनद्वारा कार्यान्वयन गर्नु पर्दछ र यदि कुनै राज्यले त्यस्ता कानुनी तथा अन्य प्रकृया पूरा गर्न नसकेमा अदालतमा मुद्दा हाल्न सकिन्छ भन्ने मान्यता प्रस्तुत गरिएको थियो। छलफलको क्रममा आर्थिक र सामाजिक अधिकारहरू न्याययोग्य छैनन् भन्ने तर्कलाई अस्वीकार गरिएको थियो। तर, त्यस्ता अधिकारहरू केही कानुन तथा प्रकृया निर्धारण गरी जतिसक्दो चाँडो कार्यान्वयन गर्ने र केही अधिकारलाई तत्काल कार्यान्वयन गर्ने भन्ने सहमति भएको पाइन्छ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को धारा २२ देखि २५ सम्ममा खाद्य सम्प्रभुतासम्बन्धी निम्नलिखित अधिकारहरूको परिभाषा गरिएको पाइन्छ:

धारा २२

समाजको सदस्यको हैसियतले प्रत्येक सामाजिक सुरक्षाको अधिकार छ र राष्ट्रिय प्रयास, अन्तर्राष्ट्रिय सरसहयोग र हरेक राज्यका सङ्गठन र स्रोतसाधनका माध्यमबाट उसको मर्यादा र स्वतन्त्र व्यक्तित्व विकासका निमित्त अपरिहार्य आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू साकार गराउने हक छ।

धारा २३

१. प्रत्येक मानिसलाई काम गर्ने, इच्छाअनुसार रोजगारी खोज्ने र कामको न्यायोचित र अनुकूल अवस्थामा र बेरोजगारी विरुद्धको संरक्षणको अधिकार छ।
२. प्रत्येक मानिसलाई विनाभेदभाव सम्मान कार्यको समान ज्याला पाउने अधिकार छ।
३. काम गर्ने प्रत्येक मानिसलाई ऊ र उसको परिवारको लागि मानव मर्यादा अनुकूल जीविका निश्चित गर्ने गरी परिपूरक सामाजिक संरक्षणको अधिकार छ।

धारा २४

प्रत्येक मानिसलाई कार्यघन्टाको मुनासिब सीमा र वैतनिक आवधिक बिदालगायत विश्राम र फुर्सदको अधिकार छ।

धारा २५

१. प्रत्येक मानिसलाई ऊ र उसका परिवारको खानपिन, लत्ताकपडा, आवास, स्वस्थोपचार, र आवश्यक सामाजिक सेवालगायतको स्वास्थ्य र कल्याण को पर्याप्त जीवनस्तर र उसको नियन्त्रण बाहिरका बेरोजगारी, विरामी,

अक्षमता, वैधव्य, वृद्धावस्था वा जीविकाका अन्य अभावका अवस्थामा सुरक्षाको अधिकार छ।

२. मातृत्व र बाल्यवस्थालाई विशेष स्याहार र मद्दतको हक छ। वैवाहिक बन्धनभित्र वा बाहिर जेसुकै अवस्थामा जन्मेका भए पनि सबै बालबालिकाले समान सामाजिक संरक्षण उपभोग गर्न पाउनेछन्।

अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मानवअधिकार महासन्धिहरूमा असमानताको अन्त्य र जोखिममा परेका समुदायको संरक्षणका लागि समेत आवश्यक प्रबन्ध गरिएको पाइन्छ। सदस्य राष्ट्रहरूका लागि यी महासन्धिहरू कानुनत: बाध्यकारी रहेका छन्। किनभने राज्यहरूको निम्ति त्यसले कानुनी दायित्व सिर्जना गरेको हुन्छ। यसैको आधारमा पनि संसारका धेरै राष्ट्रहरूको संविधान तथा कानुनमा आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकारहरूको प्रत्याभूति दिइएको पाईन्छ, जसलेगर्दा ती अधिकार प्रचलनका लागि घरेलु क्षेत्राधिकारभित्र कानुनी मान्यता प्रदत्त हुन्छ।

आर्थिक तथा सामाजिक अधिकारको कानुनी प्रकृतिसँग सम्बन्धित समस्याको कारणबाट त्यसको मान्यतामा समस्या नदेखिए तापनि त्यसको प्रयोग र व्यवहारिकतामा केही समस्या अवश्य रहेका छन्। अध्येताहरूको विचारमा आर्थिक सामाजिक अधिकारहरूको आफ्नै चरित्र र पहिचान रहेको हुँदा छुट्टै विशेषताको कारणबाट कुनै पनि अदालतसमक्ष गएर लागु गराउनु अत्यन्त जटिल कार्य हुन जान्छ। महासन्धिको दायित्व पूरा गर्न राष्ट्रहरूलाई यसको राजनीतिक चरित्रले गर्दा विद्यमान सन्धिको परिधिअन्तर्गत भनै गाह्रो छ। केही विद्वानहरूले परिणामप्रतिको दायित्व र व्यवहारप्रतिको दायित्व तथा आर्थिक सामाजिक अधिकारलाई अन्य वर्गमा राखेर हेर्ने गर्दछन्। तर प्राय:जसो विद्वानहरूले यी अधिकारप्रतिको यस्तो अवस्थालाई समर्थन गर्दैनन्।

आर्थिक सांस्कृतिक तथा सांस्कृतिक अधिकार (ICESCR) सँग सम्बन्धित सन् १९८६ मा आधिकारिक विशेषज्ञहरू रहेको भेलाले प्रतिपादन गरेको लिम्बर्ग सिद्धान्त (Limburg Principles) मा उक्त महासन्धिका प्रावधानहरू अदालतबाट लागु गराउने सन्दर्भमा संभाव्य उपायहरू प्रस्तुत गरेको थियो। यस परिप्रेक्ष्यमा आर्थिक, सामाजिक अधिकारको कार्यान्वयन (Applicability) र न्यायिक निरूपण (Justiciability) अन्तर्राष्ट्रिय कर्ताहरू (Actors) को बीचमा छलफलको विषय बनेको छ। साथै यस्तो प्रकृतिका

छलफलहरू विद्यमान संस्थागत अभ्यास र सन्धिको प्रावधानलाई अझै प्रष्ट पार्ने उद्देश्य र व्यवस्थासँग सम्वन्धित रहेको पाइन्छ। यस प्रकृतिका अभ्यासहरू विना आर्थिक, सामाजिक अधिकारको कार्यान्वयन (Applicability) र न्यायिक निरूपण (Justiciability) सम्बद्ध विवादित विषयमा निर्णय निस्कर्षमा पुग्नु अस्पष्टता मात्र होइन अनुपयुक्त हुन समेत जान्छ।

खाद्य सम्प्रभुताको अधिकार यस प्रसङ्गमा ज्यादै महत्वपूर्ण अधिकारको रूपमा रहेको छ। यसले शाब्दिकरूपमा खाद्य र खाद्य उत्पादन गर्ने प्राकृतिक र मानवनिर्मित स्रोतमाथि किसानको भूमिकालाई इङ्गित गर्दछ। खाद्य संम्प्रभुता सामाजिक र उत्पादकीय अनेकतालाई सम्मान गर्दै आधारभूत खाद्य उत्पादन गर्ने प्रत्येक राज्यको क्षमतालाई बढावा दिने अधिकार हो। आफ्ना सीमाभित्र रहेर खाद्य वस्तु उत्पादन गर्ने हामीलाई पूर्ण अधिकार छ। खाद्य संम्प्रभुता आधिकारिक खाद्य सुरक्षाको एउटा पूर्वशर्त पनि हो। यो नै खाद्य संम्प्रभुता La via campesina, 1996 ले दिएको पहिलो व्याख्या हो। खाद्य सम्प्रभुताले व्यापार, खाद्य अनुदान, उपभोक्ता सुरक्षण एवम् पोषण नीतिको ख्याल गरी आफ्नो अधिकारको उपयोग गर्न मार्गप्रशस्त गरेको छ। अझ खाद्य सम्प्रभुताले भूभागको बाडफाँड, कृषि उत्पादनका उन्नत तरिका, स्रोतको पहुँच र प्रयोग, परम्परागत तरिका एवम् ज्ञान एवम् विवादहरूको सम्बोधनसमेत गर्ने गर्दछ।

२. मानवअधिकार र खाद्य सम्प्रभुताको अधिकारः प्रकृति तथा क्षेत्र

मानवअधिकारको क्षेत्र मानवसभ्यताको विकास र वृद्धिसँगसँगै विस्तृत हुँदै गएको पाइन्छ। आजभोलि वातावरण परिवर्तनका कारण सृजित समस्यासमेत मानवअधिकारसँग सम्बन्धित भएको पाइन्छ। अर्थात् हरेक मानवीय कार्य मानवअधिकारसँग जोडिन पुग्ने हुँदा यसको क्षेत्र बृहत् छ भन्न सकिन्छ। मानवअधिकारलाई प्राज्ञिक दृष्टिकोणले विभिन्न वर्गमा विभाजन गर्ने गरिएको पाइन्छ। यसलाई नकारात्मक अधिकार र सकारात्मक अधिकार भनेर पनि वर्गीकरण गरिएको छ। नकारात्मक अधिकार भन्नुको कारण यी यस्ता अधिकारहरू हुन् जसलाई मान्यता दिए मात्र पुग्दछ। व्यक्तिका यी अधिकारहरूको अभ्यासमा राज्यले हस्तक्षेप नगरेमा मात्र पनि यी अधिकारहरू व्यक्तिले उपभोग गर्न सक्तछन्। यसको लागि राज्यले धेरै लगानी गर्नु पर्दैन। यी अधिकारको उल्लङ्घन भएमा मात्र त्यसको संरक्षण तथा प्रचलनको लागि हस्तक्षेप गर्ने कुरा

आउँछ। यस्ता अधिकारहरू खास गरी नागरिक तथा राजनीतिक अधिकारहरू पर्दछन्। उदाहरणको लागि, यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार नगर्दा राज्यलाई कुनै ठूलो आर्थिक व्ययभार पर्ने देखिँदैन।

सकारात्मक अधिकार भन्नुको कारण यी अधिकारहरू प्रत्याभूत गर्न राज्यले योजना तथा कार्यक्रमहरू बनाउने तथा स्रोत र साधनहरू परिचालन गर्नु पर्ने हुन्छ। राज्यले यी अधिकारहरूलाई कानुनी मान्यता दिएर मात्र व्यक्तिले यी अधिकारहरूको उपभोग वा महसुस गर्न सक्तैनन्। यस्ता अधिकारहरूमा आर्थिक तथा सामाजिक अधिकारहरू पर्दछन्। उदाहरणका लागि आधारभूत वा प्राथमिक स्वास्थ्य र शिक्षाको अधिकार कानुनीरूपमा प्रत्याभूत गरेर पुग्दैन। त्यसका लागि पहुँचयोग्य ठाउँमा भवन, शिक्षक तथा शिक्षण सामग्रीहरूको व्यवस्थापन गर्नु पर्ने हुन्छ। त्यस्तै स्वास्थ्य चौकी, चिकित्सक, नर्स तथा अन्य प्राविधिक कर्मचारीहरू र औषधि तथा स्वास्थ्य उपकरणहरूको प्रबन्ध गरिनु पर्दछ। त्यसका लागि ठूलो लगानीको साथै उपयुक्त योजना र कार्यक्रम आवश्यक पर्दछ।

त्यसैगरी अधिकारको स्वरूपको दृष्टिकोणबाट मानवअधिकारलाई नागरिक तथा राजनीतिक र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको रूपमा वर्गीकरण गर्ने गरेको पाइन्छ। मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रका व्यवस्थाहरूलाई कार्यान्वयन गर्न बन्धनकारी कानुनी संयन्त्रको माध्यमबाट व्यवस्था गर्ने सन्दर्भमा अमेरिकी र पूर्व सोभियत सङ्घ खेमा बीच क्रमश: नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलाई प्राथमिकता दिनु पर्ने भनी भएको विवादका कारण दुई खेमालाई प्रतिनिधित्व गर्ने बेग्लाबेग्लै प्रतिज्ञापत्रहरू जारी भएका थिए। उनीहरूका अनुसार नागरिक तथा राजनीतिक अधिकारको संरक्षण भएमा त्यसले स्वत: आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको संरक्षण गर्ने तर्क रहेको पाइन्छ भने आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको संरक्षण नभई नागरिक तथा राजनीतिक अधिकारको व्यवहारिक प्रयोग हुन नसक्ने तर्क अर्को पक्षको रहेको पाइन्छ।

यसै पृष्ठभूमिमा नागरिक तथा राजनीतिक अधिकारहरूलाई पहिलो पुस्ताको अधिकार (First generation right) र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलाई दोस्रो पुस्ताको अधिकार (Second generation

right) भनी वर्गीकरण गर्ने गरेको पाइन्छ। पछि आएर विकासको अधिकार, वातावरणको अधिकार, शान्तिको अधिकार जस्ता अधिकारहरूलाई तेस्रो पुस्ताको अधिकार (Third generation rights) भनी वर्गीकरण गरेको पाइन्छ। अधिकांश अधिकारहरू व्यक्तिले एकल रूपमै उपभोग गर्न सक्ने भएकोले व्यक्तिगत अधिकार (Individual right) भन्ने गरियो भने केही अधिकारहरू उपभोग गर्नको निमित्त समूहको आवश्यकता पर्ने भएकोले (Group Right) भन्ने गरिएको पाइन्छ। आत्मनिर्णयको अधिकार तथा सांस्कृतिक अधिकारहरू र विकाससम्बन्धी व्यक्तिले एक्लै उपभोग गर्न सक्ने नभई समूहको आवश्यकता पर्दछ।

सन् १९९३ मा भियनामा भएको मानवअधिकारसम्बन्धी विश्व सम्मेलनले जारी गरेको भियना घोषणापत्र तथा कार्ययोजनाले मानवअधिकारलाई त्यस किसिमबाट विभाजन गर्न नहुने धारणा राखेको छ। मानवअधिकारहरू न त कुनै शासकले दिएको न त खरिद गरेर प्राप्त गरेका अधिकारहरू हुन्। मानवअधिकारहरू त मानव भएका नाताले प्रत्येक मानव मात्रलाई जन्मैदेखि प्राप्त भएको र जहाँसुकै रहे गएको भए पनि, जहिलेसुकैका लागि पनि र जोसुकै लागि पनि आवश्यक पर्ने भएकोले मानवअधिकार विश्वव्यापी हुन्छन् भन्ने सिद्धान्त छ। मानवअधिकार मानवका लागि भएको र मानवअधिकारविना मानवको अस्तित्वको कल्पना गर्न नसकिने भएकोले मानवअधिकारलाई अहस्तान्तरणीय हुन्छन् भन्ने दोस्रो सिद्धान्त रहेको छ।

त्यसैगरी मानवअधिकारहरू एक अर्कामा अन्त:सम्बन्धित छन्। जस्तो: जीवनको अधिकार, कामको अधिकार र स्वास्थ्यको अधिकारँग पनि सम्वन्धित हुने हुँदा एउटा अधिकारको अस्तित्वविना अर्को अधिकारको उपभोग सम्भव हुँदैन। त्यसो हुनाले मानवअधिकारको प्राथमिकीकरण वा वर्गीकरण गर्न नहुने अभिमतहरू पनि रहेका छन्। तसर्थ सबै मानवअधिकारहरूलाई एउटै धरातलमा राखेर हेर्नु पर्ने भनी उल्लेख गरेको पाइन्छ। यद्यपि राष्ट्रिय, क्षेत्रीय र ऐतिहासिक एवम सांस्कृतिक तथा धार्मिक विशिष्ट पृष्ठभूमिलाई भने अवश्य पनि ध्यान दिईनु पर्दछ। तर राजनीतिक, आर्थिक तथा सांस्कृतिक प्रणाली जेसुकै भए पनि मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको संरक्षण र प्रवर्धन गर्ने दायित्व

राज्यको रहने कुरामा भने दुई मत हुन सक्तैन।[१५]

अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले परम्परागत राज्यको सार्वभौमसत्ता केन्द्रित धारणालाई मान्यता दिएको छ। राज्यको समान सार्वभौमिकताको सिद्धान्तअनुसार राज्यले आफ्ना नागरिकहरूलाई जे जस्तो व्यवहार गर्दछ, त्यो सार्वभौम राज्यको आन्तरिक मामिलाको विषय हो। यसमा बाह्य राज्यहरूको कुनै सरोकार रहन्न। तर आधुनिक अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले यस अवधारणालाई मान्यता दिएको छैन। यस अवधारणाबमोजिम संसारका कुनै पनि मुलुकमा बसोवास गर्ने मानवप्रति गरिने व्यवहारको वस्तुगतरूपमा मूल्याङ्कन गरी वाह्य राज्यहरूले यो विषयमा चासो राख्नु वैधानिक हुन्छ भनी अन्तर्राष्ट्रियस्तरमा एउटा साझा न्यूनतम मापदण्ड तथा मान्यताहरू निर्धारण गरी त्यसलाई कानुनीरूपमा बन्धनकारी शक्ति प्रदान गर्ने कार्य गरेको छ।[१६] वास्तवमा यिनै मान्यता तथा मापदण्डहरूलाई अन्तर्राष्ट्रिय मानवअधिकार कानुन भनिन्छ। त्यसैले आधुनिक अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको कार्यक्षेत्र व्यापक छ।

वास्तवमा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको क्षेत्र मापन गर्न सजिलो छैन। मानव भएकैले प्राप्त यस्ता नैसर्गिक अधिकारहरू जसको अभावमा मानवको सम्मानित जीवन, मानवीय मूल्य र प्रतिष्ठाको परिकल्पना गर्न सकिदैन, त्यस्ता अधिकारहरू मानव जीवनका प्रत्येक क्षण र कार्यहरूसँग यो जोडिएको हुन्छन्। अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले राष्ट्रहरूको अधिकारको प्रत्याभूति गर्ने र राष्ट्रका व्यवहारलाई निर्देशन र नियमन गर्ने मात्र नभई व्यक्ति र समूहका अधिकारहरूको मान्यता तथा प्रत्याभूतिसमेत गर्ने भएकोले यसको क्षेत्र एक व्यक्तिदेखि राष्ट्रहरूसम्म पुगेको हुन्छ।

---

१५ Vienna Declaration and Programme of Action adopted by UNGA Res. 48/121, 20 December 1993. Para 5 of the Declaration states that " All human rights are universal, indivisiable and interdependent and interrelated. The international community must treat human rights globally in a fair and equal manner, on the same footing, and with the same emphasis. While the significance of national and regional particularities and various historical, cultural and religious backgrounds must be borne in mind, it is the duty of States, regardless of their political, economic and cultural systems, to promote and protect all human rights and fundamental freedoms."

१६ Paul Sieghart, The International Law of Human Rights, Clarenden Press, Oxford, 1983, p. xix.

राज्यले मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूअन्तर्गतका दायित्वहरू स्वीकार गरिसकेपछि त्यसको प्रत्याभूति आफ्नो राष्ट्रिय कानुनको माध्यमबाट गर्नुपर्ने दायित्व हुन्छ। आफ्नो राष्ट्रिय कानुनको माध्यमबाट मानवअधिकारको प्रत्याभूति दिँदा अन्तर्राष्ट्रिय कानुनको दायित्वलाई कार्यान्वयनको लागि स्वत: आफ्नो कानुनमा परेसरह मानेर कार्यान्वयन गर्ने (Transformation theory) वा अन्तर्राष्ट्रिय कानुनलाई कार्यान्वयन गर्न आफ्नो देशमा कानुन बनाएर मात्र गर्ने (Incorporation Theory) का आ-आफ्ना अभ्यास र परम्पराहरू हुन सक्तछन्। कतिपय देशहरूले दुवै प्रकारका पद्धतिलाई एकसाथ अभ्यास गर्ने गरेको पनि पाइन्छ। सङ्क्षेपमा हेर्दा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले व्यक्ति जन्मेपछि त्यसको जन्मदर्ता गर्नुपर्ने देखि लिएर निजको शिक्षा, स्वास्थ्य, रोजगारी, नागरिकतालगायतका निजको विवाह र मृत्युपश्चात्समेत आफ्नो परम्पराअनुसार कर्म गराई पाउने अधिकारको प्रत्याभूतिका लागि समेत राज्यले दायित्व पूरा गरिदिनु पर्ने व्यवस्था गरेको हुँदा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको क्षेत्रलाई सीमितरूपमा हेर्न सकिँदैन। मानवअधिकारका यिनै पृष्ठभूमिमा खाद्य सम्प्रभुताको अधिकारलाई पनि जोडेर हेरिनु पर्दछ।

३. खाद्य सम्प्रभुताको अधिकार र अन्तर्राष्ट्रिय कानुनी व्यवस्था

खाद्य सम्प्रभुताको अधिकारलाई बहुसङ्ख्यक अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय कानुनहरूमा मान्यता दिइएको छ। यस अधिकारको प्रत्याभूतिका लागि अन्तर्राष्ट्रियस्तरमा व्यवस्था गरिएका दुईवटा प्रमुख दस्तावेजहरू मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ र आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ नै हुन्। क्षेत्रीय तहमा हेर्दा मानवअधिकारसम्बन्धी युरोपीयन महासन्धि, १९५०, मानवअधिकारसम्बन्धी अमेरिकी बडापत्र १९६९, मानवअधिकारसम्बन्धी अफ्रिकी अधिकारपत्र १९८१, र आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकार सम्बन्धमा सन् १९८८ को अमेरिकी कुटनीतिक शिष्टाचार (Protocal of San Salvador) लाई लिन सकिन्छ। राष्ट्रिय तहमा आएर कतिपय मुलुकका संविधानहरूमा र कतिपय कानुनमा समेत प्रत्यक्ष वा अप्रत्यक्षरूपमा खाद्य अधिकारलाई स्वीकार गरिएको अवस्था छ।

३.१ मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८

खाद्यसम्बन्धी अधिकारको विषयलाई सर्वप्रथम सन् १९४८ को मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रमा उठाइएको हो। यो दस्तावेजमा धारा २५ को पहिलो अनुच्छेदमा विश्वका विभिन्न मुलुकहरूले यो औपचारिक घोषणा गरेका छन् कि प्रत्येक नागरिकलाई सम्मानपूर्वक जीवन बाँच्नका लागि आफू र आफ्नो परिवारका लागि पर्याप्त खाद्यान्न, लत्ताकपडा, आवास स्वास्थोपचार र अन्य सामाजिक सेवाहरू तथा बेरोजगार नागरिकलाई सुरक्षाको प्रत्याभूति, विरामी अवस्था, वृद्धावस्था, असक्षमता, विधवा अवस्थालगायत उसको नियन्त्रण बाहिरका अन्य जटिल अवस्थाहरूबाट सुरक्षित रहने अधिकार रहनेछ।[१७] सन् १९४८ को मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्र यो हिसाबबाट अझै महत्वपूर्ण यस अर्थमा छ कि आज यसलाई विश्वका सबैजसो मुलुकहरूले स्वीकार गरेका छन्।

३.२ आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६

सन १९६६ मा मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र जारी भएको झण्डै दुई दशक पछाडि यो अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र जारी भएको हो। यसमा नागरिकका विभिन्न आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूलाई मान्यता दिलाइएको छ, जसमा खाद्यान्नको अधिकार, स्वास्थ्यको अधिकार, शिक्षाको अधिकार, आवास तथा रोजगारीलगायतका अधिकारहरू पर्दछन्। उक्त प्रतिज्ञापत्रको धारा ११ मा सहभागी मुलुकहरूले निम्नलिखित कुराहरू सुनिश्चित गर्नका लागि आवश्यक र उपयुक्त मापदण्ड अपनाउने सहमति जनाएका थिए[१८]:

१. यस महासन्धिका पक्षराष्ट्रहरूले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवाससमेत आफू स्वयम् तथा आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीविकाको अवस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दछन्। पक्षराष्ट्रहरूले यस प्रयोजनको लागि स्वतन्त्र मञ्जुरीमा आधारित अन्तर्राष्ट्रिय सहयोगको अत्यावश्यक महत्व स्वीकार गर्दै यस अधिकारको प्राप्ति सुनिश्चित गर्न उपयुक्त कदमहरू चाल्नेछन्।

---

१७ धारा २५, मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८

१८ ICESCR (धारा ११)

२. भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको मौलिक अधिकार स्वीकार गर्दै यस महासन्धिका पक्षराष्ट्रहरूले व्यक्तिगतरूपमा तथा अन्तर्राष्ट्रिय सहयोगबाट निम्नलिखित कुरालाई आवश्यक विशेष कार्यक्रम तथा उपायहरू अवलम्बन गर्नेछन्:

क) प्राविधिक तथा वैज्ञानिक ज्ञानको पूर्ण उपयोग गरी पोषणको सिद्धान्तको ज्ञान प्रचार गरी तथा प्राकृतिक स्रोतहरूको अति प्रभावकारी विकास तथा उपयोग हासिल गर्ने किसिमबाट कृषि प्रणालीहरू विकास तथा सुधार गरी, खाद्यान्नको उत्पादन, सञ्चय तथा वितरणको तरिकामा सुधार गर्ने,

ख) खाद्यान्न आयात गर्ने तथा खाद्यान्न निर्यात गर्ने देशहरू दुवैका समस्याहरूलाई ध्यान दिँदै आवश्यकताअनुरूप विश्वको खाद्यान्न आपूर्तिको समान वितरण सुनिश्चित गर्ने।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा देहायका अधिकारहरूको व्यवस्था गरिएका छन्:

- आफूले स्वतन्त्रतापूर्वक छानेको वा स्वीकारेको कामबाट जीवन धान्नेलगायतका काम गर्ने अधिकार- धारा ६
- समान मूल्यको कार्यको लागि विनाभेदभाव उचित पारिश्रमिक पाउनेलगायत उचित र अनुकूल काम गर्ने वातावरण उपभोग गर्ने अधिकार- धारा ७
- ट्रेड युनियन खोल्ने र आफूले रोजेको ट्रेड युनियनमा सम्मिलित हुने अधिकार- धारा ८
- सामाजिक बीमालगायत सामाजिक सुरक्षाको अधिकार- धारा ९
- पारिवारिक सुरक्षा र सहायता, स्वतन्त्रतापूर्वक विवाह गर्ने, मातृत्व संरक्षण, बालबालिका तथा तरुणको संरक्षण र सहयोग- धारा १०
- पर्याप्त भोजन,[१९] लुगा र आवास[२०] लगायत पर्याप्त जीवनस्तर तथा जीवनस्तरमा निरन्तर सुधारको अधिकार- धारा ११
- शारीरिक तथा मानसिक स्वास्थ्यको सम्भव भएसम्मको उच्चत्तम स्तरको अधिकार- धारा १२
- शिक्षाको अधिकार- धारा १३[२१]

१९ सामान्य टिप्पणी नं. १२ (पर्याप्त भोजनको अधिकार- धारा ११), ऐ.ऐ. पृ. ६६-७४

२० सामान्य टिप्पणी न. ४ (पर्याप्त आवासको अधिकार- धारा ११(१), ऐ.ऐ. पृ. २२-२७

२१ सामान्य टिप्पणी नं. १३ (शिक्षाको अधिकार -धारा १३), ऐ.ऐ. पृ. ७४-८९

- अनिवार्य प्राथमिक शिक्षा सुनिश्चित भई नसकेको मुलुकमा विस्तृत कार्ययोजना तयार गर्ने दायित्व- धारा १४[३३]
- सांस्कृतिक जीवनमा सहभागी हुने, वैज्ञानिक प्रगतिको लाभ उपभोग गर्ने, आफू लेखक भएको कुनै वैज्ञानिक, साहित्यिक तथा कलात्मक उत्पादनबाट उत्पन्न हुने नैतिक तथा भौतिक हितहरूका सुरक्षाबाट फाइदा पाउने अधिकार- धारा १५

यसरी प्रत्येक नागरिकलाई आफू र आफ्नो परिवार सम्मानपूर्वक बाँच्नका लागि पर्याप्त खाद्यान्नलगायतका कुराहरू सुनिश्चित हुनुपर्दछ र उसको जीवनस्तरको निरन्तर सुधार भएको हुनुपर्दछ। यो प्रतिज्ञापत्रमा थप यस कुरामा जोड दिईएको छ कि "भोकबाट मुक्ति पाउने प्रत्येक नागरिकको आधारभूत अधिकार हुनेछ।" ICESCR को धारा (११) ले नागरिकहरूको जीवन र जीविकामा विशेष जोड दिएको देखिन्छ। यसले खासगरी खाद्यान्न, कपडा र वासस्थानको उपलब्धतामा विशेष जोड दिएको देखिन्छ। सो व्यवस्थाले Committee on Economic, Social and Cultural Rights ले राष्ट्रहरूले महासन्धिमा पक्ष बनपेछि पनि अर्थतन्त्र यथास्थितिमा राख्ने नभई यदि अर्थतन्त्रको विकास गर्न नसक्ने हो भने अन्तर्राष्ट्रिय सहयोगद्वारा पनि नागरिकहरूको पर्याप्त खाद्यान्न, कपडा, वासस्थानमा पहुँच पुऱ्याई जीवनस्तर उठाउन पर्नेमा जोड दिएको देखिन्छ। आर्थिक, सामाजिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र एउटा यस्तो अन्तर्राष्ट्रिय दस्तावेज हो, जसले सदस्य मुलुकहरूलाई वैधानिकरूपमा एकत्रित गरेको छ। अत: "खाद्य संप्रभुतको अधिकार" जसलाई मानवअधिकारको विश्वव्यापी घोषणापत्र र आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा प्रष्टरूपमा व्यवस्थित गरिएको छ, यो विना कुनै अपवाद सबैमा समानरूपमा लागु हुन्छ भन्ने तथ्यमा कुनै विवाद छैन।

३.३ महिलामाथि हुने सबै प्रकारका विभेदको अन्त्य गर्नेसम्बन्धी महासन्धि, १९७९

समाजका कमजोर वर्गहरू महिला, बालबालिका, आदिवासी, जनजाति, शरणार्थीलगायतको सुरक्षाका लागि विश्वका विभिन्न मुलुकहरूबाट अन्य

३३ सामान्य टिप्पणी नं. ११ (प्राथमिक शिक्षाको लागि कार्य योजना-धारा १४) ऐ ऐ. पृ. ६३-६६

अन्तर्राष्ट्रिय सम्झौताहरूमा पनि यस अधिकारको प्रत्यभूतिका लागि राष्ट्रहरू बीच सहमति भएको छ। महिलाको खाद्य सुरक्षाको अधिकारलाई महिलामाथि हुने सबै प्रकारका विभेदको अन्त्य गर्नेसम्बन्धी महासन्धि, १९७९ (CEDAW) ले प्रत्याभूति गरेको छ।[२३] CEDAW को धारा १२ मा महिलाको खाद्य सुरक्षाको अधिकारलाई यसप्रकार संरक्षण दिइएको पाइन्छ:

१. पक्षराष्ट्रहरूले महिलालाई परिवार नियोजनसँग सम्बन्धित कुराहरूलगायत स्वास्थ्य-स्याहार सेवासम्बन्धी कुरा पुरुषसरह समानताको आधारमा उपलब्ध गराउन स्वास्थ्य क्षेत्रमा महिलाविरुद्ध हुने भेदभाव उन्मूलन गर्नको लागि सबै उपर्युक्त कदमहरू चाल्नेछन्।
२. यस धाराको प्रकरण १ मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्षराष्ट्रहरूले महिलालाई गर्भधारणको समयमा, प्रसुतिको समयमा तथा सुत्केरी भइसकेपछिको अवधिका सम्बन्धमा चाहिँदो सेवाहरू एवम् गर्भवती समय तथा स्तनपानको समयमा पर्याप्त पोषण उपलब्ध गराउन साथै आवश्यकतानुसार नि:शुल्क सेवासमेतको आवश्यक व्यवस्था गर्नेछन्।

३.४ बालअधिकारसम्बन्धी महासन्धि, १९८९

बालअधिकारसम्बन्धी महासन्धि १९८९[२४], ले पनि बालबालिकाको खाद्यान्न अधिकार सम्बन्धमा व्यवस्था गरेको छ। महासन्धिको धारा २७ मा भएको व्यवस्थाअनुसार बालबालिकाको खाद्य अधिकार निम्नानुसार संरक्षण गरिएको छ।[२५]

१. प्रत्येक बालबालिकाको शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासको लागि चाहिने पर्याप्त जीवनस्तरको अधिकारलाई पक्षराष्ट्रहरू स्वीकार गर्दछन्।
२. आफ्नो क्षमता र आर्थिक सक्षमताले भ्याएसम्म बालबालिकाको विकासको लागि आवश्यक जीवनस्तरको व्यवस्था गर्नु बाबुआमा वा बालबालिकाको लागि उत्तरदायी अन्य व्यक्तिहरूको प्राथमिक दायित्व हुन्छ।
३. पक्षराष्ट्रहरूले राष्ट्रिय अवस्थाहरूअनुसार तथा आफ्नो साधनको परिधिभित्र रही यो अधिकारको कार्यान्वयन गर्न बाबुआमा तथा बालबालिकाको लागि

२३ CEDAW (धारा १२ र १४)
२४ CRC (धारा २४ र २५)
२५ CRC (धारा २७)

पालनपोषणको सुनिश्चित गर्न सबै समुचित उपायहरू अपनाउनेछन्। विशेषत: बालबालिकाको लागि आर्थिक दायित्व भएको व्यक्ति बालबालिका बस्ने राष्ट्रमा नभई अन्य कुनै राष्ट्रमा बसेको अवस्थामा पक्षराष्ट्रहरूले अन्तर्राष्ट्रिय सम्झौताहरको सम्मिलन वा त्यस्ता सम्झौताहरू गर्ने कार्य एवम् अन्य समुचित प्रबन्ध गर्ने कार्यलाई प्रवर्धन गर्नेछन्।

३.५ शरणार्थी अवस्थासँग सम्बन्धित अधिकारहरूसम्बन्धी महासन्धि[३६] मा (धारा २० र २३) र उनीहरूको खाद्य अधिकारका सम्बन्धमा उल्लेख गरिएको छ।

३.६ आदिवासी जनजातिका लागि आदिवासी जनजातिसम्बन्धी महासन्धि[३७] मा (धारा १४ देखि १९) उनीहरूको खाद्य अधिकारका सम्बन्धमा उल्लेख गरिएको छ।

३.७ ICESCR समितिको सामान्य टिप्पणी

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रका प्रत्येक पक्षराज्यले "व्यक्तिगतरूपमा तथा अन्तर्राष्ट्रिय सहयोग र सहायता, विशेष गरी आर्थिक तथा प्राविधिक सहयोगमार्फत, आफ्ना उपलब्ध स्रोतहरूको अधिकतम् मात्रामा परिचालन गर्ने गरी खासगरी विधायिकी उपायहरूको अवलम्बनसमेतका सम्पूर्ण समुचित उपायहरूबाट यस प्रतिज्ञापत्रमा व्यवस्थित अधिकारहरू प्रगतिशीलरूपमा प्राप्त गर्ने उद्देश्यले कदमहरू चाल्ने कुराको प्रतिज्ञा गरेका छन्।[३८] यद्यपि प्रतिज्ञापत्रले "प्रगतिशीलरूपमा प्राप्त गर्ने व्यवस्था गर्नुका अतिरिक्त उपलब्ध स्रोतहरूको सीमितताका कारण उत्पन्न हुने कठिनाइलाई पनि जानकारीमा लिएको पाइन्छ। तथापि समितिले सामान्य टिप्पणी नं. ३ मा उल्लेख गरेअनुसार "तत्काल" चाल्नुपर्ने केही कदमहरूका बारेमा पनि उल्लेख गरेको छ। मानवअधिकार समितिका अनुसार निम्नलिखित दुईवटा कुराहरू विशेष महत्वपूर्ण छन्:

(१) धारा २(२) मा उल्लेख भएअनुसार प्रतिज्ञापत्रमा व्यवस्थित अधिकारहरू खास निश्चित आधारहरूमा भेदभावविना प्रयोग गर्नुपर्ने कुराको प्रत्याभूति, र

३६ धारा २० र २३

३७ धारा १४ देखि १९

३८ ICESCR - धारा २(१)

(२) धारा २(१) मा उल्लेख भएअनुसार *"आवश्यक कदमहरू चाल्ने कुरा"* जुन अन्य कुनै कुराहरूबाट नियन्त्रण गरिएको छैन।[२९]

अर्को शब्दमा भन्नुपर्दा *"सम्बन्धित अधिकारहरूको पूर्ण उपभोग प्रगतिशीलरूपमा प्राप्त गर्दै जान सकिन्छ, तर सो लक्ष्य तर्फको कदम भने सम्बन्धित राज्यले प्रतिज्ञापत्र लागु भएपछि यथाशक्य चाँडै चाल्नुपर्छ। साथै यस्ता कदमहरू सम्भव भएसम्म प्रष्ट, ठोस र निश्चित लक्ष्य प्राप्त गर्नेतर्फ उन्मुख हुनुपर्दछ।"* [३०]

३.७ विश्व खाद्य सङ्गठन

खाद्य अधिकार कार्यान्वयन र संरक्षणको सन्दर्भमा (FAO) को महत्वपूर्ण योगदान रहेको छ। FAO को विधानमा अमानवीयता र भाकमरीबाट मुक्तिका लागि राज्य सरकारहरूलाई व्यक्तिगत वा सामूहिकरूपमा उपयुक्त कदम लिन र सो कार्यमा आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाइएको छ।

३.८ भोकमरी र कुपोषण निर्मूल गर्नका लागि विश्वव्यापी घोषणापत्र

यस प्रसङ्गमा विश्व खाद्य सम्मेलनले अङ्गीकार गरेको र सयुंक्त राष्ट्रसङ्घको साधारणसभाले १७ डिसम्बर १९७४ मा अनुमोदन गरेको भोकमरी र कुपोषण निर्मूल गर्नका लागि विश्वव्यापी घोषणापत्र (Universal Declaration on the Eradication of Hunger and Malnutrition) को धारा १ र धारा २ अध्ययन गर्न आवश्यक देखिन्छ। सो घोषणापत्रको धारा १ मा प्रत्येक व्यक्तिको खाद्यान्नको अधिकार संरक्षित गर्न भोकबाट उन्मुक्ति हुने हक अहरणीय अधिकार हुने भनिएको छ।[३१] त्यस्तै धारा २ मा देशभित्र पर्याप्त मात्रामा खाद्यान्न वितरण र उपलब्ध गराउनु पर्ने प्रत्येक राष्ट्रको मौलिक जवाफदेहिता हुनेछ भन्ने घोषणा गरिएको छ।[३२] नेपाल संयुक्त राष्ट्रसङ्घको

२९ सामान्य टिप्पणी नं.३, पक्षराज्यहरूको दायित्वको प्रकृति (धारा २(१)। सामान्य टिप्पणीहरूको संयुक्त राष्ट्रसङ्घीय सङ्ग्रह, पृ. १८ अनुच्छेद १ र २ हेर्नुहोस्।

३० ऐ.ऐ.पृ. १८, अनुच्छेद २।

३१ Every man woman and child has the inalienable right to be free from hunger and malnutrition in oder to develop fully and maintain their physical and mental faculties

३२ It Is a Fundamental responsibility of government to work together for higher food production and a more equitable and efficient distribution of food between countries and within countries.

सदस्य भएको कारणले गर्दा उक्त घोषणालाई पालना गर्नु राज्यको कतर्व्य हुन आउँदछ।

३.९ सामाजिक उन्नति र विकाससम्बन्धी घोषणा[३३]

यस लिखतको धारा १० ले सबै तहमा काम पाउने र सङ्गठन गर्न पाउने अधिकार प्रदान गरेको छ। सो अधिकार सामूहिक सौदाबाजी, बेरोजगारकिो अन्त्य, कामको समान अवसर तथा उचित वतावरणको सिर्जना, स्वास्थ्य र सुरक्षाको अवस्थामा सुधार एवम कुनै भेदभाव बिना उचित ज्याला पाउने हक र स्तरीय जीवनको प्रत्याभूति लागि नै हुन्। यसको धारा १०(ख)[३४] मा भोकमरी र कुपोषणको अन्त्य र उपयुक्त पोषणयुक्त भोजन प्रत्यभूत गरिएको छ भने धारा १८ मा सोको कार्यान्वयनका लागि राज्यहरूले लोकतान्त्रिक कृषि प्रणालीको स्थापना र सुधार व्यवस्थापनको माध्यमबाट पर्याप्त उचित र सन्तुलित खाद्यको उपलब्धता, त्यसको न्यायोचित वितरण र पोषणको स्तरमा सुधार गर्नका लागि आवश्यक सबै उपायहरू अपनाउने दायित्व निर्वाह गर्नुपर्ने व्यवस्था गरिएको पाईन्छ।[३५]

३.१० अधिकारउपरका सीमाहरू

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ४ र ५ मा प्रतिज्ञापत्रअन्तर्गतका अधिकारहरूमा लगाउन सकिने सीमाहरू (Limitations) का बारेमा व्यवस्था गरिएको छ। जसअनुसार निम्नबमोजिमका कुराहरू पर्दछन्:

धारा ४: यस महासन्धिअनुरूप राष्ट्रले व्यवस्था गरेका अधिकारहरूको उपभोगमा यस्ता अधिकारको प्रकृतिसँग मिल्ने गरी तथा

---

३३ Declaration on Social Progress and Development, G.A. res. 2542 (XXIV), 24 U.N. GAOR Supp. (No. 30) at 49, U.N. Doc. A/7630 (1969).

३४ The elimination of hunger & malnutrition and the guarantee of the right to proper nutrition

३५ The adoption of measures to boost and diversify agricultural production through, inter alia, the implementation of democratic agrarian reforms, to ensure an adequate and well– balanced supply of food, its equitable distribution among the whole population and the improvement of nutritional standards

प्रजातान्त्रिक समाजमा साधारण कल्याण प्रवर्धन गर्ने उद्देश्यका लागि मात्र कानुनद्वारा निर्धारित सीमाहरूअन्तर्गत मात्र राष्ट्रले त्यस्ता अधिकारहरू सीमित गर्न सक्ने कुरा यस महासन्धिका पक्षराष्ट्रहरू स्वीकार गर्दछन्।

धारा ५:१ यस महासन्धिमा भएका कुनै पनि कुरालाई, कुनै राष्ट्र समूह वा व्यक्तिलाई यस महासन्धिमा स्वीकार गरिएका कुनै अधिकार वा स्वतन्त्रता नष्ट गर्ने वा ती अधिकारलाई यस महासन्धिमा व्यवस्था गरेभन्दा बढी मात्रामा सीमित गर्ने उद्देश्य भएको कुनै क्रियाकलापमा संलग्न हुने वा कुनै काम गर्न पाउने अर्थ आउने गरी व्याख्या गर्न सकिने छैन।

धारा ५:२ यस प्रतिज्ञापत्रले यस्ता अधिकारहरू स्वीकार गर्दैनन् वा तिनलाई कम मात्रामा मात्र स्वीकार गर्दछन् भन्ने बहानामा कानुन, महासन्धिहरू, नियमहरू वा परम्पराका आधारमा कुनै देशमा स्वीकार गरिएका वा विद्यमान रहेका कुनै मौलिक मानवअधिकारमा कुनै नियन्त्रण वा न्यूनतालाई ग्रहण गरिने छैन।

यसका अतिरिक्त विशेष अधिकारहरूउपर लगाउन सकिने नियन्त्रणका बारेमा पनि धारा ८(१) को (क) र (ग) मा व्यवस्था गरिएको छ, जसअनुसार ट्रेड युनियन खोल्ने र त्यसमा सम्मिलित हुने तथा स्वतन्त्रतापूर्वक काम गर्न पाउने, ट्रेड युनियनको अधिकार *"कानुनबमोजिम बाहेक एवम् प्रजातान्त्रिक समाजमा अर्काको अधिकार तथा स्वतन्त्रताको संरक्षण वा सार्वजनिक व्यवस्था वा राष्ट्रिय सुरक्षाका दृष्टिले आवश्यक भएदेखि बाहेक"* नियन्त्रण गर्न नपाइने व्यवस्था छ। धारा ४ को मस्यौदाको चरणमा तयार भएको Travaux Prepara toires[३६] को अध्ययनबाट के देखिन्छ भने सो धारामा उल्लिखित नियन्त्रणका शर्तहरूमध्ये प्रजातान्त्रिक समाजको मान्यता अनुकूल हुनुपर्ने भन्ने वाक्यांशको अर्थ *"अर्काको अधिकार र स्वतन्त्रताको सम्मानमा आधारित समाज"* भन्ने

३६ Travaux Prepara toires (French: "preparatory works", in the plural) are the official record of a negotiation. Sometimes published, the "travaux" are often useful in clarifying the intentions of a treaty or other instrument. This is reflected in Article 32 of the Vienna Convention on the Law of Treaties (VCLT).

हुन्छ।[३७] अन्यथा यो व्यवस्थाले निरंकुशतन्त्रको स्वार्थ मात्र पूरा गर्ने सम्भावना रहन्छ।[३८]

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा जस्तो आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा यस प्रतिज्ञापत्रअन्तर्गतका कानुनी दायित्वहरूलाई सीमाङ्कन गर्न सकिने व्यवस्थाहरू गरिएका छैनन्। त्यसैले यसलाई सामान्यतया राज्य पक्षले यस प्रतिज्ञापत्रअन्तर्गतका अधिकारहरूको परिपालनाको दायित्वबाट उन्मुक्ति नपाइने (Non-derogable) अधिकारको रूपमा बुझ्नुपर्ने हुन्छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समितिका एक जना सदस्यका अनुसार धेरै अवस्थामा धारा ४ मा उल्लिखित सीमाङ्कन (Limitation) का शर्तहरूको औचित्य प्रमाणित गर्न पनि निकै कठिन छ।[३९] किनभने धारा ४ अनुकूल हुने ती शर्तहरू *"कानुनद्वारा निर्धारण गरिएको"* हुनुपर्दछ। त्यस्तो सीमाङ्कन यसमा व्यवस्थित अधिकारहरूको प्रकृति अनुकूल हुनुपर्दछ र पूर्णतया *"प्रजातान्त्रिक समाजमा सामान्य कल्याण"* अभिवृद्धि गर्नका लागि लगाइएको हुनुपर्दछ।[४०] आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रअन्तर्गतका अधिकारहरूउपर देहायका अवस्थामा मात्र सीमाङ्कन गर्न सकिन्छ:

- कानुनद्वारा निर्धारण भएबमोजिम,
- यी अधिकारहरूको प्रकृति अनुकूल भएमा,
- प्रजातान्त्रिक समाजमा सामान्य कल्याण प्रवर्धन गर्ने उद्देश्य भएमा।

यसप्रकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा उल्लिखित राज्यको कानुनी दायित्वबाट राज्यले कुनै पनि बहानामा उन्मुक्ति पाउन सक्ने (Derogation) भन्ने कुनै व्यवस्था समावेश गरिएको छैन। तसर्थ खाद्य सम्प्रभुताको अधिकारलाई एउटा पूर्ण अधिकारको रूपमा लिन सकिन्छ।

---

३७ UN doc. E/CN.4/SR.235, P.9, Statement by Mr. Cias 4110 of uruguay

३८ ऐ.ऐ.पृ.२० र ग्रीसका Mr. Eustathiades को वक्तव्यको पृ.११

३९ Philip Alston, *"The international Covenant on Economic, Social and Cultural Rights," in Manual on Human Rights Reporting*, p. 74.

४० ऐ.ऐ.

३.११ अन्तर्राष्ट्रिय कार्यान्वयनसंयन्त्र

आर्थिक, सामाजिक तथा सांस्कृतिक प्रतिज्ञापत्रको धारा १६ मा पक्ष राज्यहरूले यस प्रतिज्ञापत्रअन्तर्गतका अधिकारहरूको पालना गर्ने सम्बन्धमा चालेका कदमहरू र तत्सम्बन्धमा हासिल भएका प्रगतिहरूका बारेमा प्रतिवेदन पेश गर्न प्रतिज्ञा गरेका छन्। यससम्बन्धी कार्यको अनुगमनको लागि संयुक्त राष्ट्रसङ्घअन्तर्गतको आर्थिक तथा सामाजिक परिषद् (UN Economic & Social Council) लाई औपचारिक जिम्मेवारी तोकिएको छ।[४१] तर आवधिक प्रतिवेदनउपर अध्ययन गर्ने यो प्रबन्ध त्यति सन्तोषजनक नभएकाले सन् १९८५ मा परिषद्ले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रअन्तर्गतको मानवअधिकार समिति सरह विशेषज्ञहरूको स्वतन्त्र निकाय आर्थिक, सामाजिक तथा सांस्कृतिक समिति (Committee on Economic, Social and Cultural Rights) गठन गरेको छ।[४२] सो समितिमा व्यक्तिगत हैसियतले काम गर्ने १८ सदस्यहरू रहने व्यवस्था छ।

मानवअधिकार समितिमा जस्तै यस समितिमा पनि पक्ष राज्यहरूले पेश गरेका प्रतिवदेनहरू सार्वजनिक बैठकमा सम्बन्धित पक्ष राज्यका प्रतिनिधिहरूको उपस्थितिमा छलफल गरिन्छ। छलफल पारस्परिक र रचनात्मक उपायहरू पत्ता लगाउनेतर्फ केन्द्रित हुन्छ ता कि सम्बन्धित राज्यमा विद्यमान परिस्थितिका बारेमा समितिको सदस्यहरूले कुरा बुझ्न सकून र प्रतिज्ञापत्रमा उल्लिखित दायित्वहरूको प्रभावकारी कार्यान्वयनका लागि सर्वोत्तम उपाय के हुन सक्दछ सो सुझाऊन सकियोस्।[४३]

आर्थिक तथा सामाजिक परिषद्ले अनुरोध गरेबमोजिम आर्थिक, सामाजिक तथा सांस्कृतिक समितिले पक्ष राज्यहरूको प्रतिवेदन गर्ने दायित्वलाई सहज तुल्याउन सामान्य टिप्पणीहरू पारित गर्ने गरेको छ।[४४] यस्ता टिप्पणीहरू प्रतिवेदनमार्फत प्राप्त समितिको अनुभवमा आधारित हुने गरेको छ। सामान्य टिप्पणीमार्फत समितिले पक्ष राज्यहरूको कमी कमजोरी औंल्याउने र कार्यविधिमा सुधारका लागि सुझावहरू दिने गर्दछ। साथै सामान्य टिप्पणीको उद्देश्य पक्ष

---

४१ ICESCR (धारा १६(२) (क)

४२ ऐ.ऐ. पृ. ११७, हेर्नुहोस् पृ. ११८-११९ पनि। समिति गठन गर्ने सम्बन्धमा पारित प्रस्तावका सम्बन्धमा हेर्नुहोस् ECOSOC res. 1985/17 of 28 May 1985

४३ ऐ.ऐ, पृ. १२१

४४ UN doc. E/2000/22 (E/C.12/1999/11), p. 22 Para. 49.

राज्य, अन्तर्राष्ट्रिय सगठनहरू र विशिष्टीकृत निकायहरूका क्रियाकलापहरूलाई प्रतिज्ञापत्रमा उल्लिखित अधिकारहरूको प्रभावकारी एवम् प्रगतिशीलरूपमा प्राप्तिका दिशामा केन्द्रित गर्नु रहेको छ।[४५] हालसम्म व्यक्तिगत उजुरीको कार्यविधिलाई मान्यता दिने उद्देश्यले अतिरिक्त आलेखको मस्यौदा गर्ने प्रयास असफल भै रहेको छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रअन्तर्गत कार्यान्वयन संयन्त्रको रूपमा एक मात्र प्रतिवेदन प्रणाली रहेको छ।

४. खाद्य अधिकार र क्षेत्रीय कानुनी व्यवस्था

हाल विश्व मानवअधिकारहरूको सुरक्षाका तीन क्षेत्रीय प्रणालीहरू प्रचलनमा रहेका छन्। ती हुन्: अफ्रिकन, अमेरिकन र युरोपियन मानवअधिकार प्रणाली। सबै प्रणालीमा खाद्य अधिकार उल्लङ्घनका पीडितहरूले जीवन, सम्पत्ति र स्वास्थ्यको अधिकारको सुरक्षाको तहतमा रहेर अप्रत्यक्ष न्यायको पहुँचमात्र पाउन सकेको अवस्था छ। यति हुँदाहुँदै पनि अफ्रिकन र अमेरिकन महादेशमा न्यायशास्त्रको वास्तविक विकासको अनुशरण भने भएको पाइएको छैन र पीडितहरूले अधिकारको प्रयोग तथा न्यायको पहुँचबाट अलि टाढा रहेको महसुस भएको छ।

तथापि अफ्रिकन, अमेरिकन र युरोपियन कानुनी प्रणालीमा खाद्य अधिकारको समन्वयको ढाँचा तयार गरी स्पष्ट परिमार्जनहरू अवलम्बन गरिएको छ। अफ्रिकन महादेशमा अधिकारलाई प्रत्यक्ष र अप्रत्यक्षरूपमा तीन उपकरणहरूमा परिभाषित गरिएको छ। खाद्य सम्प्रभुताको अधिकारलाई अमेरिका, अफ्रिका युरोपलगायत विभिन्न मुलुकहरूले मान्यता एवम् पहिचान प्रदान गरेका छन्। एसियाको सन्दर्भमा भने मानवअधिकार रक्षाका लागि त्यस्तो कुनै विशेष क्षेत्रीय प्रावधाने छैन। अमेरिका, अफ्रिका र युरोपको मानवअधिकारसम्बन्धी क्षेत्रीय कानुनी प्रबन्धको अध्ययन गर्दा केही महत्वपूर्ण व्यवस्थाहरू भएको देखिन्छ, जुन यसप्रकार छन्:

---

४५ ऐ.ऐ. पृ. २२, अनुच्छेद ५१

४.१ अमेरिकी महाद्वीपको सन्दर्भ

अमेरिकन महादेशमा तीन वटा मानवअधिकार सुरक्षा उपकरणहरू छन्, ती हुन्: मानवअधिकार र कर्तव्यसम्बन्धी अमेरिकी घोषणापत्र (American Declaration of the Rights and Duties of Man- ADRDM), मानवअधिकारको अमेरिकी महासन्धि (American Convention on human Rights-ACHR) र सान साल्भाढोर प्रोटोकल, १९८८ (San Salvador Protocol, 1988). मानवअधिकार र कर्तव्यसम्बन्धी अमेरिकी घोषणापत्रमा प्रत्यक्षरूपमा खाद्य सम्प्रभुताको अधिकार बारे नलेखिएको भएतापनि जीवनको अधिकारसँग सम्बन्धित अधिकारहरू समावेश गरेको पाईन्छ। यस घोषणाको धारा ११ ले स्वाथ्यको अधिकार (Right to preservation to well being) धारा १४ ले काम तथा न्यायोचित ज्यालाको अधिकार (Right to work and fair remuneration) र धारा १६ ले सामाजिक सुरक्षाको अधिकार (Rifght to social security) को घोषणा गरेको छ।

मानवअधिकारको अमेरिकी महासन्धि (ACHR) मा पनि खाद्य सम्प्रभुताको अधिकारलाई कुनै न कुनै रूपमा संरक्षण दिएको खेखिन्छ। यस महसन्धिमा अन्त:निहित अधिकारहरूमा जीवनको अधिकार (धारा ४), प्रतिष्ठा तथा पहिचानको अधिकार (धारा १८, २०) र निजी सम्पत्तिको अधिकार (धारा २०), नाबालकको अधिकार (धारा १९) आदि पर्छन्।

त्यस्तै सन् १९८८ को San Salvador Protocol मात्र एउटा यस्तो क्षेत्रीय सन्धि हो जसले सबै व्यक्तिको खाद्य अधिकारको स्पष्टोक्ति प्रदान गरेको छ। उक्त प्रोटोकलको धारा १२ मा "प्रत्येक मानिसलाई पर्याप्त पोषणको अधिकार हुन्छ जसले उच्चतहको शारीरिक, भावनात्मक र बौद्धिक विकास गर्नका लागि मद्दत गर्दछ"[४६] भन्ने कुरा उल्लेख छ। त्यसैगरी उक्त धारामा यस्तो अधिकारको प्रयोग र कुपोषणको अन्त्यका लागि सम्बन्धित सहाभागी मुलुकहरूले आफूकहाँ रहेको खाद्यान्न उत्पादन प्रणाली, त्यसको आपूर्तिको अवस्था तथा वितरण प्रणालीमा सुधार गर्दै यस सम्बन्धमा राष्ट्रिय नीतिहरूलाई सहयोग पुऱ्याउन आवश्यक अन्तर्राष्ट्रिय समझदारी एवम् सम्झौता गर्दै अघि बढ्ने सहमति जनाएका छन्। खाद्य अधिकारको सुरक्षालाई मजबुती दिन

४६ महासन्धिको धारा १२

Protocol को धारा १५ र १७ मा रहेको बालबालिका र ज्येष्ठ नागरिकको खाद्य अधिकारले परिपूरकको भूमिका निर्वाह गरेको छ।

४.२ अफ्रिकी महाद्वीपको सन्दर्भ

अफ्रिकन महादेशमा अधिकारलाई प्रत्यक्ष र अप्रत्यक्षरूपमा तीन उपकरणहरूमा परिभाषित गरिएको छ। मानवअधिकारको अफ्रिकन बडापत्र, १९८१ (African Charter on Human and Peoples' Rights 1981), बालबालिकाको अधिकार र हितको अफ्रिकन Charter र महिला अधिकारको लागि अफ्रिकन Charter को Protocol ACHPR. यी दस्तावेजहरूले स्पष्टरूपमा खाद्य अधिकारको पहिचान नगरे पनि मानव जीवनको अधिकार रक्षाका लागि अन्तर्राष्ट्रिय वातावरण अनुरूप प्रबन्ध गरेको पाइन्छ। ACHPR ले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको समबन्धमा जोड दिएको छ। यसको धारा १५ मा कामको अधिकार, धारा १६ मा स्वास्थ्यको अधिकार र धारा १७ मा शिक्षाको अधिकार प्रत्याभूत गरिएको छ।

यसै क्रममा बडापत्रमा उल्लिखित अधिकारको विस्तृतीकरण गर्दै मानवअधिकारको अफ्रिकन आयोगले एउटा मुद्दामा आवास तथा खाद्य सम्प्रभुताको अधिकारलाई बडापत्रको अन्तर्निहित हकको रूपमा आबद्ध अधिकार हो भनी व्याख्या गरेको छ।[४७] सो फैसलाले व्यक्तिहरूलाई आफ्नो सम्पत्ति र श्रोतहरूको नि:शुल्क उपभोग गर्न प्रेरित गरेको छ। ACHPR सँग बाझिने कुराहरूलाई UDHR ले हेर्ने र खाद्य अधिकारसँग सम्बन्धित सबै मानवीय सन्धिहरू जुन अफ्रिकी मुलुकहरूले अवलम्बन गरेका छन्। उनीहरूले त्यस्ता हकहरूलाई यथार्थपरकरूपमा अभ्यास गरिने छ भनेर निर्देश गरेको अवस्था छ।

यसरी अफ्रिकी मुलुकहरूको सन्दर्भमा खाद्य सम्प्रभुतासम्बन्धी अधिकारलाई उपर्युक्त दस्तावेजहरूमा सुरक्षित गरिएको मात्र होइन, मानवअधिकारको अफ्रिकन बडापत्रमा खाद्य अधिकारको सुरक्षार्थ स्वास्थ्यको अधिकार[४८] को व्यवस्थासमेत गरिएको छ। यस अधिकारपत्रले अफ्रिकन सरकारले जनताको खाद्य अधिकारलाई अन्तर्राष्ट्रिय महासन्धिमा स्वीकार गरिएका आर्थिक, सामाजिक र सांस्कृतिक

४७ see, SERAC v Nigeria (2001)

४८ ACHR, 1981 (धारा १६)

अधिकारसरह स्वीकार गरिनु पर्दछ भन्ने कुराको समेत माग गरेको छ।[४९] सबै अफ्रिकी मुलुकहरू जसले यस अधिकारपत्र तथा अन्तर्राष्ट्रिय सन्धिपत्रलाई अनुमोदन गरेका छन्, जसले ती मुलुकलाई आफ्नो राज्यमा नागरिकहरूको खाद्यान्न अधिकारको मापन गर्ने, र मुलुकभरी खाद्य अधिकारलाई सुनिश्चित भए नभएको सम्बन्धित अनुगमनकर्ता निकायमा प्रमाणित गर्नुपर्ने बाध्यकारी अवस्थाको समेत सृजना गरेको छ। यस अधिकारपत्रले त्यहाँका ५३ सदस्य राष्ट्रहरूलाई एकबद्ध गरेको छ, जसले यसमा आधिकारिकरूपमा सहमति जनाएका छन्।

त्यसैगरी, बालबालिकाको अधिकार एवम् कल्याणसम्बन्धी अफ्रिकी अधिकारपत्र, १९९० ले स्पष्टरूपमा बालबालिकाको स्वास्थ्यको अधिकार, स्वच्छ पानी र पर्याप्त खाद्यान्नको अधिकारमा प्रभावकारीरूपमा सहमति जनाएको छ।[५०] यसका साथै पर्याप्त पोषणमा कमजोर वर्गहरूको पहुँच पुऱ्याउन विभिन्न सहयोगका कार्यक्रमहरू पनि सञ्चालनमा ल्याइने प्रतिबद्धतासमेत जनाएको छ।[५१] यसमा ३५ वटा अफ्रिकी मुलुकहरूले प्रतिबद्धता जनाएका छन्। बालबालिकाको हित र अधिकारको अफ्रिकन बडापत्रले सबै राष्ट्रले पर्याप्त पोषण र सुरक्षित पिउने पानीको व्यवस्था गर्नुपर्ने र प्राथमिक स्वास्थ्य सेवाको ढाचाँभित्र रहेर रोगविरुद्ध लड्ने व्यवस्था गर्नुपर्ने व्यवस्था छ।[५२]

त्यस्तै महिलाको अधिकारको अफ्रिकन बडापत्रले महिलाको खाद्य अधिकारको बचावट गरी उनीहरूलाई आवश्यक उत्पादनशील श्रोतहरू र साधनहरूको पहुँच उपलब्ध गराएको छ। यस अनुसार स्वास्थ्य अधिकारअन्तर्गत स्तनपान र गर्भावस्थामा पोषणयुक्त सेवा, आर्थिक अधिकारहरू, सामाजिक सुरक्षा र भौतिक असुरक्षाको अवस्थामा विशेष अधिकार पर्दछन्।

४.३ युरोपीय महाद्वीपको सन्दर्भ

युरोपमा खाद्य अधिकारको अवधारणा खासै नफस्टाए पनि युरोपियन सामाजिक अधिकारपत्र, १९६१ ले थुप्रै अन्तरनिहित अधिकारहरू जस्तै न्यायपूर्ण पारिश्रमिकको अधिकार, सामाजिक सुरक्षाको अधिकार र औषधी

---

४९ ACHR, 1981(धारा ६०)

५० ACHR, 1981 (धारा १४)

५१ ACHR, 1981 (धारा २०)

५२ (धारा १४)

उपचारसम्बन्धी अधिकार आदिलाई स्थापित गराएको छ। यस अधिकारपत्रले परिवार, बालबालिका, युवायुवती र ज्येष्ठ नागरिकको लागि विशेष सुरक्षा व्यवस्थाहरू गरेको छ। यस अधिकारपत्रले स्पष्टरूपमा खाद्य अधिकारको कुरा नगरे पनि अन्य अधिकारहरू जस्तै: रोजगारको अधिकार, सामाजिक सुरक्षा तथा समाज कल्याणको अधिकारलाई खाद्य अधिकार सँगै जोडेर हेरेको छ। त्यसकारण युरोपको सन्दर्भमा खाद्य अधिकारको सुरक्षाको प्रत्याभूति आंशिकरूपमा मात्र छ भन्न सकिन्छ। युरोपियन सामाजिक अधिकार पत्रमा सहमति जनाउँदै विभिन्न मुलुकहरूले श्रमिकहरूलाई पर्याप्त तलब भत्ताको सुविधा मार्फत उनीहरूको परिवारको जीवनस्तरलाई उच्च राख्ने प्रतिबद्धता जनाएका छन्।[५३] साथै यो अधिकारपत्रअन्तर्गत सामाजिक सुरक्षा प्रणालीको स्थापना र संवर्द्धन,[५४] आमा र बालबच्चालगायतलाई स्वास्थ्यसम्बन्धी सुविधा उपलब्ध गराउने[५५] साथै प्रवासी मजदुर र उनीहरूका परिवारको सुरक्षा[५६] सम्बन्धमा धारा १९ मा व्यवस्था गरिएको छ। युरोपियन सामाजिक अधिकारपत्रमा २६ वटा मुलुकहरूले हस्ताक्षर सहित सहमति जनाएका छन्।

---

५३ European Social Charter, 1961 (खण्ड २, धारा ४.१)

५४ ESC, 1961 (धारा १२)

५५ ESC, 1961 (धारा १३)

५६ ESC, 1961 (धारा १९)

चार परिच्छेद

खाद्य अधिकारको प्रचलन र यसका आयामहरू

१. भोकमरी र खाद्य सुरक्षा

खाद्य तत्वको अभावमा असजिलो, कमजोर, बिरामीपन र दुखाइ महसुस हुनु नै भोकमरीको अवस्था हो भनी भोकमरीको परिभाषा गरिएको छ। विश्वमा भोकमारीबाट पूर्णत: मुक्ति पाएको मुलुक छैन। अमेरिकाकै दृष्टान्त लिने हो भने पनि यस मुलुकलाई "Land of Plenty" भनिन्छ तापनि सन् २००९ को तथ्याङ्कमा करीब ४० लाख अमेरिकीहरूले आवश्यक मात्रामा खाद्य सामग्री खरिद गर्न नसकेर भोकको शिकार हुन पुगेको उल्लेख छ।[५७] त्यस्तै त्यहाँ झण्डै प्रति १७ मिलियन जनसङ्ख्यामा सातमा एक जना व्यक्ति खाद्य असुरक्षामा रहेको पाइन्छ। यसमा भोकमरीबाट प्रभावित तथा खानामा कटौती गर्नुपर्ने अवस्था, पोषणयुक्त खाद्यमा सम्झौता गर्नुपर्ने बाध्यता, अप्रत्याशित खाद्य स्रोतमा निर्भर रहनुपर्ने स्थिति जस्तै: Food banks, Food Pantries / Soup Kitchen आदि अवस्थाहरू पर्दछन्।[५८] यसरी अमेरिकाजस्तो वैभवशाली मुलुकमा समेत विद्यमान रहेको भोकमारी र खाद्य असुरक्षाको स्थितिलाई हेर्दा त्यस्तो अवस्था किन आइपर्न गयो ? त्यसको समाधान कसरी गर्ने ? र समाधानको निम्ति जिम्मेवार को हो ? भन्ने जस्ता महत्वपूर्ण प्रश्नहरू उठेका छन्।

मानिसहरू भोकमरीबाट प्रभावित भएको अवस्थामा खाद्य असुरक्षाको अवस्थाबाट गुज्रिनु पर्ने हुन्छ। त्यसैले खाद्य असुरक्षाको स्थिति जति सघन बन्दै जान्छ त्यति नै भोकमरीको समस्या पनि गहिरिँदै जाने हुन्छ। भोकमरी र खाद्य असुरक्षाबीचको खाडल कम गर्न खाद्य सुरक्षाको प्रबन्ध गर्नुपर्ने राज्यको दायित्व हुन आउँछ।

---

५७ http://www.ers.usda.gov/topics/food-nutrition-assistance/food-security-in-the-us.aspx#.U5UO2ija6yU

५८ *Ibid*

सक्रिय तथा स्वस्थ जीवनको लागि खाद्य सुरक्षा हुनु एउटा त्यस्तो भरपर्दो उपाय हो जसमा सुरक्षित, पर्याप्त र पोषणयुक्त खाद्यमा जनताको पहुँचसमेत आवश्यक पर्दछ।[५९] कुनै पनि घर परिवारको निम्ति तब मात्र खाद्य सुरक्षाको अवस्था प्रभावित हुन्छ, जब त्यसको कुनै पनि सदस्यले कुनै अप्रत्याशित खाद्य कार्यक्रम नभएको अवस्थामा समेत सहजरूपमा आवश्यक खाद्य सामग्री प्राप्त गर्न सक्षम हुन्छ। खाद्यका निम्ति अन्य कुनै पनि दु:ख झेल्नु नपरोस्, वर्षको कुनै पनि समयमा कुनै परिवारले यस्ता असुविधा झेल्नु पर्ने वा अनिश्चित अवस्थाहरूको सामना गर्नु पर्ने स्थितिको विद्यमानता रहेमा खाद्य असुरक्षाको अवस्था छ भन्न सकिन्छ। उदाहरणको लागि खाद्य असुरक्षाअन्तर्गत निम्न कुराहरू पर्दछन्:

1. सन्तुलित भोजन खरिद गर्न असमर्थ रहनु,
2. खाद्यान्न खरिद गर्न आवश्यक रकम नहुनु,
3. खाद्य सामाग्री सकिने भय रहनु,
4. पर्याप्त खाद्य खरिद गर्न नसक्ने भई खाद्य आहार घटाउनु, र
5. पर्याप्त खाद्य खरिद गर्न नसकेबाट भोकमरीमा रहनु।[६०]

एक अध्ययनअनुसार अमेरिकामा प्रति 17 million जनसङ्ख्यामा 15% मानिसहरू रहेका घर परिवार वर्षको कुनै पनि समयमा खाद्य असुरक्षामा पर्न सक्ने देखिन्छ।[६१] Global hunger index score by rank हेर्दा नेपाल 60 औं देशमा पर्दछ। यसमा पहिलो अजरवैजान र अन्तिम बुरुण्डी (७९ औं) स्थानमा रहेका छन्।

२. क्रमिकरूपले आत्मसात् गर्दै जाने मानवअधिकार

ICESCR का हकहरू क्रमिक रूपले प्राप्त गरिने हक हुन्, तर क्रमिक रूपले आत्मसात गर्दै जाने (progressive realization) गर्ने भनिए तापनि यसको अर्थ सम्बन्धित महासन्धि मार्फत कबुल गरेको कुराहरू लागु गर्नमा ढिलाई गर्नु चाहिँ होइन। यस अर्थमा मुलुकले समग्र आर्थिक विकास गरपेछि मात्र नागरिकहरूले त्यसको लाभ प्राप्त गर्ने हुनाले सबैभन्दा पहिला राष्ट्रको

५९ *Ibid*
६० *Ibid*
६१ General Comment 12 of the ICESCR Committee

विकास हुन पऱ्यो अनि मात्र जनतालाई त्यसको प्रतिफल प्राप्त हुन्छ भन्ने व्याख्या गर्न मिल्दैन। यसमा जतिसक्यो चाँडो मुलुकको बृहत्तर आर्थिक विकास गरी नागरिकलाई आर्थिक रूपले सम्पन्न बनाउनु र नागरिकको जीवनस्तर उकास्नु पर्छ भन्ने मान्यता रहेको छ। आफ्ना नागरिकहरूको खाद्य सम्प्रभुताको हकसंग अभिन्न रहेको सम्मानपूर्वक बाँच्न पाउने हकलगायतका ICESCR मा व्यवस्थित हकलाई सार्थक बनाउन रोजगारीको हकको प्रतयाभूति हुनु पर्दछ। त्यसका लागि राज्यले गर्नुपर्ने काम (Corresponding Duty)अन्तर्गत राज्यले निर्वाह गर्नुपर्ने भूमिका ICESCR को धारा ६ मा उल्लेख भएको देखिन्छ।

खाद्यान्नको अधिकारका सम्बन्धमा ICESCR Committee ले जब महिला, बालबालिकालगायतका प्रत्येक व्यक्ति एक्लै वा सिंगो समुदायलाई जुनसुकै समयमा पनि पर्याप्त खाद्यान्नको भौतिकरूपमा उपलब्धता र खरिद गर्नसक्ने आर्थिक हैसियतको उपलब्धतासमेत भएमा खाद्यान्नमा पहुँचको अधिकार प्राप्त भएको मानिन्छ।[६२]

UDHR को धारा २५ मा[६३] खाद्यान्न, कपडा, बास, स्वास्थ्योपचार जस्ता मानवअधिकार प्रत्याभूत गरिएको छ। सो घोषणापत्रले स्वस्थ, सम्पन्न एवम् समृद्ध जीवनस्तर र रहनसहनका लागि पर्याप्त खाद्यान्न, कपडा, वासस्थान, शिक्षा, स्वास्थ्य आदिलाई जोड दिएको छ।

त्यसगैरी ICESCR, १९६६ को धारा ११(१) मा "यस महासन्धिका पक्षराष्ट्रहरूले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवाससमेत आफू स्वयम् तथा आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीविकाको अवस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गरेको छ। पक्षराष्ट्रहरूले यस प्रयोजनको लागि स्वतन्त्र मञ्जुरीमा आधारित अन्तर्राष्ट्रिय सहयोगको अत्यावश्यकता स्वीकार गर्दै यस अधिकारको प्राप्ति सुनिश्चित गर्न उपयुक्त कदमहरू चाल्नेछन् भनी उक्त रहन सहन वा जीवनस्तरको लागि Right to

---

६२ The right to adequate food is realized when every man woman and child alone or in community with others has physical and economic access at all times to adequate food or means for its procurement.

६३ Everyone has the right to a standard of living adequate for the health and well being of himself and of his family, including food, Clothing, housing and medical care and necessary social securities and the right to security in the event of unemployment, sickness, disability, widowhood, oldage or other lack of livelihood in circumstances beyond his control.

Food एक अत्यावश्यकीय मानवअधिकारको रूपमा मानेको छ। ICESCR को धारा ११(२) मा भनिएको छ:[६४] भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको मौलिक अधिकार स्वीकार गर्दै यस महासन्धिका पक्षराष्ट्रहरूले व्यक्तिगतरूपमा तथा अन्तर्राष्ट्रिय सहयोगबाट निम्न कुरालाई आवश्यक विशेष कार्यक्रम तथा उपायहरू अवलम्बन गर्नेछन्:

क) प्राविधिक तथा वैज्ञानिक ज्ञानको पूर्ण उपयोग गरी पोषणको सिद्धान्तको ज्ञान प्रचार गरी तथा प्राकृतिक स्रोतहरूको अति प्रभावकारी विकास तथा उपयोग हासिल गर्ने किसिमबाट कृषि प्रणालीहरू विकास तथा सुधार गरी, खाद्यान्नको उत्पादन, सञ्चय तथा वितरणको तरिकामा सुधार गर्ने,

ख) खाद्यान्न आयात गर्ने तथा खाद्यान्न निर्यात गर्ने देशहरू दुवैका समस्याहरूलाई ध्यान दिँदै आवश्यकताअनुरूप विश्वको खाद्यान्न आपूर्तिको समान वितरण सुनिश्चित गर्ने।

३. नेपालको सन्दर्भमा राज्यले क्रमशः लागू गर्दै जाने अवस्था

नेपालको अन्तरिम संविधानको धारा ३५(२) र ३५(१२) मा राज्यको दायित्व, नीति तथा निर्देशक सिद्धान्तको व्यवस्थाअनुसार नेपालमा मिश्रित र उदार अर्थतन्त्र छ। यस्तो अर्थतन्त्रमा राज्यको भूमिका नागरिकहरूको खाद्यान्नमा पहुँचको लागि केवल सहजकर्ता र नियन्त्रणकर्तामा मात्र सीमित रहन्छ। हाम्रो जस्तो किसशील अर्थतन्त्र भएको देशमा प्रत्येक नागरिकले आफ्नो इच्छा र आवश्यकताअनुसार आफ्नो स्रोतमा आफ्नो आवश्यकता आफै पुर्ति गर्न सक्नुपर्छ। यसको लागि प्रत्येक व्यक्ति आफू सक्षम हुनुपर्छ। यसको लागि या त व्यक्ति आफैले धारा १२(३)(च) को स्वतन्त्रताको उपभोग गरेर आफ्नो खाद्यान्न आफै उत्पादन गर्ने वा अन्य पेशा व्यवसाय गर्ने स्वतन्त्रताको उपभोगको माध्यमद्वारा वा राज्यले सहजकर्ता वा नियन्त्रकको हैसियतले उचित आर्थिक नीति बनाएको कारण सिर्जना भएको रोजगारीको अवसरमा धारा १८ खासगरी उपधारा (१) वा (२) का हकको उपभोगको माध्यमद्वारा खाद्यान्नमा पहुँच हुनु पर्ने देखिन्छ।

संविधानको धारा १८ को उपधारा (३) को हकको प्रत्याभूतिका लागि राज्यले बीउ, मल सिंचाई, बजार, मल्य आदिको व्यवस्था गरिदिनका साथै

६४ ICESCR, Article 11(2)

पर्याप्त मात्रमा खाद्यान्न उपलब्ध गराई खाद्य सुरक्षाको व्यवस्था गरिदिनु पर्छ। राज्य नै नागरिकहरूका हकको संरक्षक भएको नाताले संविधानको धारा १२ (३)(च), धारा १८(१) वा (२) को हक उपभोग गर्न सक्षम बनाउन धारा ३५ (२)(६) र (१२) समेतको नीति, दायित्व तथा निर्देशक सिद्धान्त मार्फत प्रत्येक नागरिकलाई खाद्यमा सहज पहुँच हुन सक्ने वातावरण तर्जुमा र सिर्जना गर्नुपर्छ। तसर्थ खाद्यान्नको अधिकारका साथै कपडा, स्वास्थ्योपचार वासस्थान, पानी, शिक्षा र सामाजिक सुरक्षाको हक पनि आधारभूत मानवअधिकार हुन्। यी मानवअधिकार राज्यले क्रमशः लागू गर्दै जाने (Progressive Realisation) अधिकारअन्तर्गतका मौलिक हकहर हुन्।

उपर्युक्त कुराहरू हाम्रो अन्तरिम संविधानमा राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीति हुने भनी व्यवस्था भएको देखिन्छ।[६५] यसरी संविधानको भाग ४ को राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीति राज्यले क्रमशः लागु गर्दै जाने विषय हो भन्न सकिन्छ। उक्त अधिकारहरूलाई लागु गर्न राज्यले निम्न उल्लिखित कार्यहरूमा जोड दिनु पर्दछः

- वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने,
- खाद्य सम्प्रभूतामा सबै नागरिकको अधिकार स्थापित गर्ने,
- सामाजिक, आर्थिकलगायत सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी लोक कल्याणकारी राज्य व्यवस्था कायम गर्ने,
- किसानलाई प्रोत्साहन गरी कृषिमा उत्पादकत्व बढाई कृषिलाई उद्योगको रूपमा विकास गर्ने,
- किसान, मजदुरलगायतका वर्गको विकासको लागि राज्यको विकास प्रक्रियामा सहभागी गराउने,
- श्रमिकको पेशा गर्ने अधिकारको सुनिश्चितता गर्ने
- उद्योग धन्दामा लगानी वृद्धि गरी रोजगारी एवम् आय आर्जनको अवसर वृद्धि गर्ने,
- सरकारी, सहकारी र निजी क्षेत्रका माध्यमबाट मुलुकमा अर्थतन्त्रको विकास गर्ने नीति अवलम्बन गर्ने।

खाद्य सम्प्रभुताको अधिकारलाई कसरी प्रभावकारी बनाउन सकिनछ ? यो अहम् प्रश्नको रूपमा रहेको छ। अन्तरिम संविधानको धारा १२(३)(च) र

६५ अन्तरिम संविधान, २०६३ भाग ४

धारा १८ मा भएको व्यवस्थानुसार रोजगारी तथा सामाजिक सुरक्षाको हकको कार्यान्वयनले यसलाई साकार बनाउन मद्दत गर्दछ। त्यो कसरी भने धारा १२(३)(च) ले प्रत्येक नागरिकलाई पेशा व्यवसाय गर्ने स्वतन्त्रता प्रदान गर्दछ। पेशा व्यवसाय गर्ने हकको प्रयोगबाट आ-आफूमा भएको योग्यता एवम् सीपको प्रयोगद्वारा आय आर्जन गरी स्वाबलम्बन भई सम्मानपूर्वक बाँच्न पाउने हकको लागि खाद्यान्नलगायत आधारभूत आवश्यकतामा पहुँच पुऱ्याउँदछ।

त्यस्तै धारा १८(१) ले प्रत्येक नागरिकलाई रोजगारीको हक प्रदान गरेको छ। रोजगारी सम्मानपूर्वक जीवन यापन गर्ने एक शसक्त र भरपर्दो माध्यम पनि हो। तसर्थ, रोजगारी मार्फत नै मानिसको सम्मानपूर्वक जीवन यापन सम्भव छ र यसैले मानव जीवनको सार सार्थक बन्दछ।

संविधानको धारा १८ को उपधारा (१) ले रोजगारीको हक केवल नेपालको नागरिकलाई मात्र ग्यारन्टी गरेको देखिन्छ। संविधानत: नाबालक बाहेक अन्य सबै यारेय र काम गर्न सक्ने नागरिकलाई रोजगार गर्न पाउने गरी हक प्रदान गरेको देखिन्छ। यसरी नागरिकलाई रोजगारीको हक मौलिक हकको रूपमा प्रदान भएपछि रोजगारीको हकलाई व्यवहारमा उतार्न राज्यले उपयुक्त आर्थिक नीति तथा कार्यक्रम, कानुन र काम गर्ने वातावरण बनाई शिक्षा र तालिम प्रदान गरी रोजगारी पाउने अवसर सिर्जना गरी दिनुपर्ने राज्यको दायित्व एवम कर्तव्य हुन्छ।

यसरी संविधानको धारा १८(१) मा उल्लिखित हकअनुसार रोजगारी दुई प्रकार र अवस्थाबाट प्राप्त हुन्छ। पहिलो, नेपालको अन्तरिम सविधान, २०६३ को धारा १५३ मा व्यवस्था भए बमोजिम मलुकको प्रशासन सञ्चालन गर्न गठन गरिने विभिन्न सरकारी सेवामा रोजगारी मार्फत र दोस्रो, संविधानको भाग ४ को राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू लागू गर्ने क्रममा सरकारले बनाएको नीति, योजना र कानुन मार्फत। त्यस्तै, निजी क्षेत्रमा सिर्जना हुने रोजगारीको अवसरबाट भाग ४ को नीति, दायित्व तथा निर्देशक सिद्धान्त एकै पटक लागू हुने कुरा होइन। भाग ४ का कुराहरू क्रमिक रूपले लागू हुँदै जाने कुरा हुन्। यसरी राज्यको नीति, दायित्व तथा निर्देशक सिद्धान्त लागू हुँदा आवश्यकताअनुसार कानुन बन्दछ र रोजगारीको अवसर सिर्जना हुन जान्छ। अन्तत: यी सबैको परिणाम स्वरूप नागरिकलाई प्रदान हुने खाद्य सम्प्रभुताको अधिकार सार्थक बन्न पुग्दछ।

४. संविधानमा सम्मानपूर्वक बाँच्न पाउने हक र खाद्य अधिकार

खाद्य अधिकारको संरक्षणको अभावमा मानवअधिकारको कुनै अर्थ रहँदैन। भोकमरीको पीडाले छटपटिएका मानिसको लागि खाद्य सम्प्रभुताको अधिकार प्राप्त नहुनु भनेको अरु कुनै अधिकार नहुनु बराबर हो। आजको विश्वमा सबैका लागि पुग्ने खाद्य उत्पादन भएकै छ। विगतका ३० वर्षमा प्रतिव्यक्ति खाद्य उत्पादनमा पर्याप्त वृद्धि भएको छ। तर अझै पनि विश्वको कूल जनसङ्ख्याको ठूलो हिस्सा नराम्रोसँग कुपोषणको शिकार हुनुपरेको तितो सत्य हामीसामु रहेको छ। स्वस्थ र उत्पादनमूलक जीवनको निम्ति मनिसलाई सन्तुलित आहार आवश्यक पर्दछ तापनि अझै पनि विश्वको ठूलो जनसङ्ख्या न्यूनतम पोषणको अभावबाट लाग्ने रोगबाट पिडित रहेका छ।[६६]

संयुक्त राष्ट्रसङ्घले खाद्य सम्प्रभुताको अधिकारलाई विश्वव्यापी मानवअधिकारको रूपमा स्वीकार गरेदेखि नै खाद्य अधिकारमा नागरिकको पहुँच माथि जोड दिंदै यो एउटा विश्व समुदायको सामूहिक जवाफदेहिता हो भन्ने तथ्य स्थापित भएको छ। मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकारको प्रत्याभूति गरिएको हुँदा[६७] व्यक्ति र उसको परिवारको स्वास्थ एवम् सम्वृद्धि खाद्य अधिकारसँग गाँसिएको छ। आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि १९६६ ले अझै प्रष्टरूपमा प्रत्येक व्यक्तिलाई पर्याप्त मात्रामा खाद्यको अधिकार रहने घोषणा गरेको छ। साथै भोखमरीबाट पिडित हुनु नपर्ने गरी अझै यसलाई विशिष्टिकृत अधिकारको रूपमा स्थापित गरेको छ।[६८] यस अधिकारलाई सन १९७४ मा भएको विश्व खाद्य सम्मेलन अनुमोदन गरेको छ।

नागरिकको वैयक्तिक स्वतन्त्रता र सम्मानपूर्वक बाच्ँन पाउने हक सार्थक बनाउनको लागि उनीहरूलाई राज्यबाटै केही न्यूनतम् आवश्यकताहरू उपलब्ध र प्राप्त हुनुपर्छ। वैयक्तिक स्वतन्त्रता अपहरण नहुने भन्नुको मतलब नागरिक

---

६६ Most of the world's hungry live in developing countries. According to the latest Food and Agriculture Organization (FAO) statistics from 2013, there are 842 million hungry people in the world and 98 percent of them are in developing countries. They are distributed like this: 553 million Asia and the Pacific, 227 million Africa, 47 million Latin America/ Caribbean, 16 million developed countries. *See,* also http://www.wfp.org/hunger/who-are.

६७ UDHR, Article 25

६८ ICESCR, Article 11

तथा राजनीतिक अधिकारको प्रत्याभूति मात्र होइन। सम्मानपूर्वक बाँच्न पाउने हक र वैयक्तिक स्वतन्त्रताको हकलाई एकैसाथ र सामन्जस्यपूर्णरूपमा समेत हेरिनु पर्दछ। सम्मानपूर्वक बाँच्न पाउने हक भन्नाले मानिसलाई जीवनको लागि अपरिहार्य आवश्यकताहरू जस्तै स्वतन्त्रता र गोपनीयताजस्ता नागरिक हकका अतिरिक्त खाद्यान्न, पानी, स्वास्थ्य, बसोवास, शिक्षा इत्यादि कुराहरूको समेत समुचित उपलब्धता र प्राप्तियुक्त जीवन पनि हो।

त्यस्तै, सम्मानपूर्वक बाँच्न पाउने हकलाई सार्थक बनाउन हाम्रो अन्तरिम संविधानले सबै नागरिकलाई रोजेको पेशा, व्यवसाय गर्ने हक, रोजगारीको हक, सामाजिक सुरक्षाको हक र खाद्य सम्प्रभुताको हकहरू मौलिक हकको रूपमा प्रदान गरेको छ।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ मा व्यवस्थित खाद्यान्नको अधिकार स्वत: मौलिक हक हुने भन्ने चाहिं होइन। तर धारा १२(१) मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक (Right to life with dignity) स्वयममा एक घोषित मौलिक हक भएको हुँदा यसको माध्यमबाट खाद्यान्नको अधिकारको हक स्वत: प्राप्त हुन्छ भन्न सकिन्छ। खाद्यान्नको अधिकारको अभावमा स्वतन्त्रताको हक उपभोग हुन सक्दैन र पर्याप्त र पोषणयुक्त खाद्यान्नको अभावको जीवन सम्मानपूर्वकको हुन पनि सक्दैन। तसर्थ स्वतन्त्रता र खाद्यान्नको अधिकार एक अर्कामा अविछिन्न हकको रूपमा रहेका मौलिक हकहरू हुन्।

मानिसको लागि सम्मानपूर्वक वाँच्न पाउने हक भनेको मानवीय मूल्य, मान्यता र मर्यादामा आधारित जीवन हो। नागरिकको सो हकको लागि मुलुकलाई लोक कल्याणकारी राज्यमा परिणत गर्न समर्पित राज्यले आफ्ना नागरिकलाई शान्ति सुरक्षा कायम गरी जनधनको सुरक्षा गरी मर्यादित र सम्मानित मानवीय जीवनका लागि अपरिहार्य न्यूनतम् आवश्यकताहरू परिपूर्ति हुनसक्ने वातावरण बनाउनु पर्दछ। ती आवश्यकताहरूअन्तर्गत खाद्यान्न, पानी, बास, स्वास्थ्य, स्वतन्त्रता, गोपनीयता, शिक्षा, कपडा जस्ता वस्तहुरूमा सबैको आर्थिक रूपले पहुँच पुग्ने र सबैले प्राप्त गर्न सक्ने अवस्था सिर्जना गर्नु राज्यको दायित्वभित्रै पर्दछ। यी अधिकारहरूमध्ये पनि सम्मानपूर्वक बाँच्न पाउने हक उपभोग गर्न कम्तिमा पनि प्रत्येक नागरिकको खाद्यान्नमा सहज पहुँचको अधिकार रहेको हुनुपर्छ।

रोजगारीको हकको प्रचलनबाट सम्मानपूर्वक बाँच्न पाउने हकको ग्यारेण्टी गनै सकिने भएकोले यस सम्बन्धमा नेपाल पक्ष भएको ICESCR को धारा ६ लाई अध्ययन गरिनु आवश्यक छ जुन यसप्रकार छ[६९]:

1. यस महासन्धिका पक्षराष्ट्रहरूले आफूले स्वतन्त्रतापूर्वक छानेको वा स्वीकार गरेको कुनै कामबाट आफ्नो जीवन धान्न सक्ने मौकाको अधिकारसमेत प्रत्येक व्यक्तिको काम गर्ने अधिकार स्वीकार गर्दछन् र यस अधिकारलाई सुरक्षा गर्न समुचित कदम चाल्नेछन्।
2. यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्न यस महासन्धिका पक्षराष्ट्रबाट चालिने कदमहरूमा प्राविधिक तथा व्यावसायिक निर्देशन तथा प्रशिक्षण कार्यक्रम, निरन्तर आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास प्राप्त गर्ने नीति तथा प्रविधिहरू एवम् व्यक्तिको मौलिक राजनीतिक तथा आर्थिक स्वतन्त्रताहरू सुरक्षा गर्ने अवस्थामा पूर्ण तथा उत्पानशील रोजगारी समावेश हुनेछन्।

त्यस्तै ICESCR को धारा ९ मा *यस महासन्धिका पक्षराष्ट्रहरू प्रत्येक व्यक्तिको सामाजिक वीमालगायतका सामाजिक सुरक्षाको अधिकार स्वीकार गर्दछन्* भनी उल्लेख भएको छ।[७०] ICESCR अन्तगर्तको Committee on Economic, Social and Cultural Rights ले पनि धेरै राष्ट्रहरूमा सामाजिक सुरक्षा वा सामाजिक बीमाको व्यवस्था नभएको कारणले गर्दा त्यस्तो बीमा वा सुरक्षा नभएका राष्ट्रमा वृद्धवृद्धा वा असमर्थ अपाङ्ग वा बिरामीहरूले सम्मानपूर्वक बाच्न पाउने हक उपभोग गर्नबाट वञ्चित हुन नपरोस् भनी यथासक्य छिटो यसतर्फ कदम चाल्न सुझाव गरेको देखिन्छ।

यस सन्दर्भमा हाम्रो अन्तरिम संविधानको धारा १८ को उपधारा ३ मा प्रत्येक व्यक्तिलाई खाद्य सम्प्रभूताको हक प्रदान गरिएको छ। खाद्यान्नको अधिकारको उपभोगको लागि खाद्य वस्तु उपलब्ध हुनुपर्ने मात्र होइन, प्रत्येक नागरिकको खाद्यान्नमा पहुँच र उपलब्धता पनि हुनुपर्छ। धारा १८ को उपधारा (१) अनसुार रोजगारीको हक वा उपधारा (२) अनुसार सामाजिक सुरक्षाअन्तर्गत

---

६९ ICESCR Article 6 readsThe States Parties to the present Covenant recognize the right to work, which includes the right of everyone to the opportunity to gain his living by work which he freely chooses or accepts, and will take appropriate steps to safeguard this right.

७० ICESCR, Article 9

वृद्धभत्ता, वृद्ध आवास, नि:शल्क स्वास्थ्य सेवा, वृद्ध पेन्सन आदि सामाजिक सुरक्षासम्बन्धी मान्य प्रचलनअनुसारका सबै सुविधाहरू प्रदान भए पनि यदि खाद्यान्न उपलब्ध हुँदैन भने खाद्यान्नको अधिकार मार्फत सम्मानपूर्वक बाँच्न पाउने हकहरू उपभोग हुन सक्दैनन्। त्यसैले धारा १८ को उपधारा (१) र उपधारा (२) को हक मार्फत खाद्यान्नको अधिकारको हक प्राप्त हुन उपधारा ३ को खाद्य सम्प्रभूताको हक प्रदान भएको हो। खाद्यान्नमा पहुँच र खाद्यान्न उपलब्ध गराइदिनु राज्यको कर्तव्य हो।

त्यस्तै खाद्यान्नको अभावमा खाद्य सम्प्रभुताको अधिकार निरर्थक हुने र सो अधिकार निरर्थक भएपछि नागरिकहरूको धारा १२ (१) को सम्मानपूर्वक बाच्ँन पाउने हक उपभोग हुन सक्दैन। धारा १२(१) को सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १८ को रोजगारीको हक, धारा ३३ (ज) र ३५(२)(६) र (१२) सँग प्रत्यक्ष सम्बन्ध छ। धारा १२(१) र धारा १८ नागरिकको मौलिक हक हो भने धारा ३३ (ज) र धारा ३५(२), (६) र (१२) को व्यवस्था आदि राज्यको दायित्व हो। धारा १२(१) र धारा १८ को हक सर्वोच्च अदालतबाट लागू गर्ने मौलिक हक हो। तर धारा ३३ (ज) र धारा ३५(२), (६) र (१२) आदि प्रत्यक्ष रूपले लागू गर्ने हक नभए पनि नागरिकहरूको धारा १२(१) को सम्मानपूर्वक बाँच्न पाउने हक सार्थक गराउन राज्यले धारा ३३(ज) र धारा ३५(२), (६) र (१२) को दायित्व पूरा गरी रोजगारीको अवसर सिर्जना गर्नुका साथै कृषिलाई उद्योगको रूपमा विकास गर्नुपर्ने दायित्व राज्यको हुन्छ। धारा ३३(ज) र धारा ३५(२), (६) र (१२) को व्याख्या धारा १२(१) र धारा १८ को व्यवस्थासंग मिलाएर सामन्जस्यपूर्ण व्याख्या गरी खाद्यान्नको अधिकार नागरिकहरूको मौलिक हक हो भन्न सकिन्छ।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग (३) मा व्यवस्थित मौलिक हकहरू अपरिहार्य न्युनतम् मानवअधिकारहरू हुन्। तसर्थ संविधानको भाग ३ मा व्यवस्थित मौलिक हकको उपभोगको लागि ती हकहरूलाई सार्थक बनाउन पनि प्रत्येक नागरिकलाई खाद्य सम्प्रभुताको अधिकार आवश्यक पर्दछ। प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हकसँगै खाद्यान्नको अधिकार पनि स्वत: प्राप्त हुन्छ।

यसप्रकारले वास्तवमा न्याययोग्य र आफै कार्यान्वयन हुने प्रावधानको बीचमा फरक बुझ्नु पर्दछ। प्रतिज्ञापत्रमा भएका अधिकारहरू तत्काल कार्यान्वयन गर्नु पर्ने वा आफै कार्यान्वयन हुने (Self–executing) प्रावधानहरू हुन्। यस प्रतिज्ञापत्रको मस्यौदाको छलफल हुँदा आफै कार्यान्वयन हुने प्रावधान नराख्ने भन्ने प्रस्ताव अस्वीकार गरिएको थियो र सामान्यतया यस्तो प्रावधानको ब्याख्या अदालतले गर्दछ भन्ने मानिन्छ। त्यस्तै राज्यले वितरण गर्ने श्रोतहरूको सम्बन्धमा अदालतलाई प्रवेश गर्न नदिनु भनेको मानवअधिकार फरक-फरक प्रकृतिका हुन्छन् भन्ने मान्नु हो। सबैभन्दा जोखिममा रहेका र सुबिधाबाट बन्चित समुदायलाई अदालतको परिधि भन्दा बाहिर पुऱ्याउनु हो। त्यसैले यदि प्रतिज्ञापत्रमा उल्लेखित अधिकारहरू न्यायपालिकाको भूमिका बेगर पूर्णरूपमा कार्यान्वयन गर्न सकिदैन भने न्यायिक उपचार आवश्यक हुन्छ भन्ने मान्यताको विकास भएको पाइन्छ।

पाँच परिच्छेद

खाद्य अधिकार र राज्यको दायित्व

१. राज्यको दायित्व

राज्यको दायित्वअन्तर्गत सामान्य, विशेष, अन्तर्राष्ट्रिय र आधारभूत दायित्वहरू पर्दछन्। सामान्य दायित्व भन्नाले प्रतिज्ञापत्रले तोकेको प्रगतिशील कार्यान्वयन र उपलब्ध श्रोत र साधनको सीमितताको दायित्वको अलावा तत्काल कायान्वयन गर्ने दायित्व पनि पर्दछन्। तसर्थ ICESCR को धारा १२ मा उल्लेखित अधिकारहरू विना भेदभाव उपभोग गर्न पाउने अधिकार धारा २(२)) र पूर्ण कार्यान्वयनको निमित्त कदमहरू चालिने (धारा २(१)) दायित्वसंगै राखी बुझ्नु पर्दछ। यस्ता कदमहरू संकल्पित निश्चित र लक्षित हुनु पर्दछ। प्रगतिशील कार्यान्वयन खाद्यको अधिकारको कार्यान्वयनको निम्ति गतिशील र प्रभावकारी दायित्व भन्ने बुझिन्छ। तर कुनै प्रतिगमनकारी कार्य राज्यमा उपलब्ध श्रोत र साधनको बसमा नभएको भन्ने राज्यले प्रमाणित गर्न सक्नु पर्दछ। त्यस्तै राज्यको विशेष दायित्वमा सम्मान, संरक्षण र पूरा गर्नु पर्ने दायित्व पर्दछन्। सम्मान भन्नाले राज्यले स्वास्थ्यको अधिकार प्रयोग गर्न वाधक हुनु हुँदैन भन्ने बुझिन्छ भने संरक्षण भन्नाले तेश्रो पक्षबाट खाद्यको अधिकारमा पर्न सक्ने असरलाई रोक्ने दायित्व पर्दछ।

खास गरी अन्तर्राष्ट्रिय मानवअधिकार सम्वन्धी महासन्धिहरूले मानवअधिकार सम्वन्धी परम्परागत कानुन, राज्यका अभ्यासहरू, कानुनका सिद्धान्तहरू आदिलाई संहितावद्ध गर्ने तथा समय सापेक्षरूपमा रहेका नयाँ मान्यताहरूलाई ग्रहण गरी प्रगतिशील विकासको कार्यसमेत गर्ने भएकाले अन्तर्राष्ट्रिय महासन्धिहरूलाई नै मानवअधिकारको प्रमुख स्रोतको रूपमा लिनु पर्दछ। मानवअधिकार सम्वन्धी अन्तर्राष्ट्रिय कानुनहरू पनि वन्धनकारी शक्तिको हिसावले कुनै कठोर कानुन (Hard law)को रूपमा रहेका हुन्छन् भने कुनै नरम (Soft law) कानुनको रूपमा। जुनसुकै स्वरूपमा आएको भएपनि अन्तर्राष्ट्रिय मानवअधिकार सम्वन्धी कानुनहरूले राज्यको मात्र नभएर व्यक्ति र

समूहका अधिकारहरूको सिर्जना गर्नुका साथै ती अधिकारहरूको प्रत्याभूति गर्ने दायित्व राज्य उपर सिर्जना गर्दछन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि र सो को इच्छाधीन आलेख एवम् कानुन कार्यान्वयन गर्ने व्यक्ति तथा निकायले पालन गर्नु पर्ने सिद्धान्त तथा आचार संहिताजस्ता अन्तर्राष्ट्रिय कानुनका लिखतहरूव्दारा व्यवस्थित अधिकारहरूलाई अन्तर्राष्ट्रिय मानवअधिकार कानुन भनेर बुझ्न सकिन्छ। यो महासन्धिले उक्त सन्धिमा भएको कानुनी व्यवस्था लागू गर्न खाद्य सम्प्रभुताको अधिकार प्रत्याभूत गरेको मात्र छैन, राज्यको दायित्वसमेत निर्धारण गरेको छ। राज्यको दायित्व र जिम्मेवारीअन्तर्गत जनताको जीउ धनको सुरक्षा र संरक्षण गर्न मात्र होइन खाद्यान्नको अधिकार उपभोग गर्नका लागि मुलुकमा भोकमरी हुन नदिने अवस्थाको सिर्जना गर्नु पनि पर्दछ। यसका लागि राज्यले आफ्नो हरसम्भव उपाय परिचालन गर्नुपर्दछ।

यस परिप्रेक्ष्यामा कावु वाहिरको परिस्थिति बाहेक अन्य अवस्थामा राज्यको लापरवाही, ढिलासुस्ती वा निर्णय लिनमा ढिलाइको कारणबाट हुने खाद्यान्नको अभावले गर्दा नागरिकहरूको ज्यान जान्छ भने सरकार त्यसको जिम्मेवार हनुपुर्ने हुन्छ।[६१] खाद्यान्न सुरक्षा सम्बन्धमा राज्यको भूमिकाको कुरा गर्दा हामीले राज्यको बाध्यकारी दायित्वको बारेमा जोड दिनु पर्ने हुन्छ। हरेक राज्यलाई खाद्य अधिकारको सम्मान, संरक्षण एवम् सो अधिकार सुनिश्चित गर्ने दायित्व रहेको हुन्छ। खाद्यान्नमा पहुँच, खाद्यान्न उत्पादन गर्ने साधन एवम् खाद्यान्नको पर्याप्तता जस्ता कुराहरूबाट राज्यले कुनै पनि नागरिकलाई बञ्चित गर्न सक्दैन। त्यसकारण खाद्य अधिकार एउटा त्यस्तो अवधारणा हो जसले हरेक व्यक्तिलाई समुचितरूपमा अन्तर्राष्ट्रिय कानुनले निर्दिष्ट गरे बमोजिम खाद्यको हक माग गर्ने अधिकार रहनछ। त्यस्तै राज्यद्वारा पनि त्यसको सुनिश्चितता गरिनु पर्दछ।

यस प्रसङ्गमा ICESCR को धारा २ मा राज्यले खाद्यान्नको पर्याप्तताको सुनिश्चिताका लागि उपयुक्त कदम चाल्नु पर्ने कुरा उल्लेख गरिएको छ जुन निम्नानुसार छ:[६२]

---

६१ ICESCR, General Comment No.12

६२ ICESCR, Article 2

1. *यस महासन्धिका प्रत्येक पक्षराष्ट्रले व्यक्तिगतरूपमा तथा अन्तर्राष्ट्रिय सहयोग र सहायता, विशेष गरी आर्थिक तथा प्राविधिक सहयोगमार्फत आफ्ना उपलब्ध स्रोतहरूको अधिकतम मात्रामा उपयोग गर्ने गरी खासगरी व्यवस्थापकीय उपायहरूको अवलम्बनसमेत सम्पूर्ण समुचित उपायहरूबाट यस महासन्धिमा स्वीकृत अधिकारहरू प्रगतिशीलरूपमा प्राप्त गर्दै जाने उद्देश्यले कदमहरू चाल्ने कुराकोप्रतिज्ञा गर्दछन्।*
2. *यस महासन्धिका पक्षराष्ट्रहरू यस महासन्धिमा उल्लिखित अधिकारहरू जाती, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति जन्म वा अन्य हैसियतका आधारमा कुनै प्रकारको भेदभावबिना उपभोग गरिने कुराको प्रत्याभूति दिने प्रतिज्ञा गर्दछन्।*
3. विकासशील देशहरूले मानवअधिकार तथा आफ्ना राष्ट्रिय अर्थव्यवस्थालाई उचित ध्यान दिँदै यस महासन्धिमा स्वीकृत आर्थिक अधिकार गैरनागरिकहरूलाई कुन हदसम्म प्रत्याभूत गर्ने भन्ने कुरा निर्धारण गर्नेछन्।

यसै सम्बन्धमा ICESCR समितिको सामान्य टिप्पणी नं. १२ (General Comment No.12) ले निम्न बमोजिम स्पष्ट गर्न खोजेको छ:

प्रत्येक राज्यलाई खाद्य सुरक्षाको प्रत्याभुती दिलाउनका लागि बाध्यात्मक परिस्थितको सृजना गरि छिटो भन्दा छिटो अघि बढ्न बाध्य तुल्याइएको छ। कानुनी अधिकारभित्र रहेर प्रत्येक व्यक्तिलाई आवश्यक आधारभुत खाद्यान्न प्रदान गरि भोकबाट छुटकारा दिलाउनु राज्यको कार्यक्षेत्र हुनेछ।[७३]

उपर्युक्त सन्दर्भमा उचित कानुनी तथा अन्य उपायहरूको अवलम्बनअन्तर्गत कुनै कार्यक्रमको पुनरावलोकन गर्दा सरकारका विभिन्न निकायहरूको जिम्मेवारी र कार्यहरू तोकिएको छ छैन र उपयुक्त आर्थिक र मानवीय श्रोतको उपलब्धता छ छैन भन्ने हेरिनु पर्दछ। वृहत् कार्यक्रम भन्नाले राज्यमा उपलब्ध श्रोत र साधनको आधारमा आवासको पहुँचको अधिकारलाई प्रगतिशील कार्यान्वयन गर्न युक्तिसंगत उपायहरूको अवलम्बन गरिएको छ छैन भन्ने हेरिन्छ। यस्तो कार्यक्रमको निर्धारण यात विधायिका या कार्यकारिणीले गरेको हुनु पर्दछ। युक्तिसंगत उपायहरू उचित, फराकिला र सम्भावित सम्पूर्ण उपायहरूलाई समेट्ने खालका हुनु पर्दछ। कानुन बनाउनु मात्र उपयुक्त होइन। त्यस्तो कानुन परिणाम दिन उपयुक्त, उचितरूपमा निर्देशित र तिनीहरूलाई

७३ General Comment No.12

कार्यकारिणीले पर्याप्तरूपमा कार्यान्वयन गरेको हुनु पर्दछ। यस्ता नीति तथा कार्यक्रमहरू विचार र कार्यान्वयन दुवैमा औचित्यपूर्ण हुनु पर्दछ र यस्तो अवस्था विद्यमान नभए राज्यको दायित्वको कार्यान्वयन गरेको मानिदैन।

खाद्य अनुदान एवम् सहयोगका लागि अन्तर्राष्ट्रियरूपमा समेत आपसी साझेदारी गर्दै अघि बढ्न सकिने हुन्छ। तर खाद्य अनुदान भन्दैमा अस्वस्थकर तथा असुरक्षित खाद्य पदार्थ भित्रिन सक्ने कुरामा भने राज्य चनाखो हुनु पर्दछ। राज्यले खाद्य सुरक्षा व्यवस्थाको सुधार गर्दै लैजाने कुरामा प्रगतिशीलरूपमा निरन्तर स्थानीय तहमा समेत विभिन्न तालीमहरू तथा अर्थपूर्ण सहभागितामा आधारित भई प्रत्येक व्यक्तिको क्षमता अभिवृद्धि गर्न सक्नेछ भन्ने अन्तर्राष्ट्रिय कानुनी व्यवस्था रहेको परिप्रेक्ष्यमा राज्य आफ्नो अन्तर्राष्ट्रिय कानुनी दायित्वबाट पन्छिन सक्दैन। त्यस्तै राज्यले आफ्ना नागरिकलाई रोजगारीको व्यवस्था एवम् विना धितो ऋण प्रवाहसमेत राज्यले गर्न सक्नेछ भने त्यसका लागि आवश्यक विभिन्न सकारात्मक कृयाकलापहरूसमेत संचालनमा ल्याउन सक्ने हुन्छ।

खाद्य अधिकार जनचेतनाका लागि FAO ले November, 2004 मा अँगालेको *"पर्याप्त खाद्य अधिकारका लागि प्रगतिशील अनुभुति गराउने स्वेच्छिक मार्गदर्शनहरू"* एउटा उपयुक्त कदम थियो। राज्यले यस्ता कुराहरूलाई हासिल गर्न कानुनी, नीतिगत र प्रशासनिक कार्यहरूलाई अनुगमन संयन्त्रको माध्यमबाट अगाडि बढाउन सक्दछ। त्यस्तै राज्यले अशक्त वर्ग जस्तै: महिला, बालबालिका तथा वृद्धहरूलाई खाद्य सुरक्षा अधिकारको उपयोग गरे नगरेको भन्ने सन्दर्भमा दीर्घकालसम्म अनुगमन गर्नुपर्ने दायित्व रहेको छ। यस कार्यमा राज्यले जनसहभागिता र जाचँबुझ समितिको व्यवस्था गरी प्रगतिको निर्क्योल गर्नुपर्ने हुन्छ। राज्यको यस किसिमको कार्यमा उत्तरदायित्वको भावना समेट्नको लागि अर्थपूर्ण सहभागिताको आवश्यकता भने अवश्य पर्दछ।

२. आवश्यक उपायको अवलम्बन

यस सम्बन्धमा ICESCR को धारा २ मा उल्लेख छ कि यस महासन्धिका प्रत्येक पक्षराष्ट्रले व्यक्तिगतरूपमा तथा अन्तर्राष्ट्रिय सहयोग र सहायता, विशेष गरी आर्थिक तथा प्राविधिक सहयोगमार्फत आफ्ना उपलब्ध स्रोतहरूको अधिकतम मात्रामा उपयोग गर्ने गरी खासगरी व्यवस्थापकीय उपायहरूको अवलम्बनसमेत सम्पूर्ण समुचित उपायहरूबाट यस महासन्धिमा स्वीकृत अधिकारहरू प्रगतिशीलरूपमा प्राप्त गर्दै जाने उद्देश्यले कदमहरू चाल्ने

कुराको प्रतिज्ञा गर्दछन्। तर यस प्रतिज्ञापत्रको मस्यौदाको इतिहासलाई हेर्दा धारा २(१) ले तोकेको दायित्व तत्काल कार्यान्वयनमा आकर्षित हुँदैन भन्न सकिने अवस्था छैन। वास्तवमा यो प्रतिज्ञापत्रलाई एक गतिशील दस्तावेजको रूपमा हेरिनु पर्दछ र यसअर्न्तगतको आर्थिक, सामाजिक तथा सांस्कृतिक समितिले गरेका ब्याख्या तथा यो प्रतिज्ञापत्रलाई संसारभरी विषमतायुक्त जीवन विताइरहेको जनताहरूको जीवनस्तरलाई क्रममश: परिवर्तन गर्ने दस्तावेजको रूपमा हेरिनु पर्दछ।

समितिले जारी गरेको सामान्य टिप्पणी नं. ३ मा धारा २(१) को दायित्वलाई *'कार्य गर्नु पर्ने दायित्व र परिणाम दिनु पर्ने दायित्व'* को रूपमा उल्लेख गरेको छ। प्रगतिशील कार्यान्वयन र उपलब्ध श्रोत र साधनको सीमितता भित्र प्रतिज्ञापत्र भित्रका अधिकारहरूको तत्काल कार्यान्वयन गर्ने कर्तब्य र दायित्व अर्न्तनिहित हुन्छ। जस्तो धारा २(२) मा उल्लेख गरिएको अविभेद तत्काल लागू हुने प्रावधान हो। धारा २(१) कै *'कदमहरू चालिनेछ'* भन्ने प्रावधानलाई तत्काल कार्यान्वयनको कसी भित्र राखी हेर्न सकिन्छ। यसरी राज्यको *'कार्य गर्नु पर्ने दायित्व र परिणाम दिनु पर्ने दायित्व'* लाई कानुनी कर्तब्यलाई पालन गर्नु पर्ने र राष्ट्रियरूपमा उपचार प्रदान गर्नु

पर्ने दायित्वसंग जोडेर हेरिनु पर्दछ। वास्तवमा यस्ता कर्तब्य र दायित्वहरूलाई बृहतरूपमा बुझ्न जरुरी पर्दछ।

राज्यको धारा २(१) को *'कदमहरू चाल्ने'* दायित्वअन्तर्गत कानुनी प्रकृयाहरू अबलम्बन गर्नेलगायतका सबै उपयुक्त माध्यमहरूको प्रयोग गर्ने भन्ने उल्लेख छ। राज्यलाई कानुनहरू बनाउनुको अलवा अन्य 'उपयुक्त' माध्यमको प्रयोगमा खुल्ला छोडिएको छ। यस्ता *'उपयुक्त'* कदमहरू प्रशासनिक, आर्थिक, शैक्षिक र सामाजिक प्रकृतिका हुन सक्दछन्। यस्ता *'उपयुक्त'* कदमहरू राज्यले प्रतिज्ञापत्रमा भएका अधिकारहरूको उल्लङ्घन भएमा राष्ट्रिय कानुनी प्रणालीअन्तर्गत न्याययोग्य वा उपचारयोग्य बनाएर चाल्न सक्दछन्। विशेषगरी भेदभाव नगरिने प्रावधानलाई उपचारको कसीमा राख्न सकिन्छ। त्यस्तै प्रतिज्ञापत्रका कतिपय धाराहरू कानुन बनाएर तत्काल उपचारयोग्य अधिकारको रूपमा राष्ट्रियरूपमा कार्यान्वयन गर्न सकिने प्रकृतिका छन्।

परिणाम दिनु पर्ने दायित्व धारा २(१) को प्रतिज्ञापत्रमा प्रत्याभूत गरिएका अधिकारहरूको पूर्ण कार्यान्वयनको निमित्त प्रगतिशीलरूपमा प्राप्ती गर्न *'कदमहरू चाल्ने'* दायित्वअन्तर्गत पर्दछ। यस दायित्वलाई अधिकारको अर्थपूर्ण

प्राप्ती गर्ने दायित्वको भ्रमपूर्ण ब्याख्या गर्ने गरी प्रयोग गरिनु हुन्न। यस्तो दायित्वलाई समग्र उद्देश्यसंग गाँसेर तत्काल र प्रभावकारीरूपमा कार्यान्वयन गर्नु पर्ने दायित्वअन्तर्गत हेरिनु पर्दछ। त्यस्तै उपलब्ध श्रोत र साधनको प्रयोगमा राज्यले सम्पूर्ण उपायहरूको प्रयोग गरेको हुनु पर्दछ। प्रत्येक अधिकारमा अन्तर्निहित न्यूनतम तत्व प्राप्त गर्न सम्पूर्ण कदमहरू चलिएको हुनु पर्दछ। ठूलो जनसंख्यालाई प्राप्त हुनुपर्ने खाद्यान्न, आधारभूत प्राथमिक स्वास्थ्य, आधारभूत आवास वा न्यूनतम आधारभूत शिक्षा प्राप्त नभएको अवस्था प्रतिज्ञापत्रको दायित्व पूरा नभएको अवस्था हो। यस्तो अवस्थालाई सम्बोधन गर्न राज्यको उपलब्ध श्रोतको प्रयोग भएको छ वा छैन भन्ने विषय महत्वपूर्ण हुन्छ र कुनै बहानामा सम्बोधन नगरिएको भए प्रतिज्ञापत्रको उल्लङ्घन भएको मानिन्छ। यस्तो अवस्थामा आर्थिक, सामाजिक अधिकारलाई प्रस्तुत गर्न सकिन्छ।

'परिणाम प्राप्त गर्नुपर्ने दायित्व' वा उपचारको दायित्वलाई समितिले आफ्नो सामान्य टिप्पणी नं. ३ र ९ मा उल्लेख गरेको छ। यसलाई धारा २(१) को *'सबै उपयुक्त उपाय'* को ब्याख्यासँगै गाँसेर हेरिएको छ। यस प्रावधानलाई सम्बन्धित देशको कानुनी र प्रशासनिक ब्यवस्था वा अन्य कुनै उपायअन्तर्गत अधिकारहरूको प्रभावकारी कार्यान्वयनसंग गाँसेर हेर्ने गरिन्छ। अधिकारहरूको प्रभावकारी कार्यान्वयन राष्ट्रिय कानुनी ब्यवस्थामा पीडित ब्यक्ति वा समुदायले उपचार प्राप्त गर्ने तथा सरकारको दायित्व कार्यान्वयन गर्ने प्रकृतिको हुनु पर्दछ। वास्तवमा प्रतिज्ञापत्रको कार्यान्वयनलाई सन्धिजनित कानुनहरूसम्बन्धी भियना प्रतिज्ञापत्र (VCLT) को धारा २७ को सन्धिका प्रावधानहरूको कार्यान्वयन गर्न राष्ट्रिय कानुनलाई बाधक देखाउनु हुदैन बरु सन्धिका प्रावधान कार्यान्वयन गर्न राष्ट्रिय कानुनलाई आवश्यक सुधार गरिनु पर्दछ भन्ने कसीमा पनि हेरिनु पर्दछ। मानवअधिकारको अन्तर्राष्ट्रिय घोषणापत्र (UDHR) को धारा ८ ले मौलिक हकको उल्लङ्घन भएमा उपचारको हक प्राप्त हुनु पर्दछ भन्ने उल्लेख गरेको छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको प्रतिज्ञापत्रका अधिकारको उल्लङ्घन भएमा न्यायिक उपचार प्राप्त हुन्छ भन्ने उल्लेख छैन तर *'उपयुक्त उपाय'* भित्र उपचारको हक किन पर्दैन वा अन्य *'कदम'* हरू उपचारको विकल्पमा उपलब्ध छन् भन्ने दायित्व सम्बन्धित राज्यले प्रष्ट पार्नु पर्दछ। तसर्थ विद्यमान प्रचलनमा *'अन्य कदम'* हरूले न्यायिक उपचारलाई प्रतिस्थापन गर्न नसक्ने हुँदा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपचारको हकलाई क्रममश: राज्यको दायित्वअर्न्तगत हेर्ने गरिन्छ।

३. अविभेदको अधिकार

खाद्यको अधिकारको राष्ट्रिय कार्यान्वयनको सवालमा प्रत्येक देशको वस्तुगत अवस्थाले कार्यान्वयनको स्तरलाई फरक पारेको हुन सक्दछ। तर प्रत्येक राज्यले उच्चतम तहको खाद्यको अधिकारको कार्यान्वयन गर्न प्रत्येक व्यक्तिलाई खाद्य सुविधा, वस्तु तथा सेवाहरूमा पहुँचको अधिकार पूरा गर्न आवश्यक कदमहरू चालेको हुनु पर्दछ। यस प्रयोजनको लागि प्रत्येक राज्यले राष्ट्रिय खाद्य रणनीति, कार्ययोजना र खाद्य नीति अवलम्बन गरेको हुनु पर्दछ। यस्तो नीतिले अविभेदको नीतिलाई स्वीकार गरेको हुनु पर्दछ भने जनसहभागितालाई समेटेको हुनु पर्दछ। राज्यले खाद्यसम्बन्धी राष्ट्रिय कानुन बनाएको हुनु पर्दछ र त्यस्तो कानुनले खाद्य रणनीतिको अनुगमन गर्ने संयन्त्र बनाएको हुनु पर्दछ। धारा ११ को कार्यान्वयन गर्दा प्रत्येक राज्यलाई सामान्यतया वा महिला र पुरुषको बीचमा भेदभाव गर्न नहुने दायित्व र महिलाहरूका लागि विशेष खाद्य कार्यक्रम लागू गर्ने दायित्व पनि पर्दछन्। त्यस्तै राज्यले शारीरिकरूपमा अशक्त, वृद्ध वृद्धा र जनजाती समुदायलाई आवश्यक पर्ने किसिमको खाद्यको अधिकार कार्यान्वयन गर्ने दायित्व पनि ग्रहण गरेको मानिन्छ।

खाद्यको अधिकार उल्लङ्घन भएको अवस्थामा कुनै व्यक्ति वा समूहलाई राष्ट्रिय वा अन्तर्राष्ट्रिय तहमा प्रभावकारी उपचारको हकको प्रत्याभूति गरिएको हुनु पर्दछ र सबै पीडितहरूलाई भरिपूरणको व्यवस्था गरिएको हुनु पर्दछ। प्रत्येक राज्यले खाद्यको अधिकारको प्रभावकारी कार्यान्वयनको लागि प्रतिज्ञापत्रलाई राष्ट्रिय कानुनी प्रणालीमा समेटेको हुनु पर्दछ। यस सम्बन्धमा ICESCR को धारा ३ मा उल्लेख छ कि यस महासन्धिमा उल्लिखित सम्पूर्ण आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको उपभोग गर्ने पुरुष तथा महिलाको समान अधिकार सुनिश्चित गर्न यस महासन्धिका पक्षराष्ट्रहरू प्रतिज्ञा गर्दछन्।

हाम्रो अन्तरिम संविधानले समानता र आविभेदको अधिकारलाई महत्वपूर्णरूपमा अङ्गीकार गरेको छ। अन्तरिम संविधानमा उल्लिखित समानताको अधिकारअन्तर्गत कानुनको अगाडि सबै नागरिक समान हुने र सबै कानुनको समान संरक्षणमा पाउने उल्लेख छ। सो अधिकारको प्रचलनमा जातजति, लिङ्ग, धर्म, वर्ग, उत्पत्ति भाषा वा आस्थाका आधारमा कुनै भेदभाव गर्न नपाइने संवैधानिक व्याख्या रहेको छ। राज्यले उपर्युक्त उल्लिखित

कुनै पनि आधारमा नागरिकहरूबीच विभेद गर्न नपाइने उल्लेख छ। यसै प्रसङ्गमा महिला, दलित, आदिवासी जनजाति, बालबालिका, अशक्त र आर्थिक, सामाजिक सांस्कृतिकरूपमा सिमान्तकृत वर्ग वा समुदायका लागि राज्यले विशेष संरक्षणको नीति लागु गर्ने समेत प्रतिबद्धता संविधानमा छ। संविधानको यस प्रावधान माथि उल्लिखित जनसमुदायको उत्थानका लागि सिद्ध रहेका छन्। अन्तरिम संविधानको धारा १३ (४) मा उल्लिखित महिला र पुरुषबीच समान कामको निम्ति समान ज्यालाको अधिकार पनि खाद्य अधिकारको समान वितरणसँग सम्बन्धित छ।

४. राज्यका उत्तरदायित्वका तहहरू

यस्ता प्रावधानहरू प्रगतिशील कार्यान्वयनका विषय हुन्। राज्यले माथि उल्लेखित प्रावधानहरू भएका उचित आवासहरू क्रममश: उपलब्ध गराउदै जानु पर्दछ। तर सम्बन्धित देशको विकासको अवस्थाका बाबजुद केही अधिकारहरू तत्काल पूरा गर्नु पर्ने प्रकृतिका हुन्छन्। जस्तै: कठिन अबस्थामा रहेका सामाजिक समूहहरूलाई विशेष ग्राहयता प्रदान गर्ने तथा पहिला नै सुविधा प्राप्त समूहहरूलाई थप सुविधा उपलब्ध नगराउने, खाद्यको अधिकार प्रत्याभुत गर्न 'राष्ट्रिय खाद्य कार्यनीति' लागू गरी उचित खाद्यहरू निर्धारित समयमा प्रदान गर्नु पर्ने उपायहरू र खाद्यवस्तु प्राप्त गर्नु पर्ने समुदायसंग गरिने छलफलहरू खाद्यसम्बन्धी तत्काल लागू हुने प्रावधान हुन्। त्यस्तै खाद्यको अधिकारको प्रभावकारी अनुगमन गरिएको छ, छैन भन्ने विषय पनि तत्काल कार्यान्वयन हुने प्रावधान हो। सो उद्देश्यको प्राप्ती र त्यसको लागि प्रयोग गरिएका उपायहरू बीच सन्तुलन हुनु पर्दछ। उपायहरूलाई उद्देश्य प्राप्ती गर्न लगातार र प्रभावकारीरूपमा कार्यान्वयन गरिएको छ छैन र त्यस प्रयोजनको निमित्त सन्तुलितरूपमा उपलब्ध श्रोत र साधनको प्रयोग गरिएको छ छैन भन्ने हेरिनु पर्दछ। खाद्यको अधिकार कुनै राजनीतिक छनौट विषय हैन ता कि सरकारले आफ्नो इच्छानुसार छनौट गर्न वा इन्कार गर्न सकोस। खाद्य अधिकारको मान्यता दिनु भनेको राज्यको उत्तरदायित्व स्वीकार गर्नु हो। प्रत्येक सरकारले यो अधिकारको सम्मान गर्नुपर्ने (to respect), संरक्षण गर्नुपर्ने (to protect) र पूरा गर्नुपर्ने (to fulfill) दायित्व रहेको हुन्छ।

४.१ सम्मान

खाद्य सम्प्रभुताको अधिकारलाई राज्यले सम्मान (to respect) गर्ने दायित्व रहेको हुँदा राज्यले नै सो दायित्व पुरा गर्नु पर्दछ। जस्तो कि साना किसानहरूलाई र आदिवासी जनजातिलाई उनीहरूको बसोवास खेतिपाती भएको ठाउँबाट हटाउन हुँदैन। सो ठाउँमा वस्न पाउने हक उनीहरूलाई छ। आफ्नो खेतवारीमा सिंचाई गर्न प्रयोग गर्दै आएको पानीको स्रोतलाई प्रदुषित गर्न दिइनु हुँदैन। ठूलो संख्यामा मानिसहरूको रोजगारी समाप्त हुने गरी वा कुनै उत्तम विकल्प प्रदान नगरी आफ्नो सन्तुलित भोजन खरिद गर्ने अवस्थाबाट वञ्चित हुने गरी वा सन्तुलित भोजनमा पहुँचको अधिकार कटौती वा समाप्त पार्ने गरी राज्यले नीतिहरू बनाउन र लागु गर्न हुँदैन। तसर्थ आदिवासी, जनजाति र अल्पसंख्यहरूको जमिनमा पहुँचको अधिकारलाई सम्मान र मर्यादा गरिनु राज्यको कर्तव्य हो।

४.२ संरक्षण

कुनै पनि व्यक्ति वा समूहको खाद्यन्नमा पहुँचको अधिकारलाई हस्तक्षेप नहुने गरी सरकारले खाद्य अधिकारको संरक्षण गर्नु पर्दछ। त्यस्तो हुने संभावना सहित प्रवेश गराइएका कुनै तेस्रो पक्ष वा बहुराष्ट्रिय कम्पनीहरूलाई प्रकृतिक स्रोतहरूमा क्षति पुऱ्याउने गरी काम गर्न अनुमति दिइनु हुँदैन। यसको परिणम स्वरूप साना किसानहरू र आदिवासीहरूको जमिनमा स्वामित्वको अधिकार संरक्षित हुन जान्छ। उनीहरूको न्यूनतम ज्यालाको प्रत्याभुति हुनुपर्दछ। यसमा महिलाहरूमाथि रोजगारी र सम्पत्तिको अधिकारमा समान अधिकार दिइनु पर्दछ।

४.३ पुरा गर्नुपर्ने दायित्व

अहिले विश्वमा 852 million मानिसहरू पर्याप्त खाद्यान्न र संन्तुलित खाद्यको अधिकारबाट वञ्चित वा प्रभावित भएको अवस्था छ। यस अवस्थामा राज्यले जनताको खाद्यको अधिकार पुरा गरिदिनु पर्दछ भन्ने दायित्व राज्य माथि रहन्छ। यसको अर्थ राज्यले खाद्यको पहुँचका लागि नागरिकहरूलाई सहजीकरण र उपलब्धताको सुविधा दिनु पर्दछ। त्यसका लागि आवश्यक योजना, कार्यक्रम, सक्षमता र कार्यान्वयन संयन्त्र राज्यसँग हुनु पर्दछ।

४.४ पूरा गर्नुपर्ने दायित्व

पूरा गर्नु पर्ने दायित्वमा राज्यले चाल्नु पर्ने कानुनी, प्रशासनिक, आर्थिक, न्यायिकलगायतका अन्य कदमहरू पर्दछन्। अन्तर्राष्ट्रिय दायित्वअन्तर्गत राज्यको आफै वा अन्तर्राष्ट्रिय आर्थिक वा प्राविधिक सहायता वा सहयोग लिई खाद्यको अधिकारलाई पूर्णरूपमा कार्यान्वयन गर्ने दायित्व भनी बुझ्नु पर्दछ। यो दायित्व मूलत: प्रतिज्ञापत्रको धारा २(१) र (२) अन्तर्गत पर्दछ। यसमा कुनै एक राज्यले अर्को राज्यको खाद्यको अधिकारको स्थितिको सम्मान गर्नु पर्ने दायित्व र सङ्कटको बेला सहायता र सहयोग गर्नुपर्ने दायित्व पनि पर्दछन्। त्यस्तै जस्तोसुकै बेला पनि कुनै राज्यमा खाद्यान्न सेवालाई आवश्यक पर्ने खाद्य सामग्रीको पैठारीमा रोक नलगाउने दायित्व पनि अन्तरनिहित भएको मानिन्छ।

छ परिच्छेद

नेपालमा खाद्य अधिकार

१. वर्तमान राजनीतिक अवस्था

दश वर्षको सशस्त्र द्वन्द्वको अन्त्य गर्न मुलुकमा बृहत् शान्ति सम्झौतामा हस्ताक्षर गरेको सात वर्ष व्यतित भइसकेको छ। नेपाल अझै पनि सङ्क्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ। लोकतन्त्र र मानवअधिकारका विश्वव्यापी मान्यताहरूलई अङ्गीकार गर्दै संविधानसभाबाट संविधान लेख्ने राज्यको राजनीतिक उद्देश्य दुर्भाग्यवश पहिलो संविधानसभाले पूरा गर्न असफल भयो। भर्खरै पुन:संविधानसभाको निर्वाचन सम्पन्न भएको छ। नेपाली जनताहरू फेरी पनि आशावादी छन् कि एक वर्षभित्र ऐतिहासिक जनआन्दोलनको भावनालाई प्रतिनिधित्व गर्दै मुलुकको मूल कानुन अवश्य बनाइने छ। नेपालको राजनीतिक इतिहासको यस जटिल दौरानमा विगतमा खास गरी २०५२-२०६३ सम्म चलेको सशस्त्र द्वन्द्वको कारकतत्वमध्ये असमान आर्थिक, सामाजिक, सांस्कृतिक परिवेशको परिणाम पनि एक हो भन्ने तथ्य स्थापित भएको छ।

यसरी नेपालमा दश वर्षसम्म चलेकोसशस्त्र द्वन्द्वको मुख्य कारण नागरिकहरू बीच राज्यले गरेको विभेद र असमानताको साथै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको इन्कारीसमेत पनि हुन् भन्ने तथ्य अध्ययनहरुबाट स्थापित भएका छ। यस सन्दर्भमा सशस्त्र द्वन्द्व शुरु हुनुअघि नेपाल कम्यूनिस्ट पार्टी (माओवादी) ले तत्कालीन सरकारसमक्ष ४० सूत्रीय राजनीतिक माग प्रस्तुत गरेको थियो। ती मागहरू कतिपय अवस्थामा प्रत्यक्षत: खाद्य सम्प्रभुताको अधिकार (Right to food) सँग सम्बन्धित थिए। ४० बुँदाका उपर्युक्त मागपत्रलाई हेर्ने हो भने १६ वटा बुँदाहरू कुनै न कुनै रूपमा खाद्य अधिकारसँग सम्बन्धित रहेको पाइन्छ। जस्तो कि:

1. सम्पत्तिमा महिलाको समान अधिकार

2. छुवाछुतको अन्त्य र जातीय विभेदको अन्त्य
3. प्राकृतिक स्रोतमा स्थानीय जनताको नियन्त्रणका लागि विकेन्द्रीकरण
4. जसको जोत उसको पोत
5. भूमिपतिबाट जग्गा अधिकरण गरी भूमिहीनलाई वितरण
6. काम तथा रोजगारीको ग्यारेण्टी
7. बेरोजगार भत्ताको व्यवस्था
8. गरीब किसानले लिएको कृषि ऋण मिनाहा
9. सस्तो मूल्यमा किसानलाई मल तथा बीउको उपलब्धता
10. प्राकृतिक प्रकोपबाट पीडितलाई मानवीय सहयोग
11. महङ्गी नियन्त्रण
12. कृषि मजदूर सहितका श्रमिकलाई न्यूनतम ज्यालाको कानुनी प्रबन्ध
13. खानेपानीमा पहुँच
14. साना उद्योगहरूलाई प्रोत्साहन
15. कालोबजारी, भ्रष्टाचार तथा आर्थिक अनियमितता नियन्त्रण
16. अशक्त वर्ग (टुहुरा, अपाङ्ग वृद्ध तथा नाबालक)लाई विशेष संरक्षण

यसरी नेपालको सशस्त्र द्वन्द्वलाई अन्त्य गर्ने क्रममा यसका कारकहरूलाई सम्बोधन गर्ने क्रममा आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकार अधिकार इन्कारीको आधारमा नेपालको मानवअधिकार स्थितिको मूल्याङ्कन गरिएको थियो। यस सम्बन्धमा Universal Periodic Review (UPR) ले केही सिफारिस समेत गरेको पाइन्छ। जसअनुसार सीमान्तकृत तथा अत्यन्त जोखिममा रहेको जनसमुदायको लागि आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको प्रत्याभूति गर्न नेपालले प्रभावकारी कदम चाल्नु पर्ने सुझाव दिइएको थियो। यसअन्तर्गत खाद्य, स्वास्थ्य, शिक्षा र स्वच्छ रोजगारीमा सहज पहुँच हुनुपर्ने, धनी र गरिब बीचको बढ्दो खाडल कम गर्न उपयुक्त उपाय अवलम्बन गरिनु पर्ने, जोखिममा रहेका जनतालाई खाद्य सुरक्षाको ग्यारेण्टी गरिनु पर्ने, विशेषगरी आदिवासी, जनजाति, पूर्व बँधुवा मजदूरहरू, दलित, मुस्लिम, असहाय व्यक्ति र एच.आइ.भी. ग्रस्त मानिसलाई त्यस्तो सुरक्षाको प्रत्याभूति दिइनु पर्ने सिफारिशसमेत पर्दछ।

कुनै पनि द्वन्द्व र आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारको इन्कारीबाट त्यस्तो द्वन्द्वको शुरुआत हुन सक्ने कुरा नेपालको निम्ति नौलो होइन। विश्वभरका द्वन्द्वग्रस्त मुलुकको अवस्था हेर्दा आर्थिक, सामाजिक,

सांस्कृतिक अधिकारको प्रचलन राज्यले गर्न इन्कार गरेकै कारणबाट द्वन्द्वहरूको सिर्जना भएको पाइन्छ। नेपालको सन्दर्भमा संयुक्त राष्ट्रसङ्घका महासचिवले प्रस्तुत गरेका सन् २००१ को शान्ति प्रकृयासम्बन्धी प्रतिवेदन हेर्दा युद्धोपरान्तको तत्कालको अवधिमा प्राथमिकता दिनु पर्ने भनी सिफारिस भएका शान्ति प्रकृयाका एजेण्डाहरू मध्ये कतिपय त खाद्य अधिकारसँग नै सम्बन्धित रहेको देखिन्छ। प्राथमिकतामा राखिएका ती कार्यदिशाहरू मानिसका आधारभूत आवश्यकतासँग जोडिएका छन्। जसमा पानी र सरसफाई, स्वास्थ्य, शिक्षा, आन्तरिक विस्थापनमा परेकाहरूको पुन:स्थापना र आर्थिक सशक्तीकरण एवम् रोजगारी प्रवर्धन तथा कृषि र सार्वजनिक सेवामा अवसरको वृद्धि गरी जीवन सुधार गर्ने खास गरी युवाहरूका लागि प्रभावकारी कार्यक्रम र शन्ति स्थापनाका प्राथमिक एजेण्डाहरूअन्तर्गत पूर्वाधारहरूको पुन:स्थापना गर्ने विषयवस्तुहरू यसमा उल्लिखित छन्। द्वन्द्वोपरान्तको अवस्थामा खाद्य अधिकारका विषयहरू तर्फ सम्बोधन गर्नमा यस सिफारिसमा अझ बढी महत्व दिएको पाइन्छ। यसैगरी FAO र WFP ले सन २०१० मा संरक्षित खतराका पाँच प्रकृतिका चरित्रहरूको उल्लेख गर्दै नेपालमा अस्थिर जीवनवृत्ति र फितलो खाद्य सुरक्षाको अवस्थालाई चित्रण गरेको पाइन्छ।

यसरी नेपालको परिप्रेक्ष्यमा राज्यको उत्पादनका साधन र श्रोतमा राज्यले लिएका नीतिबारे जनताको समन्यायिक पहुँच पुग्न नसकेको तथ्यलाई सरकारी तहबाटै स्वीकार गरिएको विषय हो। राज्यले चाहेको मात्रामा महिला, दलित, आदिवासी, जनजाती, मधेशी, मुस्लिम र अति पिछडिएका दुर्गम क्षेत्रमा बसो वास गरिरहेका द्वन्द्वप्रभावितहरूको निम्ति आर्थिक, सामाजिक स्तर वृद्धि गर्नुपर्ने टड्कारो खाँचोलाई सम्बोधन गर्न नसकेको यथार्थ हामीसामु छ। द्वन्द्वको शुरुआत हुनुको मुख्य कारकमा असमानता र विभेद पनि हो भन्ने वास्तविकतातर्फ हृदयङ्गम गर्दै बृहत् शान्ति सम्झौता सन् २००६ मा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई समाजका सबै व्यक्ति र समुदायले प्रभावकारीरूपमा प्राप्त गर्न पाउने तथ्यलाई उल्लेख गरिएको पाइन्छ।[६४] व्यापकरूपमा समाज रहेको असमानता, जातीयतामा आधारित विभेद र छुवाछुतको संस्कृतिलगायत माथि वर्णित द्वन्द्वका मूल कारकहरू रहेसम्म भविष्यमा पनि द्वन्द्वबाट मुक्ति

६४ Comprehensive Peace Accord (CPA) Concluded between the Government of Nepal and the Communist Party of nepal (Maoist), 21 November 2006, subsections 3.5 and 7.1.1

पाउन सकिन्छ भनेर कल्पना गर्न सकिँदैन।[७५]

यस पृष्ठभूमिमा द्वन्द्व उत्पन्न हुनुका प्रमुख कारणहरूलाई सम्बोधन गर्न र भविष्यमा यस्तै विगतको जस्तो भयावह द्वन्द्व सिर्जना हुने स्थितिको अन्त्य गर्न दिगो शान्ति प्रकृयालाई सार्थक टुङ्गोमा पुऱ्याइनु पर्दछ। आधारभूतरूपमा जीवनको अधिकार गाँसिएको विषय जनतालाई खाद्य अधिकारलाई सुरक्षित गर्न द्वन्द्वोपरान्तको यस अवस्थामा संस्थागत सुधारको आवश्यकता छ, जसमा कानुनी सुधारको अझै ठूलो आवश्यकता रहेको छ। नेपालको भावी संविधान निर्माण गर्दा राजनीतिक सुझबुझका साथ आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारहरूको पूर्ण प्रत्याभूति दिन सकेमा यो मुलुकबाट सदाको निम्ति द्वन्द्वको सम्भावना समाप्त हुने छ भन्ने विश्वास गर्न सकिन्छ। अहिलेको वास्तविकतालाई चुनौती र अवसर दुवैको रूपमा ग्रहण गरी यी दुवै अवस्थाको संयोजनबाट विश्लेषण गरी आर्थिक समाजिक तथा सांस्कृतिक अधिकार पूर्ण प्रत्याभूति दिलाइनु नै आजको प्रमुख सवाल र खाँचो हो।

मंसिर ४, २०७० मा संविधानसभाको अर्को निर्वाचन सम्पन्न भएको छ। वि. सं. २०६४ सालको संविधानसभाबाट निर्वाचित राजनीतिक दलहरूको स्थितिमा हालै सम्पन्न निर्वाचनबाट केही परिवर्तन आएको अवस्था भए तापनि नेपालमा शान्ति स्थापना र संविधान निर्माण प्रकृयाका प्रमुख हिस्सेदारको रूपमा रहेका नेपाली राजनीतिक दलहरू खासगरी नेपाली काङ्ग्रेस, ने.क.पा. (एमाले) तथा नेकपा (एमाओवादी) नै मुख्य ठूला दलको रूपमा पुन: स्थापित भएको अवस्था छ भने रा.प्र.पा.नेपाल चौथो ठूलो शक्तिको रूपमा उदाएको छ। मधेसवादी दलहरूको अवस्था विगतको भन्दा केही खुम्चिएको अवस्था छ।

अन्य साना दलहरू र केही स्वतन्त्र व्यक्तिको प्रतिनिधित्वसमेत संविधानसभामा रहेको छ। निर्वाचनको यस परिणामबाट मुलुकमा राजनीतिक दलहरूको स्थिति जे जस्तो आकारमा परिणत भए तापनि परिवर्तनका बाहक मुख्य शक्तिहरूले साना ठूला सबै दलहरूलाई एकै ठाउँमा ल्याएर मुलुकमा नागरिक तथा राजनीतिक अधिकारको साथै आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारहरूको पूर्ण प्रत्याभूति गरी विशेषत: द्वन्द्वको प्रमुख कारकतत्वका रूपमा रहेको खाद्य अधिकारलाई आधारभूतरूपमा सम्बोधन गर्ने ICESCR

७५ See OHCHR Report "*OPENING THE DOOR TO EQUALITY: Access to justice for dalits in Nepal, 2011",* page 4

जस्तो अत्यन्त महत्वपूर्ण अन्तर्राष्ट्रिय सन्धिको सदस्य राष्ट्रको हैसियतले भावी संविधान लेखनको माध्यमबाट सन्धिको दायित्व पूरा गर्ने महान् अभिभारा राजनीतिक दलहरूको काँधमा आएको छ।

२. संवैधानिक व्यवस्था र हक प्रचलन

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ मा व्यवस्थित विभिन्न मौलिक हकहरू, भाग ४ मा उल्लिखित राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू, धारा ३७ को कार्यकारी अधिकार तथा नेपाल पक्ष भएको विभिन्न मानवअधिकारसम्बन्धी महासन्धि, अदालतका निर्णयहरू र खाद्य अधिकारसम्बन्धी विभिन्न घोषणाहरूका व्यवस्थाहरूको आधारमा खाद्य सम्प्रभुताको हक प्रचलनको अवस्था हेर्नुपर्ने हुन्छ। अन्तरिम संविधानले प्रत्यक्षरूपमा खाद्यान्नको अधिकार (Right to food) वा भोकबाट स्वतन्त्रता (Freedom from hunger) लाई मौलिक हक भनी उल्लेख नगरेको भए तापनि संविधानको धारा १२ (१) ले सबै नागरिकलाई सम्मानपूर्वक बाच्ँन पाउने हकलाई मौलिक हकको रूपमा घोषणा गरेको देखिन्छ। नेपालको अन्तरिम सविधान, २०६३ को धारा १२ (१) मा प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने मौलिक हक प्राप्त छ, जसलाई स्वतन्त्रताको हक नामाकरण गरिएको पाईन्छ। संविधानत: कानुन बमोजिम बाहेक वैयक्तिक स्वतन्त्रता अपहरण हुन नसक्ने हुँदा यो व्यवस्था मौलिक हकको रूपमा प्राप्त छ। वैयक्तिक स्वतन्त्रता र खाद्यान्नको अधिकारको अभावमा सम्मानपूर्वक बाँच्न पाउने हक अपूरो र निरर्थक हुन जान्छ।

वस्तुत: बृहत् शान्ति संझौता (CPA) मा उल्लिखित प्रतिबद्धताहरूलाई समर्थन गर्दै संविधानसभाद्वारा नयाँ संविधान निर्माण गर्ने प्रतिबद्धताका साथ अन्तरिम संविधान, २०६३ जारी भएको हो। तर २०६४ सालमा निर्वाचित संविधानसभासमेत चार वर्ष सम्मको अनवरत प्रयासका बावजुद पनि संविधान निर्माण गर्न असफल भएपछि अन्तत: सर्वोच्च अदालतको फैसलाअनुसार विघटन हुनपुग्यो।संविधान सभाको अर्को निर्वाचन सम्पन्न भएको छ। प्रमुख राजनितिक दलहरूले एक वर्ष भित्रमा यस संविधान सभाबाट नयाँ संविधान जारी गर्ने प्रतिबद्धता आफ्ना चुनावी घोषणापत्र मार्फत जनतासमक्ष राखेका छन्।

यस सन्दर्भमा अन्तरिम संविधान, २०६३ नै वर्तमान नेपालको मूल

संवैधानिक कानुनको रूपमा रहेको छ। यसै संविधानअन्तर्गत नेपाली जनताको मौलिक हक तथा अधिकारको संरक्षण र संर्वद्धन गरिएको छ भने मानवअधिकारको संर्वद्धन र संरक्षण निम्ति पनि अन्तरिम संविधान प्रमुख दस्तावेजको रूपमा रहेको छ। जनताका आधारभूत अधिकार तथा स्वतन्त्रताको संवैधानिक संरक्षण संविधानमा मौलिक हकको रूपमा उल्लेख गरिंदै आएको नेपाली संवैधानिक परम्परा रहेको छ। यसैअन्तर्गत नयाँ परिवेशमा अन्तरिम संविधानमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको समेत संरक्षण प्रदान गर्न हेतु मौलिक हकको रूपमा उल्लेख गरिएको छ।

नेपालमा अन्तरिम संविधान, २०६३ लागू हुन अघिका संविधानहरूमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूलाई मौलिक अधिकारको रूपमा संवैधानिक संरक्षण प्राप्त थिएन। केवल नागरिक तथा राजनीतिक अधिकार मात्र मौलिक हकको रूपमा उल्लेख गरिएको थियो। तर अन्तरिम संविधानमा उल्लिखित नागरिकका मौलिक हकको सूचीमा आर्थिक, समाजिक र सांस्कृतिक अधिकारसमेत समावेश गरिनु स्वयम्मा एउटा उपलब्धि हो। यसका अतिरिक्त राज्यको दायित्वअन्तर्गत संविधानका निर्देशक सिद्धान्तमा राज्यको नीति र प्राथमिकता निर्धारण गर्ने क्रममा आर्थिक, समाजिक, सांस्कृतिक अधिकारहरूको उल्लेख गरिएको छ, जुन जनताको खाद्य अधिकारसँग प्रत्यक्ष सम्बन्धित छ। यसलाई पनि आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारको कार्यान्वयनको महत्वपूर्ण पक्ष मान्न सकिन्छ। यसरी नेपालको अन्तरिम संविधानमा प्रत्याभूत आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारअन्तर्गत खाद्यको अधिकारसँग सम्बन्धित प्रावधानहरू निम्नानुसार छन्:

खाद्य सम्प्रभुताको अधिकार र मौलिक हक

सम्मानपूर्वक बाँच्न पाउने अधिकार, पर्याप्त खाद्यको अधिकारसँग प्रत्यक्षत: गाँसिएको विषय हो। हाम्रो अन्तरिम संविधान २०६३ को धारा १२ (१) ले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकारको प्रत्याभूति दिएको छ।[७६] (192) यसै सन्दर्भमा सर्वोच्च अदालतले खाद्य अधिकारको प्रचलनका लागि दायर भएका विभिन्न रिट निवेदनहरूमा खाद्यको अधिकार र अन्य अधिकारको अन्तर सम्बन्धका बारेमा व्याख्यासमेत गरेको पाइन्छ। यसले गर्दा

७६ Interim Constitution 2007, Article 1. cl. 12, cl. 1

खाद्यको अधिकारलाई संवैधानिक दावीका साथ प्रचलन गराउन सकिने अवस्था सिर्जना भएको छ।

यसैगरी हाम्रो संविधानले समानता र आविभेदको अधिकारलाई महत्वपूर्णरूपमा अङ्गीकार गरेको छ। अन्तरिम संविधानमा उल्लिखित समानताको अधिकार[७७]अन्तर्गत कानुनको अगाडि सबै नागरिक समान हुने र सबै कानुनको समान संरक्षणमा पाउने उल्लेख छ। सो अधिकारको प्रचलनमा जातजति, लिङ्ग, धर्म, वर्ग, उत्पत्ति भाषा वा आस्थाका आधारमा कुनै भेदभाव गर्न नपाइने संवैधानिक व्याख्या रहेको छ। राज्यले उपर्युक्त उल्लिखित कुनै पनि आधारमा नागरिकहरूबीच विभेद गर्न नपाइने उल्लेख छ।

संविधानको धारा १३ ले छुवाछुत विरुद्धको अधिकारलाई संरक्षण गरेको छ। यसरी जातीय आधारमा विभेद गर्न निषेध गरिएकोले समानताको अधिकार प्रत्याभूत भएको छ। जाजीय विभेद र छुवाछुतका कुनै पनि स्वरूपहरू अमान्य हुने संवैधानिक प्रत्याभूति धारा १४ ले गरेको छ। यदि यस संवैधानिक अधिकारको उल्लङ्घन कसैले गरेमा उसले फौजदारी दायित्व व्यहोर्नु पर्ने र पीडितलाई क्षतिपूर्तिसमेत दिइनु पर्ने संविधानिक प्रावधान रहेको छ।[७८] यसका अतिरिक्त कुनै पनि सार्वजनिक स्थल, वस्तु, सेवा, र सुविधाहरूको प्रयोगमा जातीय आधारमा भदेभाव गर्न नपाउने र कुनै पनि जातिलाई होच्याउने किसिमबाट कुनै किसिमको प्रदर्शनी आदि गर्न नपाइने संवैधानिक व्यवस्था रहेको छ।

बालबालिकाको सम्बन्धमा अन्तरिम संविधानको धारा २२ मा छुट्टै हकको रूपमा बालबालिकको हकको व्यवस्था गरेको छ। जसअनुसार प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुने, उनीहरूलाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त हुने हक रहने, बालबालिकालाई शारीरिक, मानसिक, वा अन्य कुनै पनि किसिमको शोषणजन्य कार्य कानुनद्वारा र दण्डनीय हुने, पीडितलाई क्षतिपूर्ति दिइनु पर्ने अधिकारहरू रहेका छन्। यसका अतिरिक्त असहाय, अनाथ, सुस्त मन:स्थिति, द्वन्द पीडित विस्थापित एवम् जोखिममा परेका सडक बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक रहन्छ। कुनै पनि नाबालकलाई कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना

७७ Id, Article 13
७८ Id, Article 22 (1)

प्रहरीको द्वन्द्वमा प्रयोग गर्न संविधानमा रोक लगाइएको छ।

यसैगरी हाम्रो अन्तरिम संविधानको धारा २० ले महिलाको हकको सम्बन्धमा छुट्टैरूपमा उल्लेख गरेको छ। जसअनुसार महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गर्न नपाइने उल्लेख छ भने प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजननसम्बन्धी हक हुने र कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको हिंसाजन्य कार्य नगरिने तथा त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुने व्यवस्था छ। साथै पैतृक संपत्तिमा छोरा र छोरीलाई समान हक हुने संवैधानिक सुनिश्चितता रहेको छ।

अन्तरिम संविधानमा उल्लिखित मौलिक हकहरूको अध्ययन गर्दा धारा १८ मा उल्लिखित रोजगारी तथा सामाजिक सुरक्षासँग सम्वन्धित हक पनि खाद्यको अधिकार सँग प्रत्याक्षत: सरोकार राख्ने हकको रूपमा रहेको पाइन्छ। सोअनुसार प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भएअनुसार रोजगारको हक हुने महिला श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षाको हक हुने संवैधानिक ग्यारेण्टी रहेको छ। उक्तधारा १८ (३) को व्यवस्था खाद्य अधिकारसँग प्रत्यक्ष रूपले सम्बन्धित रहेको छ। यसमा प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम खाद्य सम्प्रभुताको हक हुने छ भन्ने उल्लेख छ।

सर्वोच्च अदालतले प्रतिपादन गरेको स्वच्छ वातावरणको अधिकारसम्बन्धी सिद्धान्तअनुसार अन्तरिम संविधानको धारा १६ मा प्रत्येक नागरिकलाई स्वच्छ वातावरणमा बाँच्न पाउने हक हुने र नागरिकले राज्यबाट कानुनमा व्यवस्था भएबमोजिम आधारभूत स्वास्थ्य सेवा नि:शुल्करूपमा पाउने हक रहेको हुन्छ। अन्तरिम संविधानको धारा २७ मा भएको सूचना माग्ने र पाउने हकको माध्यमबाट खाद्य सम्प्रभुताको हकको बारेमा नागरिकहरू जानकार रहन पाउने बाटो खुल्ला रहेको छ। त्यस्तै धारा २९ मा रहेको शोषण विरुद्धको हक र धारा ३० मा रहेको श्रमसम्बन्धी हक पनि यस परिवेशमा महत्वपूर्ण हकको रूपमा रहेका छन्। धारा २९ अनुसार प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक प्राप्त छ। प्रथा, परम्परा र प्रचलनको नाममा वा कुनै पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन भने उक्त धारामा उल्लेख छ। त्यस्तै धारा ३० अनुसार प्रत्येक कामदार र कर्मचारीलाई आ-आफ्ना हित रक्षाको निम्ति ट्रेड युनियन खोल्ने सङ्गठित हुने र सामूहिक सौदावाजी गर्ने हकको प्रत्याभूति दिइएको छ।

सम्मानपूर्वक र मर्यादित जीवनको लागि रोजगारी महत्वपूर्ण मात्र होइन अपरिहार्य हुन्छ। विश्वका जुनसुकै प्रणाली भएको देशमा पनि राज्यले प्रत्येक व्यक्तिलाई तीन छाक खुवाउन सक्दैन। सरकारले केवल पेशा, व्यवसाय गर्ने व्यवस्था वा रोजगारीको अवसर सिर्जना गरी पेसा, व्यवसाय वा रोजगारी मार्फत आय आर्जन गर्ने वातावरण र अवस्थाको सिर्जनासम्म मात्र गरिदिन्छ। रोजगारीको अवसर प्राप्त भएपछि स्वत: खाद्यान्नको अधिकार प्राप्तिको लागि खाद्यान्नमा पहुँच पुग्दछ। त्यसैले प्रत्येक व्यक्तिको खाद्यान्नमा हक पुगोस् भनी संविधानको धारा १२(३)(च) मा पेसा व्यवसाय गर्ने हक र धारा १८ को उपधारा (१) मा सबै नागरिकलाई रोजगारीको हक प्रदान भएको देखिन्छ।

रोजगारीको लागि स्वस्थ शरीर, तन्दुरुस्तीपन र काम गर्नसक्ने उमेर आवश्यक पर्दछ। नाबालकलाई काममा लगाउनु हुँदैन। वृद्ध नागरिकहरूले काम गर्न सक्दैनन्। तर राज्यको रोजगार नीतिअनुसार रोजगारको अवसर सबै योग्य नागरिकलाई प्रदान गर्न पनि कुनै निश्चित उमेर पूरा भएपछि रोजगारीबाट अनिवार्य अवकाश प्राप्त गर्नुपर्छ। आजीवन रोजगार राज्यले प्रत्याभूत गर्न सक्दैन। वृद्ध, नाबालक, शारीरिक रूपले असमर्थ/अपाङ्गले काम गर्न सक्दैनन्, तर त्यस्ता व्यक्तिको पनि खाद्यान्नको हक कुण्ठित हुन सक्तैन। त्यस्ता वर्गको व्यक्तिलाई काममा लगाउन हुँदैन र त्यस्ता व्यक्तिले काम गर्न पनि सक्दैनन्। अरुसरह उनीहरूलाई पनि सम्मानपूर्वक र मर्यादित तरिकाले बाँच्न पाउने हक रहन्छ। त्यसैले यसप्रकारका वर्गका व्यक्तिहरूको खाद्यान्नको अधिकार उपभोग गर्न सामाजिक सुरक्षाको अधिकारको साथमा मौलिक हकको रूपमा प्रदान भएको छ। धारा १८ को उपधारा (२) को हक रोजगार गर्ने हक उपभोग गर्न नसक्ने वर्गका व्यक्तिहरूको खाद्यान्नको अधिकारको हकलाई संरक्षित र सार्थक बनाउन र खाद्यान्नको अधिकारमा पहुँच पुऱ्याउने एक प्रकारले सामाजिक सुरक्षाको हक हो।

सात परिच्छेद

नेपालमा खाद्य सुरक्षाको वर्तमान अवस्था

१. पृष्ठभूमि

नेपालको सन्दर्भमा खाद्य असुरक्षाको प्रमुख कारण भनेको गरिबी नै हो। भोकमरी एवम् खाद्य अभाव नेपालका खाद्यान्न अभावयुक्त क्षेत्रहरूको मात्र समस्या नभएर पर्याप्त उत्पादन हुने क्षेत्रका पिछडिएका समुदायहरूको पनि जल्दोबल्दो समस्या हो। सन् १९९० यता नेपालका पश्चिम पहाडी जिल्लाहरूमा आर्थिक एवम् खाद्य सङ्कट बढ्दै गएको छ। विशेषगरी मध्य तथा सुदूर पश्चिम क्षेत्रका मानिसहरू खाद्यान्न अभावको समस्याबाट ग्रसित छन्। न्यून उत्पादन, व्यापक आर्थिक मन्दी, मुल्य वृद्धि, बेरोजगारी तथा घट्दो रेमिट्यान्स दर, द्वन्द्व, न्यून विकास सूचकाङ्क र बारम्बार हुने प्राकृतिक प्रकोप जस्ता कुराहरूले खाद्यान्न सुरक्षालाई चुनौती दिइरहेका छन्। अर्कोतिर मानिसहरू खाद्यान्न जुटाउने क्रममा आफ्नो अन्य सम्पत्ति बेच्न र अरु सुविधा भोग्नसमेत त्यागिदिएको अवस्था छ। यस्तो समस्याले विशेष गरी बालबच्चाहरूमा कुपोषणको समस्या निम्तिएको छ। नेपालको सन्दर्भमा जमिनको बाँडफाँडमा रहेको असमानता अर्को एउटा प्रमुख समस्या हो। यहाँका धेरैजसो दलित समुदायहरू भूमिहीन छन्। यो पनि गम्भीर समस्याकै रूपमा रहेको छ।

यसै सन्दर्भमा नेपालमा खाद्यान्न वितरण सम्बन्धमा भएको असमानतालाई मानवअधिकारसँग जोडेर हेर्नु पर्दछ भन्ने तथ्य घाम जत्तिकै छर्लंग छ। यहाँ जातीय, लैङ्गिक एवम् वर्गीयजस्ता विषय एवम् सांस्कृतिक अवरोधहरूले गर्दा खाद्य एवम् पोषण सुरक्षालाई समेत चुनौती दिइरहेको अवस्था छ। खाद्य र पोषण सुरक्षाको प्रत्याभूति एवम् सबैका लागि खाद्यान्न पहुँचजस्ता कुराहरूमा सांस्कृतिक अवरोध खडा गरिएको छ।

२. खाद्य सुरक्षामा कार्यरत विभिन्न निकायहरू

२.१ **कृषि तथा सहकारी मन्त्रालयः** यसले खाद्य उत्पादनहरूको बजारमा पहुँच सुनिश्चित गराउनका साथ कृषकहरूलाई प्राविधिक सहयोगसमेत उपलब्ध गराउँदछ।

२.२ **स्थानीय विकास मन्त्रालयः** यसले ग्रामणी सामुदायका पूर्वाधारहरू जस्तैः ग्रामीण सडक निर्माण, समुदायमा आधारित परियोजना, सिंचाइ, माटो संरक्षण, विद्यालय निर्माण एवम् स्वास्थ्य शिक्षालगायतका कुराहरूबाट गरिब एवम् बेरोजगारहरूलाई रोजगारी दिलाउनेलगायतका कार्य गर्दछ।

२.३ **शिक्षा मन्त्रालयः** यसले शिक्षाका लागि खाद्यान्न कार्यक्रम सञ्चालन गरेको छ। जसमा विश्व खाद्य कार्यक्रमले खाद्यान्न सहयोग उपलब्ध गराउदै आएको छ। यसले विद्यालय तहका विद्यार्थीहरूको पोषणको अवस्थामा सुधार हुँदै आएको छ। विद्यार्थीहरूलाई दिउँसो खाजाको व्यवस्था गर्दै खाद्यान्न अभावयुक्त क्षेत्रहरूमा विशेषगरी छात्राहरूको लागि खाद्यान्न सेवा पनि दिँदै आएको छ।

२.४ **स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः** यसले विशेषतः गर्भवती महिला तथा बालबालिकाहरूलाई मध्यनजर गर्दै स्वास्थ्य एवम् पोषण अवस्था सुधारका लागि विविध कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ।

२.५ **नेपाल खाद्य संस्थानः** यसले सरकारको खाद्य नीतिको कार्यान्वयन गर्दछ। साथै खाद्यान्नहरूको संकलन, ओसारपोसार, भण्डारण, बिक्रीवितरण तथा परिचालन गर्ने कार्य गर्दछ। यस सम्बन्धमा उपलब्ध सरकारी एवम् अन्य अनुदानहरूको व्यवस्थापन गर्दछ।

२.६ **अन्य संस्थाहरूः** विश्व खाद्य कार्यक्रम (WFP), Action Aid, GTZ लगायतका अन्तर्राष्ट्रिय संस्थाहरूसमेत नेपालमा खाद्य सुरक्षाको सुनिश्चितताको लागि सघाउने अन्य संस्थाहरू हुन्।

३. नेपालमा खाद्य अधिकार पालना गराउन गरिएका प्रतिबद्धताहरू

नेपालको अन्तरिम संविधान, २०६३ (धारा १८ (३) ३६ ले खाद्य सम्प्रभुतालाई आधारभुत अधिकारको रूपमा ग्यारेन्टी गरेको छ। यसैगरि सोही संविधानको निर्देशक सिद्धान्तले समेत खाद्य सम्प्रभुतालाई सुनिश्चित गरेको छ। यसैबीच धारा ३५ (१०) ले खाद्य सुरक्षालाई सामाजिक र आर्थिकरूपमा पिछडिएका नेपाली जनताको उत्थान गर्ने राज्यको नीति रहेको उल्लेख गरेको

छ। अन्तरिम संविधानमा कानुनका बमोजिम प्रदान गरिएको भनेर उल्लेख भएको हुनाले खाद्य सुरक्षा अधिकार लागु गर्नको लागि केही कठिनाइ छन् र त्यसले खाद्य सम्प्रभुतालाई कानुनी दायरामा मात्र सीमित गरेको छ।

यस सम्बन्धमा सर्वोच्च अदालतले एउटा महत्वपूर्ण फैसला गरी खाद्य अधिकारलाई आधारभूत अधिकारको रूपमा उल्लेख गरेको छ। यसैगरी अदालतले सरकारी अधिकारीको दायित्व खाद्य वस्तुको सहज र सुलभ आपूर्ति गर्नमा हुनुपर्ने भनी जोड दिएको छ। यसलाई खाद्य अधिकारको सम्मान, सुरक्षा प्राप्तिका लागि चालिएको सरकारको एउटा उल्लेखनीय कदमको रूपमा लिन सकिन्छ। अझै अदालतले खाद्य अधिकार र अरु मानवअधिकारहरू जस्तै: रोजगारी, सामाजिक सुरक्षा र आधारभूत आवश्यकताबीचको सम्बन्धलाई उजागर गरेको छ र प्रगतिशील अनुभूतिको लागि सरकारलाई जिम्मेवार ठहराएको छ। यसै बीच अन्तरिम संविधानमा खाद्य सम्प्रभुताको अधिकार सम्बन्धमा उल्लेख भएको कानुनबमोजिम भन्ने वाक्यांशलाई प्रष्टाउन चुकेको छ।

नेपालको अन्तरिम संविधानको धारा ३३ मा राज्यको दायित्वको सम्बन्धमा उल्लेख छ। यी दायित्वहरू राज्यको तर्फबाट पूरा गर्ने क्रममा खाद्य सम्प्रभुताको अधिकार पनि संरक्षित हुने अवसर सिर्जना हुन्छ। संविधानको धारा ३३(घ) मा राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुन:संरचना गर्ने प्रतिज्ञा गरिएको पाइन्छ। उक्त प्रतिज्ञा पूरा गर्न वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी, जनजाति, मधेसी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्रलगायतका समस्याहरूलाई सम्बोधन गर्नुपर्ने तथ्यलाई हृदयङ्गम गरिएको छ।

यसका अतिरिक्त सामन्तवादका सबै रूपहरूको अन्त्य गर्ने आर्थिक सामाजिक रूपान्तरणको न्यूनतम साझा कार्यक्रम तय गरी लागु गर्दै जाने (धारा ३३(ङ)) र सामन्ती भू-स्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अवलम्बन गर्ने (धारा ३३(च)) को दायित्व राज्यले लिनु पर्ने संवैधानिक व्यवस्था गरिएको पाइन्छ। त्यस्तै राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रबर्द्धन गर्ने नीति अनुसरण गर्ने (धारा ३३(छ)) तथा शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सम्प्रभुतामा सबै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने (धारा ३३(ज)) जस्ता जनताको बृहत्तर हितसँग सम्बन्धित दायित्व पनि राज्यको रहने छ भनी उद्घोष गरिएको पाइन्छ।

सुकुमबासी, कमैया, हलिया, हरवा, चरवालगायतका आर्थिक सामाजिक रूपले पछाडि परेको वर्गलाई जग्गालगायत आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने (धारा ३३(झ)) को संवैधानिक व्यवस्था, देशको आर्थिक सामाजिक रूपान्तरण एवम् न्यायका साथै देशलाई छिटो समुन्नत र आर्थिक रूपले समृद्धशाली बनाउन एक साझा विकासको अवधारणा निर्माण गर्ने (धारा ३३(ञ)) को संवैधानिक व्यवस्था, सबै विभेदकारी कानुनको अन्त्य गर्ने (धारा ३३ (ढ)) तथा राज्य पक्ष भएको सन्धि सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने (धारा ३३(ड)) संवैधानिक व्यवस्था जस्ता खाद्य सम्प्रभुताको अधिकारको प्रभावकारी कार्यान्वयनसँग सम्बन्धित विषयहरूसमेत राज्यको दायित्वअन्तर्गत संविधानमा समेटिएको पाइन्छ।

हाम्रो अन्तरिम संविधानमा खाद्य सम्प्रभुताको अधिकारसँग सम्बन्धित अरु थुप्रै संवैधानिक व्यवस्था राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरूमा समेटिएको पाइन्छ। संविधानको धारा ३४(५)अन्तर्गत सबै किसिमको आर्थिक एवम् सामाजिक असमानता हटाई विभिन्न जात, जाति, धर्म, भाषा, वर्ण, सुमदाय र सम्प्रदायका बीच सामाञ्जस्य स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य तोकिएको छ।

त्यस्तै राज्यका नीतिहरूअन्तर्गत धारा ३५(१) मा देशको सन्तुलित विकासका लागि आर्थिक लगानीको न्यायोचित वितरण गरी जनसाधारणको जीवनस्तर वृद्धि गर्ने नीति राज्यले अवलम्बन गर्नेछ भन्ने उल्लेख छ। त्यस्तै धारा ३५(५) मा राज्यले किसानलाई प्रोत्साहन गरी कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्थाहरूको सिर्जना गरी कृषिलाई उद्योगको रूपमा विकास गर्ने छ भन्ने नीतिको प्रत्याभूति दिइएको पाइन्छ।

यसका अतिरिक्त संविधानको धारा ३५(१०) मा शिक्षा, स्वास्थ्य, आवास, खाद्य सम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका आदिवासी जनजाति, मधेसी, दलितलगायत सीमान्तकृत समुदाय तथा गरिबीको रेखामुनिका मजदुर किसानको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्ने छ भन्ने उल्लेख छ।

खाद्य सम्प्रभुताको अधिकारलाई टेवा दिने राज्यका अन्य नीतिहरू धारा ३५ को उपधारा (१३), (१४) र (१७) मा पनि व्यवस्था गरिएको पाइन्छ।

जसअनुसार क्रमशः बहुसङ्ख्यक ग्रामीण जनताको हितलाई ध्यानमा राखी ग्रामीण विकासको गतिलाई तीब्रतर बनाउँदै लैजाने नीति राज्यले अवलम्बन गर्ने, राज्यले महिला, दलित, आदिवासी, जनजाति, मधेसी, मुस्लिमलगायत अल्पसङ्ख्यक, भूमिहीन, सुकुमबासी, कमैया, अपाङ्ग, पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द्वपीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने छ भन्ने व्यवस्था छ। त्यस्तै मुक्त कमैयाको सङ्ख्या यकिन गरी उनीहरूको बसोवासको लागि आधारभूत भूमि र रोजगारीको व्यवस्था गर्ने नीति राज्यले अवलम्बन गर्नेछ एवम् वृद्ध, असक्त, महिला तथा बेरोजगारलाई कानुनमा व्यवस्था गरी भत्ता दिने नीति अवलम्बन गर्नेछ भन्ने नीतिगत प्रतिबद्धताहरू गरिएको छ। ती प्रतिबद्धताहरू पनि प्रत्यक्ष वा परोक्षरूपमा खाद्य सम्प्रभुताको अधिकारसँग नै सम्बन्धित रहेको पाइन्छ।

त्यस्तै संविधानको धारा ३६(१) मा उपर्युक्त दायित्व, निर्देशक सिद्धान्त र नीतिहरू कार्यान्वयन भए नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन भनी आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको प्रभावकारी कार्यान्वयनलाई संविधानबाटै फितलो दृष्टिकोण राखेको पाइन्छ तापनि धारा ३६(२) मा यी उल्लेखित सिद्धान्त तथा नीतिको कार्यान्वयन गर्ने आवश्यकतानुसार स्रोत र साधनको परिचालन गर्ने गराउने सङ्कल्प भने लिइएको पाइन्छ। त्यसैले हाम्रो संविधानले यस्ता अधिकारहरूको प्रगतिशील कार्यान्वयन गर्दै जाने तर्फ मात्र दिशाबोध गरेको अवस्था छ। राज्यको आर्थिक स्रोत र साधनको उपलब्धताको आधारमा मात्र यसको प्रभावकारी कार्यान्वयन हुन सक्ने देखिन्छ।

४. विशेष वर्गको संरक्षण र खाद्य सम्प्रभुताको अधिकार

४.१ महिलाको परिप्रेक्ष्यमा

खाद्य अधिकारको बारेमा कुरा गर्दा महिलाहरू जहिले पनि चर्चाको केन्द्रविन्दुमा रहने गर्दछन्। यो वास्तविकता हो कि नेपाल एउटा विकासशील तर गरीब र जनताको निम्न जीवनस्तर भएको मुलुक हो। यी कारणहरूले गर्दा मुलुकलाई खाद्य अधिकारको उल्लङ्घनतर्फ डोऱ्याएको अवस्था पनि छ। फियान (FIAN International)[७९] इन्टरनेशनलमा प्रकाशित एक प्रतिवेदनअनुसार कम्तिमा पनि ४ लाख नेपालीहरू भोकमरी एवम् कुपोषणको समस्याबाट

७९ Food-first Information and Action Network (FIAN) Nepal is a member-based human rights organisation to promote and advocate for the realization of the human right to food in Nepal. *See,*also http://www.fiannepal.org/

ग्रसित छन्। तर पनि गरिबी र अभावको अवस्था हरेक समुदायमा समान छैन। त्यसकारण किन कुपोषणको समस्या महिलाको सबालमा अझ जटिल छ त ? भन्ने प्रश्न उठ्छ। कुनै पनि समाजको विकास गर्न वा आधुनिक बन्न त्यहाँ पहिला महिलाको अवस्थालाई सम्बोधन गरिनु पर्दछ किनभने उनीहरूको उन्नत अवस्थाले नै मुलुकको संस्कृति तथा सभ्यता झल्काउँछ। यो वास्तवमा साँचो कुरा हो। कतिपय अवस्थामा महिलाका अधिकारहरू पुरुषको तुलनामा धेरै नै सिमित मात्रामा प्रचलनमा हुने गर्दछन्। वास्तवमा तिनिहरूको सामाजिक, आर्थिक र राजनीतक अवस्था उनीहरूको खाद्यमा पहुँचसँग सादृस्यता हुन्छ। त्यसकारण पनि महिलाको खाद्य अधिकारलाई उनीहरूको अन्य अधिकारबाट वञ्चित गर्न मिल्दैन। उनीहरू प्राय: सभ्य जीवन, शिक्षा र स्वास्थ्यको अवसरका लागि आफ्ना आधारभूत आर्थिक एवम् सामाजिक अधिकारहरू बिर्सन्छन्। यी यस्ता आधारभूत अधिकारविना महिलालाई आफ्नो क्षमता अभिवृद्धि गर्न, समृद्ध जीवन बिताउन तथा पर्याप्त पोषणको अधिकार प्रयोग गर्नबाट नै वञ्चित हुने अवस्था आउँदछ।

खाद्य सम्प्रभुताको अधिकारसम्बन्धी राष्ट्रसङ्घीय विशेष समाधीक्षक Oliver de Schutter तर्क गर्नुहुन्छ- मानिसहरू भोका हुनुको कारण उनीहरूसँग पर्याप्त खाद्यान्न नभएर होइन। उनीहरू को यो अवस्था आर्थिक एवम् राजनीतिक कारणले गर्दा भएको हो। किनभने उनीहरू आर्थिक एवम् राजनीतिक रूपबाट पछाडि परेका छन्। चाहे प्रकोप होस् वा सामाजिक कुसंस्कारले गर्दा होस् महिलाहरू समाजमा बढी नै पीडित हुन्छन्। उनीहरू परापूर्व कालदेखि नै दबिँदै आएका छन्। नेपाली समाजमा व्याप्त छोराप्रतिको मोहले कतिपय अवस्थामा निर्दोष महिलाहरू भ्रुण अवस्थामा पनि हत्याको शिकार बनिरहेका हुन्छन्। मुलुकी ऐनको ११ औ संशोधन अघिको व्यवस्थालाई हेर्दा पैत्रिक सम्पत्तिमा महिलाको अधिकारका सम्बन्धमा कुनै व्यवस्था गरेको पाइँदैन। अझै पनि विवाहित महिलालाई पैत्रिक सम्पत्ति अधिकारका सम्बन्धमा कुनै प्रष्ट कानुनी व्यवस्था छैन। यस्ता कुराहरूबाट महिलाहरू कतिसम्म अधिकारसम्पन्न छन् भन्ने कुरामा प्रस्ट हुन सकिन्छ। निश्चय पनि उनीहरूले कतिसम्म आफ्नो खाद्य अधिकारको प्रयोग गर्न पाएका छन् भन्ने प्रश्न खडा हुन्छ। अर्को शब्दमा महिलामाथिको भेदभाव उनीहरू जन्मिनासाथै शुरु हुने तथ्यले उनीहरूलाई पर्याप्त खाद्यान्नको अभाव एवम् भोकमरीको शिकार हुन बाध्य तुल्याएको छ।

महिलाको प्रजनन अवस्थासमेतको सन्दर्भमा उनीहरूलाई विशेष पोषणको आवश्यकता पर्दछ। विशेषगरी उत्पादन स्वास्थ्य, गर्भवती अवस्था एवम् बच्चा जन्मिसकेपछिको अवस्था एउटा संवेदनशील अवधि हो। यदि कुनै पनि महिलाले नाबालक एवम् जवान अवस्थामा पर्याप्त खाद्य आहार प्राप्त गर्न सक्दिनन् भने उनका लागि पछि गएर गर्भवती अवस्था एवम् सुत्केरी अवस्थामा समेत शारीरिक तथा स्वास्थ्यको चुनौती हुन सक्दछ।

महिलामा गर्भवती अवस्था एवम् सुत्केरी अवस्थामा यदि कुपोषण देखा पऱ्यो भने त्यसको असरले उनीबाट पैदा हुने बच्चामा समेत शारीरिक एवम् मानसिक समस्या देखा पर्न सक्दछ (३७२)। यो तथ्यबाहेक महिलाहरू अझै पनि लैङ्गिक हिंसा एवम् विभेदहरूका शिकार भइरहेका छन्। यसले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा उनीहरूको खाद्य अधिकारलाई प्रयोग गर्न सकिरहेका छैनन्।

नेपालमा खाद्यान्नको अपर्याप्तता मात्र भोकमरी र कुपोषणको एउटै मात्र कारण नभएर नागरिकहरूको खाद्यान्नमा सहज पहुँच नपुग्नु पनि उत्तिकै जिम्मेवार छ। जब हामी खाद्यान्न आपूर्ति वा वितरणको समानताको कुरा गर्दछौं, आर्थिक समस्या आफ से आफ अगाडि आउँदछ। विश्वको सन्दर्भमा हेर्ने हो भने महिलाहरूले आधा धर्ती ओगटेका छन्। नेपालमा कूल जनसङ्ख्याको ५१.५० प्रतिशत महिला रहेका छन्। यद्यपी यहाँको सन्दर्भमा पारिवारिक निर्णय गर्ने अधिकार एवम् सम्पत्तिको अधिकार सम्बन्धमा महिला र पुरुष बीच ठूलो खाडल रहेको पाइन्छ। राष्ट्रिय जनगणना २०६८ का अनुसार जम्मा ५४,२७,३०२ परिवारमध्ये ७४.२६ प्रतिशत पुरुषहरू निर्णयकर्ता छन् भने जम्मा २५.७५७ प्रतिशत मात्रै महिला निर्णय लिने परिवार छन्। त्यसैगरी जम्मा ५४,२३,२ ९७ सम्पत्ति धनीमध्ये मात्र ५८०७५७ महिलाको आफ्नो जमीन एवम् घरजग्गा छ तर ४३१०५६० को न आफ्नो घर छ न जग्गा।[८०] यहाँ यो पनि उल्लेख गरिएको छ कि भूमि दर्ताको बेला लाग्ने दस्तुरलाई कम गर्ने सरकारको नीतिद्वारा महिलाको भूमिमाथिको स्वामित्वमा धेरै प्रतिशत बृद्धि भएको हो। यसले नेपाली समाजको जटिल चित्रलाई स्पष्ट पारेको छ। यसबाट नेपाली समाजका महिलाको सामाजिक, आर्थिक अवस्थाको सजिलै आँकलन गर्न सकिन्छ, जसको पर्याप्त खाद्यान्न आपूर्ति एवम् खाद्य अधिकारसँग सिधा सम्पर्क रहन्छ।

---

८० *cbs.gov.np/wp-content/uploads/**2012**/11/National%20Report.pdf Nepal* to successfully conduct the *census* amid political transition.... 2008/09 (2065/66 B.S.) to *2012*/13 (B.S.2069/70)

यो पनि भन्ने गरिन्छ कि कहिलेकाहीँ साना साना कुराले पनि ठूलै परिवर्तन आउछ। महिला खाद्य अधिकार प्रयोगका सम्बन्धमा शिक्षाले एउटा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ, जुन विभेदपूर्ण सूचकाङ्ककको एउटा तत्व हो जसले समाजमा महिलाको अवस्था थाहा पाउन मद्दत गर्दछ। राष्ट्रिय जनगणना २०६८ अनुसार जम्माजम्मी ६५.९ प्रतिशत शिक्षित जनसङ्ख्यामध्ये पुरुष साक्षरता दर ७५.१ प्रतिशत छ भने महिला साक्षरता ५७.४ प्रतिशत छ।[८१] यसैगरी धेरैजसो महिला हरू घरधन्दा अर्थात् घरेलु कामकाजमा नै व्यस्त रहेका छन्। पुरुषले भन्दा तुलनात्मकरूपमा महिलाले कामकाजमा बढी समय बिताउने भए पनि रोजगारीका स्तरीय अवसरहरूबाट उनीहरू वञ्चित छन्। अर्को, हाम्रो समाजमा रहेको लैङ्गिक विभेदका कारण महिला र पुरुषलाई समान कामका लागि समान पारिश्रमिक दिइँदैन। यी केही यस्ता तत्वहरू हुन् जसले महिला सशक्तीकरण एवम् महिला र पुरुषको खाद्य स्रोत हरूमा असमान पहुँचको अवस्थालाई प्रभाव पार्दछन्।

यीबाहेक अरु पनि केही यस्ता प्रावधानहरू छन् जसले महिलाको खाद्य अधिकारमा बाधा खडा गरेका छन्। विशेषगरी रजस्वला, गर्भवती एवम् सुत्केरी भएका अवस्थामा झनै उनीहरूलाई पर्याप्त आहार पुगेको हुँदैन। यस्ता कुराले महिलाको स्वास्थ्य तथा खाद्य अधिकारलाई नै चुनौती दिएको छ। नेपालको सुदूरपश्चिम क्षेत्रमा विद्यमान छाउपडी एउटा यस्तो सामाजिक समस्या हो जसले महिलालाई अधिकारबाट वञ्चित गरेको छ।

खाद्यान्न उपलब्धता एवम् सुनिश्चिततामा महिलाले एउटा महत्वपूर्ण भूमिका निर्वाह गर्दछन्। नेपाल श्रम शक्ति सर्वेक्षण २००८ का अनुसार ६९.७ प्रतिशत जनसङ्ख्या निर्वाहमुखी कृषिमा संलग्न छन। जसमध्ये ६८.४ प्रतिशत महिला र ७०.९ प्रतिशत पुरुष रहेका छन्।[८२] जब कि पोषणको पहुँचमा महिला र पुरुषबीच ठूलो खाडल विद्यमान छ। नेपाल अहिले जति नै आधुनिकीकरण तर्फ उन्मुख भए तापनि वा जतिसुकै आर्थिक विकासका कुराहरू गरिए तापनि अझै पनि महिलाको खाद्य अधिकारको सम्मानजनक अनुभूति दिन र यसको सुनिश्चित गर्न राज्य चुकेको छ।

---

८१ *Ibid*
८२ *Ibid*

४.२ बालबालिकाको परिप्रेक्ष्यमा

भनिन्छ कि आजका बालबालिकाहरू भोलिका कर्णधार हुन्। बालबालिकाको आउँदो भविष्यको गुणात्मकताले उनीहरूको सापेक्षित बालापनको अवस्था झल्काउँछ। बच्चाहरू साना हुन्छन् तर उनीहरूका समस्याहरू कहिलै पनि साना हुन सक्दैनन्। हामीकहाँ आज बालबच्चाहरू कुपोषणको प्रस्ट शिकार बनिरहेका छन्। खाद्य तथा कृषि सङ्गठनका अनुसार विश्वमा झण्डै ८७० लाख मानिसहरू वंशाणुगत रूपमै कुपोषित छन्। विकासशील मुलुकहरूमा हरेक वर्ष ६ लाख बालबालिकाको मृत्यु कुपोषण एवम् पौष्टिक तत्वको अभावका कारण हुने गर्दछ। जसअनुसार औसत प्रत्येक पाँच सेकेण्डमा एक जना बच्चाको मृत्यु हुने गर्दछ।[८३]

नेपालमा सम्पूर्ण जनसङ्ख्याको ४१ प्रतिशत बालबालिकाहरू रहेका छन् जसमध्ये आधा प्रतिशत पाँच वर्ष मुनिका बालबालिकाको मृत्यु पौष्टिक आहारको कमीले हुने रोगका कारण हुने गर्दछ। उनीहरू पर्याप्त खाद्यान्नको अभावको शिकार हुने गर्दछन्। जब कि उनीहरूलाई शारीरिक एवम् मानसिक विकासका लागि पर्याप्त पौष्टिक आहारको जरुरत पर्दछ। यसरी बालबच्चाहरू भोकमरी एवम् कुपोषबाट ग्रसित हुनुका पछाडि धेरै कारणहरू छन्। प्रमुख कारणहरूमा गरिबी, बेरोजगारी र भोकमरी नै हुन्। बालबालिका खाद्यान्नका लागि आफ्नो परिवार एवम् बाबुआमासँग आश्रित हुनुपर्ने हुन्छ, त्यसकारण बालबच्चाको हेरचाह गर्ने पक्षको छनौट एवम् क्षमताले बच्चाहरूको खाद्य अधिकारको उपयोगका सम्बन्धमा महत्वपूर्ण प्रभाव पारिरहेको हुन्छ।

नेपाल श्रम शक्ति सर्वेक्षण, २००८ अनुसार नेपाल विश्वको एउटा यस्तो गरिब मुलुक हो जहाँ बेरोजगारीको दर ४६ प्रतिशत रहेको छ। गरिब परिवारहरूको अक्षमता तथा पहुँचको अभावले खाद्यान्न प्राप्तिका साथै बालबच्चाको पोषणको अवस्थामा प्रत्यक्ष प्रभाव पारेको हुन्छ। त्यसकारण यहाँका बालबच्चा प्रौढभन्दा तुलनात्मकरूपमा विभिन्न रोगबाट ग्रसित छन्। पोषणको कमीले मृत्यु हुनेमा डायरिया ६१ प्रतिशत, मलेरिया ५७ प्रतिशत, निमोनिया ५२ प्रतिशत, दादुरा ४५ प्रतिशत बालबालिका रहेका छन्।[८४]

---

८३ http://www.fao.org/worldfoodsituation/en/

८४ Black 2003, Bryce 2005

कुपोषण, पुड्को हुने समस्या तथा अन्य समस्याहरूले सँधै शारीरिक तथा मानसिक असरहरू निम्त्याउँछ। जसमा वौद्धिक विकासमा असर, वृद्धि रोकावट जस्ता कुराहरू पर्दछन्। सिकिस्त कुपोषण कतिपय अवस्थामा वंशाणुगत पनि हुने गर्दछ। यदि आमा कुपोषित छिन् भने उनले जन्म दिने बच्चामा समेत यस्तो असर देखा पर्नु स्वभाविक हुन्छ।

कुनै पनि बच्चाको पोषणयुक्त भविष्य उसको आमाले प्रौढ अवस्था एवम् गर्भावस्थामा प्राप्त गरेको पोषण अवस्थाबाट शुरुवात हुने गर्दछ। बच्चा कम तौलको जन्मनुमा गर्भावस्थामा आमाको स्वास्थ्य एवम् पोषणको हेरचाहमा कमी जस्ता कारणहरू पर्दछन्। भोकमरी प्रतिवेदनअनुसार धेरैजसो अवस्थामा कुपोषित आमाको कारणले गर्दा बच्चाको खाद्य अधिकार ऊ जन्मनुभन्दा पहिला नै उल्लङ्घन भएको हुन्छ। अविकसित देशहरूमा पौष्टिक आहारको कमीले गर्दा प्रत्येक छ जनामा एक जना बच्चा कम तौल भएको् जन्मिने गर्दछ। अझै गर्भावस्थाको कुपोषणले बच्चाको अपरिपक्व मृत्यु हुने, मानसिक एवम् शारीरिक विकासमा रुकावट देखापर्ने, दीर्घकालीन विरामी, उमेरअनुसारको मानसिक एवम् भौतिक विकासमा रुकावट, रोगसँग लड्ने क्षमता कमजोर जस्ता समस्याहरू देखापर्दछन्।

बालश्रम अर्को एउटा प्रमुख कारण हो जसले बालबालिकाका निम्ति भोकमरी र कुपोषण निम्त्याउँछ। गरिबीका कारण कतिपय परिवारहरू दैनिकरूपमा आफू र आफ्नो परिवारका लागि खाद्यान्न जुटाउन सधै सघङ्र्षरत रहन्छन जसमा गरिब बालबालिकाहरू पनि आफ्ना आमाबाबुसँगै काम गर्न बाध्य छन्। चारदेखि पाँच वर्षका बालबच्चाहरू कतिपय अवस्थामा आफ्नो परिवारका लागि खाद्यान्न जुटाउनका लागि काम गरिरहेका हुन्छन्। यो नेपाली समाजको वास्तविकता हो। कतिपय घरेलु कामकाजमा खटिएका बालबच्चाहरू आधा मात्र सुतेर पनि काम गर्दछन्। यस्तो दयनीय अवस्थामा बालबालिका विभिन्न आधारभूत अधिकारबाट वञ्चित हुनु स्वभाविक हो, जसमध्ये खाद्यान्न अधिकार तथा शिक्षाको अधिकारसमेत पर्दछन्।

माओवादी सशस्त्र द्वन्द्वकालमा कतिपय मानिसहरू आफ्नो बासस्थान छाडेर हिँड्न बाध्य भए, जसले महिनौ एवम् वर्षौसम्म विभिद दुःख कस्ट भोग्न र मृत्युवरण गर्न पनि बाध्य भए। माओवादी र सरकार पक्षबीच भएको सशस्त्र सङ्घर्षका कारण वार्षिक १ हजार जनाभन्दा बढी मानिसहरूको मृत्यु भयो। यसबाट कतिपय पीडित समुदायका मानिसहरू विशेषगरी महिला तथा

बालबालिका आधारभूत अधिकारबाट वञ्चित हुन पुगे। अवश्य पनि यसले गर्दा प्रत्यक्ष एवम् अप्रत्यक्षरूपमा कतिपय बालबच्चाहरू हेरचाह तथा खाद्यान्न अधिकारबाट वञ्चित हुनु पर्‍यो। सन् २००४ मा नागरिकहरूको अपहरण एवम् बेपत्ता पार्नेमा नेपालको तथ्याङ्क उच्च रहयो। त्यसबखत नेपालमा कतिपय मानिसहरू माओवादी र सरकारी पक्षबाट अपहरण एवम् बेपत्ता पारिए।

यस्तो सङ्कटपूर्ण अवस्थामा कतिपय बालबालिकाहरूले आफ्ना आमाबाबु गुमाउन बाध्य भए जसले बालबच्चाको खाना, छाना र नानाको पहुँचमा प्रत्यक्ष असर गर्‍यो। त्यसकारण त्यो द्वन्द्वयुक्त परिवेश एउटा यस्तो प्रमुख कारक बन्यो जसले बालबच्चालाई अभाव एवम् दयनीय अवस्थाबाट डोर्‍याउदै कुपोषणसम्म पुर्‍यायो। नतिजास्वरूप उनीहरूको खाद्यान्न अधिकार हनन भयो।

वर्तमान अवस्थामा कतिपय महिलाहरू आफ्नै कारणले गर्दा बालबच्चालाई दूध पिलाउन अनिच्छुक हुन्छन्। बालअधिकारसम्बन्धी महासन्धिको धारा ३ अनुसार "बालबच्चासँगको चासोको विषयमा उनीहरूको प्रमुख चाहना नै प्राथमिक विषय हो।" आफ्नो बालबच्चाको चाहनाका सम्बन्धमा आमाबाबु नै प्रमुख निर्णयकर्ता हुने गर्दछन्। राज्यले बच्चा र आमाबाबुको सम्बन्धमा हस्तक्षेप कुनै असाधारण अवस्थामा मात्र गर्न सक्दछ। यदी कुनै आमाबाबुले बच्चाको चाहना विपरीत गरेको भेटिएमा राज्यले त्यसमा हस्तक्षेप गर्न सक्छ। तर यी कुराहरूले विवादलाई मात्र बढावा दिने गर्दछन्।

निष्कर्षमा, बच्चालाई आमाको दूधबाहेक अन्य खाद्यले अस्वस्थता तथा मृत्युदर बढाउँछ। आमाको दूधमा जस्तो बच्चालाई चाहिने पौष्टिक कुराहरू हुँदैनन्। आमाको दूधले बच्चामा रोग प्रतिरोधात्मक क्षमतासमेत बढाउँछ। एक किसिमले यस्ता कृयाकलापले बच्चाको खाद्य अधिकार उलङ्घन तथा पोषणको अधिकारलाई चुनौती दिइरहेका छन्।

५. विद्यमान कमी कमजोरीहरू

खाद्य तथा कृषि सङ्गठनले नेपालको संविधान निर्माण प्रकृयाको महत्वलाई यस अर्थमा पनि स्वीकार गरेको छ कि आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण प्रत्याभुति नयाँ संविधान लेखनबाटै सम्भव हुनेछ। यद्यपि नेपाल सन्धि ऐन, २०४७ को दफा ९ मा उल्लिखित कानुनी प्रावधानको आधारमा पनि कानुन कार्यान्वयनमा रहेका कमी कमजोरीलाई हटाउन सकिने अवस्था छ। यस परिप्रेक्ष्यमा आगामी संविधानमा निम्नलिखित अधिकारहरूको प्रत्याभूति

कार्यान्वयन योग्यरूपमा गर्न सकिएमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धिले *(ICESCR)* ले प्रदान गरेको आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारअन्तर्गत खाद्य सम्प्रभुताको अधिकारको संरक्षण र संवर्द्धन हुन सक्ने विश्वास खाद्य तथा कृषि सङ्गठनले लिएको छ।

१. समानताको अधिकार (धारा १३)
२. सामाजिक सुरक्षाको अधिकार (धारा १८)
३. महिलाको अधिकार (धारा २५)
४. काम गर्न पाउने अधिकार (धारा ३० (१)

अन्तरिम संविधानमा उल्लिखित उपर्युक्त अधिकारहरूमध्ये कतिपय आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू जसमा खाद्य सम्प्रभुताको अधिकारसमेत समावेश भएको हुन्छ, ती अधिकारहरूको प्रचलन सिधै संविधानको माध्यमबाट नगरी कानुन बनाएर गर्न सकिने भनी संविधानमै उल्लेख गरिएबाट प्रत्याभूत गरिएका अधिकारको प्रभावकारी प्रचलन हुन नसक्ने देखिन्छ जस्तो कि संविधानको धारा १८ (१) मा उल्लिखित रोजगारीको अधिकार धारा १८ (२) मा भएको सामाजिक सुरक्षाको हक, धारा १८ (३) मा भएको खाद्य संम्प्रभुताको हक, धारा ३० (२) मा भएको श्रमसम्बन्धी हक जस्ता हक अधिकारहरू कानुनले व्यवस्था गरेअनुसार हुनेछन् भनी उद्घोष गरिएको देखिन्छ। त्यसैले कानुनले व्यवस्था गरेअनुसार हुनेछन् भनी सशर्त प्रत्याभूत यी अधिकारहरूको प्रचलनमा बन्देज लगाउन सक्ने संभावनाहरूलाई इन्कार गर्न सकिँदैन।

त्यस्तै प्रत्येक नागरिकलाई खाद्य सम्प्रभुताको अधिकार हुनेछ भन्ने संवैधानिक प्रत्याभूति गर्दैमा नागरिकले खाद्य सम्प्रभुताको अधिकार प्रचलन गर्न पाउने अवस्था रहँदैन। प्रथमत: त्यस्तो अधिकारको उपभोग गर्न पाउनलाई कानुनमा उचित व्यवस्था हुनुपर्दछ। दोस्रो, कानुनमा उक्त अधिकारको पूर्ण प्रत्याभूति नगर्दा र कानुनले सिमित मात्रामा अधिकारको प्रयोग गर्न पाउने अवस्था राखेको अवस्थामा पनि ICESCR ले प्रदान गरेका अधिकारहरूको उपभोग जनताले पूर्णरूपमा गर्न पाउने अवस्था रहँदैन। त्यसैले कानुन बनाएर मात्र अधिकारको प्रयोग गर्न पाउने भन्ने अवस्थामा त्यस्तो अधिकार कानुनले सीमित पनि गर्न सक्ने भएकोले वास्तविकरूपमा नागरिकले अधिकारको उपभोग गर्न पाएको हुँदैन। हाम्रो अन्तरिम संविधानको व्यवस्थालाई हेर्दा भोकमरीबाट मुक्ति पाउने अधिकार अधिकारको रूपमा प्रत्याभूत गरेको पाइँदैन भने ICESCR को धारा ११ ले प्रदान गरेको "प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिको

पर्याप्त भोजन, लुगा तथा आवाससमेत आफू स्वस्थ र आफ्नो परिवारको पर्याप्त जीवन स्तरको तथा जीवनावस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दछन्" भन्ने प्रावधानलाई कुनै प्रतिबन्धात्मक वा शर्तात्मक अवस्था उल्लेख नगरी संविधानमा लेखिनु आवश्यक छ। तब मात्र ICESCR का पक्ष राष्ट्रहरूले प्रतिज्ञा गरेको दायित्व निर्वाह गरेको ठहर्छ।

यसैगरी अन्तरिम संविधानमा नागरिकहरूबीच जातजाति, वर्ग, समुदाय पेशा आस्था वा अन्य कुनै आधारमा मौलिक हकको प्रयोगमा बन्देज नलगाइने अवस्था गरेको पाइन्छ। धारा १४ (१) मा यस्तै आधारमा छुवाछूत तथा जातीय भेदभाव नगरिने उल्लेख छ। यदि त्यस्तो भेदभावपूर्ण व्यवहार गरेमा दण्डनीय हुने र पिडितले क्षतिपूर्तिसमेत पाउने कुरा उल्लेख छ। तर त्यस्तो क्षतिपूर्ति कानुनमा उल्लेख भएबमोजिम भर्ने भएकोले उल्लिखित अधिकारको प्रभावकारी कार्यन्वयन हुन सक्ने अवस्था देखिँदैन।

संविधानको धारा १९ (३) मा वैज्ञानिक भूमिसुधार लागु गर्दा राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकारको सृजना गर्दा कानुनद्वारा निर्धारण गरिएको आधार र कार्यप्रणालीअनुसार हुने भन्ने व्यवस्था गरेको पाइन्छ। त्यस्तै धारा २२ (३)मा बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण विरुद्धको हक हुने, त्यस्तो शोषणजन्य कार्य दण्डनीय हुने र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति दिईने छ भन्ने उल्लेख छ। तर उपर्युक्तअनुसार कानुनमा उल्लेख भएबमोजिम भन्ने संवैधानिक व्यवस्था अधिकारको पूर्ण प्रत्याभूतिको लागि अपर्याप्त छ र त्यस्तो क्षतिपूर्तिको सम्बन्धमा संविधानमा नै प्रत्यक्ष उल्लेख गरेको खण्डमा मात्र वास्तविकरूपमा अधिकारको उपभोग गर्न पाउने अवस्था रहन्छ।

यसरी संविधानमा व्यवस्थित निर्देशात्मक सिद्धान्तको कार्यान्वयनको कमजोर पक्ष पनि एउटा छलफलको विषय हो। हाम्रो अन्तरिम संविधानको मौलिक हकअन्तर्गत प्रत्याभूत गरिएका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू एकातर्फ कानुन बनाएर लागू गर्न सकिने भनी भविष्यदर्शी प्रचलनीय हकको रूपमा प्रत्याभूत गरिएको अवस्था छ भने अर्कोतर्फ राज्यको निर्देशक सिद्धान्तअर्न्तगत राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीतिहरूअर्न्तगत व्यवस्थित आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको कार्यन्वयन सिधै गर्न सकिने अवस्था रहँदैन। अझै अगाडि आएर संविधानको धारा ३६ मा यी

प्रावधानहरूको पूर्ण वा आंशिक कार्यन्वयन भए नभएको कुनै पनि विषयमा कुनै पनि अदालतमा प्रश्न उठाइने छैन भन्ने उल्लेख भएको हुँदा यी अधिकारहरू केवल देखाउने प्रयोजनका लागि मात्र हुन की भन्ने प्रष्ट छ।

जनताको खान पाउने अधिकार र भोक विरुद्धको अधिकारको सम्मान गर्दै नेपाल सरकारले तीन वर्षीय अन्तरिम योजनामा खाद्य तथा पोषण सुरक्षाको सबै पक्षहरूलाई समन्वयात्मकरूपमा सबल पार्दै प्रत्येक व्यक्तिको खाद्य सम्प्रभूतासम्बन्धी अधिकार सुनिश्चित गर्ने गरी कार्यक्रम निर्धारण गरी कार्यन्वयन गर्न विशेष व्यवस्था गरेको छ। नेपाल खाद्य संस्थान मार्फत दुर्गम जिल्लाहरूमा खाद्यान्न बिक्री वितरण गर्ने कार्यक्रमसमेत सो योजनामा उल्लिखित छ। यसरी नै नेपाल सरकारले आ.व.२०६५/२०६६ को बजेट वक्तव्य मार्फत स्थानीय खाद्यान्न उत्पादनले वर्षभरि सबै बासिन्दालाई खान नपरुने दुर्गम पहाडी जिल्लाहरूमा नेपाल खाद्य सस्थानको खाद्यान्न भण्डारण क्षमता बढाई ढुवानी कार्यतालिकाबमोजिम प्रभावकारीरूपमा आपूर्ति गराउने व्यवस्था गर्ने र खाद्य सस्थानको व्यवस्थापनमा सुधार गर्ने कार्यक्रम प्रस्तुत गरेको छ। त्यस्तो आपतकालीन अवस्थामा खाद्य सुरक्षाका लागि खाद्यान्न गोदामहरूको हालको अवस्थिति र अवस्थाको मूल्याङ्कन गरी नयाँ आधुनिक गोदामहरूको निर्माण गर्ने कार्ययोजना र खाका र लागत अनुमान गर्ने तथा आधुनिक खाद्यान्न गोदामहरू चरणबद्धरूपमा निमार्ण गर्ने नीति लिएको छ। खाद्यान्नलगायत अत्यावश्यक सामग्रीहरूको ढुवानी सुचारु गर्न र ढुवानी लागत कम गर्न राष्ट्रिय लोकमार्ग तथा सहायक मार्गहरूमा कुनै पनि किसिमको अवरोध गर्न नपाउने व्यवस्था गरिएको छ।

आठ परिच्छेद

खाद्य अधिकारसम्बन्धी विधिशास्त्र

१. न्यायिक निरूपण

खाद्यको अधिकार अपरिहार्य मानवअधिकार हो भन्ने सिद्धान्त भए पनि सबै राष्ट्रले यसको न्यायिक परीक्षणको सिद्धान्तलाई स्वीकार गरेको पाइँदैन। तर अर्कोतिर थुप्रै मुलुकहरूले यो अधिकारलाई न्यायमा पहुँचको अधिकारसँग आबद्ध गरेर मान्यता दिएको अवस्था पनि छ। ICESCR को धारा ११ मा उल्लिखित यस अधिकारको सम्बन्धमा केही मुलुकहरूको न्यायिक अभ्यासबारे अध्ययन गरिनु वाञ्छनीय देखिन्छ। यस परिच्छेदमा स्वीजरल्याण्ड, भारत दक्षिण अफ्रिकामा खाद्यको अधिकारका सम्बन्धमा गरिएका व्याख्याहरू उल्लेख गरिएको छ। यी मुलुकहरूमा अदालतबाट संवैधानिक प्रावधानका समानता र जीवनको अधिकारलाई खाद्य अधिकारको व्याख्यामा प्रयोग गरिएको छ। जुन निम्नबमोजिम छ:

१.१ स्वीजरल्याण्ड

मानवअधिकारका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय दस्तवेजहरूले व्यवस्था गरेको **खासगरी** ICESCR को औपचारिक व्यवस्थालाई विश्वका अधिकांश राष्ट्रहरूले औपचारिक मान्यता दिएका छन्। ICESCR समितिले खाद्यको अधिकारलाई आन्तरिक कानुनमा प्रत्यक्ष लागु गर्नुपर्ने भन्ने व्याख्या गरेको छ।[८५] तर दुर्भाग्य भन्नुपर्छ व्यवहारमा यस्तो हुन सकेको छैन। बहुसङ्ख्यक राष्ट्रहरूले उपयुक्त अन्तर्राष्ट्रिय कानुनी व्यवस्थालाई प्रत्यक्षरूपमा लागु गर्न सकिने गरी मान्यता प्रदान गरेको पाइँदैन। यस्तो वातावरण स्वीजरल्याण्डको न्यायिक सिद्धान्त हेर्दा स्पष्ट हुन्छ। त्यहाँको उच्च राजनीतिक र न्यायिक निकायबाट ICESCR

---

८५ 210 Committee, General Comment 9. The domestic application of the Convenant (3 December 1998), Doc.U.N.E/C.12/1998/24,Paragraphs 2,7.

को प्रावधानलाई सिधै लागु गर्न नसकिने भनी व्याख्या गरेको पाइन्छ।[८६] यस सम्बन्धमा Swiss Federal Supreme Court ले निम्नानुसार व्याख्या गरेको पाइन्छ:

"कानुन शास्त्रीय मान्यताअनुसार कुनै पनि मान्यता तव मात्र लागु गर्न योग्य हुन्छ जब त्यो पूर्णत: विवाद रहित र सारभूतरूपमा स्पष्ट छ। जसलाई ठोस निर्णयको आधार बनाउन सकिने अवस्था रहन्छ। यसको बदलामा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रमा प्रत्याभूत प्रावधानहरू जुन सामान्य नागरिक तथा राजनीतिक अधिकारको रूपमा राखिएका छन्। ती प्रावधानहरू राज्यले हासिल गर्ने विविध क्षेत्रको उपलब्धि मध्येको एउटा दिशा निर्देश मात्र हुन्। राज्यको बृहत् उद्धेश्य प्राप्तिका लागि तिनले एउटा विस्तृत दायरा पाउने मध्यम मात्र बन्न सक्तछन्। तिनले कुनै सिमित अपेक्षा मात्र पूरा गर्ने गरी प्रत्यक्ष लागु गर्न सकिने चरित्र भएको मान्यताको रूपमा तिनलाई मान्यता दिन सकिँदैन।[८७]

यद्यपि स्वीजरल्याड ICESCR लाई सिधै लागु गर्ने राष्ट्रको समूहमा पर्दछ तापनि त्यहाँको सङ्घीय सर्वोच्च अदालतले मानव मर्यादाको आधारमा खाद्य अधिकारको सुरक्षाको लागि उपयुक्त विधिशास्त्रीय अवधारणा भने स्थापित गरेको पाइन्छ। अदालतबाट यी अधिकारहरूले सन् १९९५ मा प्रारम्भिकरूपमा मान्यता पाएका थिए। यससम्बन्धी एउटा मुद्दामा भएको निर्णय महत्वपूर्ण छ। जसअनुसार चेकोस्लाभियाबाट शरणार्थीको रूपमा स्वीजरल्याड छिरेका तीन जना गैरकानुनी आप्रवासीहरू जसको साथमा कुनै खाना र रकमको पूर्णत: अभाव रहेको थियो, उनीहरूको सम्बन्धमा अदालतले एउटा महत्वपूर्ण व्याख्या गरको थियो[८८] त्यहाँ ती तीनजना व्यक्तिलाई काम गर्ने अनुमति पनि थिएन। उनीहरूसँग कुनै वैध कागजातहरू नभएकोले देश छाड्न सक्ने अवस्था

---

८६ This position was expressed by the Federal Council upom Switzerland's ratification of the ICESCR and by the higest political authorities of the Netherlands at the time of that country's ratification of the instrument. See in particular VLEMMIX,F, "The Netherlands and the ICESCR: Why didst thou promise such a Beauteous Day ?" in COOMANS,F(ed.)2006.PP.43-65.

८७ 212 Federal Supreme Court, T. v. Neuchatel County Compensation Bank and Admistrative Court, Neuchatel,ATF 121 V 246, Judgement, 20 July 1995,P.249.

८८ 243 Federal Supreme Court, V. gegen Einwohnergemeinde X. Regierungsrat des Kantons Bern, 1995.

पनि थिएन। जीवनको अधिकार सुरक्षाको निम्ति उनीहरू बेमा काउन्टीमा सहायता माग गर्दै निवेदन गर्न पुगे। तर सरकारी अधिकारीहरूबाट त्यस्तो सहायता उपलब्ध गराउन इन्कार गरियो। त्यसपछि उनीहरूले सङ्घीय सर्वोच्च अदालतमा रिट निवेदन दिए। अदालतले उनीहरू विपतमा परेका विदेशी नागरिक भएको भन्ने आधारमा जीवनको न्यूनतम अधिकारको संरक्षण गर्नु सरकारको कर्तव्य हुने भनी आदेश दियो। त्यसको एक वर्षपछि अदालतबाट उक्त कानुनी सिद्धान्तलाई शरणार्थीको रूपमा आवेदन गरिरहेका व्यक्तिहरूलाई सामाजिक सहयोग दिनु राज्यको कर्तव्य हुने भनी आफै परिमार्जित गरियो र हाल आएर rejected Asylleeman Seekers लाई अत्यावश्यकीय सहायता उपलब्ध गराउनु राज्यको प्रथम दायित्व रहने[८९] भनी व्याख्या गरेको पाइन्छ। अझै यस्तोमा यदि आफूलाई निष्कासन गर्ने राज्यको प्रकृयामा असहयोगी रहेका व्यक्तिले समेत यो अधिकारबाट वञ्चित हुन नहुने भनी व्याख्या गरिएको छ।[९०] तसर्थ स्वीस भूगोल भित्र रहने प्रत्येक व्यक्तिले उनीहरूलाई जस्तोसुकै अवस्था भए पनि खाद्यको अधिकारको पूर्ण प्रत्याभूति पाउने व्याख्या भएको छ। यसैगरी सो अधिकारको क्षेत्र र उद्देश्य व्यक्तिको मर्यादित जीवनको न्यूनतम मापदण्डलाई सम्मान गर्ने गरी व्यवस्थापन गरिनुपर्ने अदालतको दृष्टिकोण रहेको छ।[९१]

तर सर्वोच्च अदालतको उपर्युक्त व्याख्याबाट व्यावहारिक समस्याको सम्पूर्ण समाधान निकाल्न भने सकिने अवस्था देखिँदैन। केवल अदालतसमक्ष निवेदन लिई आउने व्यक्तिको हकमा मात्र उपर्युक्त व्याख्या सान्दर्भिक देखिन आउँछ। सन् १९९५ देखि शरणार्थीले वञ्चित गर्ने कानुन लागु भएको र त्यसले व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको उल्लङ्घन गरेको अवस्था भए पनि सङ्घीय सर्वोच्च अदालतलाई त्यस्तो कानुन अवैध घोषित गर्ने अधिकार छैन। तथापि जुन समय (सन् १९९५) मा न्यायमूर्तिहरूले जीवनको न्यूनतम आवश्यकताको कानुनी व्याख्या गर्ने साहश गरे, सो अवधिमा संविधानमा उक्त अधिकारको उल्लेख नै भएको थिएन। त्यसैले अदालतको सो व्याख्या

---

८९ 244 Federal Supreme Court, B gegen Regierung des Kantons St.Gallen, 1996.

९० 245 Federal Supreme Court, X.gegen Department des Innern soqie Verwaltungsgericht des Kantons Solothurn, 2005.

९१ 246 Federal Supreme Court, X.gegem Sozialhilfekommission der Stadt Schaffhausen und Department des Innern sowie Obergericht des Kantos Schaffhausen,2004.

अधिकारको पक्षमा सक्रिय भूमिका निर्वाह गर्न सक्ने उत्कर्ष निर्विवादरूपमा स्थापित गरेको छ। तसर्थ स्वीस सङ्घीय सर्वोच्च अदालतले व्यक्तिको जीवनको न्यूनतम आवश्यकताको सन्दर्भमा *'अलिखित सङ्घीय संवैधानिक अधिकार'*को रूपमा गाँस, बास र कपासको आवश्यकता रहने र राज्यले त्यसलाई पूरा गर्नु पर्ने दायित्व हुने भनी सम्मानित जीवन जीउन पाउने हकको प्रत्याभूति व्याख्याको माध्यामबाट गरेको पाइन्छ।[९३]

सर्वोच्च अदालतको उपर्युक्त व्याख्यापश्चात् स्वीजरल्याण्डमा सन् १९९९ मा आएर संविधानको धारा १२ मा प्रत्यक्षत: उक्त अधिकारलाई समावश गरिएको छ।

यसरी अदालतले व्यक्तिको सम्मानित जीवनको अधिकारप्रति संवेदनशीलता देखाई व्याख्या गर्न सकेको खण्डमा राजनीतिक तहमा त्यसले मान्यता प्राप्त गरी त्यस्ता प्रावधानहरू संविधानमा नै समावेश गर्न सकिने स्वीजरल्याण्डको जस्तो उदाहरण विश्वमा अन्य मुलुकको न्यायप्रणालीको लागि समेत शिक्षाप्रद् हुन गएको छ। कुनै पनि प्रजातान्त्रिक राष्ट्रको लागि यो सिद्धान्तको वैधताबारे प्रश्न उठाउने ठाँउ रहँदैन। विद्धान M. Borghi पनि यस मतसँग सहमत रहेको पाइन्छ।[९३] यदि राष्ट्रहरूले यस सिद्धान्तलाई अङ्गीकार गर्ने हो भने खाद्य अधिकारको प्रत्याभूति गर्नमा आधारभूत कानुनी संरक्षण प्राप्त हुने तथ्यमा विवाद रहँदैन।

१.२ भारत

विश्वमा सबै राष्ट्रहरूले आफ्नो सविधानमा जीवनको अधिकारलाई संरक्षण गरेको पाइन्छ। भारतीय न्यायमूर्तिहरूले *'सम्मानपूर्वक बाँच्न पाउने अधिकार'*को रूपमा यसलाई अझै दृढतापूर्वक व्याख्या गरेको पाइन्छ। खासगरी समाजका सबैभन्दा गरिब र पिछडिएका वर्गको हितमा[९४] यस्तो व्याख्या गरिएको पाइन्छ। भारतीय सर्वोच्च अदालतले खास गरीकन परम्परागत माछा मार्ने

---

९३ 247 Federal Supreme Court, V. gegen Einwohnergemeinde X. und Regierungsrat des Kantons Bern, 1995.

९३ 248 BORGHI,M "The Juridical Interation between the Right to Food and the Code of Conduct, a Symbiosis?" in BORGHI,M,POSTIGLIONE BLOMME STEIN,L(eds.),2002,pp.230-239

९४ 233 MURALIDHAR, S "Judicial Enforcement of Economic and Social Rights: the Indian Scenario" in COOMANS,F (ed.),2006, pp.237-267

व्यवसायको समुद्रसम्मको पहुँचको अधिकार र स्थानीय किसानहरूको जमीन र पानीको स्रोतमा पहुँचको अधिकारले कुनै पनि उद्योग कलकारखानाको स्थापनाबाट वञ्चित गर्न नपाइने व्यवस्था गरेको छ।[९५] आदिवासी जनजातिहरूको अधिकारहरूलाई सीमित गर्ने गरी प्राइभेट कम्पनीहरूले कुनै पनि कार्य गर्न नपाउने गरी अदालतले व्याख्या गरेको छ।[९६] भारतमा खाद्यको अधिकार सुरक्षित गर्ने सम्बन्धमा सबैभन्दा महत्वपूर्ण मुद्दा Peple 's Union For Civil Liberties हो जसमा सन् २००१ देखि भारत सरकारले विपन्न वर्गलाई वितरण गर्दै खाद्य समग्रीको नियमिकरणका सर्न्दभमा क्रमबद्ध समाधानसहितको व्याख्या गर्दै आएको छ।[९७]

भारतमा २० करोड मानिसहरू पोषणयुक्त खानाको कमीबाट पीडित छन्। जसमा महिला, बालबालिका, दलित र ग्रामीण क्षेत्रमा बस्ने आदिवासी जनजातिहरू पर्दछन्।[९८] भारतमा प्रत्येक वर्ष झण्डै २० लाख बालबालिकाको कुपोषण र कुपोषणजन्य रोगको करणबाट मृत्यु हुने गदर्छ।[९९] यो विषयलाई सर्वप्रथम भारतको पुरानो मानवअधिकार संस्था पिपुल्स युनियन फोर सिभिल लिबर्टिज जसको समाजवादी नेता जयप्रकाश नारायणले स्थापना गरेका थिए ले भारतको सर्वोच्च अदालतमा रिट निवेदन गरेको थियो।सन् २००१ मा सर्वोच्च अदालतले सार्वजनिक सरोकारको निवेदनमार्फत यस विषयलाई सम्बोधन गर्ने तत्परता देखायो। खासगरी राजस्थानको विपन्न समुदायमा खाद्य अल्पताको कारणबाट पीडित मानिसहरूको खाद्य सम्प्रभुताको अधिकारको संरक्षणका लीग उक्त न्यायिक सक्रियता महत्वपूर्ण रहेको छ। ती समुदायका ठूलो सङ्ख्यामा मानिसहरू भोकमरीबाट मृत्यु भइरहँदा समेत र केही कि. मि. को दूरीमा खाद्य वितरण केन्द्र रहँदा समेत सरकारको तर्फबाट कुनै राहत पुऱ्याइएको देखिएन।[१००] सर्वोच्च अदालतले यसै विषयमा परेको रिट निवेदनमा संविधानको

९५ 234 India, Supreme Court, S.Jaganath Vs Union of India and Ors, 1996.

९६ 235 India , Supreme Court Samatha Vs State of Andhra Pradesh and Ors 1997.

९७ 236 India, Supreme Court, People's Union for Civil Liberties Vs Union of India & Ors,2001.

९८ 237 FAO, The Stat of Food Insecurity in the World , p.12.

९९ 238 Commission, The right to food. Report of the Special Rapporteur on the right to food, Jean Ziegler. Addendum. Mission to India (20 March 2006) , Do c.U.N.E/CN.4/2006/44/Add.2, Paragraph 7.

१०० GONSALVES,C, "The Spectre of Starving India" in BORGHI, M, POSTIGLIONE BLOMMESTEIN L(eds.), 2006,pp. 179- 197.

धारा ४७ मा उल्लिखित जीवनको अधिकारअन्तर्गत खाद्य अधिकारसमेत पर्दछ भनी व्याख्या गरेको छ। जुन अधिकारको प्रचलनका लागि राज्यले नागरिकलाई पौष्टिक आहार उपलब्ध गराउन उपयुक्त कदम लिनुपर्ने दायित्व रहन्छ। यसको कार्यान्वयनका लागि अदालतले भारत सरकारलाई थुप्रै निर्देशात्मक आदेशसमेत जारी गरेको पाइन्छ।[१०१]

यसप्रकार खाद्य वितरण कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सर्वोच्च अदालतले राज्य सरकारको नाउँमा उक्त सुविधा प्रदान गरिनुपर्ने र खाद्य आवश्यक पर्ने उपयुक्त व्यक्ति तथा समुदायको पहिचान गर्न समेत आदेश दिएको छ। राज्यका राजनीतिक निकायले यस्तो समस्या सम्बोधन गर्न अघि सारेका तत्कालीन कार्यक्रम अपर्याप्त भएको ठहर गर्दै अदालतले अन्य आवाश्यक कदमहरू निर्धारण र लागु गर्न निर्देश गरेको छ।

सर्वोच्च अदालतबाट भएको उक्त आदेश कार्यान्वनयको प्रत्याभूतिका निम्ति भारतका विभिन्न राज्यले अपनाउनुपर्ने कार्यक्रमसहितको मस्यौदा प्रतिवेदन तयार गर्न दुईटा प्रतिनिधि समिति बनाउने समेत उल्लेख छ। उक्त समितितर्फ सो समितिले निकालेको निस्कर्ष भारतको खाद्य वितरण केन्द्रमा प्रकाशित गर्ने र खाद्य सुरक्षा पाउने व्यक्तिहरूको सूची तयार पारी सञ्चार माध्यमबाट व्यापकरूपमा सुसूचित गराउने कार्यादेशसमेत समितिलाई प्रदान गरिएको थियो।

शुरुमा उक्त आदेशको कार्यान्वयनमा निकै कठिनाइहरू आए। तर अदालतको महत्वपूर्ण आदेशको माध्यमबाट भारतमा खाद्य सम्प्रभुताको अधिकारसम्बन्धी प्रस्तुत विषयले अत्यन्त प्रभावकारी वातावरण तयार पार्न सहयोग गऱ्यो। भारतीय प्रशासन यन्त्रले झन खाद्य वितरण कार्यक्रम नै स्थगन गर्ने सोच राखिरहेको परिप्रेक्ष्यमा खाद्य अल्पताबाट पीडित करोडौ भारतीय नागरिकहरूको खाद्य अधिकारको संरक्षणका निम्ति उक्त आदेशको कार्यान्वयन कोसेढुङ्गा नै सवित भयो।[१०२] अझै महत्वपूर्ण त के रह्यो भने सर्वोच्च अदालतको उक्त निस्कर्ष खाद्य अधिकार एउटा न्यायिक निरोपण गर्न सकिने अधिकार (Justiciable Right)को रूपमा प्रमाणित भयो र सो अधिकारका

---

१०१ India, Supreme Court, People's Union for Civil Liberties Vs Union of India & Ors, 2001. All case documents are available at www.righttofoodindia.org.

१०२ GONSALVES,C, "Reflections on the Indian Experience " in SQUIRES,J,LANGFORM,M,THIELE,B,2005,pp. 177-182

उपभोक्ताले राज्यबाट आफ्नो अधिकार प्राप्त गर्न पाउने र राज्यले आफ्नो दायित्व पूरा गर्ने अवस्थासमेत मिल्यो। साथै यसबाट न्यायमूर्तिले व्याख्या गरेर नागरिकको अधिकार संरक्षित गर्न सक्ने तथा यसमा अदालतले संरक्षकको भूमिका निर्वाह गर्न सक्दछ भन्ने उदाहरण प्रस्तुत भएको छ।[१०३]

१.३ दक्षिण अफ्रिका

दक्षिण अफ्रिकी संविधानमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको व्याख्या छ। यसको प्रमुख उद्देश्य भनेको जातिभेदी शासनको समयमा संस्थागत रूप लिएका आर्थिक, सामाजिक, सांस्कृतिक विभेदहरूलाई समाप्त पार्नु नै हो। यस क्षेत्रमा स्थापित कानुनी सिद्धान्तहरूले यसको अझै बढी महत्व बढाएको छ। (220)[१०४] सन् २००७ मा दक्षिण अफ्रिकी न्यायप्रणालीमा आवास र स्वास्थ्यको अधिकारमा क्रमबद्ध न्यायिक निर्णयहरू भएको पाइन्छ। पहिलो पटक यसै अवधिमा खाद्यको अधिकारलाई अझै विस्तृत र प्रभावकारी तवरले संरक्षण गर्ने प्रयासहरू थालिएको पाइन्छ।

सर्वप्रथम सन् १९९८ मा परम्परागत मुछुवा समुदायको अधिकारलाई संरक्षण गर्ने क्रममा समुद्री स्रोतहरूको व्यवस्थापनसम्बन्धी कानुन (Marine Living Recource Act) पारित भयो। केप अफ गुड होम नामको प्रान्तमा (Cape of Good Hope) यो कानुनअनुसार माछा व्यवसाय सञ्चालन गर्न सकिने संपूर्ण स्रोतहरूको व्यावसायिक प्रमाणपत्रका लागि कोटा निर्धारण गरियो। तर परम्परागत माछा मार्ने पेशामा संलग्न समुदायका लागि कानुनले अनदेखा गऱ्यो। यसरी परम्परागत पेशाका मानिसलाई पाखा राखेर अन्य व्यावसायीलाई माछा मार्ने प्रमाणपत्र दिने पद्धतिबाट परम्परागत मछुवाहरूले आफ्नो रोजगारी गुमाए। उनीहरू समुद्रसम्मको पहँचको अधिकारबाट वञ्चित हुन पुगे। परिमाणस्वरूप उनीहरूको पौष्टिक आहारमा ठूलो गिरावट आयो।

यसै क्रममा सन् २००७ मा विकास संस्थाहरूको सहयोगमा खाद्य अधिकारको उल्लङ्घनलाई लिएर थुप्रै याचिकाहरू उच्च न्यायालयमा दायर

---

१०३ Human Right Law Network , Food Security & Judicial Activism in India, New Delhi, Human Right Law Network, 2007.

१०४ 220 LEEBENBERG,S, "Enforcing Positive Socio-Economics Right Claims: The South African Model of Reasonableness Review" in SQUIRES,J,LANG FORD,M,THIELE,B,2005,PP.73-88

गरियो। संयुक्त राष्ट्रसङ्घीय खाद्य अधिकारसम्बन्धी विशेष समाधीक्षक जे जिग्लरले यस सम्बन्धमा अदालतमा एउटा प्रतिवेदन नै पेश गरेका थिए। महिनौं सम्मको छलफलबाट मछुवा समुदाय र वातावरण तथा पर्यटन मन्त्रालय एउटा उपयुक्त सम्झौतामा पुगे। सो सम्झौता (Agreement) अनुसार आफ्नो जीविकाको प्राथमिक माध्यमको रूपमा ऐतिहासिकरूपमा निर्भर माछा मार्ने व्यवसाय अपनाइरहेका परम्परागत मछुवा समुदायका १ हजार जना मछुवाहरूले माछा मार्ने र बिक्री गर्न अधिकारको प्रमाणीकरण पाउने भए।[१०५] यदि सो सम्झौता उल्लङ्घन भएमा मछुवाहरूले तोकिएको निकायमा निवेदन गर्न पाउने कुरालाई अदालतले अनुमोदन गरिदियो।[१०६] साथै अदालतले सरकारको नाउँमा यस सम्बन्धमा आवश्यक नीतिसहित परम्परागत मछुवा समुदायहरूको अधिकारको संरक्षण हुने गरी नयाँ कानुन बनाउनसमेत निर्देशन गरेको थियो।

---

१०५ 222 South Africa, High Court,Kenneth Grorge and Others v. Minister of Environmental Affairs & Tourism, 2007.par. 1-7

१०६ 223 South Africa, High Court, Kenneth George and Others v. Minister of Environmental Affairs & Tourism, 2007, par. 12.

नौ परिच्छेद

नेपालको सन्दर्भमा खाद्य अधिकार र राज्यको दायित्व

१. राज्यको सकारात्मक कदम

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८ (३) र धारा ३६ ले खाद्य सम्प्रभुतालाई आधारभूत अधिकारको रूपमा प्रत्याभूत गरेको छ। यसैगरी संविधानको निर्देशक सिद्धान्तले समेत खाद्य सम्प्रभुतालाई सुनिश्चित गरेको छ। यसैगरी धारा ३५ (१०) ले खाद्य सुरक्षालाई सामाजिक र आर्थिकरूपमा पिछडिएका नेपाली जनताको उत्थान गर्ने राज्यको नीति रहने भन्ने कुरा उल्लेख गरेको छ। अन्तरिम संविधानमा कानुनद्वारा व्यवस्था गर्न सकिने गरी यी अधिकारहरू प्रदान गरिएको भनेर उल्लेख भएको हुनाले खाद्य सम्प्रभुताको अधिकार लागु गर्नको लागि केही कठिनाइ छन् र त्यसले खाद्य सम्प्रभुतालाई कानुनी दायरामा मात्र सीमित गरेको छ।

यस सम्बन्धमा सर्वोच्च अदालतले महत्वपूर्ण फैसला गरी खाद्य सम्प्रभुताको अधिकारलाई आधारभूत अधिकारको रूपमा उल्लेख गरेको छ। यसैगरी अदालतले सरकारी अधिकारीको दायित्व खाद्य वस्तुको सहज र सुलभ आपुर्ति गर्नमा हुनुपर्ने भनी जोड दिएको छ। यसलाई खाद्य अधिकारको सम्मान, राज्यको न्यायिक अंगबाट चालिएको सकारात्मक कदम र खाद्य सुरक्षा प्राप्तिका लागि चालिएको सरकारको एउटा उल्लेखनीय कदमको रूपमा समेत लिन सकिन्छ। अझै अदालतले खाद्य अधिकार र अरु मानवअधिकारहरू जस्तै: रोजगारी, सामाजिक सुरक्षा र आधारभूत आवश्यकता बीचको सम्बन्धलाई उजागर गरेको छ र प्रगतिशील अनुभूतिको लागि सरकारलाई जिम्मेवार ठहराएको छ। तर न्यायिक निर्णयमा अन्तरिम संविधानमा खाद्य सम्प्रभुताको अधिकार सम्बन्धमा उल्लेख भएको कानुनद्वारा प्रदान गरिएको भन्ने वाक्यांशलाई प्रष्टाउन चुकेको देखिन्छ।

नेपालको अन्तरिम संविधानको धारा ३३ मा राज्यको दायित्वको सम्बन्धमा उल्लेख छ। यी दायित्वहरू राज्यको तर्फबाट पूरा गर्ने क्रममा खाद्य सम्प्रभुताको अधिकार पनि संरक्षित हुने अवसर सिर्जना हुन्छ। संविधानको धारा ३३(घ) मा राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुन:संरचना गर्ने प्रतिज्ञा गरिएको पाइन्छ।[१०६] उक्त प्रतिज्ञा पूरा गर्न वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिबासी, जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय एवम पिछडिएका क्षेत्रलगायतका समस्याहरूलाई सम्बोधन गर्नुपर्ने तथ्यलाई हृदयङ्गम गरिएको पाईन्छ।

यसका अतिरिक्त सामन्तवादका सबै रूपहरूको अन्त्य गर्ने आर्थिक सामाजिक रूपान्तरणको न्यूनतम साझा कार्यक्रम तय गरी लागु गर्दै जान[१०८] र सामन्ती भू-स्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अवलम्बन गर्ने[१०९] को दायित्व राज्यले लिनु पर्ने संवैधानिक व्यवस्था गरिएको पाइन्छ। त्यस्तै राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्धन गर्ने नीति अनुशरण गर्ने[११०] तथा शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सम्प्रभुतामा सबै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने[१११] जस्ता जनताको बृहत्तर हितसँग सम्बन्धित दायित्व पनि राज्यको रहने छ भनी उद्घोष गरिएको पाइन्छ।

सुकुमबासी, कमैया, हलिया, हरवा, चरवालगायतका आर्थिक सामाजिक रूपले पछाडि परेको वर्गलाई जग्गालगायत आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने[११२] संवैधानिक व्यवस्था, देशको आर्थिक सामाजिक रूपान्तरण एवम् न्यायका साथै देशलाई छिटो समुन्नत र आर्थिक रूपले समृद्धशाली बनाउन एक साझा विकासको अवधारणा निर्माण गर्ने[११३] संवैधानिक व्यवस्था, सबै विभेदकारी कानुनको अन्त्य गर्ने[११४] तथा राज्य पक्ष भएको सन्धि

---

१०६ नेपालको अन्तरिम संविधान, २०६३, धारा ३३(घ)

१०८ ऐ ऐ धारा ३३ (ङ)

१०९ ऐ ऐ धारा ३३ (च)

११० ऐ ऐ धारा ३३(छ)

१११ ऐ ऐ धारा ३३(ज)

११२ ऐ ऐ धारा ३३(झ)

११३ ऐ ऐ धारा ३३(ञ)

११४ ऐ ऐ धारा ३३(ढ)

सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने[११५] संवैधानिक व्यवस्था जस्ता खाद्य सम्प्रभुताको अधिकारको प्रभावकारी कार्यान्वयनसँग सम्बन्धित विषयहरूसमेत राज्यको दायित्वअन्तर्गत संविधानमा समेटिएको पाइन्छ।

हाम्रो अन्तरिम संविधानमा खाद्य सम्प्रभुताको अधिकारसँग सम्बन्धित अरु थुप्रै संवैधानिक व्यवस्था राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरूमा समेटिएको पाइन्छ। संविधानको धारा ३४(५)अन्तर्गत सबै किसिमको आर्थिक एवम् सामाजिक असमानता हटाई विभिन्न जात, जाति, धर्म, भाषा, वर्ण, सुमदाय र सम्प्रदायका बीच सामाञ्जस्य स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य तोकिएको छ।

त्यस्तै राज्यका नीतिहरूअन्तर्गत धारा ३५(१) मा देशको सन्तुलित विकासका लागि आर्थिक लगानीको न्यायोचित वितरण गरी जनसाधारणको जीवनस्तर वृद्धि गर्ने नीति राज्यले अवलम्बन गर्नेछ भन्ने उल्लेख छ। त्यस्तै धारा ३५(५) मा राज्यले किसानलाई प्रोत्साहन गरी कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्थाहरूको सिर्जना गरी कृषिलाई उद्योगको रूपमा विकास गर्ने छ भन्ने नीतिको प्रत्याभूति दिइएको पाइन्छ।

यसका अतिरिक्त संविधानको धारा ३५(१०) मा शिक्षा, स्वास्थ्य, आवास, खाद्य सम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिकरूपले पिछडिएका आदिवासी जनजाति, मधेसी, दलितलगायत सीमान्तकृत समुदाय तथा गरिबीको रेखामुनिका मजदुर किसानको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्ने छ भन्ने उल्लेख छ।

खाद्य सम्प्रभुताको अधिकारलाई टेवा दिने राज्यका अन्य नीतिहरू धारा ३५ को उपधारा (१३), (१४) र (१७) मा पनि व्यवस्था गरिएको पाइन्छ। जसअनुसार क्रमशः बहुसङ्ख्यक ग्रामीण जनताको हितलाई ध्यानमा राखी ग्रामीण विकासको गतिलाई तीव्रतर बनाउँदै लैजाने नीति राज्यले अवलम्बन गर्ने, राज्यले महिला, दलित, आदिवासी, जनजाति, मधेसी, मुस्लिमलगायत अल्पसङ्ख्यक, भूमिहीन, सुकुमबासी, कमैया, अपाङ्ग, पिछडिएका क्षेत्र तथा

---

११५ ऐ ऐ धारा ३३(ङ)

समुदाय र द्वन्द्वपीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने छ भन्ने व्यवस्था छ।

त्यस्तै मुक्त कमैयाको सङ्ख्या यकिन गरी उनीहरूको बसोवासको लागि आधारभूत भूमि र रोजगारीको व्यवस्था गर्ने नीति राज्यले अवलम्बन गर्नेछ एवम् वृद्ध, असक्त, महिला तथा बेरोजगारलाई कानुनमा व्यवस्था गरी भत्ता दिने नीति अवलम्बन गर्नेछ भन्ने नीतिगत प्रतिबद्धताहरू गरिएको छ। ती प्रतिबद्धताहरू पनि प्रत्यक्ष वा परोक्षरूपमा खाद्य सम्प्रभुताको अधिकारसँग नै सम्बन्धित रहेको पाइन्छ।

यसका अतिरिक्त संविधानको धारा ३६(१) मा उपर्युक्त दायित्व, निर्देशक सिद्धान्त र नीतिहरू कार्यान्वयन भए नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन भनी आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको प्रभावकारी कार्यान्वयनलाई संविधानबाटै फितलो दृष्टिकोण राखेको पाइन्छ तापनि धारा ३६ (२) मा यी उल्लिखित सिद्धान्त तथा नीतिको कार्यान्वयन गर्ने आवश्यकतानुसार स्रोत र साधनको परिचालन गर्ने गराउने सङ्कल्प भने लिइएको पाइन्छ। त्यसैले हाम्रो संविधानले यस्ता अधिकारहरूको प्रगतिशील कार्यान्वयन गर्दै जाने तर्फ मात्र दिशाबोध गरेको अवस्था छ। राज्यको आर्थिक स्रोत र साधनको उपलब्धताको आधारमा मात्र यसको प्रभावकारी कार्यान्वयन हुन सक्ने देखिन्छ।

२. न्यायिक हस्तक्षेप तथा न्यायिक निर्णयहरू

विगत दुई दशक यता पर्याप्त खाद्य अधिकार सम्बन्धमा नेपालको सर्वोच्च अदालतले आफ्नो संवैधानिक अधिकारक्षेत्रको प्रयोग मार्फत केही महत्वपूर्ण निर्णयहरू गरेको छ, जो अन्तर्राष्ट्रिय मानवअधिकारको मापदण्डभित्र रही गरिएका छन्। आम भोकमरीको विषय खासगरी नेपालका मध्यपश्चिमका जिल्लाहरूमा विगत देखि नै एउटा विकराल समस्याको रूपमा रहिरहेको पनि छ। सर्वोच्च अदालतले यस सम्बन्धमा गरेका केही महत्वपूर्ण निर्णयहरूको सम्बन्धमा सङ्क्षिप्त चर्चा यस प्रकार गरिएको छ:

२.१ खाद्यान्न अभावयुक्त जिल्लाका नागरिकलाई भोकमरीबाट बचाउने सम्बन्धमा

माधवकुमार बस्नेत वि. नेपाल सरकारसमेत

यो विषयलाई सार्वजनिक सरोकारको विषयअन्तर्गत रही दुई पटकसम्म सर्वोच्च अदालतसमक्ष पुऱ्याइएको छ। पहिलो **माधवकुमार बस्नेत**को मुद्दामा सर्वोच्च अदालतद्वारा संविधान २०४७ को धारा ८८ (८) अन्तर्गतको प्रावधानमा रही जनताका आधारभूत आवश्यकता पूरा गर्नका लागि चाहिने पर्याप्त खाद्यान्न उपलब्ध गराउन सरकारलाई निर्देशन दिने निर्णय गरिएको थियो। यसमा निवेदकद्वारा नेपालका कतिपय ग्रामीण क्षेत्रमा अवस्थित जुम्ला, मुगु, कालीकोट, डोल्पा, बझाङलगायतका जिल्लामा खाद्यान्न अभाव एवम् भोकमरीले गर्दा मानिसहरू अन्यत्र बसाईं सर्न बाध्य भएका र प्रचुर गरिबीका कारण कतिपय पीडित महिलाहरू आफ्ना बालबच्चालाई विष दिएर आफूसमेत आत्महत्या गर्ने गरेका उदाहरणहरू प्रस्तुत गरिएको थियो।

यो एउटा पहिलो त्यस्तो मुद्दा थियो, जसमा सर्वोच्च अदालतले प्रतिवादीलाई कारण देखाउ आदेश दिएर खाद्य अधिकार उलङ्घन सम्बन्धमा न्यायिक परीक्षण हुनसक्ने सिद्धान्तलाई स्वीकारेको थियो। साथै नागरिकको जीवन रक्षा र जीविकोपार्जनका लागि आधारभूत आवश्यकता पूरा गर्नु आफ्नो बन्धनकारी कार्यक्षेत्र रहेको कुरा स्वीकार्दै अर्थ मन्त्रालय र स्वास्थ्य मन्त्रालय दुवैले अदालत समक्ष लिखित प्रतिबद्धतासमेत बुझाएका थिए। तर तोकिएका दुर्गम जिल्लाहरूमा भएका आम भोकमरीलाई मध्यनजर गर्दै आपूर्ति मन्त्रालयले प्रभावित परिवारहरूलाई आवश्यक खाद्यान्न आपूर्तिको व्यवस्था गरिएको र यसमा अदालती हस्तक्षेप आवश्यक नभएको जिकिर गरेको थियो।

यस मुद्दामा सर्वोच्च अदालतले नागरिकको जीवन र सम्पत्तिको रक्षा गर्नु भनेको राज्यको दायित्व भएको ठहर गऱ्यो। यद्यपि अदालतले समस्याको मूलवस्तु पहिचान र यसको निराकरणका सम्बन्धमा अनुसन्धानमूलक पद्धतिले अघि बढ्न अस्वीकार गऱ्यो। अदालतले सरकारलाई खाद्य आपूर्ति र भोकमरी अन्त्यका सम्बन्धमा आफ्नो तर्फबाट गरिरहेका उल्लेख्य कार्य एवम् विविध प्रतिबद्धताहरूको लेखा राख्दै निवेदकले माग गरेको परमादेश जारी गर्न अस्वीकार गऱ्यो। कता कता वस्तुगत वास्तविकतासँग मेल नखाने गरी सरकारले प्रस्तुत गरेका तथ्यहरूलाई गरिएको अदालती समथर्नले यो दर्शाउँछ कि अदालत

आफै मुद्दालाई सम्बोधन गर्ने प्रतिद्वन्दात्मक सोच (Adversarial Approach) बाट निर्देशित भएको देखिन्छ। यस मुद्दामा सर्वोच्च अदालतले तत्कालीन सरकारले चालेका कदमहरू र राज्यको खाद्यान्न वितरण नीति र प्रणालीलाई अदालतसमक्ष झिकाई त्यस्ता कदम र नीतिहरू भोकमरीको तुलनामा पर्याप्त छन् छैनन् भन्ने विषयमा औचित्य परीक्षण गर्न सक्दथ्यो। त्यस्तो परीक्षणको आधारमा राज्यको खाद्यान्न वितरण प्रणाली, सङ्कटको बेला राज्यले पूरा गर्नु पर्ने दायित्वलगायतका विषयमा राज्यलाई कानुन तथा अन्य उपयुक्त कदम चाल्ने निर्देशन दिन सक्ने थियो।

प्रकाशमणि शर्मा वि. नेपाल सरकारसमेत

सन् २००८ मा नेपालका विभिन्न मध्यपहाडी जिल्लाहरूमा भोकमरीका कारण फैलिएको आउँ र झाडापखालाले मानिसहरू मारिएका थिए। समाचारहरूमा उल्लेख गरिएअनुसार खाद्य सङ्कटबाट गुज्रिएका विभिन्न व्यक्तिहरू महामारीको चपेटामा परेका थिए। यति हुँदाहुँदै पनि भोकमरी र विपत्तिबाट आम मानिसलाई बचाउनका लागि सरकारले एकदम नगन्य कोसिस गरेको पाइएको थियो। यसका विरुद्धमा पनि सर्वोच्च अदालतमा सार्वजनिक सरोकारको विषयको रूपमा रिट निवेदन गरियो। यसमा निवेदकहरूले खाद्यान्न, आवास, लत्ताकपडा, शिक्षा, स्वास्थ्य, रोजगार आदि व्यक्तिको सम्मानमूलक जीवन जिउने आधारभूत आवश्यकता हुन् र यी विभिन्न अधिकारहरूमध्ये खाद्य अधिकार एउटा जन्मसिद्ध अधिकार रहेको, जसलाई अन्तरिम संविधानको २०६३ को धारा १८ (३) ले हरेक नागरिकको आधारभूत अधिकारको रूपमा सुनिश्चित गरेको छ भने धारा १२ मा ससम्मान बाँच्न पाउने अधिकार र धारा १३ ले भेदभाव विरुद्धको अधिकारलाई सुनिश्चित गरेको छ भन्ने उल्लेख गरिएको थियो।

यसमा निवेदकहरूले वस्तुगत अवस्थाको अध्ययन र अनुसन्धान गरी सम्बन्धित प्रतिवेदनहरूसमेत प्रस्तुत गरेका थिए जसमा मध्यपश्चिम र सुदुरपश्चिमका १२ पहाडी जिल्लाहरूले आम भोकमरीको सामना गरिरहेको पाइएको थियो। ती जिल्लाहरूमा खाद्यान्न अभाव, नेपाल खाद्य संस्थानको अव्यवस्थित खाद्य वितरण प्रकृया एवम् कुहिएका खाद्यान्नको वितरणले गर्दा कुपोषणका कारण हुने मृत्युजस्ता थुप्रै विपदहरू निम्त्याएको थियो। त्यसैले तिनीहरूले खाद्यान्न अभाव हुने क्षेत्रमा खाद्यान्नको वितरण तथा भण्डारण गर्न

गराउन, यातायातको समुचित व्यवस्था गर्न तथा नागरिकहरूलाई खाद्यान्नमा उचित पहुँच पुऱ्याउन सम्बन्धित पक्षलाई दवाव दिन अदालती आदेशको लागि ढोका ढकढकाएका थिए। निवेदकहरूले अझ वृद्धवृद्धा, केटाकेटी, गर्भवती महिला र शिशुका आमाहरूका सम्बन्धमा विशेष संरक्षणात्मक मापदण्ड कायम गर्न, नेपाल खाद्य संस्थानका कमी कमजोरीहरूको उचित छानविन गर्नु तथा संस्थानका दोषी माथि आवश्यक कानुनी कारवाही लागु गर्न समेत अपिल गरेका थिए।

उक्त मुद्दाको प्रारम्भिक सुनुवाइपश्चात् सर्वोच्च अदालतको छुट्टाछुट्टै इजलाशले नजिकिदै गरेको दशैँलाई मध्यनजर गर्दै ती जिल्लाहरूमा तत्कालै खाद्यान्नको ढुवानी तथा आपूर्ति गर्न अन्तरिम आदेश जारी गरेको थियो। अन्तरिम संविधानको धारा १८ (३) खाद्य सम्प्रभुताको अधिकार तथा धारा १२ (१) को सम्मानमूलक जीवन जिउने अधिकारको असर देखाउँदै सर्वोच्च अदालतले हरेक व्यक्तिको सम्मानमूलक जीवन निर्वाह आधारभूत अधिकार भएको मूल्याङ्कन गऱ्यो। कुनै पनि व्यक्ति खाद्यान्न विना बाँच्न सक्दैन। जबसम्म तत्काल खाद्यान्न सङ्कटको सम्बोधन गरिँदैन, अपूरणीय क्षति निश्चित छ र पछि प्रदान गरिने क्षतिपूर्ति भनेको विरामीको मृत्युपश्चात् ल्याइएको चिकित्सक जस्तो मात्र हुन जान्छ। अन्तरिम आदेशसँग आएका व्याख्याहरू मध्यनजर गर्दै खाद्य सङ्कट भएका जिल्लाहरूमा आवश्यक खाद्यान्न आपूर्तिको सुनिश्चितता गर्न तथा त्यहाँ भएको भोकमरीको अन्त्य गर्न अन्त्यमा सर्वोच्च अदालतले अन्तरिम संविधानको धारा १०७ (२) मा आधारित रहेर सरकारको नाउँमा निर्देशनात्मक आदेशको जारी गऱ्यो। सम्मानपूर्वक जीवन निर्वाह तथा खाद्यान्नको अधिकारलाई अन्तरिम संविधानले व्यक्तिको आधारभूत अधिकारको रूपमा उल्लेख गरेको हुनाले खाद्यान्न अभावका कारणले हुने मृत्यु भनेको राज्यको उत्तरदायित्वको विषय भएको कुरा अदालतले सो आदेश मार्फत जारी गऱ्यो।

यद्यपि यस मुद्दामा पनि सर्वोच्च अदालतले निवेदकका अन्य जायज मागहरूको भने उपेक्षा गऱ्यो। गर्भवती, आमा, बालबच्चा र वृद्धवृद्धाजस्ता विविध समूहका सम्बन्धमा सरकारले विशेष संरक्षकत्व दिनुपर्छ भन्ने निवेदकको गम्भीर मागलाई कुनै प्रतिकृया जनाएन। त्यसैगरी सर्वोच्च अदालतले खाद्य अधिकार उल्लङ्घन, पीडितहरूलाई क्षतिपूर्ति तथा जिम्मेवार उत्तरदायीहरूका

सम्बन्धमा प्रमाणित गर्ने सम्बन्धमा अनुसन्धान समिति गठन गर्ने गराउने बारे खुलेर बोल्न अदालतले इन्कार गऱ्यो। त्यस्तो नियम उल्लङ्घनको कानुनी उपचारको लागि किन सर्वोच्च अदालतले नवीनतम पद्धतितिर जाने चेष्टा गरेन भन्ने बारे फैसलाले केही उल्लेख गरेन। यस अर्थमा प्रस्तुत विवादमा खाद्य सम्प्रभुताको अधिकारको पूर्ण प्रत्याभूति दिलाउने कार्यमा सर्वोच्च अदालतको दृष्टिकोण मात्रात्मकरूपमा प्रष्ट हुन सकेन।

भीमप्रकाश ओलीसमेत वि. मन्त्रिपरिषद् सचिवालय, रिट नं. ३३९४, २०६१

सशस्त्र द्वन्दको बेला विस्थापित भएका व्यक्तिहरूलाई वितरण गरिएको राहत अस्थायी र भेदभावकारी भएको हुँदा स्थायी प्रकृतिको सहायता प्रदान गर्न उपयुक्त कानुन र संस्थागत संरचना गठन गर्न आदेश जारी गरी पाऊँ भन्ने निवेदन परेको थियो। सो रिट निवेदनमा सर्वोच्च अदालतले सकारात्मक निर्णय दिएको पाईन्छ। जसमा भनिएको छ: राज्यले द्वन्द्वको चपेटामा परेका र विस्थापित भई पीडित हुन पुगेका नागरिकहरूलाई दिइने राहतका सम्बन्धमा स्पष्ट नीति निर्माण गरी बिनाभेदभाव समानताको आधारमा पारदर्शी ढङ्गले राहत वितरण गर्नु राज्यको कर्तव्य हुन आउँछ। मानवअधिकारको घोषणपत्र, १९४८ र नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ तथा आर्थिक, सामाजिक तथा संस्कृतिक अधिकारसम्बन्धी अन्तर र्राष्ट्रिय प्रतिज्ञापत्रसमेतका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले नागरिकहरूलाई राज्यले बिनाभेदभाव समानताको आधारमा नागरिकहरूको न्यूनतम आधारभूत मानवअधिकारको यथोचित र प्रभावकारी संरक्षणको लागि विशेष व्यवस्था गर्नु पर्ने गरी राज्यउपर अभिभारा सुम्पेको सन्दर्भमा सरकारले ती दस्तावेजहरूले निर्धारण गरेको दायित्वलाई स्वीकार गरिसकेको सन्दर्भमा आफ्नो दायित्वबाट छुटकारा पाउन सक्ने अवस्था रहदैन।

यस मुद्दामा द्वन्दपीडितलाई राहत र परिपूरणको अधिकारको विषयमा प्रश्न उठाइएको भए तापनि प्रसङ्गवस आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको प्रतिज्ञापत्रलाई उल्लेख गरिएको छ। यस मुद्दामा त्यस्ता व्यक्तिहरूको शिक्षा, स्वास्थ्य, वासस्थानमा परेको असरलाई मुद्दा तयार गर्दा वा निर्णयको क्रममा उठाउन सकिन्थ्यो, जुन हुन सकेन।

२.२ संरक्षित क्षेत्रका वन्यजन्तुद्वारा क्षति गरिएका बालीनालीको कृषकहरूलाई दिइने क्षतिपूर्तिका सम्बन्धमा

बजुद्दीन मियाँ तथा समेत वि. नेपाल सरकारसमेत

पीडितहरूलाई दिइने क्षतिपूर्ति भनेको मानवअधिकारको क्षेत्रमा अदालतबाट मान्यता दिएको विकसित रणनीति हो। खाद्य अधिकार उलङ्घनको लागि दिइने क्षतिपूर्ति सम्बन्धमा **बजुद्दीन मियाँ तथा समेत** ले दायर गरेको रिट निवेदनमा सर्वोच्च अदालतले पनि खाद्यान्न अधिकारलाई विशेष महत्व दिएको छ। उनीहरूको निवेदनमा, कोसी टप्पु वन्यजन्तु क्षेत्र आसपासका उल्लिखित कृषकहरूको माग थियो कि उनीहरू हरेक वर्ष जङ्गली जनावरहरूले गर्ने अन्न बालीको प्रचुर नाशबाट पीडित हुँदै आएका छन्। सरोकारवालाहरूबाट क्षतिपूर्ति दिलाउन अदालतको आवश्यक आदेशको लागि उनीहरूले सर्वोच्च अदालतको ढोका ढकढकाए। रिट निवेदनमा विपक्षी बनाइएका निकायहरू वन तथा भू-संरक्षण मन्त्रालय तथा वन्यजन्तु विभागले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, वन्यजन्तु संरक्षण नियमावली २०३४ तथा बफर जोन व्यवस्थापन नियमावली २०५२ ले त्यस्तो परिस्थितिमा क्षतिपूर्तिको व्यवस्था गरेको छैन र उनीहरू क्षतिपूर्ति दिन असमर्थ छन् भनी जवाफ दिएको पाइन्छ।

प्रस्तुत मुद्दामा सर्वोच्च अदालतले राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्र आसपासका समुदायको बाली विनाशले उनीहरूको आम्दानीमा प्रचुर ह्रास हुने तथा उनीहरूको भोकमुक्त हुने अधिकारको उलङ्घन हुने कुरा आत्मसात गऱ्यो। साथै अन्तरिम संविधानमा उल्लेख भएअनुसार उनीहरूको खाद्य अधिकार तथा बाँच्न पाउने अधिकारको संरक्षण आवश्यक छ। अन्तरिम संविधानको खाद्य संम्प्रभुताको अधिकार (धारा १८ (२))[११६] लाई व्याख्या गर्दै सर्वोच्च अदालतले खाद्य सम्प्रभुताको अधिकार भनेको हरेक नागरिकको खाद्यान्न सुरक्षाको अधिकार तथा भोकरहित हुने अधिकार हो। यस व्याख्यामा खाद्यान्न सम्प्रभुताको अधिकारका कारण निम्नलिखिनत कुराहरूको प्रत्याभूति गर्नु राज्यको दायित्व हुनेछ भनी स्वीकार गरेको पाइन्छ:

- खाद्य पदार्थको उत्पादन गरी नागरिकको आत्मनिर्भरता प्राप्त गर्ने,
- खाद्यान्नको आपूर्ति तथा भण्डारणको प्रावधानद्वारा खाद्य सुरक्षा कायम गर्ने,

---

११६ अन्तरिम संविधान २०६३ धारा १८ (२)

- उत्पादन, बजार व्यवस्थापन र खाद्यान्न सुरक्षाजस्ता कार्यहरूद्वारा राज्यले नागरिकको खाद्य सम्प्रभुताको सुरक्षा गर्न सहकार्य गर्ने, र
- सबै नागरिकमा खाद्यान्नको सहज पहुँच कायम गर्न समुचित वातावरण तथा परिस्थितिको सृजना गर्ने।

संविधानमा खाद्य सम्प्रभुतासम्बन्धी उल्लिखित धाराको व्याख्या गर्दै अदालतले भोकरहित हुने अधिकार तथा खाद्य अधिकार एउटा महत्वपूर्ण नागरिक अधिकार हो। यही अधिकारका आधारमा खाद्यान्न माथिको पहुँच कायम गर्नु गराउनु तथा खाद्यान्न सङ्कटको अन्त्य गर्नु भनेको राज्यको वैधानिक उत्तरदायित्व हो। यसका लागि राज्यले खाद्यान्न अभावको सम्बन्धमा उचित व्यवस्था मिलाउनु पर्दछ र आवश्यक परेमा अन्य मुलुकबाट पनि खाद्यान्न आपूर्ति गर्नुपर्ने दायित्व राज्यमाथि रहन्छ भनी बोलेको पाइन्छ। यस मुद्दामा सर्वोच्च अदालतले मुख्यत: मानवअधिकारका सम्बन्धमा ICESCR को धारा ११(२) तथा अन्य दस्तावेजहरू, संविधान र मानवअधिकारका अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरूको समेत समूहगत अध्ययनका आधारमा अन्तरिम संविधानको धारा १८(३) मा उल्लेख गरिएको खाद्यान्न अधिकारलाई एउटा अपरिहार्य अधिकारका रूपमा आत्मसात गरेको पाइन्छ। एउटा लोककल्याणकारी राज्यले परम्परागत राज्यले झैँ जनतामा खाद्य सुरक्षा, स्वास्थ्य, खाद्यान्न सुरक्षा र रोजगारीको सुनिश्चिततताजस्ता कुराहरूको बेवास्ता गर्न सक्दैन। राज्यले कुनै पनि हालतमा खाद्य सम्प्रभुताजस्ता नागरिक अधिकारको संरक्षण र प्रोत्साहन गर्ने आफ्नो उत्तरदायित्वबाट कानुन र विधिको अभावलाई बहाना बनाएर पन्छन मिल्दैन भन्ने निष्कर्ष यस मुद्दामा अध्ययन गर्न पाइन्छ।

अत: माथि उल्लिखित व्यख्याहरूको आधारमा क्षतिपूर्तिका सम्बन्धमा जबसम्म कुनै निश्चित कानुनी प्रावधान बन्दैन, तबसम्म आन्तरिक मापदण्ड उपयोगी हुन सक्छ भन्दै सर्वोच्च अदालतले क्षतिपूर्ति दावी प्रकृयासम्बन्धी एउटा स्थायी समिति निर्माण गर्न सरकारलाई आदेश जारी गरेको छ। साथै खाद्य अभावबाट प्रभावित कृषकहरूलाई क्षतिपूर्ति वितरणका सम्बन्धमा कानुनी निर्देशन वा कानुनी अभावको पूर्तिका निमित्त अदालतले नै कानुनी अभिभावकत्वको सिद्धान्त लागु गर्नु पर्छ भनी सम्बोधन गरेको पाईन्छ। यसको प्रकृया निम्न पाँच वटा मार्गदर्शनद्वारा गर्न सकिन्छ:

१. सम्बन्धित राष्ट्रिय निकुञ्जका प्रतिनिधि एवम् सम्बन्धित पक्ष तथा कृषहरूको प्रतिनिधिसहितको पक्ष निर्माण गर्ने,
३. पीडित कृषकबाट गुनासाहरू सङ्कलन गर्ने,
४. गुनासाहरूका सम्बन्धमा अनुसन्धान गर्ने तथा समुचित क्षतिको मूल्य निर्धारण गर्ने,
५. पीडित कृषकलाई क्षतिपूर्ति वितरण गर्ने।

यसप्रकार अदालतको उक्त आदेशले समितिलाई क्षतिपूर्तिका सम्बन्धमा आफ्नै नियम पद्धतिको सृजना गर्न प्रोत्साहन गर्छ भने कानुनी प्रकृयाको निर्माण नहुन्जेलसम्म अदालतको अभिभावकत्वको प्रभावको स्पष्टता दिन्छ। यसबाट सर्वोच्च अदालतलको निर्णय आगामी दृष्टिकोणका लागि महत्वपूर्ण भए पनि यस मुद्दाका निवेदकहरूलाई विगतमा भएका क्षतिको सम्बन्धमा भने कुनै सम्बोधन गरिएको छैन।

२.३ स्वच्छ खानेपानी माथिको पहुँच प्रवर्धन गर्ने सम्बन्धमा प्रकाश मणि शर्मा वि. नेपाल सरकारसमेत (२०४१)

यस मुद्दामा निवेदकले पहिलो पटक स्वच्छ र सफा खानेपानीको अधिकारको विषय उठाएका थिए। राज्यले नागरिकको स्वच्छ र सफा खानेपानी जस्तो अन्तरनिहित अधिकारको सम्मान गर्नुपर्ने कुरामा जोड दिँदै नेपाल खानेपानी संस्थानले दुषित खानेपानी वितरण गरिरहेका कुरा निवेदकले जाहेर गरेका थिए। निवेदकको दावी सरुवा रोग विभाग, स्वास्थ्य मन्त्रालयद्वारा गरिएको अध्ययन सर्वेक्षणमा आधारित थियो, जसले १ सय मिलिलिटर पानीमा १ हजार किटाणु पाइएको खुलासा गरेको थियो। निवेदकका अनुसार, संस्थानको कृयाकलापले २०१९ को संविधानको धारा ११ (१) तथा खानेपानी वितरण ऐन २०४६ को दफा ३, ५ र ६ को ठाडो उलङ्घन गरेको थियो। त्यसकारण सर्वोच्च अदालतले परमादेश जारी गर्दै सम्बन्धित पक्षलाई पिउनयोग्य पानी वितरणका लागि बाध्य बनाएको थियो। निवेदकले अझ आफ्नो दायित्वबाट वञ्चित कर्मचारीलाई विभागीय कारवाही तथा प्रदुषित र अशुद्ध पानीबाट प्रभावित पीडित पक्षलाई क्षतिपूर्तिको अपिल पनि गरेका थिए। त्यसमा भने कुनै सम्बोधन भएन।

मुद्दा दर्ता भएको १० वर्षपछि अदालतले यसको अन्तिम फैसला गर्दे जनस्वास्थ्यमा शुद्ध पिउने पानीको महत्वको व्याख्या गऱ्यो। अदालतले पिउने पानीलाई अधिकारको रूपमा नलिए पनि शुद्ध पिउने पानी वितरण गर्नुपर्ने कल्याणकारी राज्यको दायित्व भएको उल्लेख गऱ्यो। यद्यपि, खानेपानी संस्थानले जनस्वास्थ्यसँग यसको सरोकारलाई चासोको रूपमा लिन सकेन। अदालतले नेपालको संविधान, २०४७ को धारा २५ अनुसार नागरिकको जीवन, सम्पत्ति र स्वतन्त्रताको रक्षा गर्नु राज्यको प्रमुख दायित्व रहेको ठहर गऱ्यो। साथै Writ jurisdiction अर्न्तगत प्रमाणको मूल्याङ्कन (evaluating evidences) लाई रोक्न सक्ने अन्तर्राष्ट्रिय प्रावधानबाट प्रेरित भई अदालतले संस्थानले वितरण गर्ने पानी अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल भए नभएको छानविन गऱ्यो। इजलासबाट वादी प्रतिवादीबाट ल्याइएका सत्य तथ्यहरूको सुनुवाइ तथा छानविनबाट अदालतले यसलाई रिट तथा विषेश इजलासबाट उठाउनु नपर्ने ठहर गऱ्यो। फलस्वरूप निवेदकहरूले माग गरेअनुसार अदालतले सम्बन्धित पक्षलाई शुद्ध पानी वितरण गर्न आदेश जारी गर्न मानेन। वरु अदालतले खानेपानी संस्थानलाई यसको विधानअनुसार वैधानिक दायित्व हुनुपर्ने कुरामा गृह तथा भौतिक विकास मन्त्रालयको ध्यानाकर्षण गरायो।

प्रकाशमणि शर्मासमेत वि. नेपाल सरकार (२०६२)

नेपालका केही जिल्लाहरूमा आर्सनिक मिसिएको पानी नागरिकको शुद्ध र स्वच्छ पानीको अधिकारको प्रमुख चुनौती बनेको छ। जुन कुरा राष्ट्रिय आर्सनिक निर्देशन कमिटीको आर्सनिक मिसिएको पानीका कारण मानिसहरूमा देखा परेको छालाको रोग भन्ने निष्कर्ष तथा WHO तथा EPHNO का अरु थुप्रै रिपोर्टका आधारमा **प्रकाशमणि शर्मा र अन्य** (२०६२) भएको रिट निवेदनमा प्रश्न उठाइएको थियो। निवेदकहरूले आर्सनिक प्रभावित जिल्लाहरूमा सचेतनामूलक कार्यक्रम अवलम्बन तथा उपचारमूलक तथा उन्मूलनमूलक कार्यक्रम लागु गर्न सरकारलाई आदेश जारी गर्न अदालतसँग माग गरेका थिए। निवेदकहरूले अन्य मागहरूमा आर्सनिकसँग सम्बन्धित ज्ञान पाठ्यपुस्तकहरूमा समावेश गर्नुपर्ने, आर्सनिक पीडितहरूलाई क्षतिपूर्ति दिनुपर्ने, स्वास्थ्य सेवामा पहुँच कायम गर्नुपर्ने, शुद्ध पिउने पानी वितरणको वैकल्पिक व्यवस्था गर्नुपर्ने,

आर्सनिक निर्मूलीकरणको प्रक्रिया अपनाउनुपर्ने लगायतका थिए। स्थानीय विकास मन्त्रालयले रिटको लिखित प्रतिउत्तर स्वरूप युनिसेफसँगको सहकार्यमा तराईका ५२,८४७ वटा ट्यूवेलहरूमा आर्सनिक परीक्षण गरिएको तथा मन्त्रालयले जिल्लास्तरमा आर्सनिकसम्बन्धी सचेतनामूलक कार्यक्रमहरू जारी गरेको जनायो। त्यसैगरी खानेपानी तथा ढल निकास विभागले नेपालका ११ वटा जिल्लाहरूमा परीक्षण गरिएको र बढी प्रभावित क्षेत्रहरूमा आर्सनिक नियन्त्रण तथा उन्मूलन पद्धति लागु गरिएको जनायो।

जनतामा सफा पिउने पानीको पहुँचको महत्वलाई जोड दिँदै अदालतले पानी जीवन रक्षा र निर्वाहको अत्यावश्यक वस्तु भएको ठहर गऱ्यो। नागरिकलाई सफा र शुद्ध पानी वितरण गर्नु भनेको राज्यको दायित्व हो। सफा पिउने पानी र बाँच्न पाउने अधिकारबीचको सम्बन्धलाई मध्यनजर गर्दै अदालतले अझै अगाडि व्याख्या गऱ्यो कि सफा र शुद्ध पानी स्वास्थ्यसँग सम्बन्धित विषय हो, जुन व्यक्तिको बाँच्न पाउने अधिकारसँग जोडिएको छ। हरेक नागरिकले सफा, शुद्ध र प्रदुषणरहित पानी पिउन पाउनुपर्छ।

जमिनमुनिको आर्सेनिकयुक्त पानीका कारण हुने स्वास्थ्य समस्यालाई प्रकाश पार्दै अदालतले ठहर गऱ्यो कि त्यस्तो पानी पिउनाले छालाको रोग निम्त्याउन सक्छ, फोक्सो, कलेजो र मृगौलालाई असर पार्छ र अन्त्यमा क्यान्सर प्रभावित हुन पनि सक्दछौँ। आफ्नो फैसलामा अदालतले नागरिकलाई आर्सेनिकको समस्यामुक्त गर्ने प्रयासहरू अपर्याप्त भएको जनायो र आर्सेनिकका कारण हुने स्वास्थ्य असर आवश्यक कार्ययोजनालगायत राष्ट्रिय र स्थानीय स्तरका कार्यक्रमहरू नगण्य देखिएको उल्लेख गऱ्यो। त्यसकारण अदालतले गृह मन्त्रालय, भौतिक योजना मन्त्रालय र सूचना तथा सञ्चार मन्त्रालयलाई आर्सेनिकरहित सफा पानी वितरण गर्ने प्रभावकारी कार्यक्रम लागु गर्ने तथा राष्ट्रिय तथा स्थानीय तहमा सचेतनामूलक कार्यक्रम चलाउने जस्ता नागरिकका जीवन र जनस्वास्थ्यसँगसम्बन्धी अधिकारका कुरामा गम्भीर चासोका रूपमा परमादेश जारी गऱ्यो। यस मुद्दामा अदालते आफ्नै स्वविवेकमा नागरिकको स्वच्छ पानी प्रतिको पहुँचलाई सुनिश्चित गर्ने योजना तथा कार्यक्रमहरू लागु गर्न गृह मन्त्रालय र भौतिक योजना मन्त्रालयलाई निर्देशनात्मक आदेश जारी गऱ्यो।

२.२.४. नवजात शिशुको पोषणको अधिकार तथा तिनका कामकाजी आमाहरूको स्वास्थ्य अधिकार कार्यान्वयन सम्बन्धमा

नवजात शिशुको पोषणको अधिकार तथा कामकाजी गर्भवती महिला एवम् शिशुका आमाहरूको स्वास्थ्यको हकका सम्बन्धमा पनि सर्वोच्च अदालतको न्यायिक दृष्टिकोण उल्लेखनीय छ। सर्वोच्च अदालतले सार्वजनिक सरोकारका विवादअन्तर्गत स्तनपानको प्रोत्साहन, सुत्केरी विदा तथा कार्यस्थलमा शिशु स्याहारजस्ता थुप्रै विषयहरूको सम्बोधन गरेको पाइन्छ। उदाहरणका लागि निम्नबमोजिम प्रस्तुत गरिएको छ:

रिट निवेदक राजु चापागाईसमेत वि. नेपाल सरकारसमेत भएको मुद्दामा सर्वोच्च अदालतले गरेको व्याख्या अनुसार बालबालिकाको पोषणको अधिकारका सम्बन्धमा अदालतले विशेष चासो देखाएको छ। लामो समयसम्मको Mother's Milk Substitution Act (Controlof Sale and Distribution Act) को अस्वीकृतिका सम्बन्धमा पनि निवेदकहरूले अदालतको ध्यानाकर्षण गराएका थिए। ऐन जारी गरिएको दश वर्षपश्चात् पनि आमाको दूधको वैकल्पिक पोषणको उत्पादन तथा अनुगमनसम्बन्धी सरकारले कुनै कदम चालेन। यस मुद्दामा सर्वोच्च अदालतले ऐनले तोकेअनुसारको पर्यवेक्षण गर्नको लागि निरीक्षकलगायत उचित तरिकासँग ऐन लागु गर्न भनी सरकारलाई आदेश जारी गरेको थियो।

उक्त मुद्दामा आमाको दूधभन्दा पोषिलो अन्य खानेकुरा नहुने हुँदा बच्चाका लागि निर्विकल्पसँग छ महिनासम्म प्रचुर मात्रामा आमाको दूध खुवाउनुपर्ने बताउँदै सर्वोच्च अदालतले स्तनपानको महत्वलाई उल्लेख गऱ्यो। यसमा बालबालिका र आमाको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डको स्वास्थ्यको प्रोत्साहन गर्ने उद्देश्यले कदम चाल्नु राज्य तथा जिम्मवेवार तहको कानुनी एवम् नैतिक जिम्मेवारी भएको ठहर गरियो। यसमा यो पनि उल्लेख गर्न सान्दर्भिक छ कि सर्वोच्च अदालतले स्तनपानको अधिकारलाई सम्मानजनक जीवनको अधिकारसँग जोड्दै बालबालिकालाई कुपोषणको शिकार हुनबाट बचाउँदै तिनीहरूको स्वस्थ जीवनको संरक्षण गर्नु सरकारको प्रमुख जिम्मेवारी रहनेछ भन्ने घोषणा गरेको छ।

वि. सं. २०४७ को संविधानमा उल्लेख भएको निर्देशनात्मक सिद्धान्तलाई जोड दिँदै राज्यले आमा तथा बच्चाको स्याहार गर्नुपर्ने, बालबालिकाको स्वास्थ्यको

टेवा दिने कुरामा कानुनी र संवैधानिक प्रावधान देखाएर सरकारले पन्छिन नपाउने कुरा सर्वोच्च अदालतले उल्लेख गऱ्यो। अदालतले यो पनि उल्लेख गऱ्यो कि, यस्तो संवेदनशील विषयमा ती बाधा अड्चनहरूलाई एउटा सार्वजनिक नीतिका रूपमा लिँदै हस्तक्षेप गर्ने छ। यसरी अदालतले आफ्नो निर्णयद्वारा स्वस्थ खाना तथा सुरक्षित जीवनजस्ता बाल अधिकारको संरक्षणका लागि र संविधान तथा बालअधिकारसम्बन्धी महासन्धिको दायरामा रहेर नागरिकका अधिकार तथा चाहनाको संरक्षणका लागि राज्यको दायित्व पूर्तिका लागि महत्वपूर्ण देन दियो।

यसैगरी **प्रकाशमणि शर्मासमेत वि. सरकार भएको मुद्दामा** विभेदकारी सुत्केरी विदाका व्यवधानले २०४७ को संविधान, CRC र CEDAW लागु गर्ने सम्बन्धमा अपर्याप्तता निम्त्याएको विषयलाई सम्बोधन गरेको छ। सुत्केरी विदाका सम्बन्धमा अन्तर्राष्ट्रिय मापदण्ड र उचित व्यवस्थाको निश्चित मापदण्ड सरकारलाई लागु गराउन सर्वोच्च अदालतमा निवेदन पऱ्यो। माग गरिएअनुसार सरकारलाई सबैखाले नेपाली कामकाजी महिलालाई उचित हुने गरी राष्ट्रिय मापदण्डको सुत्केरी विदाको खाका कोर्न तथा नेपालको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप मातृत्व सुरक्षाका लागि आवश्यक प्रबन्ध मिलाउन अदालतले निर्देशन दियो। सर्वोच्च अदालतले यो पनि उल्लेख गऱ्यो कि शिशुको पोषण तथा कामकाजी महिलाको गर्भावस्था तथा सुत्केरी अवस्थाको स्वास्थ्य सेवालाई ख्याल राखी आवश्यक प्रबन्ध मिलाउनु राज्यको उत्तरदायीत्व हो। शिशुका आमाहरूको सुत्केरी विदा र शिशु स्वास्थ्यका सम्बन्धमा अदालतले निम्नबमोजिम उल्लेख गऱ्यो:

'सुत्केरी हुनुभन्दा अघि र पछि काम गर्न अक्षम कामकाजी महिलाहरूलाई पूर्ण आराम दिन र नवजात शिशुको आवश्यक स्याहार सुसार गर्न सुत्केरी विदाजस्ता सुत्केरी सेवाहरू उपलब्ध छन्। गर्भवती तथा सुत्केरी आमाहरूको कमजोर स्वास्थ्य स्थितिले गर्भपतन तथा अपरिपक्व जन्म निम्त्याउन सक्छ। यसैगरी यसले गर्भ तथा बच्चालाई खतरा हुन सक्छ। दूधे बालकको स्याहार सुसारमा महिलाको भूमिका र शिशुको स्तनपानको अधिकारलाई ध्यान दिँदै यस्तो अवस्थामा कामकाजी महिलालाई आराम समय अथवा सुत्केरी विदा नकार्न सकिँदैन।'

प्रो पब्लिकले उठाएको शिशु स्याहार तथा स्तनपानको सुविधा दिनुपर्ने PIL मुद्दाको जवाफमा सर्वोच्च अदालतले कम्तिमा ५० जना महिला कामदार राख्ने सबै संस्थाहरूलाई कार्यस्थल तथा कार्याअवधिमा शिशु स्याहार तथा स्तनपानको सुविधा दिनुपर्ने श्रम ऐनको कानुनी प्रावधानलाई लागु गराउन सरकारलाई ध्यानाकर्षण गरायो। उनीहरूको प्रजनन् भूमिकाको कारण महिलाहरूको रोजगारीदाता संस्थाले शिशुको स्वास्थ्यमा बाधा नपरोस् भनेर यस्तो प्रावधान लागु गर्नुपर्ने व्यवस्था बनाइए पनि धेरैजसो संस्थाले यो कानुनी मान्यता पूरा गरेनन्। यस कारण कानुनको प्रभावकारी कार्यन्वयनका लागि यो मुद्दा सर्वोच्च अदालतमा ल्याइएको थियो।

अमृता थापा मगरसमेत नेपाल सरकार (२०६४)

अन्तरिम संविधानका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उल्लेख गर्ने मौलिक हकहरूमा उल्लेखित 'कानुनमा व्यवस्था भए बमोजिम' भन्ने शब्दहरूले त्यस्ता मौलिक हकको कार्यान्वयन गर्न रोकेकोले त्यस्ता कानुनहरू बनाउन सरकारलाई परमादेशको आदेश जारी गरी पाऊँ भन्ने निवेदन परेको थियो। सो विषयमा निर्णय हुँदा संविधानमा उल्लिखित मौलिक हक कार्यान्वयन गर्न कानुनमा व्यवस्था भएबमोजिम भन्ने प्रावधानले सर्वोच्च अदालतलाई त्यस्ता मौलिक हकको न्यायिक पुनरावलोकन गर्न सीमित तुल्याएको हुँदा तत्काल त्यस्ता कानुनहरू निर्माण गर्नु भन्ने आदेश जारी भयो। यस मुद्दामा अदालतले आर्थिक, सामाजिक अधिकारलाई कसरी न्याययोग्य बनाउन सक्छ वा उपचार प्रदान गर्न सक्छ भन्ने समेत व्याख्या गर्न सकिने थियो तर सो भने गरिएन।

२.२.५ पानी प्रदुषित हुनबाट बचाउने सम्बन्धमा

भोजराज ऐर वि. नेपाल सरकारसमेत (२०५६)

जलस्रोत तथा वातावरणीय नियमको बेवास्ताका सम्बन्धमा सर्वोच्च अदालतमा थुप्रै सार्वजनिक सरोकारका मुद्दाहरू उठाइको पाईन्छ। यसै क्रममा **भोजराज ऐर** को २०५६ मा दायर रिटमा, विविध प्रयोजनको पानीको गुणस्तर तथा प्रदुषण सहनशीलताको दायराको सम्बन्धमा निवेदकले सर्वोच्च अदालतको ध्यानाकर्षण गराएका थिए। निवेदकले सरकारले पानीका विभिन्न प्रयोजनको गुणस्तर कायम गर्नेछ भन्ने जलस्रोत ऐनको दफा ८(१) को उल्लेख गरेका

थिए। यसैगरी उक्त ऐनको दफा १९(१) मा सरकारले राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी पानी प्रदुषणको दायरा निर्धारण गर्नेछ भनी उल्लेख गरेको छ। निवेदकहरूले दफा १८(१) अनुरूप विभिन्न प्रयोजनको पानीको गुणस्तर अनुरूप प्रदुषण सहनशीलताको सिमा निर्धारणका लागि उचित आदेश जारी गर्न माग गरेका थिए।

त्यसैगरी अर्को रिटमा **भोजराज ऐर** ले वातावरण संरक्षण ऐन २०५३ का शर्तहरू तथा २०५४ का नियमहरू लागु नभएको कुरा उठाएका थिए। ऐनको दफा ७(१) तथा नियम १४ नं. ले उल्लेख गरे अनुरूप वातावरण मन्त्रालयले राष्ट्रिय दैनिकमा सूचना प्रवाह गरेर ध्वनी प्रदुषण, ताप, विकिरण तथा कवाडीहरूको व्यवस्थापन मापदण्डको निर्धारण गर्ने व्यवस्था छ। प्रदुषण मापदण्डको अभावमा प्रदुषण विरुद्ध कानुनी प्रावधान लागु गर्न सकिन्न। यसरी मन्त्रालयको अकर्मण्यताले नागरिकहरूको संविधानको धारा १२(१)ले सुनिश्चित गरेको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको उलङ्घन भएको छ।

यस मुद्दामा सर्वोच्च अदालतले वातावरण संरक्षण तथा प्रदुषण नियन्त्रण नागरिक अधिकारमा अन्तरनिहित कुराहरू हुन् भन्ने निर्धारण गऱ्यो र सो कुराको आवश्यक प्रबन्ध मिलाउनु राज्यको पारस्परिक दायित्व भएको कुरामा जोड दियो। अदालतले वातावरण संरक्षण नियम २०५४ को नियम १५ उल्लेख गर्दै औद्योगिक सङ्घसंस्था, स्थानीय निकाय, सरकारी तथा गैरसरकारी संस्था जस्ता सम्बन्धित सरोकारवालाहरूसँग आवश्यक परामर्श तथा सहकार्यमा आगामी आर्थिक वर्ष भित्रमा प्रदुषण मापदण्ड निर्धारण गरिसक्नु भनी सम्बन्धित निकायको नाममा परमादेश जारी गऱ्यो।

२.२.६ लैङ्गिक विभेदकारी कानुनको अन्त्य गर्दै महिलाहरूको सम्पत्तिमाथिको पहुँच कायम गर्ने सम्बन्धमा

सार्वजनिक सरोकारका मुद्दाहरूमध्ये नेपालको सर्वोच्च अदालतले सम्पत्ति र पैत्रिक जायजेथासम्बन्धी कानुनी प्रावधानको पुन:संरचनामा उल्लेख्य र सुधारमूलक निर्णयहरू गरेको छ। उदाहरणका लागि **चन्दा बज्राचार्य र मीरा ढुङ्गाना**को रिटअनुसार, पैत्रिक सम्पत्तिका सम्बन्धमा मुलुकी ऐन २०२० मा उल्लिखित विभेदकारी प्रावधान संविधानको धारा ८८(१) सँग मेल खाँदैन भनी माग गरिएको थियो। २०४७ को संविधान जारी भएपछि पैत्रिक सम्पत्तिका

सम्बन्धमा लैङ्गिक विभेद विरुद्धका महिला सम्बद्ध मुद्दाहरू थिए। अदालतले आफ्नो हप्तौं लामो सुनुवाइपश्चात् छोरीलाई समान अंश दिन अस्वीकार गर्नु भनेको संविधानको धारा ११ अन्तर्गत अन्तरनिहित समानताको अधिकार हनन हुनु हो भन्ने निष्कर्ष निकाल्यो। परन्तु अदालतले मुलुकी ऐनको प्रावधान उल्टाउन अस्वीकार गऱ्यो। बरु यसमा सरकारलाई विभेदकारी कानुनी प्रावधानमा सुधार ल्याउन एक वर्षभित्रमा संसद्मा विधेयक प्रस्तुत गर्ने निर्देशात्मक आदेश जारी गऱ्यो। साथै सो भावी कानुनको दायरा निर्धारण गर्दै अदालतले समकालीन सामाजिक संरचनाहरूप्रति पूर्वाग्रह नराखी कानुन ल्याउन सरकारलाई सुझाव दियो। तर यस मुद्दामा पितृसत्तासम्बन्धी दृष्टिकोणको कारण अदालत पनि आलोचित भएको छ। यो कमजोरीका कारण मुलुकी ऐनलाई फेरि ११ औं पटक परिमार्जन गरियो, जसले सम्पत्तिसम्बन्धी ऐन मात्र परिवर्तन गरेन, गर्भपतनसम्बन्धी कानुनलाई लचिलो पार्ने, लैङ्गिक हिंसा विरुद्ध अधिकतम सजाय दिने, धेरैजसो वैवाहिक अधिकार र स्वतन्त्रताका सवालमा लैङ्गिक समानता तथा चरित्रका आधारमा लगाइने लान्छना तथा विभिन्न स्वरूपमा महिला माथिका हिंसाको अन्त्य गर्ने जस्ता परिणामहरू दियो।

सपना प्रधान मल्ल वि. श्री ५ को सरकार कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेत

प्रो. पब्लिकका लागि सपना प्रधान मल्लले दर्ता गरेको यस रिटले भूमि सुधार ऐन को दफा २६ (१) को हकवाला (जग्गाधनी) को मृत्यु पश्चात् उसको जायजेथा मृतकले इच्छाइएको उसको श्रीमती वा छोरालाई जाने सम्पत्ति हस्तान्तरण प्रक्रियाको चुनौती दियो। निवेदकले यो प्रावधान समानताको अधिकारसँग बाझिएको र छोरीलाई पैत्रिक सम्पत्ति अधिकारबाट वञ्चित गरेको जनाए। यो मुद्दामा सर्वोच्च अदालतले उक्त प्रावधानको खारेज त गरेन तर सरकारलाई सदनमा प्रस्ताव पारित गरेर उचित किसिमको कानुन बनाउनका लागि न्यायिक निर्देशन दियो। छोरीहरू विवाहपश्चात् अर्कै घरमा सर्ने, त्यसैले छोरीलाई सम्पत्तिको अधिकार दिँदा जमिन्दारको स्वार्थ (चाहना/धारणा)मा प्रतिकूल असर पर्ने ठहर गर्दै सर्वोच्च अदालतले भूमि सुधार ऐनको दफा २६ (१) को प्रावधान खारेज गर्न अस्वीकार गरेको थियो। सन् २००६ मा दफा २६ लाई संशोधन गरेर यो कानुनी त्रुटिलाई सुधारिएको थियो।

लिली थापासमेत वि. मन्त्रिपरिषद्समेत

प्रस्तुत रिटमा सर्वोच्च अदालतले मुलुकी ऐन स्त्री अंशधनको महलको दफा २ को "महिलाको पेवा सम्पत्ति" शीर्षकलाई खारेज गऱ्यो, जसमा अभिभावकको स्वविवेकमा महिलाले अचल सम्पत्ति राख्न पाउने अधिकार निहित थियो। उक्त कानुनी प्रावधानअनुसार अचल सम्पत्ति राख्न अविवाहित महिलाले आफ्नो अविभावकको र विवाहित तथा विधवा महिलाहरूले आफ्नो छोराको स्वीकृति र समर्थन लिनुपर्थ्यो। परिणास्वरूप सर्वोच्च अदालतको निर्णयले महिलाहरूलाई उनीहरूको इच्छाअनुरूप अचल सम्पत्ति राख्न टेवा पुऱ्याएको छ।

मीरा ढुङ्गाना FWLD का तर्फबाट वि. मन्त्रिपरिषद्समेत

यस रिटमा संविधानको समानतासम्बन्धी मौलिक हक मुलुकी ऐन अंशबण्डाको महलको व्यवस्थाअनुसारको "पैत्रिक सम्पत्ति" शीर्षकलाई चुनौती दिइएको थियो। पुरानो व्यवस्थाअनुसार यदि एउटा अविवाहित महिलाले पहिला नै आफ्नो पैत्रिक सम्पत्ति प्राप्त गरेकी छन् भने तिनले सधैंभरि त्यसलाई राख्न पाउँदिनन्। विवाहपछि उनले उक्त सम्पत्ति माइती पट्टिका उत्तराधिकारीलाई फिर्ता दिनुपर्ने हुन्छ। यद्यपी एउटा छोराले यस्तो सम्पत्ति फिर्ता गर्नु पर्दैन। उक्त मुद्दामा उठाईएको प्रश्नको प्रतिकृया स्वरूप पैत्रिक सम्पत्ति प्राप्त गर्ने व्यक्तिको वैवाहिक स्थितिका आधारमा पैत्रिक सम्पत्ति फिर्ता गर्नुपर्ने कानुनी प्रावधानलाई अदालतले संविधानले सुनिश्चित गरेको समानताको आधारभूत अधिकारसँग मेल नखाने भनी व्याख्या गऱ्यो। अन्त्यमा पैत्रिक सम्पत्तिमा केही असर नगर्ने गरी समान वैवाहिक अधिकार हुनुपर्ने पहिचान गर्दै अदालतले मुलुकी ऐनको उक्त विभेदकारी दफालाई संविधानसँग बाझिएको भनी *"Ultra Virus"* को संज्ञा दियो।[११६]

प्रो. पब्लिकका तर्फबाट प्रकाशमणि शर्मासमेतद्वारा वि. मन्त्रिपरिषद् सचिवालयसमेत

तर जतिसुकै कानुनी सुधार गरिए पनि मुलुकी ऐनको ११ औं संशोधनपश्चात् पनि नेपाली महिलाहरूको लागि पैत्रिक सम्पत्तिको समान अधिकार सार्थक बन्न सकेन। किनभने मुलुकी ऐनको पुरानो व्यवस्थाअन्तर्गत विवाहमा आधारित

११६ मुलुकी ऐन अंशवण्डाको महलको तत्कालीन दफा १०(क) को व्यवस्था

अंशवण्डा विभेदकारी थियो जसले विवाहपछि महिलालाई पैत्रिक सम्पत्तिको हक दिएको थिएन र छोरीहरू विवाहपश्चात् आफ्नो पैत्रिक सम्पत्ति फिर्ता गर्न बाध्य थिए। प्रो. पब्लिकका तर्फबाट प्रकाशमणि शर्मासमेतद्वारा मन्त्रिपरिषद सचिवालयसमेतको विरुद्धमा दर्ता गरिएका रिटमा सर्वोच्च अदालतले संविधानको धारा ११ अन्तगर्त सुनिश्चित गरिएको समानताको अधिकार नेपाल सदस्य भएको CEDAW को मान्यतासँग विभेद राख्ने पैत्रिक सम्पत्तिसम्बन्धी विभेदकारी कानुनी प्रावधानको खारेजी गर्न सरकारलाई आदेश जारी गऱ्यो। अदालतले जारी गरेको आदेशको पालना गर्दै सरकारको पहलमा विधायिकाले कानुनमा संशोधन लागु गरेर उक्त प्रावधानको खारेज गरियो। यसप्रकार यस खण्डमा उल्लेख गरिएका मुद्दामा भएका व्याख्याका तर्कहरू आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको विकासको क्रममा प्रतिज्ञापत्रको सैद्धान्तिक धरातल र ICESCR समितिले गरेका सामान्य टिप्पणी तथा विभिन्न देशहरूमा गरिएका तुलनात्मक फैसलामा आधारित छन्। यस्ता सिद्धान्तहरूको विकास हुनुमा राजनीतिक परिवर्तन एक महत्वपूर्ण तत्वको रूपमा रहेको हुन्छ। वास्तवमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका मुद्दाहरू सामान्य नागरिक तथा राजनीतिक अधिकारको उपचारको नजरियाबाट हेर्दा जटिल देखिन्छन् तर जब ती अधिकारभित्र अन्तर्निहित तत्कालीन प्रभाव र दिर्घकालीन प्रभावलाई विश्लेषण गरिन्छ यस्ता मुद्दाहरू अदालतको व्याख्यका लागि सामान्य हुन्छन्। नेपालको सर्वोच्च अदलतले जनताको खाद्य सम्प्रभुताको अधिकार प्रत्यभूतिका लागि स्वास्थ्य, वातावरण, सम्पत्ति र पिउने पानीको अधिकारसमेतलाई बाँच्न पाउने हकसँग अन्तरसम्बन्धित अधिकारको रूपमा व्याख्या गर्दै सकारात्मक सोचबाट निर्णयहरू गरेको पाइन्छ।

दश परिच्छेद

निष्कर्ष तथा सुझाव

१. मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनहरूको दायित्व पालना गर्ने

नेपाल प्रमुख अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी महासन्धिहरूको पक्ष राष्ट्र हो। ICESCR महसन्धि को सदस्य राष्ट्रको नाताले यसै महासन्धिको ऐच्छिक महासन्धिसमेत राष्ट्ररुको अनुमोदनका लागि खुला गरिएको परिप्रेक्ष्यमा उक्त ऐच्छिक महासन्धिलाई अनुमोदन गर्ने र नेपालको खाद्य अधिकार सम्बन्धमा अन्तर्राष्ट्रिय पहुँच विस्तार गर्ने दायित्वसमेत नेपालको रहेको छ। यसतर्फ लोकतान्त्रिक राज्यको नाताले नेपालको पहलकदमी हुनु आवश्यक छ।

२. सबल संवैधानिक व्यवस्थाको निर्माण

राज्यले आफ्नो संविधानमा नै खाद्यान्न अधिकारलाई नागरिक अधिकारको रूपमा पहिचान गरी मान्यता दिनुपर्दछ। खाद्यान्न अधिकारलाई यसरी संवैधानिक मान्यता प्रदान गरेको खण्डमा मात्र यो अधिकारले स्वत: राज्यको कानुनी दायरा मा विशिष्ट स्थान प्राप्त गर्न सक्छ जसले गर्दा मुलुकमा हुने कुनै पनि किसिमका राजनीतिक परिवर्तन तथा अन्य फेरवदलहरूबाट यो अधिकारलाई असर पुग्न सक्दैन। नयाँ संविधान निर्माणको चरणमा रहेको हाम्रो मुलुकमा वर्तमान समयमा आफुले कबुल गरेका अन्तर्राष्ट्रिय सन्धि सम्झौताको दायित्व पलाना गर्दै मानवअधिकारको वास्तविक प्रत्याभूति दिलाउन सबल एवम् उपयुक्त संवैधानिक व्यवस्था गरिनु आवश्यक छ। यसले गर्दा असङ्गत व्यवस्थापकीय एवम् प्रशासनिक कृयाकलापहरूलाई अमान्य वा वदर ठहऱ्याउन अदालतलाई सहज तुल्याउन सकिन्छ। साथै संविधान र कानुनका बीच एक आपसमा सुसम्बन्ध कायम गरी मानवअधिकार सम्बन्धमा बनेका अन्तर्राष्ट्रिय कानुनहरूसँग आबद्ध गर्ने सहजताका लागि पनि यो आवश्यक छ। अर्कोतर्फ

संवैधानिक मान्यताले यससम्बन्धी अन्य पर्याप्त कानुन तथा नीति नियमहरूको विकास तथा विस्तारमा थप वल पुग्नुका साथसाथै संवैधानिक प्रावधानहरूलाई प्रभावकारी बनाउन अन्य सहयोगी कानुन निर्माणका लागि बाटो खुल्छ।

३. संवैधानिक व्यवस्थालाई अझै प्रभावकारी बनाउने

समाजमा व्याप्त रहेको जन्म, सम्पत्ति अपाङ्गता, लिङ्ग तथा उमेरका आधारमा व्याप्त भेदभावपूर्ण सामाजिक ढाँचाहरूलाई निषेध गर्ने र निषेधित सूचिलाई खुल्ला राखी भविष्यमा न्यायिक व्याख्याको पृष्ठभूमिमा अरु यस्ता कृयाकलापलाई समेत समेट्न सकिने संवैधानिक तथा कानुनी प्रावधान गरिनु आवश्यक छ। नयाँ संविधानमा भेदभावको प्रस्ट उल्लेख गरी विशेषत: प्रत्यक्ष र अप्रत्यक्ष भेदभावको प्रसङ्गमा संविधानले स्पष्ट व्यवस्था गर्नुपर्दछ। यसअन्तर्गत जातीय आधारमा ज्यालामा हुने भेदभावबाट श्रमिकलाई जोगाउन कामअनुसारको पारिश्रमिक वितरणको सुनिश्चित गर्ने, सामाजिक सुरक्षा अधिकारको संवैधानिक प्रावधानतर्फ संवैधानिक पुनरावलोकन गरी सर्वव्यापी कार्यान्वयनको सुनिश्चित गर्ने, *"कामको सुनिश्चितताको अधिकार"* लाई पुनरावलोकन गरी प्रासङ्गिक कामसँग सम्बन्धित अधिकारकारलाई सम्बद्ध गर्नुपर्ने, भोकबाट बच्न पाउनुपर्ने कुरालाई मजबुत आधारभूत अधिकारमा सुनिश्चित गर्न यथेष्ट जीवनस्तरको अधिकारअर्न्तगत पर्ने खाना, छाना र नानाको अधिकारलाई समेत आबद्ध गरी निरन्तर सुधारतर्फ उन्मुख हुन विचार पुऱ्याउन सकिनेछ। मानवअधिकारको हननका हकमा हुने निष्पक्ष र यथेष्ट क्षतिपूर्तिको सिद्धान्तलाई पछि विधायनमा समायोजन गर्न नपर्ने गरी संविधानअर्न्तगत समेटिएमा प्रभावकारी हुन जान्छ। अन्तरिम संविधानको धारा ३२ मा संवैधानिक उपचारको हकको व्यवस्था भए पनि नयाँ संविधानले उचित उपचारको अधिकारलाई पूर्णरूपमा सुनिश्चित गर्न आवश्यक छ।

४. व्यवस्थापिका संसद्ले पहलकदमी लिनुपर्ने

खाद्य अधिकारको महत्वलाई राष्ट्रिय स्तरमा महशुस गराउनका लागि मुलुकको व्यवस्थापिका संसद्ले पहलकदमी लिनुपर्ने र अन्य सहभागितामुलक संरचनाहरूलाई समेत सामेल गराई राष्ट्रिय रणनीतिमा खाद्यान्नको अधिकारलाई समेटी नागरिकलाई यसको पूर्ण अनुभुति दिलाउने तथा समयसापेक्ष आउने

बाधा व्यवधानहरूको उचित निरोधका लागि उपयुक्त रणनिति तय गर्नुपर्ने र राज्यका अलग अलग अङ्गहरूबीचमा स्पष्ट जिम्वेवारी एवम् जवाफदेहिता तोकिएको हुनुपर्दछ। यसका अलावा अन्य क्षेत्रीय सङ्गठनहरूले समेत यस प्रक्रियामा सहयोग पुर्‍याउन सक्छन्। यस सम्बन्धमा राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठनको खाद्य अधिकार एकाइले नीति नियमहरूको प्रर्वधनार्थ विभिन्न मुलुकहरूलाई आर्थिक र प्राविधिक सहयोगसमेत उपलब्ध गराउँदै आएको अवस्था छ, जसले खाद्य अधिकार कानुनको प्रवर्धनमा निर्देशनात्मक भूमिकासमे त निर्वाह गर्दै आइरहेको अवस्था छ। यसको प्रभावकारिताका लागि व्यवस्थापिका संसद्ले आवश्यक पहलकदमी लिनुपर्दछ।

५. राजनीतिक दलहरूको सक्रियता

यी कानुन तथा राष्ट्रिय रणनीतिहरू व्यवस्थित नागरिक समाज र जिम्मेवार राजनीतिक दलहरूको सक्रियतामा मात्र सफल हुन सक्छन्। यी मुख्य संयन्त्रहरूले अन्य सरकारी तथा गैरसरकारी संयन्त्रसमेतलाई परिचालन गरेका हुन्छन्। यस्ता सहभागितामुलक संरचनाहरूको स्थापना तथा कानुनी मान्यताले खाद्यान्न अधिकारको मामिलामा पनि राष्ट्रिय रणनीतिको अवलम्बनमा सहयोग पुर्‍याउन एउटा बलियो उत्प्रेरणा प्रदान गर्न सक्छ। खाद्यान्न अधिकारको राष्ट्रिय रणनीतिको प्रभावकारिता विस्तारका लागि यस्ता सरकारी तथा गैरसरकारी संयन्त्रहरू पर्याप्तरूपमा स्रोत साधनले सम्पन्न भने हुनुपर्दछ। साथै मुलुकमा जिम्मेवार राजनीतिक दलहरूको सक्रियता रहनु आवश्यक छ।

६. न्यायमा स्वतन्त्र र सहज पहुँच

खाद्यान्न अधिकारको साँचो अनुभूति तव मात्र गर्न सकिन्छ जब नागरिकको गुनासो सुनुवाइका लागि स्वतन्त्र न्यायपालिकालगायतका उजुरी संयन्त्रहरूको स्वतन्त्र पहुँच नागरिकलाई रहन्छ। अधिकार भनेका नागरिकका ती हक हुन जुन कानुनीरूपमा राज्यद्वारा संरक्षित हुनु पर्दछ। यसले अदालतलाई खाद्य अधिकारसम्बन्धी मुद्दाको सुनुवाइमा सशक्त गराउने मात्र मात्र नभएर नागरिकलाई उनीहरूको खाद्यान्न अधिकार सम्बन्धमा जनचेतना पुर्‍याउने काम पनि गर्दछ। उदाहरणका लागि दक्षिण अफ्रिकामा जस्तो अदालतसम्म

नागरिकको पहुँच सहजीकरण गर्ने गराउने संस्थाहरूको सहयोग अपरिहार्य हुन सक्छ किनभने कानुनी प्रक्रियाहरू प्रायः जटिल र महङ्गा हुने गर्दछन्।

७. न्यायिक कार्यहरूलाई व्यवस्थित गर्ने

नेपालको न्यायप्रणालीमा न्यायिक निर्णयहरूको कार्यन्वयन एक गम्भीर समस्यको रूपमा रहेको छ। खाद्य सम्प्रभुताको अधिकारको कार्यान्वयनमा पनि यो समस्या रहन्छ। तसर्थ अदालतबाट फैसला भैसकेपछि सो को कार्यान्वयन गर्नतर्फ विशेष ध्यान पुऱ्याउनु पर्दछ जसले पर्याप्त खाद्य अधिकारको सुनिश्चिततालाई समेत प्रभावकारी बनाउँछ। खाद्य अधिकारको सुरक्षा एवम् प्रवर्धनमा न्यायिक निकायहरूले रणनीतिक योजनाहरू बनाई त्यसको निरन्तर अभ्यास गर्दै जाने हो भने यसको प्रभावकारिता बढ्न जान्छ। यसका लागि खाद्य अधिकारसँग सम्बन्धित निर्देशक सिद्धान्त तथा अन्य आधारभूत अधिकारहरूको सुनिश्चितताका लागि न्यायिक एकतालाई मजबुत बनाउने रणनीतिहरू अपनाउन सकिन्छ। साथै तल्लो तहका अदालतहरूको रिटसम्बन्धी कानुनी अधिकारको प्रभावकारी अभ्यास गरी स्थानीय महिला, बालबालिका एवम् अन्य पिछडिएका समुदायहरूको पर्याप्त खाद्यान्नको अधिकारको व्यवहारिक प्रत्याभूति दिन सकिन्छ। त्यसैले खाद्य सम्प्रभुताको अधिकार सम्बन्धमा रणनीतिक योजनामा नै व्यवस्था गरी न्यायाधीश, कानुन व्यवसायी तथा अन्य सम्बन्धित अधिकारीहरूको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरू ल्याइनु आवश्यक छ।

८. अनुसन्धानहरू विकास एवम् विस्तार

खाद्य अधिकार सम्बन्धमा उपयुक्त संस्थागत र कानुनी संरचनाको पहुँच आंशिकरूपमा अझै पनि एक जटिल कुरा हो। यस सम्बन्धमा रहेका रिक्तताहरूको पुर्तिका लागि थप अनुसन्धानहरू विकास एवम् विस्तार गरिनुपर्दछ। खाद्य सुरक्षा एवम् खाद्य नीति सम्बन्धमा सर्वोच्च विशिष्टता हासिल गरेका FAO र IFPRI लगायतका अन्य शैक्षिक प्राज्ञिक संस्थाहरू मार्फत विभिन्न मुलुकहरूले खाद्यान्न अधिकारको राष्ट्रिय कार्यन्वयन तथा परिवर्तन र प्रभावमा पहुँच पुऱ्याउनका लागि यिनका सिद्धान्तहरूलाई एकिकृतरूपमा संविधान, कानुन, अदालत, सङ्घ संस्था एवम् नीति तथा कार्यक्रमहरूमा लागु गरेका छन्। अतः

उपलब्धिहरू हासिल गर्न तत्सम्बन्धी अनुसन्धानहरूको विकास एवम् विस्तार गरिनु पर्दछ।

९. राष्ट्रिय मानवअधिकार आयोगहरूको भूमिकाको संवर्द्धन गर्ने

राज्यमा मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी व्यवस्था लागू गराउनका लागि राष्ट्रिय मानवअधिकार संस्थाहरूको महत्वपूर्ण भूमिका रहन्छ। त्यस्ता आयोगहरूले प्रभावकारी ढङ्गले सामाजिक, आर्थिक र सांस्कृतिक हकहरूको उल्लङ्घनको निगरानी गर्ने व्यवस्था मिलाउने सन्दर्भमा सकारात्मक भूमिका निर्वाह गर्ने दायित्व ती संस्थाहरूमा रहन्छ। उदाहरणका लागि पर्याप्त खाद्यान्न उपलब्धताको अधिकारलाई राष्ट्रिय महिला आयोगले आफ्ना गतिविधिहरूमा मुख्य रूपले अगाडि बढाउन सक्दछ। राष्ट्रिय मानवअधिकार आयोगले खाद्य अधिकारहरूको उल्लङ्घनको निगरानी गर्ने र पूर्ववत्रूपमा जाँचबुझको लागि उपयुक्त कदमहरू चाल्नको लागि सधैँ अनुगमनकर्ताको भूमिका निर्वाह गर्न सक्दछ। त्यस्तै राष्ट्रिय दलित आयोगले विद्यमान कानुनी ढाँचा अवलम्बनको लागि विशेष प्राथमिकता दिनेतर्फ जोड गर्न सक्दछ। दलित आयोगलाई निश्चित अधिकारहरू प्रदान गरी मानवअधिकार उलङ्घनका सम्बन्धमा उपयुक्त सिफारिस गर्न सक्दछ। निश्चित कानुनी ढाँचा नबन्दासम्म यस आयोगलाई सशक्त बनाई छुवाछूत र जातीय भेदभावका विरुद्धमा जनचेतना अभिवृद्धिको लागि काम गर्न यथेष्ट स्रोत उपलब्ध गराउन सकिन्छ। त्यसैगरी आदिबासी जनजातिसम्बन्धी आयोगको कानुनी ढाँचालाई पुनरावलोकन गरी मानवअधिकार संरक्षणमा खास गरेर पर्याप्त खाद्यान्न अधिकारको सुरक्षा र संवर्द्धन गर्ने कार्यमा संलग्न गराउन सकिन्छ।

१०. प्रभावकारी सामाजिक सुरक्षा एवम् संवर्द्धन

विकासोन्मुख तथा गरीब मुलुकहरूमा राज्यले नागरिहरूको सामाजिक सुरक्षाका लागि पर्याप्त योजनाहरू ल्याउन सकेको पाइँदैन। तत्सम्बन्धमा आवश्यक कानुन बनाउने र सो कानुनअन्तर्गत सामाजिक सुरक्षाका शीर्षकहरू किटान गरी ती आवश्यकताअन्तर्गत आधारभूतरूपमा गर्नुपर्ने कार्यहरूको सूची बनाई कार्यक्रमहरू कार्यान्वयन गरिनु पर्दछ। यसका लागि सबै सामाजिक सुरक्षा आयोजनालाई कानुनी ढाँचामा ल्याएर सामाजिक सुरक्षाको व्यापक

कानुनी ढाँचा अवलम्बन गरी राष्ट्रिय मापदण्ड निर्धारण गर्ने र सामाजिक सुरक्षा आयोजनाको स्थापना र कार्यान्वयन गर्ने जिम्मेवारी राज्यले पूरा गर्नुपर्दछ। यस सन्दर्भमा प्रचलित सामाजिक सुरक्षा आयोजनामा व्याप्त कमीकमजोरीहरूलाई हटाई प्रभावकारीरूपमा आयोजना कार्यान्वयनमा विचार पुऱ्याइनु आवश्यक हुन्छ। त्यसको निमित्त सामाजिक स्थानान्तरण कार्यक्रमबाट लाभ पाउने गरी समुदायलाई निश्चित कानुनी शीर्षकअन्तर्गत राखी उक्त कानुनी ढाँचा निर्माण गर्ने, छुवाछुत र जातिय भेदभाव विरुद्धमा उचित कानुनको कार्यान्वयन गरी सामाजिक सुरक्षाको पहुँच बढाउने र खासगरी दलित, जनजाति, पिछडिएका समुदायहरूलाई कानुनी संयन्त्रसँग परिचित गराउने, सामाजिक सुरक्षाको सम्बन्धमा चाहिने आवश्यक उपायहरूलाई उचित तरिकाले लागु गर्नका लागि जवाफदेही संयन्त्रको निमाण गर्ने, सामाजिक न्यायमा सरकारको भूमिकाको प्रवर्धन गर्ने एवम् शहरी र ग्रामीण क्षेत्रमा रहेका गरिब तथा विपन्न वर्गहरूका लागि खाद्य हस्तान्तरण एवम् माग पूर्तिका लागि वार्षिक बजेटको व्यवस्था गर्नेजस्ता महत्वपूर्ण विषयहरूमा ध्यान दिईनु आवश्यक हुन्छ। साथै विपन्न वर्गको पहिचान गरी खाद्य परिचयपत्र वितरण गर्ने र आवश्यक व्यक्तिलाई सुविधा प्रदान गर्ने सामाजिक सुरक्षा परिषद्, गरिबी निवारण योजना र समाज कल्याणको कार्यक्षेत्रलाई विकेन्द्रीकरण गर्ने गरी सामाजिक सुरक्षा प्रदान गर्ने सरकारी संयन्त्रको निर्माण गरी राज्यका स्थानीय निकायको प्रत्येक तहहरूमा छड्के, ठाडो एवम् समतल स्वरूपको आपसी समन्वयलाई बढावा दिइनु पर्दछ।

११. आपत्कालमा खाद्य अधिकार सुनिश्चित गर्ने

मुलुकमा कुनै पनि समयमा आपत्काल आईपर्न सक्तछ। आपत्कालमा तत्काल मानवीय सहयोग जस्तैः खाद्य आपूर्ति गरी व्यक्ति र सम्पत्तिको संरक्षणलाई विशेष प्राथमिकता दिनु पर्नेहुन्छ। आपत्कालको बेलामा व्यक्तिलाई खाद्य र अरु राहत सामग्रीहरूको दावी गर्नका लागि सबल गराउने र उचित कानुनी पृष्ठभूमि तयार गरी आपत्कालीन प्रतिकृया प्रणाली सञ्चालन गर्ने दायित्व राज्यसँग हुन्छ। यसका लागि विपत् सम्भाव्य क्षेत्रमा पूर्व सावधानीका लागि कानुनमा बाध्यात्मक व्यवस्था कायम गरी विपत् प्रतिकृया प्रणाली निर्माण गर्ने र विपत्पूर्वको तयारी योजना तथा विपत् पछाडिको लागि पनि आवश्यक मानवीय सहयोगको लागि उपयुक्त संस्थागत संयन्त्रको व्यवस्था गर्नेतर्फ प्रबन्ध

गरिनु पर्दछ। केन्द्र तथा जिल्ला तहमा विपत् राहत समितिको काम कारवाहीमा आपसी समन्वयको उचित कार्यान्वयन गर्ने एवम् आपतकालीन स्थितिमा अत्यावश्यक वस्तुहरूको तत्काल आपूर्तिका लागि द्रूत कार्यविधि बनाई लागु गर्ने कार्यबाट यस अधिकारको प्रभावकारी कार्यान्वयन हुनजान्छ। यसका अतिरिक्त निजि संस्थाहरूले आपतकालीन स्थितिमा उचित खाद्य व्यवस्था गर्ने दायित्वको पहिचान गर्ने वातावरण मिलाउने र कानुनी दायराभित्र रहेर सशक्त र स्वतन्त्र राष्ट्रिय विपत व्यवस्थापन आयोग बनाई विपत व्यवस्थापनमा काम गर्न बाध्य तुल्याउने हो भने अझै यसको प्रभावकारिता बढ्न जान्छ। साथै राहत सहयोगको लागि न्यूनतम मापदण्ड निर्माण गरी प्रत्येक व्यक्तिको गुनासोको सम्बोधन गर्ने संयन्त्र निर्माण गरिनु पर्दछ। भेदभाव, विपत् व्यवस्थापनमा अवरोध, निर्देशनको अवज्ञा, राहतको दुरूपयोग, स्रोतहरूको हडप आदि कार्यहरूलाई निरुत्साहित गर्दै बालबालिका, महिला, वृद्धवृद्धा तथा अशक्तलाई आपतको बेलामा आवश्यक सम्पूर्ण सहयोगको लागि सबै समिति र संयन्त्रलाई जुझारु बनाइनु आवश्यक छ।

१२. महिला र बालबालिकाको सुरक्षामा विशेष जोड दिने

खाद्य पदार्थको वितरणमा महिलामाथि हुने घरायसी भेदभाव निर्मूल गर्नका लागि कानुनी कारवाहीलाई अगाडि बढाउनुपर्ने हुन्छ। त्यस्तै बालबालिका ऐनमा व्यवस्था भएबमोजिम सुरक्षासम्बन्धी प्रावधानहरूको उचित कार्यान्वयनमा जोड दिनुपर्ने आवश्यकता रहेको हुन्छ। घरेलु हिंसा ऐनमा व्यवस्था भएबमोजिम पीडितहरूको लागि न्यायको ढोका खुल्ला राख्नुपर्ने र साथसाथै कानुनी जनचेतना र सहायता कार्यक्रम अभिवृद्धि गर्ने दायित्व राज्यमाथि रहेको छ। राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रमा लैङ्गिक समावेशीकरण र समानुपातिक प्रतिनिधित्व संस्थागत गर्न संवैधानिक बाध्यता सम्बन्धमा विशेष ध्यान नपुऱ्याउने हो भने खाद्य सम्प्रभुताको अधिकारले सार्थकता पाउन सक्तैन। त्यस्तै सामाजिक सुरक्षा भत्ता पाउनका लागि निर्धारण गरिएको विधवाको उमेरका सम्बन्धमा पुनरावलोकन गरिनु पर्ने देखिन्छ भने दलित, अशक्त र विपन्न एवम् सिमान्तकृत महिलालाई विशेष प्राथमिकता दिनुपर्ने आवश्यकता छ। विवाहित छोरीको विरुद्धमा हुने भेदभावको प्रावधान हटाइनुपर्ने र कानुनी जनचेतनाका उपायहरू स्थानीयरूपमा अवलम्बन गरी पैत्रिक सम्पत्तिमा भेदभाव भोगेकालाई उचित कानुनी सहयोगको व्यवस्था गरिनुपर्ने कुरालाई पनि सम्बोधन गरिनु

पर्दछ। महिला तथा बालबालिकालाई खाद्य तथा पोषणबाट वञ्चित गर्नेजस्ता त्रुटिपूर्ण सांस्कृतिक प्रचलनलाई निर्मूल गर्नेतर्फ विशेष पहल गरिनु पर्दछ।

१३. खाद्य तथा पोषण सुरक्षा र उपभोक्ता संरक्षण

(क) संयन्त्र

खाद्य तथा पोषण सुरक्षा र उपभोक्ता संरक्षणको मापदण्ड पालनाको अवस्था निरीक्षण तथा अनुगमनका लागि एकीकृत एवम स्वतन्त्र निरीक्षण संयन्त्र बनाउने हो भने मात्र खाद्य सम्प्रभुताको अधिकारको उपभोग नागरिकहरूले गर्न पाउँछन्। किनभने मापदण्डअनुसार गुणस्तरीय खाद्य तथा पोषण सुरक्षा र उपभोक्ता संरक्षणको व्यवहारिक स्थितिबारे नियमित अनुगमन गर्नुपर्ने हुन्छ। निगरानीको क्रममा सिमान्तकृत समुदायको सुरक्षा र पोषणयुक्त खाद्य पदार्थमा उनीहरूको पहुँच बढाउनु पर्ने हुन्छ। उपभोक्ता संरक्षण ऐनअर्न्तगत बनेको निगरानी समितिमा उपभोक्ता वादीहरूको यथेष्ट प्रतिनिधित्व भएन भने त्यसले सार्थकता पाउँदैन। त्यसैले उनीहरूको समुचित प्रतिनिधित्वको प्रबन्ध हुनुपर्ने आवश्यकता छ। खाद्य ऐन, नेपाल गुणस्तर प्रमाण चिह्न ऐन र उपभोक्ता संरक्षण ऐनबमोजिम सबै खाद्य पदार्थहरूको सुरक्षित मापदण्डका लागि कानुनीरूपमा बाध्यात्मकरूपमा उचित संरचनात्मक व्यवस्था गरिएमा मात्र स्वस्थ र गुणस्तरीय खाद्यवस्तुको आपूर्ति गर्न सकिन्छ। यस सिलसिलामा उपभोक्ता अधिकार हनन र उचित क्षतिपूर्तिका सम्बन्धमा उठेका सवै गुनासोहरूको सम्बोधनको लागि द्रूत र स्वतन्त्र संयन्त्र निर्माण गरिनु अवश्यक छ। यसको आधारमा उपभोक्ता सूचना र जनचेतना केन्द्रका माध्यमबाट उपभोक्ताहरू विशेषगरी महिला, बालबालिका र सीमान्तकृत समुदायबीच जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू अघि बढाउन सकिन्छ।

(ख) कानुनी व्यवस्था

त्यस्तै सुरक्षित, पोषणयुक्त र स्वास्थ्यकर खाद्य पदार्थ उत्पादन गर्ने उत्पादकहरूलाई प्रोत्साहन दिन सकेमा मात्र उचित प्रतिफल पाउन सकिने हुन्छ। यसका लागि उपभोक्ता परिषद्लाई स्वतन्त्र उपभोक्ता संरक्षण आयोगमा परिणत गरी त्यसको कार्यक्षेत्र विस्तार गर्न सकिन्छ। Genetically modified organism (GMOs) र जैविक प्रविधिको छुट्टाछुट्टै कानुनी व्यवस्था गरिएमा

माथि उल्लिखित विषयहरूको व्यवस्थापनमा सहजता आउन सक्तछ। यसका लागि अझै प्रष्ट र विशेष खाद्य तथा पोषण सुरक्षा कानुन लागु गरी उचित कानुनी संरक्षण र संस्थागत उपकरणहरूको व्यवस्था गर्नुपर्ने हुन्छ। यसरी खाद्य तथा पोषण सुरक्षा अधिकारको सम्बन्धमा व्यापक कानुनी ढाँचा निर्माण गर्दा महिलालाई गर्भावस्था र स्तनपानको बेलामा चाहिने पर्याप्त पोषणको अधिकारलाई सुनिश्चित गर्ने सोचलाई प्राथमिकतामा राखेर काम गर्न अति आवश्यक छ। हाल संविधान निर्माण कार्य चलिरहँदाको स्थितिलाई समेत विचार गरी उपभोक्ता संरक्षण ऐनमा उल्लेखित अधिकारहरूलाई नयाँ संविधानमा आधारभूत अधिकारको रूपमा स्थान दिन सकिएमा जनातको खाद्य सम्प्रभुतासम्बन्धी अधिकारको संरक्षण र संवर्द्धन गर्न सकिन्छ।

१४. राष्ट्रिय श्रम अधिकार मापदण्डको उचित कार्यान्वयन

खाद्य सम्प्रभुतासंग प्रत्यक्ष सम्बन्ध राख्ने महत्वपूर्ण विषय जनताको श्रमसम्बन्धी अधिकार पनि हो। यस सन्दर्भमा प्रचलित श्रम ऐनलाई परिमार्जन गरी अनौपचारिक क्षेत्र जस्तै: कृषिलाई पनि श्रम कानुनभित्र समेट्न सकेमा खाद्य सम्प्रभुताको अधिकारले सार्थकता पाउने हुन्छ। उपभोक्ता सूचकाङ्कअनुसार न्यूनतम पारिश्रमिकलाई वार्षिकरूपमा अद्यावधिक गर्ने र न्यूनतम पारिश्रमिकलाई जोड दिनका लागि कदम चालिनुपर्ने आवश्यकता पनि रहेको छ। त्यस्तै श्रम अदालतलाई विकेन्द्रीकरण गरी कम्तिमा पनि प्रत्येक क्षेत्रीय तहमा स्थापना गर्न सकेमा न्यायमा सहज पहुँच पुग्नेछ। यस्ता विषयहरूको कार्यान्वयनका लागि निरीक्षण एवम् अनुगमन प्रणालीलाई देशभर फैलाएर श्रम निरीक्षण सेवालाई बढावा दिनुपर्ने देखिन्छ। साथै श्रम ऐनबमोजिम श्रमिक हितसम्बन्धी प्रावधानहरूलाई उचितरूपमा कार्यान्वयन गर्ने, कामदार महिलाहरूको सम्बन्धमा सरोकारवालाहरूसँग उचित समन्वय गरी उनीहरूका हक अधिकारको संरक्षणका लागि छिटो कदम चाल्ने, क्रियाशीलरूपमा अनुगमन, जनचेतना अभिवृद्धि, र न्यायको उचित पहुँचको कार्यान्वयनका लागि कानुनी प्रावधानहरूका सम्बन्धमा विचार गरिनुपर्ने कुराहरूलाई मध्यनजर राखी कार्ययोजना निर्माण र कार्यान्वयन गरिनु अहिलेको आवश्यकता हो।

१५. उत्पादनशील श्रोतहरू वन, पानी र जमिनको पहुँचमा बढावा

क) वन सम्पदा

वन सम्पदा पनि खाद्य सम्प्रभुताको अधिकारसंग जोडिएको विषय हो। अहिले हाम्रो मुलुकमा सामुदायिक वनको अवधारणा सफलरूपमा कार्यान्वयन भएको अवस्था छ। अझै यसका लागि सामुदायिक वनको दर्ता र समुदायमा वन हस्तान्तरणका लागि स्वतन्त्र पुनरावलोकन संयन्त्रको व्यवस्था गरिनुपर्ने आवश्यकता भने देखिएको छ। सामुदायिक वनको आम्दानी र खर्च गर्दाखेरी स्थानीय विपन्न वर्ग र सीमान्तकृत समुदायलाई विशेष प्राथमिकता दिइनुपर्ने हुन्छ। प्रचलित वन नियममा व्याप्त सामुदायिक वनको स्वामित्वको पहिचानलाई यथास्थितिमा नराखी परिमार्जन गरी विकास निर्माण कार्यमा समुदायसँगको छलफलाई प्राथमिकता दिइनुपर्ने आवश्यकता महसुस भएको छ। वन व्यवस्थापन संयन्त्रमा आदिवासी समुदायहरूको प्रतिनिधित्व गराइनुपर्ने खाँचो पनि देखिएको छ। तसर्थ आदिवासी समुदायको सहमतिविना भएको कार्यउपर परेका गुनासोहरूको उचित सम्बोधनका लागि समुचित संयन्त्र निर्माण गरिनुपर्ने टड्कारोरूपमा देखिएको छ। यसका लागि प्रचलित वन नियम परिमार्जन गरी गरीब, विपन्न, र सीमान्तकृत समुदायहरूको वन व्यवस्थापनमा सहभागिता वढाउनुपर्ने हुन्छ। त्यस्तै विद्यमान वन सुरक्षा कार्यविधिका सम्बन्धमा पनि उपयुक्त प्रावधानव्दारा व्यवहारिक बनाइनुपर्ने देखिएको छ। यसमा जस्तै: अतिक्रमणको अनुगमन र रुजु सम्बन्धमा सूचना दिने कार्यविधि, पीडित समुदायसँगको छलफल कार्यविधि, क्षतिपूर्तिको व्यवस्था गर्नेलगायतका विषयहरू समेटिनु पर्दछ।

ख) जलसम्पदाहरू

राज्यको नागरिकप्रतिको दायित्वअन्तर्गत स्वच्छ पिउने पानीको उपलब्धता पनि पर्दछ जुन अधिकार खाद्य सम्प्रभुताको अधिकारसंगै जोडिएको विषय हो। यसका लागि हाम्रो जलसंपदाको प्रचुर उपयोग गर्न सकिन्छ। राज्यलाई बाध्यात्मकरूपमा स्वच्छ पिउने पानीको व्यवस्था गर्न प्रचलित कानुनलाई परिमार्जनको आवश्यकता छ। स्वच्छ खानेपानीका लागि पैसा तिर्न असक्षम समुदायहरूको खानेपानीमा पहुँच दिलाउन संस्थानको विधानमा व्यवस्था गर्न सकिन्छ। त्यस्तै, जलश्रोतसम्बन्धी ऐनलाई पुनरावलोकन गरी उपभोक्ताको पानी प्रयोगका अधिकारहरूलाई राष्ट्रिय स्तरमा सम्बोधन गरिनुपर्ने हुन्छ। यसैगरी

पानीका स्रोतहरूको सम्बन्धमा निगरानी गर्ने संयन्त्र निर्माण गर्ने आवश्यकता पनि छ। पानीका श्रोत सम्बन्धमा आदिवासी समुदायको जीविकोपार्जनका लागि उनीहरूको स्वामित्व एवम् परम्परागत अधिकारको पहिचान गरिनुपर्ने कुरा आदिवासी समुदायको मानवअधिकारको विषय हो। यसका लागि पानीका श्रोतहरूको हितकर प्रयोगका सम्बन्धमा व्यवस्थापन र निगरानी गर्ने संयन्त्रको प्रबन्ध पनि गरिनु आवश्यक छ। यसका अतिरिक्त स्थानीय स्वायत्त शासन ऐनलाई परिमार्जन गरेर स्थानीय सरकारलाई स्थानीय समुदायमा खानेपानी र सिचाइँको सुविधा प्रदान गर्न बाध्य तुल्याउने हो भने उत्पादकत्वमा बृद्धि भई जनताको खाद्य सम्प्रभुतासम्बन्धी अधिकारको वास्तविक र व्यवहारिक प्रत्याभूति हुन जान्छ।

ग) जमिन र हदबन्दी

खाद्य संप्रभुतको अधिकार प्रचलनमा प्रभावकारिता ल्याउन सर्वोच्च अदालतको आदेशबमोजिम भूमिको हदबन्दी र वितरण कार्यलाई प्रभावकारी बनाइनु जरुरी हुन्छ। यस सन्दर्भमा जग्गाको स्वामित्वमा व्याप्त असमानतालाई सम्बोधन गरिनुपर्ने आवश्यकता छ। साथै जमिन प्रयोग राष्ट्रिय नीति २०१२ लाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न आवश्यक कानुनी, संस्थागत र बजेट व्यवस्थापनलगायतका कदम चालिनुपर्ने हुन्छ। जग्गाको स्वामित्वमा सामन्ती प्रणाली एवम् जग्गाको पहुँचमा व्याप्त असमानताहरूको अन्त्य गरी श्रोतहरूको उचित वितरणको लागि संवैधानिक निर्देशनहरूको कार्यान्वयन गरिनुपर्ने आवश्यकता पनि तत्तिकै टड्कारो रहेको छ। यसका साथै आइ.एल.ओ. १६९ को प्रावधान बमोजिम अन्तरिम संविधानको धारा १४ (१) अर्न्तगतको आदिवासी समुदायको व्यक्तिगत र सामूहिक भूमिसम्बन्धी अधिकारलाई पहिचान गरिनुपर्ने आवश्यकता पनि छ। जग्गाको हदबन्दी तोक्दा सिंचित र असिंचित, उर्वर र रुखो एवम् ग्रामीण र शहरी जमीनका बारेमा विचार पुऱ्याइनु पर्ने हुन्छ। भूमीसम्बन्धी ऐनमा संशोधन गरी जग्गाको पहिचान, स्वामित्व र वितरणमा जानाजान त्रुटि गर्ने अधिकारीलाई कारवाहीको व्यवस्था गरेमा एकातिर सरकारी भूमीको दुरूपयोग रोकिन्छ भने अर्कोतर्फ भूमिहिन किसानहरूको हक सुरक्षित हुन जान्छ।

घ) एकीकृत भूमी व्यवस्थाको पालना

दर्ता नभएका मोहीहरूको पहिचान गरी उनीहरूको समस्या सम्बोधन गर्नका लागि संयन्त्र बनाउनुपर्ने अहिलेको प्रमुख आवश्यकता हो। मोहियानी हक सम्बन्धमा नयाँ प्रणाली लागु गर्ने अथवा व्यापक कानुनी प्रावधान मार्फत कृषि श्रमिकहरूको अधिकार र हित संरक्षण सम्बन्धमा विचार पुऱ्याइनुपर्ने हुँदा यस सम्बन्धमा कार्ययोजना निमार्णको खाँचो छ। त्यस्तै जग्गाधनीलाई वार्षिक अन्न उत्पादनको ५० प्रतिशत भाग दिलाउन सहयोग गर्ने मोहियानी सम्बन्धलाई अन्त्य गर्नुपर्ने, जग्गामा हित स्वामित्व अन्त्य गर्नका लागि समानुपातिक जग्गा वितरण प्रणालीको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने, जग्गाविहीनहरूलाई नि:शुल्क जग्गा उपलब्ध गराउनुपर्ने प्रावधानहरूको स्पष्ट व्यवस्था हुनुपर्ने आवश्यकता छ। राष्ट्रिय जमिन प्रयोग नीतिमा उल्लेख भएबमोजिमको जमिन प्रयोगको अवधारणालाई अस्तित्व प्रदान गर्ने र भूमिसँग सम्बन्धित सम्पूर्ण विषयलाई संवोधन गरी अन्तरिम संविधान र नेपालको अन्तर्राष्ट्रिय मानवअधिकारसँग सम्बद्ध गरी एकीकृत भूमी व्यवस्थाको पालना गरिनुपर्ने तथा राष्ट्रिय मानवअधिकारहरूलाई अन्तर्राष्ट्रिय मानवअधिकारका कार्यनीति सँग आबद्ध गर्ने आवश्यकता नै खाद्य सम्प्रभुताको हक संरक्षणसंग जोडिएका महत्वपूर्ण सवालहरू हुन् जसको सम्बोधन गरिनु आवश्यक छ।

१६. सूचनाको अधिकार र साङ्गठनिक स्वतन्त्रताको प्रयोगको लागि उपयुक्त वातावरण सृजना गर्ने

खाद्य सम्प्रभुताको अधिकार प्रचलनका लागि नागरिकहरूमा जनचेतना रहनु आवश्यक हुन्छ। नागरिक तथा राजनीतिक अधिकारको तुलनामा आर्थिक, समाजिक र सांस्कृतिक अधिकारको बारेमा नागरिक चेतनाको अभाव छ। यसका लागि विद्यालय तहसम्मको शिक्षामा सूचनाको हकसम्बन्धी कुरा समावेश गरी जनचेतना अभिवृद्धिका लागि अन्य उचित कदम चालिनुपर्ने आवश्यकता छ। सूचनाको हक सम्बन्धमा जनचेतना फैलाउन स्थानीय सरकारी संयन्त्रको भूमिकालाई प्रवर्धन गरिनुपर्ने हुन्छ। पारदर्शिता र सुशासन ऐनलाई प्रवर्धन गर्ने एवम ऐनमा रहेका प्रावधानहरूको तत्काल कार्यान्वयन गर्नुपर्ने त्यत्तिकै आवश्यकता छ। सामाज कल्याण परिषद्लाई स्थानीय तहसम्म विकेन्द्रीकरण गरी विशेषगरी खाद्य अभावयुक्त जिल्लाहरूमा परिषद्को सेवाको पहुँच वृद्धि गर्ने

र राजनीतिक अभ्यासमा रहेका सङ्गठनलाई सबल बनाइनुपर्ने आवश्यकता देखिएको छ। भविष्यदर्शी सुधार पहल कार्यमार्फत आयोगको कृयाकलापलाई विकेन्द्रीकृत गर्दै सूचनाको हकको पालना र तथा सूचनाको पारदर्शितामा आयोगको कार्यजिम्वेवारी पूरा भए नभएको अनुगमन गर्दै आयोगका काम कारवाहीलाई जवाफदेही बनाउने हो भने मात्र खाद्य सम्प्रभुताको अधिकारजस्ता महत्वपूर्ण मानवअधिकारको उचित संरक्षण हुन सक्दछ। यसै सन्दर्भमा सरकारले सूचनाको हक र सुशासन ऐनलाई अन्य नियमहरूसँग सामन्जस्य गर्नुपर्ने आवश्यकता पनि रहेको छ।

१७. विश्व खाद्य सरुक्षा समितिको भूमिका

खाद्य अधिकारको पहुँच एवम् प्रर्वधनमा विश्व खाद्य सरुक्षा समितिको भूमिका महत्वपूर्ण हुन सक्छ। खाद्य अधिकारसम्बन्धी स्वेच्छिक नियमहरू लागु भएको पाँच वर्षपछि यसको उद्देश्य र उपलब्धिको मापन गर्नका लागि The Committee on World Food Security (CFS) ले सुरुवात गरेकोसूचना सङ्कलन कार्यलाई यस सम्बन्धमा भए गरेका गतिविधिहरूको जानकारी प्राप्त गर्नका लागि एउटा सहयोगी कदमको रूपमा लिन सकिन्छ। विशेषरूपमा राष्ट्रिय रणनीतिमा भएका उपलब्धी एवम् परिवर्तनलाई यसले समावेश गर्दछ। विशेषज्ञहरूको एक उच्च स्तरीय समितिलाई CFS को कार्यमा सहयोगार्थ खटाइने र खाद्य अधिकार प्रर्वधनार्थ यो कदमबाट कतिपय मुलुकहरूले सफलता हात पारिरहेको वर्तमान अवस्थामा कमी कमजोरी भेटिएमा राष्ट्रिय रणनीतिहरूमा हेरफेर र यस सम्बन्धमा गरिएका प्रयासहरू विफल हुनाका कारणहरू केलाइने हुन्छ। तसर्थ यसका लागि राष्ट्रहरूमा विश्व खाद्य सुरक्षा समितिको भूमिका बढाइनु आवश्यक छ।

इन्सेक पुस्तक नं. १७१/२०७१

मानवअधिकार र सामाजिक न्यायका निमित्त
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलङ्की, स्यूचाटार, पत्र मञ्जुषाः २७२६, काठमाडौं
फोनः ४२७८७७०, फ्याक्सः ४२७०५५१
इमेलः insec@insec.org.np
वेभसाइटः www.insec.org.np, www.inseconline.org